वर्ष ४३ अंक ९८, पौष, २०८१

लेखापरीक्षण पत्रिका

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

संरक्षक



श्री तोयम राया
महालेखापरीक्षक

सम्पादक मण्डल

संयोजक	:	श्री बिन्दु विष्ट, उप-महालेखापरीक्षक
सदस्य	:	श्री चन्द्रकान्त भण्डारी, नायब महालेखापरीक्षक
कार्यकारी सम्पादक	:	श्री जितेन्द्र श्रेष्ठ, निर्देशक
सह-सम्पादक	:	श्री भिमप्रसाद रिजाल, लेखापरीक्षण अधिकारी
		श्री अनिता कुमारी थापा, लेखापरीक्षण अधिकारी
		श्री मिना लामा, लेखापरीक्षण अधिकारी

कम्प्युटर संयोजनः	सहयोगी कर्मचारीहरूः
श्री विष्णुगोपाल डंगोल	श्री नारायण डुम्रे, लेखापरीक्षण अधीक्षक
	श्री गणेश लिम्बु, लेखापरीक्षण अधीक्षक
	श्री प्रवीण भुसाल, लेखापरीक्षण निरीक्षक

ठेगानाः
सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ, नेपाल

ISSN Number: 2505-0893

यस पत्रिकामा प्रकाशित लेख रचनामा व्यक्त विचार तथा धारणा सम्बन्धित लेखकका निजी हुन्। उक्त विचार तथा धारणाले यस कार्यालयको आधिकारिक धारणा प्रतिनिधित्व नगर्ने बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। **- सम्पादक मण्डल**

लेखापरीक्षण पत्रिका

वर्ष ४३ - द.नं.जि.का. काठमाडौं १४४।०३९।४० - अङ्क ९८, पौष २०८१





महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

सम्पादकीय

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन (ASOSAI) को १६औँ महासभा भारतको राजधानी शहर नयाँ दिल्लीमा सम्पन्न भएको छ। भारतको सर्वोच्च लेखापरीक्षण संस्था, नियन्त्रक तथा महालेखा परीक्षक (C&AG) को आयोजनामा २०२४, सेप्टेम्बर २४ देखि २७ सम्म सञ्चालन भएको महासभाको उद्घाटन भारतका सम्माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले गर्नुभएको थियो। महासभाको एक हिस्साको रूपमा "Digital Public Infrastructure (DPI) and Gender Divide-Issues of Inclusion and Accessibility" शीर्षकमा सेम्पोजियम समेत आयोजना गरिएको थियो। महासभामा नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको प्रतिनिधित्व गर्दै माननीय महालेखापरीक्षक श्री तोयम रायाको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डलले सहभागीता जनाएको थियो।

महासभाले सन् २०२४ देखि २०२७ सम्मको लागि एसोसाईको अध्यक्षता भारतको सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने, महासचिवको रूपमा चिनको सर्वोच्च लेखापरीक्षण संस्थाको पदावधी नवीकरण गर्ने, अजरबैजान, चीन, भारत, जापान, काजाकास्तान, दक्षिण कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स, साउदी अरेबिया, थाईल्याण्ड र संयुक्त अरब ईमिरेट्सको सर्वोच्च लेखापरीक्षण संस्था एसोसाईको गभर्निङ बोर्डको सदस्य रहने, ईरान र भियतनामको सर्वोच्च लेखापरीक्षण संस्था एसोसाईको लेखापरीक्षण समितिको सदस्य रहने, सन् २०२७ मा १७औँ महासभा साउदी अरेबियाको सर्वोच्च लेखापरीक्षण संस्थाले आयोजना गर्ने निर्णय गरेको छ। यसको साथै महासभाले एसोसाईको विभिन्न अंगहरू (Bodies) को प्रतिवेदनहरू पारित गर्ने, ASOSAI Working Groups on State-Owned Enterprises Audit (WGSOEA), IT Audit and Data Analytics (WGITA&DA) र Regional and Municipal Audit (WGRMA) स्थापना गर्ने र सो Working Group हरूको अध्यक्षता क्रमश मलेशिया, भारत र रसियाको सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने निर्णय गरेको छ।

यसरी स्थापना भएको ASOSAI Working Group हरू मध्ये SAI Malaysia ले अध्यक्षता गर्ने ASOSAI WGSOE, SAI Russia ले अध्यक्षता गर्ने ASOSAI WGRMA र पन्ध्रौँ महासभाले SAI South Korea ले अध्यक्षता गर्ने गरी स्थापना गरेको ASOSAI Working Group on Crisis Management Audit (ASOSAI WGCMA) बाट Working Group को सदस्यको रूपमा भूमिका निर्वाह गर्न निमन्त्रणा प्राप्त भई SAI Nepal ले सदस्यको रूपमा काम गर्न ईच्छुक रहेको निर्णय गरिसकेको छ। त्यसै गरी विगतमा स्थापना भएको ASOSAI Working Group on Environment Audit (WGEA) र ASOSAI Working Group on Sustainable Development Goals (WGSDGs) मा समेत सदस्यको रूपमा काम गरिरहेको अवस्था छ।

यसप्रकारको Working Group हरू स्थापना गर्नुको मुख्य उद्देश्य सम्बन्धित क्षेत्रको लेखापरीक्षणको गुणस्तरमा सुधार गर्न अध्ययन तथा अनुसन्धान गर्ने, असल अभ्यास, अनुभव तथा सूचना आदानप्रदान गर्ने तथा प्रभावकारी लेखापरीक्षण सेवामार्फत सार्वजनिक क्षेत्रको जवाफदेहिता तथा पारदर्शिता प्रबर्धन गर्न सर्वोच्च

लेखापरीक्षण संस्थाहरूको भूमिका सुदृढ बनाउने रहेको हुन्छ। सो उद्देश्यअनुसार काम गर्न कार्ययोजना बनाउने, छलफल गर्ने, समन्वय गर्ने, अभिलेख व्यवस्थापन गर्ने लगायतको काम Working Group को अध्यक्षता गर्ने SAI ले गरिरहेका हुन्छन् भने कार्ययोजना तथा कार्यक्षेत्रगत शर्त (TOR) अनुसार छलफलमा भाग लिने, प्रश्नावली भर्ने, असल अभ्यास तथा अनुभव आदानप्रदान गर्ने, Cooperative Audit मा योगदान गर्ने र प्राप्त ज्ञान, सीप तथा अनुभव उपयोग गरी लेखापरीक्षणको गुणस्तर तथा प्रभाव बृद्धि गर्ने लगायत कार्यमा सदस्य SAI हरूको भुमिका अपेक्षा गरिएको हुन्छ।

महासभाबाट एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको मार्गदर्शन तथा सामूहिक प्रतिबद्धताको दस्तावेजको रूपमा एसोसाईको दिल्ली घोषणापत्र, २०२४ जारी भएको छ। एसोसाईको यस घोषणापत्रमा सार्वजनिक संस्थान, सूचना प्रविधि र प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण क्षेत्रमा काम गर्ने गरी ३ वटा Working Group को स्थापना गरिएको छ। यी Working Group हरूको विषयबस्तु नेपालमा पनि उतिकै सार्दर्भिक छन्। यसले सदस्य SAI हरू बिच सँगसँगै काम गर्ने, असल अभ्यास, ज्ञान सीप तथा अनुभव आदानप्रदान गर्ने साझा मञ्च (Platform) प्रदान गर्ने भएकोले यसमा सहभागी भई यसको लाभ लिनुपर्दछ।

नेपालले विगत देखिनै यस प्रकारको Working Group हरूमा सहभागी भई काम गरेको अनुभव आर्जन गरिसकेको छ भने भर्खरै स्थापना भएका Working Group हरूमा समेत सहभागी हुने निर्णय गरेको छ। सम्बन्धित Working Group को उद्देश्य तथा कार्ययोजना अनुसार काम गर्न कार्यालयले आवश्यक बजेट, Logistics र जनशक्तिको व्यवस्थापन गर्नुपर्दछ। साथै कर्मचारीहरूलाई उत्प्रेरणा तथा उपयुक्त कार्यवातावरण प्रदान गर्ने, प्राप्त ज्ञान, सीप तथा अनुभव कार्यालयभित्र आदानप्रदान गर्दै आगामी लेखापरीक्षणमा उपयोग गर्ने, Working Group अन्तर्गतको कामलाई प्रतिवेदनमा समावेश गरी संस्थागत गर्ने कार्यमा प्राथमिकता दिनुपर्दछ। नेपालले अन्य SAI हरू सँगसँगै अघि बढ्न सो एसोसाईको घोषणापत्रलाई आत्मसाथ गरी आफ्नो रणनैतिक योजना, कार्ययोजना, बार्षिक कार्यक्रम तथा बजेट, लेखापरीक्षण योजनामा समावेश गरी अघि बढ्नुपर्ने देखिन्छ।

-सम्पादक मण्डल

विषय सूची

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली खण्ड		
१.	राजस्व प्रक्षेपण, असुली र सोको लेखापरीक्षण	बामदेव शर्मा अधिकारी	१
२.	सरकारी निकायको वित्तीय विवरणको तयारी र प्रस्तुति	वैकुण्ठबहादुर अधिकारी	११
३.	लागत अनुमान दुई करोड रुपैयाँसम्मको निर्माण कार्यको लेखापरीक्षण	जनकराज गौतम	२१
४.	नेपालको सरकारी लेखा प्रणाली	ईश्वरप्रसाद न्यौपाने	२७
५.	वित्तीय बौद्धिकता (Financial Intelligence)	महेश्वर काफ्ले	४५
६.	सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठन (ASOSAI) र नेपालको सहभागिता	श्रीकुमार राई	५१
७.	वित्तीय सङ्घीयता - कानुनी व्यवस्था र कार्यान्वयन	घनश्याम पराजुली	६२
८.	राजस्व चुहावटसम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण	विष्णुप्रसाद पाण्डे	८५
९.	सुशासन प्रवर्धनका लागि अनुपालन तथा जोखिम संस्कृति विकासको खाँचो : केही विवेचना	विमलप्रसाद ढकाल	९७
१०.	प्रदेश सरकारहरूले स्थानीय सरकारलाई उपलब्ध गराउने अनुदान	यामनाथ शर्मा	११४
११.	नेपालमा योजनाबद्ध विकास प्रयास : समीक्षा एवं सवालहरू	टीकानाथ अर्याल	१२४
१२.	लेखापरीक्षणमा सूचना प्रविधि	रमेश सुबेदी	१३९
१३.	अर्थतन्त्रका चुनौती र समाधानका उपाय	कृष्णमणि पराजुली	१४५
१४.	नेपालमा सरकारी ऋणको महत्त्व तथा ऋण व्यवस्थापनको आवश्यकता - समस्या तथा सुझाव	गम्भीर बहादुर हाडा	१५३
१५.	स्थानीय तहमा उपभोक्ता समितिबाट हुने खरिद अवस्थाको विश्लेषण	भिमप्रसाद रिजाल	१७२
१६.	प्रशासनिक सफलतामा संवेगात्मक बौद्धिकताको भूमिका	मिना लामा	१८२
	English Section		
१७.	Comparative study of Audit Reports	Ram Chandra Poudel	१९१
१८.	International Public Sector Accounting Standards (IPSAS) and its Implementation in Nepal	CA Namuna Joshi	१९७
१९.	Audit and Corporate Governance: Role of Audit to Enhance Corporate Governance Practices	CA Bikash Adhikari	२०५

नेपाली खण्ड

राजस्व प्रक्षेपण, असुली र सोको लेखापरीक्षण

*- बामदेव शर्मा अधिकारी**

पृष्ठभूमि

विकासोन्मुख मुलुकहरूमा राजस्व प्रक्षेपण गर्ने स्पष्ट आधार बनिनसकेको अवस्थामा राजस्व प्रक्षेपणका लागि प्रभावकारी अभ्यास र आधारहरू आवश्यक पर्दछ। यस्ता मुलुकमा राजस्व प्रक्षेपण गर्दा विभिन्न असल अभ्यास र आधारहरू भए पनि सरकारको आर्थिक नीति, बजेट र आर्थिक परिप्रेक्ष्य र सरकारी खर्चको योजनाबद्ध वितरणलाई आधार मानेर राजस्व प्रक्षेपण गर्ने गरेको देखिन्छ। यस्ता मुलुकहरूमा आर्थिक अस्थिरता, राजनीतिक जोखिम, अविकसित संस्थागत संरचनाहरू र राजस्व प्रशासन क्षमता जस्ता समस्याहरूले प्रक्षेपण तथा अनुमानमा प्रभाव परेको हुन्छ। राजस्वको लक्ष्य निर्धारण गर्दा प्रभावकारी र सफल रणनीतिहरू अपनाउन महत्त्वपूर्ण हुन्छ। यहाँ केही असल अभ्यासहरू छन् जुन व्यवसाय वा सरकारको राजस्व लक्ष्य निर्धारण गर्दा उपयोगी हुने देखिन्छ।

१. SMART लक्ष्य निर्धारण

- S (Specific): राजस्वको लक्ष्य र सन्देश स्पष्ट हुनुपर्दछ। उदाहरणका लागि, "यस वर्ष १० प्रतिशत राजस्व वृद्धिका योजना बनाउने।"
- M (Measurable): लक्ष्यको प्रगति मापनयोग्य हुनुपर्दछ।
- A (Achievable): लक्ष्य यथार्थपरक र प्राप्त गर्न योग्य हुनुपर्दछ।
- R (Relevant): लक्ष्य व्यवसाय वा संस्थाको प्राथमिक उद्देश्यसँग मेल खाने हुनुपर्दछ।
- T (Time-bound): लक्ष्यको समयसीमा स्पष्ट हुनुपर्दछ।

२. गत बर्ष अवस्थाको विश्लेषण

- अघिल्लो वर्षको राजस्व र चालू वर्षको आर्थिक गतिविधिको विश्लेषणले भविष्यको लक्ष्य निर्धारणमा सहयोग पुऱ्याउने र वास्तविक लक्ष्य बनाउने मद्दत गर्दछ। बजारको अवस्थालाई राम्रोसँग विश्लेषण गरी प्रतिस्पर्धा, आर्थिक अनिश्चितता, नयाँ नीति वा प्रविधिहरूको प्रभावले लक्ष्यलाई प्रभावित पार्दछ।

३. सरोकारवालासँग परामर्श

- राजस्व लक्ष्य निर्धारण गर्दा करदाता र अन्य सरोकारवालासँग परामर्श गर्नु महत्त्वपूर्ण हुन्छ। सरकारले विभिन्न मन्त्रालय र विभागसँग समन्वय गरेर योजनाबद्ध राजस्व लक्ष्य निर्धारण गर्नु पर्दछ।
- राजस्वको लक्ष्य निर्धारण गर्दा यसलाई पूरा गर्न प्रेरणादायक र कार्यान्वयन योग्य बनाउनका लागि एक ठोस कार्ययोजना बनाउन आवश्यक छ।

* उप-महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय

- राजस्व बढाउने मात्र होइन, सार्वजनिक सेवा प्रदायकले जनताका लागि मूल्य सिर्जना गर्ने र उनीहरूको सन्तुष्टि बढाउने रणनीतिहरू अपनाउनु आवश्यक छ। जनता सन्तुष्टिको परिणाम स्वरूप भविष्यमा थप राजस्व आउने सम्भावना हुन्छ।

४. सम्भाव्य जोखिम र चुनौतीको लागि प्रविधि र तथ्याङ्कको प्रयोग

- राजस्व लक्ष्य निर्धारणका लागि डाटाबेस, एनालिटिक्स टूल्स र सफ्टवेयर प्रयोग गर्नुपर्दछ जसले वास्तविक डेटा र ट्रेन्डको आधारमा प्रत्येक लक्ष्यको लागि जिम्मेवारी र कार्यहरू स्पष्ट गरेर लक्ष्य पूरा गर्नका लागि प्रोत्साहन प्रदान गर्दछ।
- राजस्वको लक्ष्य निर्धारण गर्दा सम्भाव्य जोखिम र चुनौतीहरूको पनि मूल्याङ्कन गरेर योजनामा सुधार गर्न मद्दत पुऱ्याउँछ र लक्ष्य प्राप्ति सजिलो बनाउँछ।

मूलुकको आर्थिक वृद्धि दर (GDP Growth Rate), वैदेशिक व्यापार र आयात-निर्यातको अवस्था, कर नीति र कर संरचनामा सुधार गर्ने प्रक्रिया, सरोकारहरूको बिचमा राजस्व साझेदारी र आयको वितरण, सङ्घ, प्रदेश र स्थानीय तह हरूको आन्तरिक विकास र आर्थिक स्वायत्तता र राजस्व साझेदारी र आयको वितरण, नेपालको वैदेशिक सहायता र ब्याज दरमा वृद्धि, वैदेशिक अनुदान र ऋणसँग सम्बन्धित पुनःभरणयोग्य फण्डको पहुँच र आन्तरिक ऋण लिने प्राथमिकताहरू तथा आर्थिक योजनाका विषयले राजस्व प्रक्षेपणमा असर पारेको देखिन्छ।

विकसित मुलुकहरूको अवस्था

राजस्व सङ्कलन (Tax collection) र व्यय व्यवस्थापन (Expenditure management) को लागि अवलम्वन गरेका प्रक्रिया र संरचनाहरूको प्रभावकारिता विश्लेषण गरेर अर्थव्यवस्थामा सार्वजनिक वित्तको प्रभावकारी उपयोग र समृद्धि सुनिश्चित गर्न राजस्व सङ्कलनलाई सजिलो, पारदर्शी र द्रुत बनाएका छन्।

चालिएका कदम	नतिजा र उदाहारण
• राजस्व सङ्कलन र व्यय व्यवस्थापनमा स्वचालित प्रणाली र डिजिटल प्लेटफर्महरू तयार गरेका छन।	• अमेरिका र बेलायतमा इलेक्ट्रोनिक कर दाखिला र पेमेन्ट गेटवेज प्रणालीको प्रयोग लोकप्रिय छ। यसले करदाताको सुविधा, विविध माध्यमबाट भुक्तानी गर्ने सुविधा र पारदर्शिता बढाएको छ।
• भ्रष्टाचार र कर छलीको समस्या कम गर्न कडा निगरानी र जाँच प्रणाली राखिएको।	• नर्वेले न्यूनतम खर्च र अधिकतम राजस्वका लागि वित्तीय नियन्त्रण र प्रक्षेपण योजनाहरूको स्थापना गरेको छ।
• विकसित मुलुकहरूमा आयकर, वस्तु सेवा कर, सम्पत्ति कर, मूल्य अभिवृद्धि करलाई तीव्र रूपमा उपयोग गरि कर संरचनालाई सुनिश्चित र व्यापक बनाइएको छ।	• क्यानडा, जर्मनी र स्विट्जरल्याण्डले आयकर, मूल्य अभिवृद्धि कर र सम्पत्ति करलाई एकीकृत गरी कर नीति र संरचनालाई सन्तुलित गरेका छन्। स्थानीय तह र प्रदेश सरकारलाई पनि राजस्व सृजनामा अधिकार दिइएको छ।
• राजस्व प्रक्षेपण र व्यय व्यवस्थापनबिचको समन्वयलाई प्राथमिकता दिँदै दीर्घकालीन बजेट र वित्तीय योजनाबाट राजस्व वृद्धिको हिसाब र व्यय अनुमानका लागि स्पष्ट मार्गदर्शन।	• स्वीडेनले पारदर्शिता र परीक्षण प्रक्रियामा सुधार गरेर कर सङ्कलनलाई प्रभावकारी बनाएको छ। स्वायत्तता, सकारात्मक र नियन्त्रणका उपायहरूबाट करदाताहरूले आफ्नो कर तिर्छन्।
• स्थानीय र सङ्घले व्यक्तिगत करदाताहरूका लागि प्रत्येक क्षेत्रको आवश्यकता र विशेषतालाई ध्यानमा राखेर कर संरचना तयार गरेका छन्।	• स्विट्जरल्याण्डमा (कान्टोनल) स्थानीय सरकारहरूले आफ्नो कर नीति निर्धारण गर्छन् र सङ्घीय सरकारसँग मिलेर आयकर संरचना बनाउँछन्।

चालिएका कदम	नतिजा र उदाहारण
• निगरानी र लेखापरीक्षण प्रणालीलाई कडा बनाएकोले सरकारी खर्च र राजस्व सङ्कलनमा पारदर्शिता र जवाफदेहितामा सुधार गरेको छ।	• अमेरिका र युरोपियन युनियनका मुलुकहरूमा स्वतन्त्र लेखापरीक्षण पारदर्शी छ। लेखापरीक्षणको माध्यमबाट राजस्व र व्ययको वैधता सुनिश्चित गरिन्छ।
• सामाजिक सुरक्षा र कल्याण योजनाहरूलाई राजस्व व्यवस्थापनसँग जोडेर राजस्वको पुनः वितरणमा ध्यान दिएका छन्।	• स्वीडेन, नर्वे र फिनल्यान्डका सामाजिक कल्याण कार्यक्रमले उच्च कर दरहरूलाई सामाजिक सुरक्षा योजनाहरूमा लगानी गर्ने कार्यक्रमहरूको साथमा प्रयोग गरेका छन्।
• वित्तीय बजेट र व्यय निगरानीमा स्मार्ट प्रविधिको प्रयोग गरिएको छ।	• युरोपीय सङ्घमा बजेट ट्र्याकिंग प्रणालीको प्रयोग र राजस्व खर्च निगरानीका लागि डिजिटल प्लेटफर्म लागु गरिएको छ।

यसरी विकसित मुलुकहरूले राजस्व सङ्कलन र व्यय व्यवस्थापनमा समझदारी, पारदर्शिता र अनुकूल नीतिका माध्यमबाट उच्चतम दक्षता हासिल गरेका छन्। यस्ता मुलुकहरूले वित्तीय नीतिहरूलाई अनुकूल, प्रविधिको प्रयोग, पारदर्शिता र कडा निगरानीका माध्यमबाट राजस्व वृद्धि र दिगो आर्थिक वृद्धि प्राप्त गरेका छन्। यस्ता मुलुकहरूको अनुभव र अभ्यासहरूले राजस्व व्यवस्थापन र सार्वजनिक खर्च प्रवर्दनमा सुधारका लागि एक महत्त्वपूर्ण मार्गदर्शन प्रदान हुने अवस्था रहन्छ।

नेपालको परिवेश

नेपाल सरकारले प्रत्येक वर्षको बजेटको सन्दर्भमा आर्थिक योजनाहरू र सामाजिक कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर राजस्व प्रक्षेपण गरेको छ। सार्वजनिक पूर्वाधार, स्वास्थ्य, शिक्षा र जलवायु परिवर्तनका लागि निर्धारित खर्च र राजस्व प्रवृत्तिहरूलाई ध्यानमा राख्दै भविष्यका लागि राजस्व लक्ष्य तय गरिएको देखिन्छ। नेपालमा राजस्व प्रक्षेपण गर्दा आर्थिक वृद्धि दर, कर नीतिहरू, वैदेशिक व्यापार, सरकारको संरचना, कृषि क्षेत्र, जलस्रोतको उपयोग, वैदेशिक सहायता, ब्याज दरलगायत विभिन्न आर्थिक आधारहरूलाई ध्यानमा राखेर तयार गरेको अवस्था छैन। तसर्थ वर्तमान अर्थव्यवस्था र आगामी योजनाहरूका आधारमा प्रक्षेपणको परिमाण र लक्ष्यहरू निश्चित गरेको अवस्थामा प्रस्तावित राजस्व असुलीमा सहजता आउने भएकोले केही आधार तल प्रस्तुत गरिएको छ।

- मुलुकमा रहेको आर्थिक वृद्धि दरले राजस्वको मुख्य आधार तयार गर्दछ। प्रक्षेपण गर्दा आगामी वर्षको आर्थिक वृद्धिको सम्भावना (GDP growth rate) समेटेर गणना गर्नु महत्त्वपूर्ण हुन्छ।
- वृद्धि दर अनुमानमा उल्लेख गर्ने हुँदा असुलीमा अनिश्चितता रहन्छ तसर्थ विभिन्न मूल्याङ्कन परिदृश्य हरूलाई optimistic, pessimistic and realistic गरी ३ प्रकारका आधार लिएर तयार गर्नु आवश्यक छ।
- कर दरहरू र कर संरचनाहरू (सस्थागत र व्यक्तिगत कर, मूल्य अभिबृदिकर र आयात/निर्यातमा आधारित करहरू) को मौजूदा अवस्था र आगामी वर्षका लागि प्रस्तावित सुधारबाट करको आधार विस्तार र संग्रह प्रक्रियामा सुधार (tax base expansion, tax compliance) के कस्तो रहने विषयमा मूल्याङ्कन गर्नु जरुरी छ।
- राजस्व प्रक्षेपण गर्दा केवल एकल कर प्रणालीको आधारमा निर्भर नभई राजस्व स्रोतहरूको विविधिकरण गर्नु महत्त्वपूर्ण हुन्छ।

- राजस्व प्रक्षेपण गर्दा राजस्व प्रशासनमा सुधार (कर सङ्कलन प्रक्रिया, डिजिटलाईजेशन र समन्वय प्रणाली)लाई प्राथमिकतामा राखेर राजस्व प्रशासनमा कर छली, कर सङ्कलनमा ढिलाई, भ्रष्टाचारको सम्भावना जस्ता चुनौतीहरूको मूल्याङ्कनमार्फत विश्वसनीयता बढाउनुपर्ने देखिन्छ।
- अन्तर्राष्ट्रिय रूपमा हुने मूल्य परिवर्तन, कच्चा पदार्थहरूको आपूर्ति श्रृङ्खला र क्षेत्रीय व्यापार सम्झौताहरूको प्रभावलाई ध्यान राखी विश्लेषण गर्नु महत्त्वपूर्ण हुने देखिन्छ।
- विकासोन्मुख मुलुकहरूमा राजनीतिक, आर्थिक र प्राकृतिक सङ्कट तथा प्रकोप जस्ता अनिश्चितताहरूको उच्च सम्भावनालाई समेत मध्यनजर राखेर राजस्व प्रक्षेपण गरेका छन्। बेरोजगारी दर, मुद्रास्फीति दर सार्वजनिक ऋणको अवस्था विश्लेषण गर्नु वाञ्छनीय हुन्छ।
- सरकार र निजी क्षेत्रबिच सकारात्मक संवाद र समन्वय महत्त्वपूर्ण हुन्छ। सरकारको नीति र प्रक्षेपणलाई सुधार गर्न समन्वय गरेर सार्वजनिक र निजी क्षेत्रका दिगो साझेदारीहरू (PPP) मार्फत पनि राजस्व सिर्जना गर्न सक्ने अवस्था विश्लेषण गरेर सकिन्छ।
- राजस्व प्रक्षेपणपछि नियमित समीक्षा गर्नु र अनुकूलन प्रक्रिया सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। प्रक्षेपण गरिएका लक्ष्यलाई निरन्तर अनुगमन गर्दा नीतिमा समयअनुसार सुधार गर्न सकिन्छ।
- सरकारको सामाजिक सुरक्षा र कल्याण कार्यक्रमहरूको प्रभावलाई प्रक्षेपणमा विचार गर्नु आवश्यक छ। यी कार्यक्रमहरूले आम्दानीको वितरणलाई प्रभावित गर्न सक्छ र त्यसका आधारमा राजस्व वृद्धि सम्भाव्यताहरू देख्न सकिन्छ।

विकासोन्मुख मुलुकमा राजस्व प्रक्षेपण गर्दा केवल आर्थिक र वित्तीय सूचकाङ्कहरू मात्रै होइन, सामाजिक, राजनीतिक र विश्व परिवेशका प्रभावहरूको पनि गहिरो विश्लेषण गर्नुपर्दछ। विभिन्न जोखिमहरूको मूल्याङ्कन र प्रक्षेपण प्रक्रियामा विविधता अपनाई मुलुकको आफ्नो वित्तीय लक्ष्यलाई अधिक यथार्थपरक र हासिल गर्न योग्य बनाउनेतर्फ ध्यान दिनु जरुरी छ। राजस्वको लेखापरीक्षण गर्दा मुलुकले कुन माध्यमबाट राजस्व प्रक्षेपणको आधार लिएको छ, सो मूल्याङ्कन गरेर परीक्षण गर्ने विषयमा केन्द्रित रहनु पर्दछ।

राजस्वको लेखापरीक्षण

सरकारले प्रक्षेपण गरेको राजस्वको असुली र लेखाकंन सम्बन्धमा तोकिएको ढाँचाअनुरूप लेखा राखी प्रतिवेदन तयार गरेको, राजस्व निर्धारण, सोको परीक्षण गर्दा तोकिएका कार्यविधिहरूको पालना भए, नभएको विषयमा प्रचलित ऐन कानुनको परिपालनाको मूल्याङ्कन गरी देखिएका बेहोरा औँल्याई वित्तीय व्यवस्थापनमा सुधार एवं प्रमुख राजस्व प्रशासनका अधिकृतलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाव दिनु राजस्व लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी निकायगत र एकाइगत योजनाको आधारमा आन्तरिक नियन्त्रणको परीक्षण (Test of Control, गहन कार्यविधि (Substantive Procedure), विश्लेषणात्मक कार्यविधि (Analytical Procedure) र विस्तृत विवरणको परीक्षण (Test of Detail) लेखापरीक्षण विधि अवलम्वन गरेर प्रतिवेदन जारी गरिन्छ।

१. **भन्सार राजस्व सङ्कलनमा समस्या र सो को लेखापरीक्षण -** नेपालको राजस्व प्रणालीमा भन्सार महसुल (Customs Duty) एक महत्त्वपूर्ण हिस्सा हो, जसले देशको आर्थिक नीति र आयात/निर्यात व्यापारलाई प्रभाव पार्दछ। भन्सार महसुलको असुली र निर्धारण प्रक्रियामा विभिन्न समस्याहरू छन्

जसले राजस्व सङ्कलन र व्यापारलाई असर पुऱ्याउँछन्। नेपालमा भन्सार महसुल निर्धारण र असुलीमा देखिएका केहि प्रमुख समस्याहरू निम्न छन्:

- भन्सार महसुलदर प्रक्षेपण गर्दा नितिगत स्थायित्व हुनुपर्नेमा प्रत्येक वर्ष महसुलदर घटबढ भैरहेको अवस्था छ। महसुलदर निर्धारण प्रक्रियामा असमानता र पारदर्शिता अभावले प्रायः भन्सार मूल्य निर्धारणलाई विवादास्पद बनाएको छ। सोको अतिरिक्त भन्सार अधिकृतहरूलाई आवश्यक प्रशिक्षण र स्पष्ट मार्गदर्शनको कमी हुँदा मूल्य निर्धारण गर्दा कतिपय अवस्थामा एकरूपता नहुने समस्या समेत देखापरेको छ। गलत मूल्य निर्धारणको कारण बढी भन्सार महसुल तिर्नु परेको अवस्थाले व्यापारमा थप लागतसमेत बढेको अवस्था छ।
- भन्सार जाँचपास प्रक्रियामा लामो समय र जटिलता रहेको, कागजी प्रक्रियामा समय लाग्ने र प्रारम्भिक भन्सार मूल्य निर्धारणपछि पनि अन्य शुल्क र करहरूको थप जाँच प्रक्रियामा समय लाग्ने हुदा व्यापारका लागि अवसरको लागत (Opportunity cost) बढ्न गई व्यवसायमा घाटा हुन जाने जोखिम रहेको छ।
- चोरी पैठारी नेपालको भन्सारका लागि ठुलो समस्या हो जसले सरकारी राजस्वमा ठुलो क्षति पुऱ्याउने, माल वस्तुको गलत घोषणा वा भन्सार मूल्य कम देखाएर सामानलाई भन्सारबाट छुटाउने र सहमतिका मालवस्तुको मूल्य र बर्गीकरण गरेर महसुल घटाउनु, आदि जस्ता घटनाहरू पटक-पटक देखा परेकाछन्।
- नेपालमा केही वस्तुहरूमा भन्सार दर अन्यमुलुकको तुलनामा बढी भएको कारण आयातको लागत बढेको, जसले उपभोक्ताको लागि महंगो हुने पक्ष एकातर्फ छ भने उच्च भन्सार दर संरचनाले आयात व्यापारलाई असर पार्ने र चोरी पैठारीलाई बढावा दिने जोखिम रहेको छ।
- भन्सार प्रणाली स्वचालित र पारदर्शितामा कमी भएकोले प्रक्रियामा मानवीय हस्तक्षेप बढेको, भन्सार जाँचकीहरूलाई नयाँ प्राविधिक परिवर्तन, व्यापार नीति र अन्तर्राष्ट्रिय व्यापार व्यवस्थाका बारेमा तालिम दिनुपर्ने आवश्यकता रहेको छ। नेपालको आयात नीति र विदेशी मुद्रा सटहीदर नीतिको अस्थिरताले व्यापारको लागि अनिश्चितता बढ्न गई भन्सार महसुल निर्धारण र असुलीमा समेत असर पर्ने जोखिम रहेको छ।

भन्सार मूल्य निर्धारणको पारदर्शिता र एकरूपता सुनिश्चित गर्न दृढ मूल्य निर्धारण मापदण्ड र मूल्याङ्कन प्रणाली लागु गरेको, प्रविधिको सुधार गर्न भन्सार प्रक्रियामा डिजिटलीकरण र स्वचालनको वृद्धि, चोरी पैठारी र तस्करीको नियन्त्रणका लागि भन्सार अधिकृतहरूको तालिम र निगरानी व्यवस्था, कागजी प्रक्रिया कम गर्न र सरल प्रक्रियाको अवलम्बन, आयात/निर्यात नीति र विदेशी मुद्रा व्यवस्थामा सुधार गरेर व्यावसायीहरूको विश्वास जित्नु र भन्सार महसुल असुली प्रक्रिया सरल बनाउने कार्यमा भन्सार प्रणालीमा के कस्ता सुधार गरेर व्यापार वातावरणलाई स्वस्थ बनाउने नितिगत प्रयासका लेखापरीक्षकले परीक्षण गर्नुपर्दछ।

२. **आयकर राजस्वका समस्या र सोको लेखापरीक्षण -** नेपालको आयकर निर्धारण र असुली प्रक्रियामा देखिएका समस्या र चुनौतीहरूको विश्लेषण गरेर समस्याहरूको समाधान गर्नका लागि सही सुधार र रणनीतिहरू लागु गर्न आवश्यक छ। यहाँ नेपालका आयकर प्रणालीसँग सम्बन्धित प्रमुख समस्याहरू र तिनीहरूको समाधानका उपायहरूको बारेमा चर्चा गरिएको छः

- आयकर निर्धारणमा असमानता हुनुको साथै अनुपालननको कमी रहेको अवस्था छ। कतिपय व्यक्तिहरू र संस्थाहरूले कर घोषणा सही रूपमा नगर्ने वा कम घोषणा गर्ने र केहीले सही आय घोषणा आधारमा कर तिर्नुपरेको छ। नक्कली बिजक र कारोबारमा कारबाही गरिएको र केही कारोबारमा राजस्व प्रशासनको कमजोरी र पारदर्शिता अभावको कारण करदाता र अधिकृत बिच असमानता देखिएको छ। समान र पारदर्शी प्रणाली लागु गर्न सकिएको छैन। बैंकहरू र वित्तीय संस्थाहरूबाट आर्थिक कारोबारको सूचना सङ्कलन गरेर आयकर निर्धारण हुन सकेको छैन।

- नेपालको आयकर प्रणाली प्रायः जटिल रहेको र करदाताहरूलाई प्रारम्भिक जानकारी नहुनु, प्रक्रियागत जटिलता र अत्यधिक कागजी कामले कर तिर्नको लागि उत्प्रेरणा बढेको छैन। करदाता र कर प्रशासनको लागि सरल र स्पष्ट प्रक्रियाहरू विकास गरेर न्यूनतम कागजी काम र सरल फारमहरू पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ।

- कर अधिकृतहरूलाई तालिम र नवीनतम कानुनी परिवर्तनहरूको जानकारी तथा द्रुत निर्णय प्रक्रियाबारे जानकारी गराई निर्णय क्षमतामा सुधार गर्न सकिन्छ। आधुनिक अनलाइन प्लेटफर्महरू प्रयोग गरेर आयकर दाखिला, भुक्तानी र निरीक्षण प्रक्रियालाई सरल र द्रुत बनाउने र ई-पेमेन्ट सिस्टमको प्रयोगलाई प्रवर्धन गर्दै करदाताहरूलाई अनलाइन भुक्तानीको माध्यमबाट कर तिर्ने व्यवस्था मिलाउनुपर्दछ।

- अनौपचारिक क्षेत्रको कारोबारलाई करको दायरामा ल्याई क्रमशः कर प्रणालीमा समावेश गर्नुपर्छ। आधुनिक अनलाइन निगरानी र यो क्षेत्रलाई समेट्ने गरी नयाँ प्राविधिक उपायहरू अपनाउन जरुरी छ।

- कर प्रणालीका व्यवस्थामा समय-समयमा हुने कानुनी परिमार्जनले व्यापारी र व्यक्तिगत करदाताहरूको लागि पर्ने समस्याका लागि स्पष्ट र स्थिर कर नीति सुनिश्चित गरेर करदातालाई आफ्नो कर जिम्मेवारीहरू बुझ्न र पालन गर्न उत्प्रेरित बनाउनुपर्दछ।

नेपालको आयकर प्रणालीमा देखिएका समस्याहरूबाट कर सङ्कलनमा असमानता, कर चुहावट, जटिलता आउने अवस्था रहेकोले यस्ता समस्याहरूको समाधानका लागि डिजिटल प्रणालीको सुदृढीकरण, तालिम र क्षमता विकास र पारदर्शिता र समानता सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। यसका साथै, अनौपचारिक क्षेत्रको निगरानी प्रणालीको मजबुतीकरण गरेको विषय लेखापरीक्षकले विश्लेषण गर्नुपर्दछ।

३. **मूल्य अभिवृद्धि करका समस्या र सोको लेखापरीक्षण -** मूल्य अभिवृद्धि कर (Value Added Tax, VAT) एक महत्त्वपूर्ण राजस्व स्रोत हो, जुन वस्तु र सेवाहरूको बिक्रीबाट सङ्कलन गरिन्छ। यो प्रणालीले व्यवसायीहरूलाई आफ्नो उत्पादन वा सेवा प्रदान गर्दा मूल्य अभिवृद्धिअनुसार कर तिर्न उत्प्रेरित भए पनि यसको असुली र निर्धारणमा केही प्रमुख समस्याहरू छन् यी समस्याहरूको समाधानको लागि उपयुक्त सुधारहरू आवश्यक छः

- मूल्य अभिवृद्धि करको दर र लागु हुने आधारमा मूल्य अभिवृद्धि करको छुट र विशेष प्रोत्साहनहरू (जस्तै, कृषि उत्पादन, शिक्षा, स्वास्थ्य सेवा) हुँदा, अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा असमानता रहेकोले वस्तु र सेवाहरूको दायरा विस्तार गरेर समान कर दर लागु गर्नुपर्दछ।

- नेपालमा उल्लेख्य व्यवसाय अनौपचारिक (Informal) क्षेत्रमा सञ्चालनमा रहेकोले साना व्यवसायहरू र व्यक्तिगत व्यापारिक गतिविधिहरू यो प्रणालीमा समावेश भएका छैनन्। यसले समग्र राजस्व सङ्कलनलाई प्रभावित पारेको छ।
- अवैध व्यापार र वाणिज्यका गतिविधिहरूले वास्तविक कारोबार भन्दा बाहिर खरिद सामग्रीको कर क्रेडिट लिने जोखिम रहेको छ। अनौपचारिक क्षेत्रका व्यापारिक गतिविधिहरूलाई नियमनमा ल्याउन डिजिटल र स्वचालित प्रणालीहरूको विकास गरेर अनौपचारिक व्यवसायलाई औपचारिक बनाउन प्रेरित गर्नु जरुरी भएको छ।
- व्यवसायीहरूमा कानुनको परिपालना न्यून हुनु एवं कर प्रशासनबाट अनलाइन निगरानीको अभाव हुदा न्यून बिजकीकरण तथा कम मूल्य निर्धारण गर्ने, बिजक जारी नगरी वास्तविक बिक्रीको रिपोर्ट नगरी कर चुहावट गर्ने व्यवसायीहरूको लागि अनलाइन र डिजिटल प्लेटफर्ममा निगरानी बढाएर अनलाइन प्रणालीमा सही जानकारी दर्ता हुने सुनिश्चित गर्नु जरुरी छ।
- प्रेरणा र प्रणालीको पारदर्शिता र स्थिरताको कमीले गर्दा करदातामा विश्वासको कमी उत्पन्न हुन्छ। धेरै करदाता कर प्रशासनको इन्सपेक्सन वा शंका गर्ने प्रक्रियाबाट बच्न चाहन्छन्। पारदर्शिता र सूचना प्रवाह सुधार गर्नु, जसले करदातामा विश्वास र समर्पण बढाउँछ। करदातालाई यथार्थ बिजक जारी गर्ने गरी प्रोत्साहन योजनाहरू प्रदान गरेर कर अनुपालननमा वृद्धि ल्याउन सकिएको छैन।
- कर प्रशासनको कार्यक्षमताका कारणले व्यवसायहरू र करदाताहरूको मौज्दात तथा कारोबारको अनुगमन र असामान्य गतिविधिहरूको पहिचान गर्न सकिएको छैन। स्वचालित कर प्रणालीको प्रयोग गरेर कर निरीक्षण र मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाउनु जरुरी छ। कर अनुपालनन प्रक्रिया सरल र सहज बनाइ साना व्यवसायलाई दर्ता गर्न उत्प्रेरित गर्न बाँकी छ।

मूल्य अभिवृद्धि कर (VAT) प्रणालीमा समस्याहरूमध्ये अनौपचारिक क्षेत्रको ठुलो हिस्सा, जटिल प्रक्रिया, अनुपालननको कमी, कर नियोजन जस्ता समस्याहरूको समाधानका लागि डिजिटल प्रणालीको सुदृढीकरण, पारदर्शिता साना व्यवसायको प्रोत्साहन र आधिकारिक निगरानी र अनुगमन प्रक्रियालाई सुधार गर्नु आवश्यक छ। प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि स्मार्ट प्रविधि र उत्कृष्ट प्रशासनिक संरचना आवश्यक छ।

४. **अन्तःशुल्कका समस्या र सोको लेखापरीक्षण -** अन्तःशुल्क (Excise Duty) विशेष वस्तुहरू र सेवाहरूमा लाग्ने एक महत्त्वपूर्ण अप्रत्यक्ष कर हो। यो कर प्रायः उच्च मूल्यका वस्तुहरू जस्तै मदीरा, सुर्तीजन्य वस्तु, प्लाष्टिकलगायत भौतिक नियन्त्रण र स्वयम् निष्काशन प्रणालीबाट लागु गरिन्छ। अन्तःशुल्क निर्धारण र असुलीमा केही समस्याहरू रहेकोले राजस्व प्रणालीलाई प्रभावित गरिरहेका छन्। यी समस्याहरूको समाधान गर्न केही सुधारहरू निम्न छन्:

- नेपालमा अन्तःशुल्क दर र लागु हुने वस्तुहरूको सूची प्रत्येक वर्ष परिवर्तन गरिएकोले यसको प्रशासन पनि जटिल र अस्पष्ट हुन गएको छ। विभिन्न वस्तुहरू र सेवाहरूमा लागु हुने अन्तःशुल्क दरको संरचना, भिन्नता र पारदर्शिता अभावले कर निर्धारण र असुलीमा समेत समस्या देखिएका छन्। मूल्य निर्धारण मापदण्डको अस्पष्टताले अन्तःशुल्क अधिकारहरूलाई

निर्णय गर्न कठिन बनाएकोले वस्तुहरूको वर्गीकरणलाई सरल र स्पष्ट बनाउन नयाँ नीति बनाउन सकिएको छैन।

- पारदर्शी अनुगमन प्रणाली र डिजिटल उपकरणहरूको प्रयोग गरी कडाइका साथ निरीक्षण र जाँच प्रक्रिया लागु गर्दा अन्तःशुल्क सङ्कलनमा ढिलाई र प्रक्रिया जटिलता आएको छ। यसले गर्दा व्यापारिक क्रियाकलापमा अवरोध उत्पन्न हुने अवस्था देखिएको छ। डिजिटल प्रणाली लागु गरेर प्रक्रिया र कागजी कामलाई सिधा र सजिलो बनाउने र स्वचालित कर प्रणाली र एकीकृत डाटाबेसको विकास गर्नु जरुरी छ।
- अन्तःशुल्क लाग्ने कतिपय वस्तुहरूको सही मूल्यांकन गर्दा राजस्व सङ्कलनमा समस्या आउने जोखिम रहेको छ। चुहावट नियन्त्रणका लागि कडाइका साथ नियमन र दण्ड प्रणाली लागु गर्न सकिएको छैन।
- अनौपचारिक क्षेत्रलाई औपचारिक बनाउने प्रक्रिया र साना व्यवसायहरूको समावेशीकरणको माध्यमबाट अन्तःशुल्क मा आवदता बढाउन विधुतीय मूल्य निर्धारण प्रणाली र व्यवसायमा अनलाइन रजिष्ट्रेसन प्रणाली अपनाउनु जरुरी छ।

अन्तःशुल्क निर्धारण र असुलीमा कर चुहावट, भ्रष्टाचार, नियमहरूको अस्पष्टता, अवयवस्थित निगरानी र डिजिटल प्रणालीको अभाव जस्ता समस्याहरूको समाधानका लागि स्वचालित प्रणाली, भ्रष्टाचारविरुद्ध कडा कदम, स्पष्ट र समान कर संरचना र पारदर्शी प्रक्रियालाई सुनिश्चित गर्नु आवश्यक छ। यसले अन्तःशुल्क असुलीलाई अधिक प्रभावकारी र पारदर्शी बनाउँछ, जसबाट सरकारको राजस्व सङ्कलनमा सुधार हुने दखिन्छ।

५. **गैरकरका समश्या र सो को लेखापरीक्षण -** गैरकर राजस्व (Non-Tax Revenue) सरकारी निकायहरूबाट उपलब्ध हुने शुल्क, जरिबाना, सार्वजनिक सम्पत्तिको उपयोग र अन्य स्रोतहरूको प्रयोग गरेबापत सङ्कलन गरिन्छ। गैरकर राजस्वले सरकारी वित्तको विविध पक्षलाई समर्थन गरी कुल राजस्वको एक महत्त्वपूर्ण हिस्सा सङ्कलन गर्दछ। गैरकर राजस्व निर्धारण र असुलीमा केही समस्याहरू छन् जसले यस क्षेत्रको प्रभावकारिता र दक्षतामा बाधा पुऱ्याउँछ। यी समस्याहरूलाई समाधान गर्न सुधारहरूको आवश्यकता छ।

- गैरकर राजस्वको स्रोत र विविधता सीमित छन् र ती स्रोतहरू लाइसेन्स शुल्क, टोल शुल्क, विविध शुल्क आदि मा निर्भर छन्। गैरकर राजस्वको विविधता कम छ र अर्थव्यवस्थामा भएको परिवर्तनसँग अनुकूलन गर्न कठिनाइ भएको छ। सार्वजनिक सम्पत्तिको उपयोगबाट आउने राजस्व प्रायः स्थिर र सीमित रहेको छ। आर्थिक समृद्धि र सार्वजनिक सेवामा वृद्धि को अनुपातमा गैरकर राजस्वका विविध स्रोतहरूको पहिचान र विस्तार गर्न सकिएको छैन।
- सार्वजनिक सम्पत्ति बेच्ने, उधारो दिने र उपकरण लिज दिने प्रक्रियामा अस्थिरताका कारण राजस्व अनुमानमा यथार्थता आउँदैन। स्थिर र दीर्घकालिक राजस्व प्रवाह सुनिश्चित गर्न राजस्व स्रोतमूलक सुधार र सार्वजनिक सम्पत्ति व्यवस्थापन सुधार गर्न सकिएको छैन। सार्वजनिक सम्पत्ति र स्रोतहरूको उपयोग र नियन्त्रणमा अनियमितताको कारण गैरकर राजस्व असुलीमा समस्या उत्पन्न भएको छ। भूमि, सार्वजनिक भवनहरू, सम्पत्ति एवं सार्वजनिक क्षेत्रका अन्य

स्रोतहरू र सेवाहरूको रियल टाइमको प्रयोग र डिजिटल प्लेटफर्मको उपयोग गरेर अधिक राजस्व उत्पन्न गर्ने प्रयास गर्न बाँकी छ।

- गैरकर राजस्वको एक प्रमुख हिस्सा सार्वजनिक सेवाहरूका लागि लिइने शुल्कहरू हुन्। यद्यपि, विभिन्न सेवाहरूका लागि शुल्कको आधार तय भएको छैन। समानता र न्यायको सिद्धान्तको आधारमा समान शुल्क निर्धारण भएको छैन। सामाजिक समानता र न्यायको आधारमा सेवा शुल्क निर्धारण गर्ने र सम्पत्तिमा आधारित भिन्नतालाई ध्यानमा राखेर शुल्क संरचना तयार गराउनुपर्दछ।
- गैरकर राजस्व असुलीका प्रक्रियाहरूमा निकायहरूको दक्षता र क्षमताका कारण राजस्व असुलीमा समस्या देखिएको छ। प्रशासनिक दक्षता र क्षमता वृद्धि गर्न कर्मचारीहरूको प्रशिक्षण गर्दै निगरानी र अनुगमन प्रणालीलाई प्रविधिमा आधारित गरेर असुल र वितरण प्रक्रियामा पारदर्शीता ल्याउनु पर्दछ।

नेपालको गैरकर राजस्व असुलीमा प्रमुख समस्याहरू जस्तै- स्रोतहरूको सीमितता, प्रशासनिक असमर्थता, अस्पष्ट शुल्क संरचना, अनियमितता र कानुनी अस्पष्टता देखिन्छ। यी समस्याहरूलाई समाधान गर्नका लागि डिजिटल प्लेटफर्मको विकास, प्रशासनिक सुधार, नवीनतम विधिहरू समावेश र पारदर्शिता बढाउने प्रयास गर्नु आवश्यक छ।

६. **प्रदेश तथा स्थानीय राजस्व सङ्कलन समस्या र सो को लेखापरीक्षण -** नेपालको सङ्घीय संरचनामा सघ प्रदेश र स्थानीय तहलाई अधिकार र जिम्मेवारी दिने व्यवस्था गरिएको छ। तर राजस्व सङ्कलन र वित्तीय प्रबन्धका समस्याहरूले यसमा समग्र प्रभाव पारेको छ। प्रदेश तथा स्थानीयतहको राजस्व निर्धारण र असुलीका प्रक्रियामा विभिन्न चुनौतीहरू छन्, जसले समग्र वित्तीय व्यवस्थापन र सार्वजनिक सेवाहरूको गुणस्तरमा असर पुऱ्याउँछ। यी समस्याहरूलाई समाधान गर्न सुधार आवश्यक छ।

- अधिकांश स्थानीय तहहरू संचालन खर्च पूरा गर्न बाहेक अन्य गतिविधिहरूमा अधिक राजस्व सङ्कलन गर्न असमर्थ छन्। सङ्घ, प्रदेशका लागि पनि कर राजस्व (Income Tax) र वैदेशिक व्यापारबाट आयका स्रोतहरू सीमित छन्। राजस्व स्रोतको विविधता बढाउनको लागि आधिकारिक र पारदर्शी कर संरचना सुधार गर्दै नवीनतम राजस्व प्रविधिहरू जस्तै, मूल्य आधारित कर प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन र स्थानीय स्रोतहरूको प्रयोगमा सुधार गर्नु जरुरी रहेको छ। प्रदेश र स्थानीय तहका लागि राजस्व निर्धारण र असुलीका कानुनी र नीतिगत सुधार गरी राजस्व असुलीका क्षेत्रगत प्रक्रिया र कानुनी संरचनाको पुनःसमीक्षा गरेर पारदर्शिता र न्यायिक समावेशिता सुनिश्चित गर्नु जरुरी भएको छ।
- स्थानीय प्रशासनको क्षमता प्रायः कमजोर तथा स्रोतको अभावका कारण राजस्व असुलीमा प्रभावकारिता आएको छैन। करदाताको तथ्याङ्क व्यवस्थापन र प्राविधिक क्षमता बढाई कर निर्धारण र असुलीमा प्रभाव बढाउनु जरुरी छ।
- प्रदेश र स्थानीय तहहरूको लागि साना करदाताहरू र अनौपचारिक क्षेत्रबाट राजस्व सङ्कलनमा समस्या आउँछ। धेरै स्थानीय तहमा अस्थायी र साना व्यापारी र व्यवसायीहरूको ठुलो संख्या रहेका छन्, जसको कारण राजस्व सङ्कलनमा प्रभावकारिता आएको छैन। सम्भाव्य र साझा

राजस्व स्रोतहरूका बारेमा स्पष्ट नीति र सम्झौताहरूको अभावले समग्र राजस्व व्यवस्थापनमा असहजता आएको छ। सङ्घ, प्रदेश र स्थानीय तहहरूबिच समन्वयको सुधार र राजस्व साझेदारी मापदण्डलाई स्पष्ट र प्रभावकारी बनाउनु जरुरी देखिएको छ।

नेपालको सङ्घ प्रदेश र स्थानीय तहको राजस्व सङ्कलन र असुलीमा विभिन्न समस्याहरू जस्तै, स्रोतको सीमितता, कानुनी अस्पष्टता, प्रशासनिक कमजोरी, असुलीमा ढिलाइ आएको देखिन्छ। यी समस्याहरूको समाधानका लागि राजस्वको स्रोतमूलक सुधार, प्रशासनिक क्षमता अभिवृद्धि, डिजिटल प्रविधिको प्रयोग, नीतिगत र समन्वयत्मक सुधार गर्नु आवश्यक छ। नीतिगत तथा कार्यान्वयन गत रूपमा भएको प्रगति र ततसम्बन्धी विषयको लेखापरीक्षण गर्दा समस्याको पहिचान गरी सुधारको विकल्प सहितको सुझाउ लेखापरीक्षकले दिनुपर्दछ।

निष्कर्ष

नेपालको राजस्व प्रक्षेपण गर्दा लिइने वस्तुपरक अधार निर्धारण नगरी गत वर्षको लक्ष्य र सङ्कलनको आधारमा निश्चित प्रतिशत थप घट गरेको छ। देशको आर्थिक अवस्था, कुल गार्हस्थ उत्पादनको यथार्थता र सोको आधारमा राजस्व प्रक्षेपण हुन बाँकी रहेको छ। प्रक्षेपित राजस्वको असुलीको निश्चित कार्ययोजना बनाइ असुली गर्नुपर्नेमा २०७९।८० मा रू.९ खर्ब ५७ अर्ब र २०८०।८१ मा १० खर्ब ५८ अर्ब अर्थात लक्ष्यको ७६.११ प्रतिशत मात्र राजस्व असुली भएको छ। असुल भएको राजस्वको लेखापरीक्षण गर्दा २०८०।८१ मा लेखापरीक्षण भइरहेकोले तथ्याङ्क यकिन नभए पनि २०७९।८० मा अर्थ मन्त्रालयको मात्र २५ अर्ब ४७ करेड बेरूजु देखिएको छ। राजस्वको लेखापरीक्षण गर्दा मापदण्ड र आधार बेगर राजस्व छुट दिएको, दरबन्दी फरक पारी भन्सार महसुल निर्धारण गरेको, भुक्तानीमा कर वृद्धि नगरेको, घटी आय लेखाङ्कन गरेको, न्यून बिजकीकरण तथा बजार अनुगमन प्रभावकारी नभएको जस्ता बेहोरा देखिएका छन्।

यो माथिको बेहोरामा सुधार गरी राजस्व प्रशासनलाई पेशागत तथा क्षमतायुक्त बनाउने, करको दर भन्दा दायरा वृद्धि गराउने, राजस्व प्रशासनमा निष्ठा प्रवर्धनको वातावरण सिर्जना गरी मुलुकको आन्तरिक स्रोतको मेरूदण्डको रूपमा रहेको राजस्व सङ्कलनमा समय सापेक्ष सुधार गरी आर्थिक गतिविधिलाई चलायमान बनाएर समग्र मुलुकलाई समृदितर्फ लैजाने गरी क्रियाकलाप सम्पादन हुनुपर्दछ।

<u>सन्दर्भ सामग्री</u>

- राजस्व प्रशासनको समग्र संरचनात्मक सुधार योजना, २०७२
- भन्सार सुधार कार्ययोजना, २०७५
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०८०
- आर्थिक बुलेटिन, अर्थ मन्त्रालय, २०८१

सरकारी निकायको वित्तीय विवरणको तयारी र प्रस्तुति

*- वैकुण्ठ बहादुर अधिकारी**

पृष्ठभूमि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सरकारी कोषको सञ्चालन, लेखाङ्कन प्रतिवेदन तथा नियन्त्रणसम्बन्धी व्यवस्था गरेको छ। सो ऐन कार्यान्वयन गर्न सहजताको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तर्जुमा गरिएको छ। सङ्घीय ऐन तथा नियमावलीको अनुसरण गरेर सरकारी आर्थिक कार्य सञ्चालन भएको पाइन्छ। उक्त कानुनको प्रावधानअनुरूप ऐन तथा नियमावली प्रदेश तथा स्थानीय तहले तर्जुमा गरेका हुन्छन्। नेपाल सरकारले २०६६।५।३० देखि नेपाल सार्वजनिक क्षेत्र लेखामान लागु गरेकोमा त्यसलाई अद्यावधिक गरेर अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान बोर्डले सन् २०१७ मा जारी गरेको नगदमा आधारित सार्वजनिक क्षेत्र लेखामानअनुरूपको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) २०७९।८।२० देखि लागु गरेको छ। सोही लेखामानअनुसारको वित्तीय प्रतिवेदनको ढाँचामा केन्द्रीय स्तरको वित्तीय विवरण (मलेप फाराम नं. २७०), कार्यसञ्चालन स्तरको वित्तीय विवरण चालु र पुँजीगत कारोबार गर्ने निकायको लागि (मलेप फाराम नं. २७१-१)र वित्तीय कारोबारसमेत गर्ने निकायको लागि (मलेप फाराम नं २७१-२) लागु भएको देखिन्छ। आफू र मातहतबाट भएका आर्थिक कारोबार समेटेर कारोबारको लेखा तथा अभिलेख अद्यावधिक गरी सोअनुसार वित्तीय विवरण तयार गर्ने कार्य कार्यालय, स्थानीय तह र मन्त्रालय वा निकायहरूले गर्दछन्। वित्तीय विवरणलाई एकीकृत गरेर आफ्नो कार्यक्षेत्रभित्रको एकीकृत वित्तीय विवरण कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गर्दछन्। सङ्घीय सञ्चितकोषको वित्तीय विवरण तथा सङ्घ प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण तयार गर्ने कार्य महालेखा नियन्त्रक कार्यालयले गर्दछ।

मन्त्रालय वा निकाय

आर्थिक कारोबारसँग सम्बन्धित प्रशासकीय प्रमुखको रूपमा कार्यरत सङ्घीय मन्त्रालय वा निकायका सचिवलाई र प्रदेश मन्त्रालय वा निकायका प्रदेश सचिवलाई लेखा उत्तरदायी अधिकृत भनिन्छ। सङ्घीय मन्त्रालय वा निकायका लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी र अन्य कोष समेतको सम्पूर्ण आय-व्ययको वित्तीय विवरण प्राप्त गरी एकीकृत वित्तीय विवरण र केन्द्रीय हिसाब तयार गरी तोकिएको समयभित्र महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयसमक्ष समेत पेस गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा रहेको छ। तोकिएको अवधिभित्र वित्तीय विरण पेस गर्न नसकी कारणसहित लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थप माग गरेमा महालेखापरीक्षक वा निजले तोकेको अधिकारीले बढीमा ३० दिनसम्मको म्याद थपि दिन सक्ने व्यवस्था सोही ऐनको दफा २९(५) मा रहेको छ। आफ्नो मन्त्रालय वा

* उप-महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय

निकायअन्तर्गतका सबै प्रकारका चल अचल सम्पत्ति दायित्वको अभिलेख राखी सोको विवरण तोकिएको समयभित्र मन्त्रालय वा निकायले महालेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्दछ। प्रदेश मन्त्रालय वा निकायले सोही बमोजिमको सङ्घीय मान्त्रालय वा निकायको जस्तै प्रक्रिया र प्रावधानअनुसार नै उक्त उल्लिखित विवरणहरू प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

कार्यालय

विनियोजन, राजस्व, धरौटी र अन्य कोषका अतिरिक्त नेपाल सरकारसँगको सम्झौताबमोजिम प्राप्त जुनसुकै सहायता वा स्रोतबाट भएका सबै कारोबारको लेखा राख्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने तथा कुनै कारोबार बजेटमा समावेश नभएको भए सम्बन्धित कार्यालयले सोको तोकिएको ढाँचामा छुट्टै अभिलेख तयार गर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ मा रहेको छ। जिम्मेवार व्यक्तिले कार्यालयको कारोबारको लेखा र सम्बन्धित कागजात लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको कार्यालयमा र महालेखापरीक्षकसमक्ष तोकिएको अवधिभित्र तोकिएबमोजिम पेस गर्नुपर्ने व्यवस्था सो ऐनको दफा २९ मा व्यवस्था गरिएको छ। साथै यसरी लेखा विवरण पेस गर्न कारण देखाई म्याद थप मागेमा एक तह माथिको अधिकारीले महालेखापरीक्षकको कार्यालयमा केन्द्रीय लेखा पेस गर्ने समय अवधि प्रभावित नहुने गरी म्याद थप गर्न सक्ने साथै महालेखापरीक्षक वा निजले तोकेको अधिकारीले पनि बढीमा ३० दिनसम्मको म्याद थपि दिन सक्ने व्यवस्था सोही दफामा छ। सबै कार्यालयले लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा लेखा तथा अभिलेख पेस गर्नुपर्दछ।

स्थानीय तह

स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटअन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत वित्तीय विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४(१) मा उल्लेख गरिएको छ। स्थानीय तहले असोज मसान्तभित्र एकीकृत वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०(१) मा व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणको लागि स्रेस्ता अभिलेख तथा वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयलाई समेत उपलब्ध गराउनुपर्छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय

महालेखा नियन्त्रक कार्यालय मातहत रहने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको स्थापना भएको छ। यसले आफ्नो कार्य क्षेत्रभित्रका सबै कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँटअन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्यय विवरण तथा स्थानीय तहबाट प्राप्त वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा उल्लेख गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा समेत यस्तो वित्तीय विवरण पेस गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सञ्चितकोषको सञ्चालन, प्रदेशको आर्थिक प्रशासनमा निर्देशन, प्रदेश लेखा तथा एकीकृत वित्तीय विवरण तयारी कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्दछ। आफ्नो कार्यक्षेत्रभित्रका सबै कार्यालयलाई नेपाल सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटअन्तर्गत प्राप्त रकम तथा प्रदेश सरकारको आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण र स्थानीय तहबाट प्राप्त वित्तीय विवरणको आधारमा प्रदेश भित्रका आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४(२) मा व्यवस्था गरिएको छ। यस्तो विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयमा कार्तिक १५ भित्र पठाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०(२) मा व्यस्था छ। लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा समेत यस्ता वित्तीय विवरण पेस गर्नुपर्दछ।

महालेखा नियन्त्रक कार्यालय

सङ्घीय सञ्चितकोषको सञ्चालन गरी लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३(२) उल्लेख गरिएको मा छ। सङ्घीय सञ्चितकोष, प्रदेश सञ्चितकोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुने व्ववस्था सो ऐनको दफा ५(१) मा व्यवस्था छ। कार्यालयले एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था पनि सो ऐनको दफा ५(५) मा उल्लेख गरिएको छ। साथै यस कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको सङ्घीय सञ्चितकोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरूसहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालयसमक्ष पेस गर्ने व्यवस्था उक्त ऐनको दफा २९ मा व्यवस्था छ। यस्तो एकीकृत वित्तीय विवरण अर्थ मन्त्रालय र महालेखापरीक्षकको कार्यालयमा पौष १५ भित्र पठाउनुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०(३) मा उल्लेख गरिएको छ।

गैरबजेट निकाय

सङ्घ, प्रदेश र स्थानीय सञ्चितकोषको साथै अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण महालेखा नियन्त्रक कार्यालयले तयार गर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५(१) मा हुनाले यसबाट गैरबजेट निकायलाई अन्य सरकारी कोष उल्लेख गरेर समेटेको देखिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ मा बजेट प्रणाली बाहिरका (एक्सट्रा बजेटरी) सार्वजनिक निकायहरू जस्तै बोर्ड, समिति वा अन्य संस्थाले लेखा तथा विवरण पेस गर्नुपर्ने व्यवस्था छ। जसअनुसार यस्ता निकायले नेपाल सरकारबाट कुनै अनुदान प्राप्त गरेको भए आफ्नो आर्थिक प्रशासन नियमावली वा विनियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा यस नियमावलीबमोजिम त्यस्तो अनुदान, आफ्नो आन्तरिक आम्दानी वा अन्य निकायबाट प्राप्त रकम समेत समावेश गरी आम्दानी र खर्चको त्रैमासिक र वार्षिक विवरण तयार गरी त्रैमासिकको हकमा अवधि सकिएको ७ दिन र वार्षिकको हकमा आर्थिक वर्ष सकिएको ३५ दिनभित्र

सम्बन्धित मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। यसरी वार्षिक विवरण पठाउँदा निःशर्त बाहेकको अन्य अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम नेपाल सरकारलाई फिर्ता गरी सो विवरणसमेत संलग्न गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखपरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा समेत यस्ता निकायले वित्तीय विवरण पेस गर्नुपर्दछ।

केन्द्रीय निकाय

नेपाल सरकारको मन्त्रालय, संवैधानिक निकाय, आयोग, सचिवालय र नेपाल सरकारको केन्द्रीय स्तरको कार्य सञ्चालन गर्ने निकायलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २(ङ) ले केन्द्रीय निकाय भनेको छ। केन्द्रीय निकायले बोर्ड, समिति वा अन्य संस्थालगायतका गैरबजेट निकायबाट प्राप्त भएको विवरणको आधारमा प्रचलित लेखामानबमोजिम बजेट प्रणाली बाहिरका (एक्सट्रा बजेटरी) यस्ता सार्वजनिक निकायसमेतको आम्दानी, खर्च, अनुदानलगायतका विषय समावेश गरी नक्साङ्कन (म्यापिङ) गर्ने र सोको आधारमा वार्षिक एकीकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था सोही नियमावलीको नियम ७९(२) उल्लेख छ। केन्द्रीयस्तरका कार्य सञ्चालन गर्ने मन्त्रालय वा निकायले सम्बन्धित मातहतका कार्यालयलाई बजेटको अख्तियारी दिन्छन्। मातहतबाट प्राप्त विवरणका आधारमा केन्द्रीय लेखा राखी सोअनुसार केन्द्रीय वित्तीय विवरण तयार गर्दछन्। यस्ता केन्द्रीय निकायले आफ्नो कार्यसञ्चालनस्तरको कारोबारको समेत लेखा तथा हिसाब किताबको अभिलेख छुट्टै राख्नुपर्ने कानुनी प्रावधान उक्त नियमावलीको नियम ५६(३) मा उल्लेख छ।

वित्तीय विवरण तथा एकीकृत वित्तीय विवरण

नेपाल सरकारले लागु गरेको नगद आधारको नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसार वित्तीय विवरण तथा एकीकृत वित्तीय विवरणबारेमा उल्लेख गरिएको छ। जसअनुसार वित्तीय विवरण भन्नाले (क) नगद प्राप्ति र भुक्तानीको विवरण जसमा निकायको नियन्त्रणमा रहेको नगद मौज्दात तथा निकायको तर्फबाट तेस्रो पक्षले गरेको भुक्तानीलाई छुट्टै पहिचान गरिएको हुन्छ (ख) लेखानीति तथा व्याख्यात्मक टिप्पणीहरू र (ग) बजेट र यथार्थ रकमको तुलनात्मक विवरण समावेश भएको विवरणलाई जनाउने व्यवस्था छ। एकीकृत वित्तीय विवरण भन्नाले कुनै एउटै निकायसरह मानी नियन्त्रक निकाय र नियन्त्रित निकायहरूको नगद प्राप्ति, नगद भुक्तानी र नगद मौज्दात प्रस्तुत गरिएको आर्थिक निकायको वित्तीय विवरण हो। यसरी नियन्त्रक निकायले नियन्त्रित निकाय वा निकायहरूको वित्तीय विवरण र आफ्नो वित्तीय विवरण मिसाएर एउटै वित्तीय विवरणको रूपमा तयार गरेको वित्तीय विवरणलाई एकीकृत वित्तीय विवरण भनिन्छ। तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को प्रयोजनको लागि भने महालेखा नियन्त्रक कार्यालयले वार्षिक एकीकृत गरेको वित्तीय विवरणलाई एकीकृत वित्तीय विवरण भनिन्छ। उक्त नियमावलीको नियम २(ख) मा एकीकृत वित्तीय विवरण भन्नाले केन्द्रीयस्तरको कार्यालयबाट प्राप्त वित्तीय विवरण, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त हुने जिल्लागत विवरण, प्रदेश लेखा नियन्त्रक कार्यालय र स्थानीय तहबाट प्राप्त विवरण, नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक सहायता, आन्तरिक ऋण तथा लगानी सम्बन्धी विवरण समेतको आधारमा महालेखा नियन्त्रक कार्यालयले एकीकृत गरी वार्षिक रूपमा तयार गर्ने विवरण सम्झनुपर्छ। यसरी प्रसँगअनुसार कुन खालको एकीकृत वित्तीय विवरण हो भन्ने कुराको निर्धारण हुने देखिन्छ।

वित्तीय विवरणमा प्रोत्साहित अतिरिक्त खुलासाहरू

वित्तीय विवरणको तयारी तथा प्रस्तुतिमा अतिरिक्त खुलासाहरू अनिवार्य होइनन् तर नगद आधारको लेखाङ्कनबाट प्रोदभावी आधारको वित्तीय विवरण तयारीमा जान सहयोग पुऱ्याउने यी प्रोत्साहित अतिरिक्त खुलासाहरू महत्त्वपूर्ण छन्। वित्तीय विवरणको टिप्पणीमा यस्ता खुलासा गर्नको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामानले प्रोत्साहित गरेको छ। सो लेखामानको भाग २ मा उल्लेख गरिएका यस्ता खुलासाका बेहोराहरूलाई यहाँ छोटकरीमा प्रस्तुत गरिएको छः

(१) निकायले मध्यस्थको रूपमा प्राप्त गरेका नगद र सोको मौज्दातः राजस्व सङ्कलन, कानुनी आवश्यकता र प्रशासनिक व्यवस्थाअनुसार तेस्रो पक्षलाई हस्तान्तरण गरिने रकम (Pass – through Cash Flows), विनियोजित बजेटबाट छुट्याएको तेस्रो पक्षलाई हस्तान्तरण गर्न सकिने रकम जस्तै बेरोजगार सुविधा, अशक्त निवृत्तीभरण, पारिवारिक भत्ता, सामाजिक सुरक्षालगायतका रकम।

(२) अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान प्रोदभावी आधारअनुसार सम्बद्ध पक्षबिचको कारोबार, नगद प्रवाहका प्रमुख वर्ग र समूहहरूको खुलासा, आसामी, लगानी, मेसिन उपकरण जस्ता सम्पत्ति, साहु, सापटी, ऋणलगायतका दायित्व।

(३) बहुवर्षीय बजेटसँगको खर्च तुलना, सेवाका उपलब्धिसँगको क्रस रिफरेन्स, महत्त्वपूर्ण नियन्त्रित निकायको नाम, क्षेत्राधिकार, नियन्त्रित निकाय, एकीकृत नगर्नुको कारण, नियन्त्रित निकायमा स्वामित्व अनुपात, त्यसको निर्धारण र व्याख्या, सम्भव भएसम्म नियन्त्रक निकायको निर्धारण गर्दा आधाभन्दा कम हित रहे तापनि नियन्त्रण स्थापित रहेको व्याख्या र आधाभन्दा बढी हित भएर पनि नियन्त्रण नगर्ने अर्को निकाय।

(४) समूहको वित्तीय विवरणमा समावेश गरेका र हटाएका निकायको समावेश गर्नु वा हटाउनुको कारण सहितको विवरण, अघिल्लो अवधिको वित्तीय विवरण प्रस्तुति भए देखिका समूहको वित्तीय विवरणमा समावेश गरेको र हटाएको निकायको सूची, नियन्त्रित निकायको छुट्टै वित्तीय विवरणमा हिसाब राख्न प्रयोग गरिएको लेखाङ्कन विधि।

(५) नियन्त्रित निकाय र अन्य सञ्चालन एकाइहरू प्राप्ति र निसर्गः जमिन खरिद वा निसर्गको प्रतिफल, सोको अनुपात, खरिद वा निसर्ग गरिएको नियन्त्रित निकाय वा अन्य सञ्चालन एकाइमा रहेको नगद रकम।

(६) संयुक्त प्रबन्धः दुई वा बढी पक्षहरूको संयुक्त नियन्त्रणमा हित खरिद र सञ्चालनसँग सम्बन्धित खर्च र प्राप्ति भएका नगद।

(७) उच्च मुद्रास्फितिजन्य अर्थ व्यवस्थामा रहेको मुद्रामा वित्तीय विवरण प्रस्तुति गर्दा मूल्य सूचकाङ्कको परिवर्तनको असरलाई समेत समावेश गरेर वित्तीय विवरणको पुनर्उल्लेख, विगत अवधिको तुलनात्मक सूचना र एकीकृत वित्तीय विवरण समेतमा अर्थपूर्ण हुने मूल्य सूचकाङ्कको प्रयोग र खुलासा।

(८) बाह्य सहायता प्राप्तिः नगद प्राप्ति र भुक्तानी विवरणको मुखपृष्ठमा उल्लेख नगरेको भए बाह्य सहायताको कुल रकम, निकायको वस्तु वा सेवा खरिद बापत लगायतका दायित्व, तेस्रो पक्षले भुक्तानी गरेको कुल बाह्य सहायता, ऋण तथा अनुदानको रूपमा प्राप्त बाह्य सहायताको कुल रकम, बाह्य सहायता प्रदायकको वर्ग समूह र प्रदान गरिएको रकम, बाह्य सहायताको उद्देश्य प्रयोग तथा

ऋण र अनुदान रकम, कुल बाह्य सहायता ऋण अनुदान मौज्दात रकम र उपयोग गर्न सकिने उद्देश्य, बाह्य सहायता बाहेक अन्य सहायता प्राप्तिमा पनि बाह्य सहायताको यसबमोजिमका खुलासाहरू।

(९) नगद प्राप्ति र भुक्तानीको विवरण प्रस्तुत गर्न अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान २ प्रोदभावी आधारको ढाँचा अपनाउने निकायले सोअनुसारको सञ्चालन वित्तीय र लगानी गतिविधिबाट भएको नगद प्रवाहको वर्गीकरणअनुसारका सूचना।

निर्देशन र कारबाही

जिम्मेवार व्यक्तिले आफ्नो कार्यालयको कारोबारको लेखा र सम्बन्धित कागजात लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको कार्यालयमा वा महालेखापरीक्षकसमक्ष तोकिएको अवधिभित्र तोकिएबमोजिम पेस गर्नुपर्ने, तोकिएको अवधिभित्र पेस गर्न नसकी म्याद थप आवश्यक परेमा बढीमा ३० दिन म्याद थप हुन सक्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(३) देखि (५) सम्म गरिएको छ। यस्तो म्याद थपको समयावधि माग नगरेमा वा थपिएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण पेस नगरेमा महालेखापरीक्षकले जिम्मेवार व्यक्ति भए लेखा उत्तरदायी अधिकृतलाई र लेखा उत्तरदायी अधिकृत भए एक तह माथिको अधिकारीलाई त्यस्तो लेखा र वित्तीय विवरण पेस गर्न निर्देशन दिन सक्नेछ। यसरी निर्देशन दिँदा पनि लेखा तथा वित्तीय विवरण पेस नगर्ने पदाधिकारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाही गर्न महालेखापरीक्षकले सम्बन्धित मन्त्रालयमा लेखी पठाउन सक्नेछ। यसरी निर्देशन दिने तथा कारबाहीको लागि लेखी पठाउने व्यवस्था उक्त ऐनको दफा २९(६) र (७) मा व्यवस्था गरिएको छ।

समस्या र चुनौती

नेपाल सरकारले विक्रम संवत् २०६६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) लागु गरेकोमा यसलाई २०७९ मा पुनः अद्यावधिक गरेको देखिन्छ। यसरी नेपाल सार्वजनिक क्षेत्र लेखामान लागु गरेको हाल विक्रम संवत् २०८१ सम्म १६ वर्षको अवधि पुगेको देखिन्छ। सरकारी निकायहरूमा अझै पनि उक्त लेखामानको भाग १ मा उल्लिखित अनिवार्य समावेश गर्नुपर्ने सबै आर्थिक कारोबारहरू यस लेखामानअनुसारको वित्तीय विवरणमा उपयुक्त तवरले समावेश गर्न नसकेको अवस्था छ। उक्त लेखामानको भाग २ मा उल्लिखित ऐच्छिक विषयवस्तुको वित्तीय विवरणमा खुलासा पनि प्राय अपर्याप्त रहेको देखिन्छ।

महालेखा नियन्त्रक कार्यालयले विकास गरेको कम्प्युटराइज्ड सरकारी लेखा प्रणाली (Computerized Government Accounting System or CGAS) नेपाल सरकार तथा प्रदेश सरकारका सम्पूर्ण सरकारी कार्यालयहरूको लागि लागु गरिएको छ। सोही कार्यालयले विकास गरेको स्थानीय सञ्चितकोष व्यस्थापन प्रणाली (Sub-national Treasury Regulatory Application or SuTRA) सबै स्थानीय तहका लागि लागु गरिएको छ। यी प्रणालीले देखाएको र कार्यालय वा निकायले प्रमाणित गरेको वित्तीय विवरणले देखाएको अङ्कहरू फरक भएको अवस्थामा हिसाब भिडान गर्ने नगरेको अवस्था लेखापरीक्षणले औंल्याएको देखिन्छ।

निजामती सेवा ऐन, २०४९ को दफा ७५ अन्तर्गतको नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची ४ ले लेखा समूहका कर्मचारीको शैक्षिक योग्यता तोकेको छ। लेखा समूहका कर्मचारी लेखा विषय अध्ययन नगरे पनि हुने गरी अर्थात् मान्यता प्राप्त शिक्षण

संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै मूल विषय लिई अध्ययन पूरा गरेको भए हुने व्यवस्था छ। सोहीबमोजिम नै नेपाल सरकार प्रदेश सरकार र स्थानीयतहका लेखाका जनशक्ति व्यवस्था भएको देखिन्छ। यसरी लेखा विषयका ज्ञाता वा अझ चार्टर्ड एकाउन्टेन्सीको योग्यता भएका जनशक्तिबाट हिसाब किताब तथा लेखा राख्ने व्यस्वस्था हुनुपर्नेमा त्यसो नभएको हुनाले हालको कानुनी व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिन्छ। हाल कायम रहेका लेखाका जनशक्तिलाई लेखासम्बन्धी प्रयाप्त तालिमको व्यवस्था गर्नुपर्दछ। आगामी दिनमा लेखाका योग्यता र ज्ञान भएका कर्मचारीलाई लेखा समूहमा राख्ने व्यवस्था गर्नुपर्दछ।

सबै कारोबार समेटेर लेखा तथा अभिलेख राख्ने र वित्तीय विवरण यथार्थ रूपमा तयार एबं आवश्यक हिसाब भिडान दक्षतापूर्वक गर्नको लागि साथै प्रोदभावी आधारको लेखामान लागु गर्नको लागि समेत जनशक्ति व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ। सोको लागि यी पक्षहरू महत्त्वपूर्ण रहेका छन्।

सार्वजनिक क्षेत्र लेखामानको उपयोगिता

सरकारी तथा सार्वजनिक क्षेत्रको सामान्य प्रयोजनको वित्तीय विवरणहरू (General purpose financial statements) को प्रस्तुतीकरण सम्बन्धमा एकरूपता, पारदर्शिता, जवाफदेहिता, विश्वसनीयता, परिपालना, कार्यदक्षता, प्रभावकारिता, तुलनात्मकता जस्ता पक्षहरूमा समयसापेक्ष सुधार गरिरहनुपर्दछ। सो अनुसार लेखाङ्कन कार्यलाई समेत स्पष्टता प्रदान गर्नुपर्दछ। यसको लागि सार्वजनिक क्षेत्र लेखामान नै निर्विकल्प उपयोगी रहेको छ। नगद आधारको लेखामानले निकायको नगद प्राप्ति, नगद भुक्तानी र नगद मौज्दातको विस्तृत तथा पारदर्शी रूपमा प्रतिवेदन गर्दछ। वित्तीय प्रतिवेदनको वास्तविक उपयोगिता प्रोदभावी आधारको लेखामानलाई अपनाएर मात्र प्राप्त गर्न सकिने कुरामा महालेखा नियन्त्रक कार्यालय स्पष्ट रहेको बेहोरा नेपाल सार्वजनिक क्षेत्र लेखामानमा उल्लेख छ। लेखामानले वित्तीय विवरणको उदेश्य, परिभाषा, सामान्य विशेषता, वनावट र विषयवस्तु, वित्तीय स्थितीको विवरण, नाफा वा नोक्सान र अन्य विस्तृत आम्दानी विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरण वारेमा विस्तृत जानकारी दिन्छ। लेखा नीति तथा टिप्पणी, वित्तीय विवरण सम्बन्धी खुलासा लगायत वित्तीय विवरणका अवयव सम्बन्धी पहिचान, लेखाङ्कन तथा प्रतिवेदनको बारेमा समेत बताउदछ। वित्तीय विवरणका लेखा मौज्दात तथा कारोबार र खुलासाहरूको धृढोक्तीहरू जस्तै पूर्णता, उपस्थिति, मापन, प्रस्तुति तथा खुलासा, यथार्थता, सीमा, अधिकार तथा अनुबन्ध र अस्तित्वबारेमा समेत के कसरी सम्बोधन गर्ने भन्ने सन्दर्भलाई लेखामानले सैदान्तिक तथा प्रक्रियागत स्पष्टता प्रदान गर्दछ।

प्रोदभावी लेखाङ्कन तथा वित्तीय विवरणको अपरिहार्यता

वित्तीय प्रतिवेदनका उदेश्यहरू प्रोदभावी लेखामानको पालनाबाट प्राप्त हुने, यसको पालना गर्दा संक्रमण अवस्थालाई सहयोग गर्ने, मध्यवर्ती चरणको रूपमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगद आधार) को पालना गरिने, नगद आधारको लेखामानलाई अन्तिम लक्ष्यको रूपमा अपेक्षा नलिइएको र सोको लागि सार्वजनिक क्षेत्र लेखामानको भाग २ मा उल्लेख गरिएको खुलासालाई प्रोत्साहित गरिएको बेहोरा उक्त लेखामानमा उल्लेख गरिएको छ। साथै महालेखा नियन्त्रक कार्यालय वा कुनै निकायले संक्रमणकालीन मार्ग अपनाउन नै पर्छ भन्ने वाध्यता नरहेको बेहोरा उल्लेख छ। लेखा व्यवसायीहरूको अन्तर्राष्ट्रिय संस्था (IFAC) ले जारी गरेको अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (प्रोदभावी आधार) र सोही संस्थाले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमानको एक आपसमा तादम्यता रहेको देखिन्छ। यही वित्तीय प्रतिवेदनमान

अनुरूपको नेपाल वित्तीय प्रतिवेदनमान पनि नेपाल लेखामान बोर्डबाट तयार गरी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले लागु गरिसकेको छ। कम्पनी ऐन, २०६३ को दफा १०८ र १०९ मा कम्पनीको लेखा प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामानबमोजिम राख्नुपर्ने, कम्पनीले आर्थिक वर्षको वासलात, नाफा नोक्सानीको हिसाब र नगद प्रवाहको विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कम्पनी ऐन लगायतका कानुनअन्तर्गत स्थापित नेपालका सरकारी स्वामित्वका सार्वजनिक संस्थान तथा नियमनकारी सङ्गठित संस्थाहरूले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार लेखा राख्ने तथा वित्तीय प्रतिवेदन गर्ने कार्य गरिरहेको पाइन्छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५(१), (२), (३) र (६) मा सरकारी कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्तबमोजिम तोकिएको आधारमा राखिने, लेखाङ्कन गर्ने तथा प्रतिवेदन गर्ने प्रक्रिया, लेखाका मान्य सिद्धान्त, यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शनबमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरेबमोजिम हुने, प्रदेश र स्थानीय तहले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिएको आधारमा लेखा राख्न सक्ने जस्ता प्रावधान उल्लेख गरेको पाइन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६(४) र (५) मा महालेखा नियन्त्रक कार्यालयले कुनै कारोबारको सम्बन्धमा आवश्यकता र संस्थागत विश्लेषण गरी प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System) लागु गर्न सक्ने, लेखा सम्बन्धमा कुनै द्विविधा भएमा महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ।

यसरी हाल प्रचलित नेपाल सार्वजनिक क्षेत्र लेखामानले प्रोदभावी आधारमा सरकारी कारोबारको लेखाङ्कन तथा वित्तीय प्रतिवेदन गर्न नरोकेको बरु प्रोत्साहित गरेको, कम्पनी ऐन लगाएतका कानुनअन्तर्गतका पब्लिक र प्राइभेट मात्र नभई सरकारी स्वामित्वका संस्थाहरूले समेत प्रोदभावी आधारमा लेखाङ्कन तथा प्रतिवेदन गरिरहेको अवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुनअनुसार पनि महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा प्रोदभावी लेखा प्रणाली लागु गर्न सकिने कानुनी व्यवस्था रहेको पाइन्छ।

नगद आधारबाट प्रोदभावी आधारको लेखामानको स्रेस्ता मार्गनिर्देशन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको प्रावधान हेर्दा तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शनबमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरेबमोजिमको लेखा राखिने उल्लेख छ। प्रदेश र स्थानीय तहले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई लेखा राख्न सक्ने जस्ता प्रावधान उल्लेख गरेको पाइन्छ। महालेखा नियन्त्रक कार्यालयले कुनै कारोबारको सम्बन्धमा आवश्यकता र संस्थागत विश्लेषण गरी प्रोदभावी लेखा प्रणाली (Accrual Accounting System) लागु गर्न सक्ने व्यवस्था छ। साथै लेखा सम्बन्धमा कुनै द्विविधा भएमा महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ। सोही कानुनी प्रावधानअनुसार महालेखा नियन्त्रक कार्यालयले नेपाल लेखामान बोर्डबाट तयार गरेर नेपाल सरकारको स्वीकृतिमा नगद आधारको नेपाल सार्वजनिक क्षेत्र लेखामान लागु गरेको छ।

नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० मा नेपाल सरकारको लेखा समूहको प्रशासन महालेखा नियन्त्रकको कार्यालयले गर्ने प्रावधान छ। सोही अनुसार लेखा समूहको प्रशासन भएको देखिन्छ। सोही नियमअनुसारको शैक्षिक योग्यता भएका कर्मचारी

लोकसेवा आयोगबाट भर्ना गरी प्रदेश तथा स्थानीय तहमा समेत हाल यस्ता लेखा समूहका कर्मचारी कार्यरत छन। यिनै कर्मचारीबाट लेखाङ्कन तथा वित्तीय प्रतिवेदनको कार्य भइरहेको अवस्था छ।

अत लेखा व्यवसायीहरूको अन्तर्राष्ट्रिय सँगठन (IFAC) ले जारी गरेको लेखामानअनुरूप हुने गरी महालेखा नियन्त्रक कार्यालयले अध्ययन गरेर समीक्षा प्रतिवेदन तयार गर्ने, सोअनुसार नेपाल लेखामान बोर्डको सहयोगमा प्रोदभावी आधारको नेपाल लेखामान तयार गर्ने, उक्त लेखामान नेपाल सरकारबाट स्वीकृत गरेर लागु गर्ने कार्य गर्नुपर्दछ। सँगसँगै महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकार अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोग र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयसमेतको समन्वयमा नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची ४ संशोधन गरेर लेखा विषयका ज्ञाता वा अझ चार्टर्ड एकाउन्टेन्सीको योग्यता भएकालाई लेखा समूहको कार्यसञ्चालन तथा नीतिगत तहमा बाहुल्यता हुने व्यवस्था गर्नुपर्दछ। लेखा तथा सार्वजनिक क्षेत्र लेखामान सम्बन्धमा दक्षता अभिवृद्धि गर्ने पेशागत तालिम पनि आवश्यकता पहिचान गरेर सञ्चालन गर्नु गराउनुपर्दछ।

निष्कर्ष

सरकारी निकायको वित्तीय विवरण तयारी एवं प्रस्तुति गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तर्जुमा भएको छ। सोहीअनुरूप हुने गरी प्रदेश सरकारले र स्थानीय तहले यससम्बन्धी कानुनको तर्जुमा गर्न सक्ने देखिन्छ। छुट्टै कानुनी अस्तित्वमा रहेर कार्यरत अन्य बोर्ड, समिति, संस्थालगायतका गैरबजेट निकायले भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी छुट्टै विनियमावली लागु गर्न सक्दछन्। साथै यस्ता निकायले नेपाल सार्वजनिक क्षेत्र लेखामानको सट्टामा आफ्नो कानुनअनुसार अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमानमा आधारित नेपाल वित्तीय प्रतिवेदनमानको पालना पनि गर्न सक्ने देखिन्छ।

सङ्घ तथा प्रदेश स्तरीय कार्यालय, स्थानीय तह र मन्त्रालय वा निकाय (गैरबजेट समेतका) लगायतका कार्यसञ्चालनस्तरको कार्य गर्ने र हिसाब किताबको अभिलेख राख्नेले सोसम्बन्धी तोकिएअनुसारको विवरण (वित्तीय तथा वा अन्य विवरण) तोकिएको निकाय (तालुक निकाय, कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालयमध्ये कुनै वा केही) मा पेस गर्नुपर्छ। स्थानीय तह र सङ्घ तथा प्रदेश स्तरीय मन्त्रालय वा निकायले आफू र मातहतको वित्तीय विवरण एकीकृत गरी तोकिएको निकाय (कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालयमध्ये कुनै वा केही) मा पेस गर्नुपर्छ। कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रक कार्यालयले आफ्नो तोकिएको क्षेत्रअनुसारको एकीकृत वित्तीय विवरण तयार तथा प्रस्तुत गर्दछन्। लेखा तथा हिसाब किताबको अभिलेख महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण प्रयोजनको स्रेस्तासमेत पेस गर्नुपर्छ।

लेखामान अनुसार वित्तीय विवरणमा अनिवार्य खुलाउनुपर्ने र प्रोत्साहित गरेका अतिरिक्त खुलासाहरू समेतलाई सम्बोधन हुने गरी वित्तीय विवरण तयार र प्रस्तुति गर्ने, गर्न लगाउने कर्तव्य जिम्मेवार व्यक्ति र लेखा उत्तरदायी अधिकृतको रहेको छ। महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने विवरण पेस नगर्नेलाई महालेखापरीक्षकले निर्देशन दिने तथा निर्देशन दिँदा अटेर गर्ने जिम्मेवार पदाधिकारीलाई विभागीय कारबाहीको स्रेस्ता लेखी पठाउने समेतको कानुनी व्यवस्था रहेको पाइन्छ। वित्तीय प्रतिवेदनका उद्देश्यहरू प्रोदभावी

लेखामानलाई अपनाएर प्राप्त गर्न सकिने, प्रचलित नेपाल सार्वजनिक क्षेत्र लेखामानले पनि प्रोदभावी आधारको लेखालाई प्रोत्साहित गरेको, कम्पनी तथा व्यवसायिक क्षेत्रमा र सरकारी स्वामित्वका सङ्गठित संस्था र नियमनकारी निकायमा समेत प्रोदभावी आधारको लेखा तथा वित्तीय प्रतिवेदन प्रणाली गत विगत वर्षहरूदेखि नै लागु भइरहेको स्थिति छ। नेपालको वर्तमान कानुन र लेखामान तथा IFAC ले समेत प्रोदभावी आधार लागु गर्न प्रयाप्त दिशा निर्देश गरेको एवं देशमा दक्ष जनशक्तिको प्रयाप्तता भइसकेको अवस्थामा महालेखा नियन्त्रक कार्यालयले पनि अव प्रोदभावी आधारको लेखाङ्कन तथा वित्तीय प्रतिवेदन मान लागु गर्न आवश्यक तयारी गर्नुपर्दछ।

<u>सन्दर्भ सामग्री</u>

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६: नेपाल कानुन आयोग, काठमाडौं
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७: नेपाल कानुन आयोग, काठमाडौं
- लेखापरीक्षण ऐन, २०७५: नेपाल कानुन आयोग, काठमाडौं
- नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगद आधार): महालेखा नियन्त्रक कार्यालय, काठमाडौं
- अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान: अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखा घोषणाको हाते पुस्तिका: आइफ्याक, न्युयोर्क, अमेरिका
- नेपाल सरकारको लेखा निर्देर्शिका: महालेखा नियन्त्रक कार्यालय, काठमाडौं
- निजामती सेवा ऐन, २०४९: नेपाल कानुन आयोग, काठमाडौं
- नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरू, २०५०: नेपाल कानुन आयोग, काठमाडौं

लागत अनुमान दुई करोड रुपैयाँसम्मको निर्माण कार्यको लेखापरीक्षण



*- जनकराज गौतम**

पृष्ठभूमि

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले खरिद गर्नु पर्दा खरिदका विभिन्न विधिमध्ये कुनै एक विधिको चयन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा र नियमावलीका विभिन्न नियमबमोजिम सार्वजनिक निकायमा सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, सहभागितामूलक, पारदर्शी र विश्वसनीय बनाउन रकमगत सीमाको आधारमा आवश्यक पर्ने कागजात, समयावधि, खरिदको तरिका, रकम, बोलपत्र दाखिलासम्बन्धी सूचनामा उल्लेख गर्नुपर्छ। निर्माण भन्नाले कुनै संरचना वा कुनै कुराको निर्माण गर्ने पुनः निर्माण गर्ने, भत्काउने, मर्मत सम्भार गर्ने वा जीर्णोद्धार गर्ने कार्यसँग सम्बन्धित निर्माण स्थल तयार गर्ने, खन्ने, ठडाउने, बनाउने उपकरण वा मालसमान जडान गर्ने, सजाउने आदि सो शब्दले नक्सा बनाउने, प्रयोगशाला परीक्षण गर्ने, भूउपग्रहीय फोटो खिच्ने, भूकम्पीय परीक्षण गर्नेजस्ता निर्माण कार्यको अनुसङ्गिक सेवा (Incidental services) समेत जनाउने बेहोरा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ (१घ) मा उल्लेख छ। सार्वजनिक खरिदअन्तर्गत निर्माण तर्फ बोलपत्रको माध्यमबाट खरिद गर्न सार्वजनिक निकायले बोलपत्रसम्बन्धी कागजात तयार गर्नुपर्ने हुन्छ। यसैगरी लागत अनुमानसम्बन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन, स्पेसिफिकेसन, नक्सा, डिजाइन, कार्य, योग्यताका आधार, परिमाण उल्लेख भएको हुन्छ। यस अतिरिक्त न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको ठहर भएपछि सम्झौता, कार्य तालिका, सम्झौताका शर्त र कामको माइलस्टोन, कार्यसम्पादनका अभिलेख तथा भुक्तानीका तरिकालगायत यस्तै अन्य जानकारी तथा आँकडा उल्लेख गर्नुपर्छ।

उक्त ऐन तथा नियमावलीमा दुई करोड रुपैयाँभन्दा कम रकमको खरिद सम्बन्धमा विभिन्न प्रावधानमा उल्लेख छ। जस्तै सोझै खरिद, सिलबन्दी दरभाउ पत्रबाट खरिद, राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र विधि, उपभोक्ता समिति, गैरसरकारी संस्था, क्याटलग सपिङ्गजस्ता विधिमार्फत खरिद गर्नका लागि समेत उक्त सीमा निर्धारण गरिएको छ।

लेखापरीक्षकहरूले निर्माण कार्यको लेखापरीक्षणको क्रममा लागत अनुमान रु.दुई करोडसम्मका लेखापरीक्षण गर्दा के कस्ता विषयमा ध्यान पुऱ्याउनुपर्छ, ऐन नियमका कुन-कुन प्रावधानहरूको पालना गर्नुपर्ने र रकमगत सीमाअनुसार सिलबन्दी दरभाउ पत्र, बोलपत्र आह्वान, बोलपत्र खोल्ने, बोलपत्रको परीक्षण र मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिबाट बोलपत्रसाथ संलग्न डकुमेन्टसमेतको आधारमा जाँच तथा विश्लेषण गर्नुपर्ने हुन्छ। यस लेखमा निर्माण कार्यमा रु.दुई करोडसम्मको खरिदमा अन्य सबैमा लाग्ने प्रावधानका अतिरिक्त लेखापरीक्षण गर्दा परीक्षण मूल्याङ्कन विश्लेषण गर्न पर्ने कागजाततर्फ ध्यान दिनुपर्ने पक्षहरू सम्बन्धमा प्रस्तुत गर्ने प्रयास भएको छ। साथै, यस लेखबाट सार्वजनिक खरिदमा संलग्न सबै पक्षलाई सामान्य

* पूर्व उप-महालेखापरीक्षक

जानकारी पाउन सजिलो हुने भए तापनि खास गरी आन्तरिक तथा बाह्य लेखापरीक्षकलाई लक्षित गरिएको छ। विशेषत गाउँपालिका तथा नगरपालिकामा निर्माण कार्य रु.२ करोडभन्दा कम रकमको हुने भएकोले सोको लेखापरीक्षणमा सहजता मिलोस भन्ने हेतु यो लेख प्रस्तुत गरिएको छ।

लेखापरीक्षणमा ध्यान दिनुपर्ने पक्षहरू

(१) **वार्षिक बजेट र खरिद योजना -** ऐनको दफा ६ र नियमावलीको नियम ८ अनुसार सार्वजनिक निकायले खरिदको लागि रकमको सीमा र आवश्यक आर्थिक स्रोत, बजेटको संकेत, बजेटको स्वीकृति, रकमको पहिचान र निर्माणस्थललगायतको व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन। वार्षिक खरिद योजनाअनुसार बजेट माग गर्नुपर्छ। सार्वजनिक निकायले सार्वजनिक खरिद कार्यको सम्झौतामा बजेट संकेत नम्बरसमेत उल्लेख गर्ने गरी वार्षिक खरिद योजनाको एक-एक प्रति आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तालुक कार्यालय र अर्थ मन्त्रालयमा आर्थिक कार्यविधि कानुनबमोजिम संलग्नगरी पेस गर्नुपर्ने व्यवस्था छ।

(२) **योग्यता आवश्यक नपर्ने -** सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ्ग गर्दा नियम ३(ञ) अनुसार बोलपत्र योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माणको लागि बोलपत्रदाताको योग्यता निर्धारण गर्नु नपर्ने व्यवस्था छ। साथै, नियम २६(ग) मा दुई करोडदेखि माथिको लागि मात्र कार्य अनुभवसम्बन्धी प्रतिशत उल्लेख भएकोले सोभन्दा कम रकमको निर्माण कार्यमा बोलपत्रदाताको योग्यता आवश्यक पर्दैन।

(३) **लागत अनुमान तयार गर्नुपर्ने -** (१) सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने तर निर्माण कार्यको हकमा बाहेक अन्य किसिमका खरिदमा एक लाख रुपैयाँसम्मको खरिद गर्न लागत अनुमान तयार गर्नु नपर्ने व्यवस्था छ। तसर्थ, लेखापरीक्षकले लागत अनुमान तयार गर्ने विधि अपनाएर लागत अनुमान तयार भएको र सम्बन्धित अनुसूचीमा उल्लिखित ढाँचामा प्रस्तुत भएको विषयमा ध्यान दिनुपर्दछ। साथै, दफा ५क अनुसार लागत अनुमान तोकिएबमोजिम तयार गरी पेस गरेपछि सार्वजनिक खरिद नियमावली, २०६४ मा पदीय संरचनाको अधिकारको आधारमा रकमगत सीमा निर्धारण भएकोले सोहीअनुसार स्वीकृत हुनुपर्दछ। नियम १४ मा व्यवस्था भएअनुसार दफा ९ र नियम १० बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छः

(ख) पाँच करोड रुपैयाँसम्मको लागत अनुमानको स्वीकृति राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट।

लागत अनुमानको रकम विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधनको रकम सुरुको लागत अनुमानको अङ्कमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुनबमोजिम कारबाहीको भागीदार हुने व्यवस्था छ।

(४) **बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने -** (१) नियम ३१ बमोजिम सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको लागि खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेछ।

(५) **खरिद विधिको छनौट -** सार्वजनिक निकायले खरिद गर्दा तोकिएबमोजिमको अवस्था र खरिद मूल्यको आधारमा कुनै एक विधि अपनाई खरिद गर्नुपर्दछ। सार्वजनिक निकायले कुनै योग्यता आवश्यक नपर्ने प्रकृतिको दुई करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य गर्नु पर्दा लागत अनुमान सार्वजनिक गरी राष्ट्रियस्तरको बोलपत्रको माध्यमद्वारा एकमुष्ट दर विधिको आधारमा प्रतिस्पर्धा गराई गर्न सकिने व्यवस्था नियम ३१क.मा रहेको छ। साथै, बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा कुल लागत अनुमानमा निश्चित प्रतिशत घटी वा बढी प्रतिशतमा काम गर्ने गरी नियम ३१क.अनुसार एकमुष्ट दर विधिबाट गरिने खरिदको कार्यविधिबमोजिम एकमुष्ट दर कबोल गरी बोलपत्र पेस गर्नुपर्नेछ। यस विधिबाट सम्झौता गर्दा सबै प्रकारको जोखिम र दायित्व निर्माण व्यवसायीमा रहने व्यवस्था छ भने बहुवर्षीय सम्झौतामा यो विधि लागु गर्न सकिँदैन।

(६) **निर्माण व्यवसायीको योग्यताका आधार -** नियम २६ मा सार्वजनिक निकायले दुई करोड रुपैयाँसम्मको निर्माण कार्यसम्बन्धी खरिद कारबाहीमा बोलपत्रदाताको योग्यताको आवश्यकता पर्दैन। तर नियम २६ को (४) मा दुई करोड रूपैयाँसम्मको लागत अनुमान भएको विद्युत गृह, टर्बाइन, पुल, सुरुङ मार्ग, रेल मार्ग, रज्जु मार्ग, केबलकार मार्ग, बहुतले भवन वा सडक मार्ग जस्ता जटिल वा विशेष प्रकृतिका संरचनालगायत सम्बन्धित सार्वजनिक निकायबाट तोकिएको अन्य संरचनाको निर्माण कार्यको लागि ऐनको दफा १०(५) बमोजिम योग्यता निर्धारण गर्नु पर्नेछ। जस्तै दफा १०(५) मा योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट तोकिएको निर्माण कार्यको लागि ऐनको दफा १०(५) बमोजिम योग्यता निर्धारण गर्नुपर्छ।

(७) **बोलपत्र आह्वान -** लागत अनुमान रकम दुई करोड रुपैयाँसम्म भएको निर्माण कार्यमा रकमगत सीमाको आधारमा खरिद विधि चयन भएपछि सार्वजनिक खरिद ऐन र नियमका अधिकांश प्रावधानहरूको पालना गर्नुपर्ने, प्रमाण तथा अभिलेख राख्ने, नियमानुसार प्राप्त गरेका सिलबन्दी कागजातको मुचुल्का खडा गरी बोलपत्र खोल्ने, बोलपत्रको परीक्षण र मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिबाट बोलपत्र डकुमेन्टको जानकारीको आधार लिनुपर्ने हुन्छ। बोलपत्रद्वारा खरिद गर्नु पर्दा देहायबमोजिम बोलपत्र आह्वान गर्न सकिन्छः

- पूर्व योग्यता निर्धारण नगरी खुल्ला रूपमा बोलपत्र आह्वान गर्ने,
- खुल्ला रूपमा आह्वान गरिने बोलपत्र एक चरण (One stage) मा आह्वान गर्नुपर्ने,
- सामान्यतया योग्य बोलपत्रदाताको पहिचान गर्न आवश्यक नभएमा पूर्वयोग्यता निर्धारण नगरी खुल्ला रूपमा बोलपत्र आह्वान गर्ने,
- प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात तथा आर्थिक प्रस्ताव अर्थात कबोल अङ्क एउटै खाम (Single envelop) मा एकै पटक पेस गर्नुपर्ने।

(८) **सूचनामा लागत अनुमान खुलाउनुपर्ने -** नियम ४९ अनुसार दुई करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको बोलपत्र आह्वानको सूचनामा लागत अनुमानको रकम खुलाउनुपर्दछ।

(९) **बोलपत्रसम्बन्धी कागजात तथा दस्तुर -** सार्वजनिक निकायबाट लागत अनुमान स्वीकृत भएपछि सार्वजनिक निकायले बोलपत्र आह्वान गर्नु अघि दफा ६५ को (१)(ग) ले दिएको आधिकारबमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको Standard bid document को आधार लिई बोलपत्रसम्बन्धी कागजात तयार गर्नुपर्छ। बोलपत्र आह्वानको सूचना बमोजिम बोलपत्रसम्बन्धी कागजात माग गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई खरिद कार्यमा भाग लिन सार्वजनिक निकायले नियम ४८(१)(क) बमोजिम रु.३ हजार दस्तुर लिई बोलपत्रसम्बन्धी कागजात उपलब्ध गराउनुपर्नेछ।

(१०) **बोलपत्र जमानत -** नियम ५३ (१) बमोजिम बोलपत्र जमानत सार्वजनिक निकायले खरिदको प्रकृतिअनुसार सबै बोलपत्रदातालाई समानरूपले लागु हुने गरी स्वीकृत लागत अनुमान रकमको दुईदेखि तीन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी बोलपत्र आह्वानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेस गर्ने बोलपत्र जमानत (Bid security) को रकम उल्लेख गर्नु पर्नेछ। यस्तो रकम नगदै वा वाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेको रकम बराबरको बोलपत्र जमानत हुनुपर्नेछ। नियम ५४ अनुसार बोलपत्र (Bid document) को मान्य हुने अवधि निम्नानुसार रहेको छः

दश करोड रुपैयाँसम्मको लागत अनुमान भएको बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिबाट ९० दिन

(११) **तुलनात्मक अध्ययन -** दुई करोड रुपैयाँसम्म र दुई करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको खरिद प्रक्रियाको तुलनात्मक भिन्नता देहायबमोजिम रहेको छः

लागत अनुमान दुई करोड रुपैयाँसम्मको	**लागत अनुमान दुई करोड रुपैयाँ भन्दा माथिको**
१.**योग्यता -** योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैयाँसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गर्नु नपर्ने।	१.**योग्यता निर्धारण -** दुई करोड रुपैयाँसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्य र दुई करोड रुपैयाँभन्दा माथिको लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गर्नुपर्ने।
२. Single stage - खुल्ला रूपमा आह्वान गरिने बोलपत्र एक चरण र एकबन्दी खाम (Single stage single enevelop) मा आह्वान गर्नुपर्नेछ। प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात तथा आर्थिक प्रस्ताव (बोल अङ्क) एउटै खाममा पेस गर्नुपर्ने।	२. Two enevelop - खुल्ला रूपमा आह्वान गरिने बोलपत्र दुई चरणमा वा एक चरण दुई खाम (Single stage two enevelop) को आधारमा आह्वान गर्नुपर्ने, साथै प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात तथा आर्थिक प्रस्ताव (बोल अङ्क) अलग-अलग खाममा पेस गर्नुपर्ने।
३. **योग्यताको आवश्यकता नपर्ने -** सामान्यतया योग्य बोलपत्रदाताको पहिचान गर्न आवश्यक नभएको देखिन्छ।	३.**योग्य बोलपत्रदाताको आवश्यकताको पहिचान**– ठूलो रकम र जटिल कार्य हुन सक्ने भएको कारणले गर्दा योग्य बोलपत्रदाताको पहिचान गर्न आवश्यक भएको।
४.**पुनरावेदन गर्न नसकिने -** नियम १०१ बमोजिम पुनरावलोकन समितिमा निवेदन दिन नसकिने, ऐनको दफा ४७ (८) को प्रयोजनको लागि दुई करोड रुपैयाँभन्दा कम रकमको खरिद कारबाहीको सम्बन्धमा पुनरावलोकन समिति समक्ष निवेदन दिन नसकिने।	४. **पुनरावलोकन समितिमा निवेदन -** नियम १०१ (१) पुनरावलोकन समितिमा निवेदन दिन सकिने ऐनको दफा ४७ (८) को प्रयोजनको लागि दुई करोड रुपैयाँभन्दा बढी रकमको खरिद कारबाहीको सम्बन्धमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने।

(१२) **बोलपत्र स्वीकृतिको अधिकार -** नियम ६७ (१) मा देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुने, तर सार्वजनिक निकायले लागत अनुमान र उपलब्ध बजेटभन्दा प्रस्तावदाताको लागत सारभूत रूपमा बढी भएमा सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न सक्ने व्यवस्था छः

(क) दश करोड रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट

(१३) **कार्यसम्पादन जमानत पेस गर्नुपर्ने -** (१) नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा २७ (४) बमोजिम कार्य सम्पादन जमानत पेस गर्दा बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा ऐनको दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेस गर्नुपर्ने। तर नियम ११० (३) बमोजिम खरिदसम्बन्धी सूचनामा सम्झौतामा रकम नखुल्ने सम्झौताको हकमा सार्वजनिक निकायले बोलपत्रसम्बन्धी कागजातमा तोकी दिएको कार्य सम्पादन जमानत पेस गर्नुपर्ने व्यवस्था छ।

(१४) **कार्यसम्पादन जमानतको अवधि -** नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि, त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (Warranty) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (Defect liabilities) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ।

(१५) **बीमा गराउनुपर्ने -** नियम ११२ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले देहायको कुराको बीमा गराउनुपर्दछः

(क) निर्माण सामग्री, मेसिन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च (नाफासहित),

(ख) पेशागत शुल्क, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन तथा कुँडा कर्कट वा खेर गएको सामग्री हटाउन लाग्ने खर्चलगायत हानि-नोक्सानी भएबापत हुने खर्च वा आनुषङ्गिक खर्च (Incidental expenses) समेट्नका लागि माथि (क) बमोजिमको प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशत रकम वा खरिद सम्झौतामा उल्लिखित भएबमोजिमको अतिरिक्त रकम,

(ग) निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण र अन्य वस्तुको निर्माण स्थलमा प्रतिस्थापन गर्न लाग्ने पर्याप्त रकम,

(घ) निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियममा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानि-नोक्सानी

नियम ११२ (३क) मा उल्लेख भएअनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौतामा बीमाबापतको खर्च बेहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्राही समुदायले सार्वजनिक निकायको सहजीकरणमा बीमा गराउनुपर्नेछ।

(१६) **खरिद सम्झौताको सार्वजनिक सूचना -** नियम १३७ (१) बमोजिम रु. दुई करोडभन्दा कमको निर्माण कार्य भएकोले खरिद सम्झौताको सूचना सार्वजनिक गर्नुपर्दैन।

(१७) **ह्रासकट्टी -** नियम १४९(६) मा सम्पत्तिको ह्रासकट्टीको अभिलेख राख्दा त्यस्तो सम्पत्तिको मूल्य पचास लाख रुपैयाँभन्दा बढी रहेछ भने सो सम्पत्तिको लागत मूल्य, ह्रासकट्टी र मर्मत सम्भार खर्चसहितको विवरण खुलाउनुपर्दछ।

(१८) व्यावहारिक उदाहरण – मानौ, बेंसी शहर नगरपालिकाको पूर्वाधार विकास कार्यक्रममा एक स्वास्थ्य चौकी निर्माण कार्य राष्ट्रिय बोलपत्रको माध्यमबाट गर्न उक्त सार्वजनिक निकायबाट निर्णय भएको पाइयो। अनुमानित लागत रु.१ करोड ६२ लाख ७५ हजार रहेकोमा राष्ट्रिय बोलपत्रको प्रक्रियाबाट सार्वजनिक खरिद ऐन नियमका सबै प्रावधान पूरा गरी योग्य बोलपत्रदाता छनौट गर्नुपर्ने भएको छ। उक्त बोलपत्र दाखिला गर्न ३० दिन पुग्ने मिति २०८१।८।२५ रहेको छ। निम्नानुसारको फाराम तयार भएमा लेखापरीक्षणमा हुने कठिनाइमा सहजता हुनेछः

परीक्षण सूची	जानकारी	परीक्षण सूची	जानकारी
१. खरिद पहिचान संकेत नम्बर	HWK/NCB/5/2081-82	२. खरिदकार्यको संक्षिप्त विवरण	स्वास्थ्य चौकीको निर्माण
३. लागत अनुमान (रु. हजार)	१,६२,७५	४. बोलपत्र जमानतको रकम	२ देखि ३ प्रतिशतसम्म
५. बोलपत्रको जमानत रकम दाखिला गर्ने बैङ्क खाता नं.	बैङ्कको नाम र बैङ्क खाता नम्बर उल्लेख गर्ने	६. बोलपत्रको दस्तुर रु.	३,०००।
७. बोलपत्रको दस्तुर दाखिला गर्ने बैङ्क खाता नं.	बैङ्कको नाम र बैङ्क खाता नम्बर उल्लेख गर्ने	८. बोलपत्र खरिद गर्न सकिने अन्तिम मिति (१२ बज्नु भन्दा केही समय पहिले)	२०८१–०८–२५
९. बोलपत्र पेस गर्ने अन्तिम मिति	२०८१–०८–२६ (१२:०० बजेसम्म	१०. बोलपत्र खोल्ने मिति र समय	२०८१–०८–२६ (१४:०० बजे सुरु)
११. बोलपत्र कागजातको मान्य अवधि (Validity period)	२०८१–१०–२६ (९० दिन)	१२. बोलपत्र जमानतको मान्य अवधि	२०८१–११–२६ (१२० दिन)

(१९) **समाधान -** दुई करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको लेखापरीक्षणमा निम्न जानकारी भएमा खरिदको तयारी, नियमको पालना, ऐन नियममा उल्लिखित समयसँग आबद्धताले गर्दा निर्माण व्यवसायीको छनौटमा जवाफदेही र पारदर्शिता झल्कन्छ। यसमा उल्लेख नभएका यसभन्दा पछिका कार्यहरूमा भने थप जानकारी आवश्यक हुनेछ।

सन्दर्भ सामग्री

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, , २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४
- प्रशिक्षण सामग्री
- दैनिक पत्रपत्रिका

नेपालको सरकारी लेखा प्रणाली



*- ईश्वरप्रसाद न्यौपाने**

सरकारी लेखा

वित्तीय कारोबारको लेखाङ्कन, वर्गीकरण तथा नतीजाको संक्षिप्त विवरण प्रस्तुत गरिने लेखा यस्तो प्रक्रिया हो जसले सरकारलाई आफ्ना स्रोत परिचालनसम्बन्धी महत्त्वपूर्ण निर्णय गर्नका लागि सूचना उपलब्ध गराउने काम गर्दछ। लेखा वा अभिलेख राख्ने कामलाई सरकारी आर्थिक प्रशासनको महत्त्वपूर्ण अङ्गको रूपमा हेरिन्छ। सर्सती हेर्दा लेखा (Accounting) र लेखाङ्कन (Book keeping) उस्तै देखिए तापनि यी दुई अवधारणामा फरक देखिन्छ।

मुख्यतयाः लेखाङ्कनमा कारोबार भएपछि त्यसको प्रारम्भिक रूपमा अभिलेख राख्ने काम हुन्छ भने लेखा भनेको एउटा समष्टिगत कार्य हो जसमा कारोबारको सम्पूर्ण रूपमा अर्थात् सुरुदेखि अन्त्यसम्मका लेखाका यावत् क्रियाकलाप समेटिएका हुन्छन्। लेखालाई एउटा प्रणालीको रूपमा लिँदा त्यसको एउटा महत्त्वपूर्ण उप-प्रणालीको रूपमा लेखाङ्कनलाई लिन सकिन्छ। यी दुईबिच एकअर्काको परिपूरकको रूपमा पनि सम्बन्ध स्थापित रहेको पाइन्छ।

१. **सरकारी लेखा तथा व्यावसायिक लेखा -** सरकारी तथा व्यापारिक वा व्यावसायिक लेखामा धेरै किसिमका भिन्नता पाउन सकिन्छ। यिनमा सबैभन्दा महत्त्वपूर्ण भिन्नताको विश्लेषण गर्ने आधार चाहीं जवाफदेहिताको क्षेत्र हो भन्न सकिन्छ।

सरकारी लेखाले जनता प्रतिको जवादेहितामा जोड दिन्छ भने व्यावसायिक लेखाको मुख्य उत्तरदायित्व सम्बन्धित संस्थाको लगानीकर्ता वा अंशियारतर्फ रहेको हुन्छ। अर्को महत्त्वपूर्ण फरकपनामा सरकारी लेखा सरकारका प्रमुख काम कारबाहीको सेरोफेरोमा घुमेको पाइन्छ भने व्यावसायिक लेखा लगानीबाट के-कति नाफा वा घाटा हुन्छ भन्ने विषयमा लक्षित हुन्छ।

सरकारी लेखाले बाह्य तथा आन्तरिक दुवै किसिमका प्रयोगकर्ताको आवश्यकतालाई चाहिएको सूचना उपलब्ध गराउँछ। बाह्य प्रयोगकर्तामा करदाता, जसले आफूले तिरेको करको रकम सही रूपमा सदुपयोग भए नभएको बारेमा जान्न चाहेको हुन्छ र यसरी जानकारी लिनु उनीहरूको अधिकार पनि हो। आन्तरिक प्रयोगकर्तामा सरकारका विभिन्न निकायहरू नै हुन् जसलाई सरकारको स्रोत परिचालन सम्बन्धमा ती स्रोत कसरी उपयोग भएको छ भन्ने विषयमा यथार्थपरक जानकारी चाहिएको हुन्छ। व्यावसायिक लेखा कुनै एउटा संस्थाको आर्थिक कारोबारमा सीमित रही अंशियार वा लगानीकर्तासम्म मात्र यसको उत्तरदायित्व निहित हुन्छ।

सरकारी स्रेस्तामा मुख्यतया आय-व्ययको विवरण तथा कोषको अवस्था दर्शाउने अद्यावधिक विवरण एवं त्यससँग सम्बन्धित भौचर, स्रेस्ता, प्रमाणहरू सङ्कलन गरी राखिएको हुन्छ। एकरूपता

* पूर्व उप-महालेखापरीक्षक

र सरलता यसको मौलिक गुण हो। सरकारले निर्धारण गरेको कानुन बमोजिम स्रेस्ता राखि तोकिएअनुसार आवधिक विवरणहरू तयार गरिन्छ। सरकारी लेखामा प्रयोग हुने तीन प्रकारका प्रमुख वित्तीय विवरणहरूमा वासलात, आय-व्यय विवरण तथा कोषको अवस्थाबारेको विवरण नै हुन्। वासलातले कुनै निश्चित अवधिको वित्तीय अवस्थाको चित्रण गर्दछ। तर हाम्रो सन्दर्भमा सरकारको वासलात तयार गर्ने गरिएको छैन। त्यस प्रयोजनकालागि विभिन्न मलेप फारामहरू प्रयोग गर्ने गरेको पाइन्छ।

२. सरकारी लेखाको उद्देश्य र विशेषता (Objectives & Features of Government Accounting)

(क) **कानुन तथा नियम पालनाको आश्वस्तता गराउन (To ensure compliance with laws and regulations) -** सरकारले आफ्ना कारोबार सञ्चालनार्थ निर्माण तर्जुमा गरेका सान्दिर्भिक कानुन एवं नियमहरू कुन हदसम्म पालना भयो भएन भन्ने कुरा निक्रयोल गर्न सरकारी लेखाले सहयोग पुऱ्याइरहेको हुन्छ।

(ख) **जवाफदेहिता र पारदर्शिताको लागि (For accountability and transparency) -** सरकारी निकायहरूको वित्तीय कारोबारको जवाफदेहिता र पारदर्शिता कायम गराउनु सरकारी लेखाको महत्त्वपूर्ण उद्देश्य रहेको छ। सरकारी संयन्त्रमा कामगर्ने पदाधिकारीहरूको जवाफदेहिता जनताप्रति रहेको हुनाले करदाता एवं आम नागरिकको सरकारप्रतिको विश्वास जगाउँदै पारदर्शिता स्थापित गराउनका लागि लेखाका सूचनाहरूबाट सहयोग पुग्दछ।

(ग) **यथार्थपरक वित्तीय विवरण तयार गर्न (To produce accurate financial statements) -** सरकारको कार्य सञ्चालनमा बसेका व्यक्तिहरूले निर्णय लिनकालागि सहि वित्तीय विवरणहरूको आवश्यकता पर्दछ। सरकारी लेखाको माध्यमबाट त्रुटिरहित वित्तीय विवरणहरू उपलब्ध हुन्छन् र त्यसबाट निर्णयकर्ताले सही निर्णय लिन सक्दछन्।

(घ) **सम्पत्तिको संरक्षणका लागि (To safeguard assets) -** सरकारी लेखाको अर्को महत्त्वपूर्ण उद्देश्य सरकारी निकायहरूको सम्पत्ति संरक्षण गर्नु हो। यसको मतलव सम्पत्तिहरू जुन प्रयोजनकालागि खरिद भएका हुन् सोही काममा उपयोग भएको र हानी नोक्सानी तथा चोरी नभएको स्थितिको आश्वस्त हुनु हो।

(ङ) **कुशल तथा प्रभावकारी सञ्चालनका लागि (To ensure efficient and effective operations) -** सरकारी लेखाको प्रयोगले सार्वजनिक निकायहरू कुशलतापूर्वक एवं प्रभावकारी रूपमा सञ्चालन भइ उपलब्ध स्रोतहरू संस्थागत उद्देश्य तथा रणनीतिक लक्ष्य अनुरूप परिचालन भए नभएको सम्बन्धमा विभिन्न पक्षलाई विश्वास दिलाउने काम गर्दछ।

(च) **जोखिम व्यवस्थापनका लागि (To manage risk) -** सरकारका निकायहरूमा विभिन्न प्रकारका वित्तीय, सञ्चालनगत तथा नियमितताको जोखिमहरू विद्यमान् हुन्छन्। त्यस्ता जोखिमहरू पहिचान र अनुगमन गरी निराकरण गर्न सरकारी लेखाबाट सूचना प्राप्त गर्न सकिन्छ। सूचनाबाटै सही निर्णय गर्न सघाउ पुग्दछ।

समग्रमा भन्नुपर्दा सरकार माथिको आस्था र जन विश्वास प्रवर्धन गर्न लेखा प्रणालीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

३. **विशेषताहरू**

जवाफदेहिताः

सरकारी लेखाको विशेषतातर्फ नियाल्दा सर्व प्रथम यसले मुख्यतया जवाफदेहिता निर्वाहमा जोड दिएको हुन्छ। सरकारी निकायहरूले लेखाको माध्यमबाट कसरी आफूले सार्वजनिक स्रोत खर्च गरेका र बजेटका उद्देश्य हासिल भए नभएको विषयमा तथ्यमा आधारित भई जनसमक्ष यथार्थ विवरण प्रस्तुत गर्दछन्।

ऐन नियममा आधारितः

सरकार ऐन नियममा आधारित भइ सञ्चालन हुने भएकोले सरकारी कारोबारको लेखा पनि कानुनमा आधारित हुन्छ। कानुनको अतिरिक्त विश्वव्यापी रूपमा प्रचलनमा रहेका लेखा प्रणालीका सर्वमान्य सिद्धान्त एवं असल अभ्यासलाई कुनै पनि देशको स्रेस्ता प्रणालीले आत्मसातगरेको हुनुपर्छ।

नगदमा आधारित लेखाः

संसारमा प्रचलित लेखा प्रणालीलाई मूलतः नगद तथा प्रोदभावीमा आधारित भनी दुई प्रकारले विभाजन गर्न सकिन्छ। सरकारी क्षेत्रमा प्रायजसो प्रोदभावीभन्दा नगदमा आधारित लेखा अवलम्बन गरिएको छ। यो पद्धति सरल पनि छ। यसमा आयलाई प्राप्त भएको अवस्थामा मात्र र व्ययतर्फ जुन वेला रकम यथार्थ रूपमा खर्च गरिन्छ त्यसवखत मात्र अभिलेखन हुन्छ।

अनिवार्य लेखा परीक्षणः

सरकारी कारोबारको कानुनबमोजिम तोकिएको निश्चित ढाँचामा तयार गरिएको स्रेस्ताको स्वतन्त्र र निष्पक्ष निकायद्वारा लेखा परीक्षण गराउन अनिवार्य हुन्छ। लेखाको परीक्षणबाट सार्वजनिक स्रोतहरूको प्रभावकारी परिचालन र वित्तीय विवरणहरूको यथार्थताबारे आश्वस्तता प्राप्त हुने गर्दछ।

बजेट तयारीमा सहजः

सरकारी लेखाबाट प्राप्त हुने विभिन्न प्रकारका सूचनालाई प्रयोगमा ल्याई सरकारको बजेट तयार गर्न सहज हुन्छ। आयोजनाहरूको सम्बन्धमा अद्यावधिक र यथार्थ जानकारी हासिल भई खर्चबाट भएको उपलब्धिको अनुगमनमा सघाउ पुग्दछ।

माथि उल्लेख गरिए अतिरिक्त दोहोरो स्रेस्ता प्रणालीमा आधारित, गैर नाफामूलक, सञ्चित कोषको व्यवस्था भई त्यसैबाट सरकारी रकम खर्च गरिने जस्ता अनेक विशेषता सरकारी लेखा प्रणालीमा पाउन सकिन्छ।

४ **सरकारी लेखाका सिद्धान्त (Principle Followed by Governmental Accounting) -** सरकारी क्षेत्रमा कारोबारको सही र यथार्थ वित्तीय विवरण तयार गर्नका लागि निश्चित मार्गदर्शन अनुसरण गर्नुपर्दछ। ती मार्ग निर्देशनहरू लेखाका सर्वमान्य सिद्धान्त (GAAP) हुन्छन्। सिद्धान्तहरूमध्ये प्रमुख केहीलाई तल उल्लेख गरिएको छः

सरकारी निकायहरूको वित्तीय सूचनाहरू पहिचान गर्ने, प्रशोधन गर्ने तथा प्रवाह गरिने कार्य प्रक्रिया सरकारी लेखा हो। (Governmental accounting is the process of identifying, measuring, and communicating financial information about governmental entities.)

सरकारले स्रोत परिचालन गर्ने सिलसिलामा गर्ने निर्णयका लागि विभिन्न प्रकारका वित्तीय सूचनाको आवश्यकता पर्दछ, जुन सूचनाको परिपूर्ति लेखाको माध्यमबाट हुन सक्तछ। सरकारी लेखा सामान्यतया सरकार स्वयम्, अधिकारप्राप्त सर्वमान्य अङ्ग वा स्वायत्त बोर्ड जस्ता निकायबाट प्रतिपादित लेखाका सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles - GAPP) मा आधारित हुन्छ।

सरकारी क्षेत्रमा नाफा नोक्सानमा भन्दा त्यहाँको लेखाले सरकारको पारदर्शी, यथार्थ, वित्तीय अवस्थाको चित्रण गर्ने कुराको सुनिश्चित्तता गर्दछ। प्रत्येक तहमा सरकारले गर्नै पर्ने नीतिगत निर्णयको क्रममा सरकारी लेखाका सूचनाको बढी भन्दा बढी मात्रामा प्रयोग गरिन्छ। करदाता र अन्य इच्छुक पक्षहरूले सरकारलाई सरकारी कोषको उपयोग सम्बन्धमा आफूप्रति जवाफदेही बनाउन सरकारी लेखाका तथ्याङ्क प्रयोगमा ल्याइन्छ। यस प्रकारको जवाफदेहिता सरकारमाथिको विश्वास कायम गराउन आवश्यक ठानिन्छ।

लेखाका सूचना वित्तीय कार्यकुशलताको लागि महत्त्वपूर्ण आधार हुन्। सरकारको वित्तीय कार्यकुशलता र प्रभावकारिताको मूल्याङ्कन गर्दै आवश्यक सुधारका लागि रणनीति तय गर्न पनि लेखाका सूचनाले मद्दत पुऱ्याउँदछ। यसैगरी व्यावसायिक लेखामा जस्तो सरकारी लेखा नाफा नोक्सानको कुरामा केन्द्रित हुँदैन। साथै, व्यावसायिक लेखा सरकारी जस्तो पारदर्शी पनि नहुन सक्तछ।

आधुनिक लेखा प्रणाली अँगाल्ने देशमा रकम खर्च भए पछि त्यसको भुक्तानी भए वा नभए पनि लेखामा त्यो कारोबारको समयमै अभिलेख अनिवार्य हुन्छ। यो व्यवस्था नगदमा आधारित लेखा (जहाँ नगदको आदान प्रदान भएपछि मात्र कारोबार जनिन्छ) भन्दा विपरीत किसिमको छ।

धेरैजसो देशमा सरकारी कारोबार दोहोरो लेखा सिद्धान्तमा आधारित रहेको हुन्छ। यसमा प्रत्येक कारोबारलाई डेबिट र क्रेडिट गरी दुईभागमा बाँडेर अभिलेख राखिन्छ। हाम्रो मुलुकको स्रेस्ता प्रणालीमा पनि लेखाका यी सिद्धान्तहरू धेरै हदमा पालना गरिएको अवस्था छ।

५. **सरकारी लेखा कसले कसरी राख्छ -** छिमेकी देश भारतमा नियन्त्रक तथा महालेखा परीक्षकबाट त्यहाँका सरकारी कार्यालयहरूको लेखा राख्ने र परीक्षणको कामसमेत गरिन्छ। नेपालमा भने दुईवटा फरक निकायबाट यो कार्य भइरहेको छ। सरकारी कारोबारको नेपालमा महालेखा नियन्त्रक कार्यालय तथा यसबाट खटाइएका कर्मचारीबाट लेखा राख्ने र त्यसको हरहिसाबको आन्तरिक लेखापरीक्षण गरी गराई एकीकृत विवरण एवं स्रेस्ता तयार गर्ने कार्य पनि सोही कार्यालयको कार्यक्षेत्रमा पर्दछ भने कानुनले तोकेअनुसारको व्यवस्थाबमोजिम महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षणको कार्य भइरहेको छ।

सरकारी निकायका भए गरेका खर्चको अभिलेखन गर्ने, त्यस्ता खर्चको प्रतिवेदन गर्ने तथा सो क्रममा स्रेस्तामा देखिएका अनियमितता पत्ता लगाउने र आन्तरिक रूपमा त्रुटि कमजोरीमा सुधार ल्याउने आर्थिक सुशासनसम्बन्धी प्रारम्भिक काम पनि यही महालेखा नियन्त्रक कार्यालयको

कार्य क्षेत्रभित्र पर्दछ। सबै सरकारी कार्यालयहरूमा यसै कार्यालयबाट खटाइएका लेखा समूह भित्रका कर्मचारीहरूबाट निष्पक्ष एवं स्वतन्त्र विज्ञको रूपमा आर्थिक प्रशासनको सहयोगात्मक कार्य सञ्चालन भइरहेको छ। ।

नेपालमा सरकारी लेखा प्रणाली (Government Accounting System in Nepal)

नेपालमा सरकारी लेखासम्बन्धी पृष्ठभूमि, अवधारणा, अर्थ र क्षेत्र, सरकारी लेखा राखिने संस्थागत दायित्व र भूमिका आदिबारे सान्दर्भिक देखिएका बेहोरालगायत लेखाको सम्बन्धमा देखा परेका समस्यालाई विश्लेषण गर्दै समाधानकालागि उपायसहित प्रस्तुत सुझावलाई यो खण्डमा उल्लेख गरिएको छ।

१. **नेपालमा सरकारी लेखाको पृष्ठभूमि -** नेपालको संविधानअनुसार सरकारी लेखाको ढाँचा महालेखा परीक्षकबाट तोकिने व्यबस्था संविधानको धारा २४१ ले गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखिएबमोजिम कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राखिने उल्लेख छ। हाल चलन चल्तीमा रहेको लेखा प्रणाली वि.सं. २०१८ देखि लागु भई समय-समयमा परिमार्जन हुँदै आएको देखिन्छ।

नेपालमा सरकारी लेखाको पृष्ठभूमितर्फ नियाल्दा सरकारी खर्चहरूको टिपोटसम्म लिच्छवी र मल्लकालमा राख्ने गरिएकोमा नेपाल राज्यको एकीकरण पश्चात् राजा पृथ्वीनारायण शाहको समयबाट हिसाब राख्ने व्यवस्थाको सुरुवात भई सो हिसाब जाँचको निम्ति कुमारीचोक अड्डाको संवत् १८२८ सालमा स्थापना भएको उल्लेख छ। एकजना गुणवन्त नामका खरिदार कर्मचारीबाट वि.सं. १९३६ मा विकास गरिएको स्याहा स्रेस्ता प्रणालीको ढाँचा अवलम्बन गर्दै सोहीबमोजिम हिसाब राख्ने कार्य २०१६ सालसम्म रहेको देखिएको छ।

सरकारको बढ्दो आर्थिक क्रियाकलापलाई लेखामा समेटिने गरी २०१६ सालमा भुक्तानी स्रेस्ता प्रणालीको व्यवस्था गरिएकोमा त्यो पनि अपर्याप्त महसुस भई नयाँ ढाँचाको खर्च स्रेस्ताका लागि फारामहरू तयार गरी २०१८ सालमा तत्कालीन राजा महेन्द्रबाट स्वीकृत भएबमोजिम नयाँ स्रेस्ता प्रणालीको रूपमा भुक्तानीतर्फ दोहोरो स्रेस्ता प्रणालीमा आधारित लेखा प्रणाली चरणबद्ध रूपमा लागु भएको देखिन्छ, जुन प्रणाली परिमार्जन गर्दै हालसम्म कायम गरेको छ।

२. **परिमार्जित प्रणाली -** तत्कालीन परिवेशमा उक्त प्रणाली उपयुक्त एवं पर्याप्त रहे तापनि समयको अन्तरालमा आजको अवस्थामा आइपुग्दा प्रणालीमा धेरै नवीन विषयहरू थप गरी परिमार्जन समेत भई लेखा प्रणालीलाई समय सापेक्ष बनाउन प्रयास भएको देखिन्छ। उदाहरणका लागि, २०२० सालमा जिन्सी स्रेस्तासँग सम्बन्धित १३ वटा फारामहरू थपेर जिन्सी स्रेस्ता प्रचलनमा ल्याइयो भने २०३१ सालमा राजस्व प्रशासनमा सहजता ल्याउन थप मलेप फारामहरूको व्यवस्था गरी राजस्व स्रेस्तालाई आधुनिक बनाइएको थियो।

विकास निर्माणतर्फ कतिपय फारामहरू थप गरी २०३१।३२ देखि निर्माणतर्फ सार्वजनिक निर्माणको लेखा प्रणालीको सुरुवात गरिएको थियो। त्यसैगरी २०३४ सालमा थप व्यवस्थित गरी लागु गर्न एकीकृत मलेप फारामहरूको सूचीसमेत प्रकाशन गरिएको थियो। ती फाराममा पछि २०६९ मा पुनः १० वटा फाराम थप गरेर पनि नपुग भई सबै मलेप फारामहरूको परिमार्जन र केही नयाँ थपसमेत गरी स्वीकृत लेखामान प्रयोग गर्न मिल्ने गरी सबै फारामलाई अद्यावधिक बनाई लागु भएको छ।

नेपालमा सरकारी लेखालाई व्यवस्थित बनाउन २०७५।८।१० मा नेपाल सार्वजनिक लेखा मान पनि लागु भएको छ। लेखा मानअनुसार सङ्घ तथा प्रदेश र स्थानीय तहमा कारोबार गर्न नयाँ फारामहरू स्वीकृत भई लागु भएको अवस्था छ। विगतदेखि लागु रहेको लेखामानलाई केही वर्ष अघि मात्र (२०७९ सालमा) अद्यावधिक गरिएको छ।

३. सरकारी लेखा प्रणालीको विषयले कोषको व्यवस्था, बजेट तर्जुमा, निकासा र खर्चको परिपाटी, खर्चका मापदण्ड, लेखापालन तथा प्रतिवेदन गर्ने कार्य, कारोबारको परीक्षण एवं मूल्याङ्कनसम्बन्धी यावत् व्यवस्थापनलाई समष्टिगत रूपमा जनाउँछ।

लेखा भन्ने शब्दले प्रचलित कानुनबमोजिम सञ्चालन भएका कारोबार प्रमाणसहित अभिलेख राख्ने र त्यसको प्रतिवेदन गर्ने कार्य बुझिन्छ।

लेखा परीक्षण ऐन, २०७५ मा लेखाले आर्थिक कारोबार भएको बेहोरा देखिने गरी कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब वा अन्य कागजपत्र सम्झनुपर्ने र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने अभिलेखलाई समेत जनाउने छ।

त्यसैगरी, आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ मा कारोबारको बेहोरा देखिने प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर, त्यसको आधारमा तयार गरिने अभिलेख, खाता, किताब र सोलाई पुष्टि गर्ने प्रमाण कागजात र तिनमा आधारित रही तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन सम्झनुपर्ने र सो शब्दले विद्युतीय कारोबारमा आधारित अभिलेखलाई समेत लेखा भनिने उल्लेख गरेको छ।

नेपालको सरकारी क्षेत्रको लेखापालनमा अहिले सूचना प्रविधिको बढीभन्दा बढी मात्रामा सफ्टवेयर प्रयोग गरी लेखालाई समयानुकूल प्रविधिमैत्री बनाउने प्रयास गरेको देखिन्छ। केन्द्रीय तहमा रहेका निकायहरूमा मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System), प्रदेशमा (Provincial Line Ministry Budget Information System) तथा स्थानीय तहमा भने अन्तर सरकारी सञ्चित कोष व्यवस्थापन, अर्थात् सूत्र प्रणाली (SUTRA) का सफ्टवेयर उपयोग गरिएका छन्।

लेखा पालनको संस्थागत व्यवस्था

कानुनबमोजिम नेपालमा रहेका सञ्चित कोष र अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्दै आर्थिक कारोबार नियमित रूपमा सञ्चालन गर्न सरकारी कार्यालयहरूमा सन्तुलन र नियन्त्रणको व्यवस्थासहित मन्त्रालय स्तरीय केन्द्रीय निकायहरूमा लेखा उत्तरदायी अधिकृत तथा निजहरूलाई आर्थिक प्रशासन सञ्चालनकालागि सघाउन महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित क्षेत्रमा विज्ञता भएका आर्थिक प्रशासन प्रमुखहरू खटाउने गरिएको छ।

लेखासम्बन्धी जनशक्ति परिचालन र व्यवस्थापनको जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयमा रहेको छ। प्रदेश तथा स्थानीय तहका लागि पनि महालेखा नियन्त्रक कार्यालयले अर्को व्यवस्था नभएसम्मका लागि लेखा जनशक्तिको आवश्यक व्यवस्थापन गर्ने बेहोरा कानुनमा उल्लेख छ।

केन्द्रीय स्तरमा मन्त्रालयहरूमा रहने प्रशासकीय प्रमुख वा सचिवलाई लेखा उत्तरदायी अधिकृत तोकि आर्थिक प्रशासन सञ्चालनमा जवाफदेही बनाइएको छ भने निजबाट जिम्मेवारी प्राप्त गरेको व्यक्ति

(लेखा प्रमुख) ले आर्थिक कारोबार सञ्चालनमा सघाउने, लेखा राख्ने, प्रतिवेदन तयार गर्ने, लेखापरीक्षण गराई स्रेस्ता दुरुस्त राख्दै आर्थिक अनुशासन कायम गराउने भूमिका खेल्दछन्।

लेखापालन गर्ने विज्ञतासहितका व्यक्तिहरूको प्रशासन सञ्चालन निजामति सेवा ऐन तथा सम्बन्धित सेवा समूह सञ्चालन नियमावलीअनुसार महालेखा नियन्त्रक कार्यालयबाट भइरहेको छ। लेखा समूहका लागि विभागीय प्रमुखमा महालेखा नियन्त्रकलाई तोकिएको छ।

प्रदेश मातहत रहेका सरकारी निकायहरूको आर्थिक कारोबारलाई व्यवस्थित गर्न र त्यहाँका आर्थिक सूचनालाई एकीकृत गराई केन्द्रीय आर्थिक विवरण तयार गर्ने कार्यमा सघाउन प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको स्थापना गरिएको छ। प्रदेश सरकार मातहत रहेका यी कार्यालयहरूले प्रदेश सञ्चित कोषको सञ्चालन, आर्थिक प्रशासन सञ्चालनार्थ निर्देशन दिने, प्रदेश लेखा तथा एकीकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकसमक्ष पेस गर्ने जिम्मेवारी रहेको छ।

महालेखा नियन्त्रक कार्यालयको स्थापना र सञ्चालन

नेपालमा सरकारको आर्थिक कारोबारको हर हिसाब व्यवस्थित रूपमा राख्ने कार्यको थालनी वि.सं. २००७ सालपछि नै सुरु भएको हो। देशमा १०४ वर्षको जहानियाँ राणाशासनको अन्त्य भएपछि सरकारको आर्थिक कारोबारसम्बन्धी हर हिसाबलाई व्यवस्थित र पारदर्शी बनाउन प्रयास गरेको देखिन्छ।

अहिलेको महालेखा नियन्त्रक जस्तै वि.सं. २००८ सालमा महालेखापाल कार्यालय खोलिएको थियो। उक्त कायालयको कार्यक्षेत्र वर्तमान अवस्थामा मलेनिकाको कार्यहरूसँग मिल्दोजुल्दो नै थियो। वर्तमान अवस्थामा महालेखापरीक्षकबाट हुने गरेको स्रेस्ता जाँच तथा प्रतिवेदन गर्ने जस्ता कार्य पनि यसै कार्यालयको कार्यक्षेत्रमा निहित थियो। महालेखापाल कार्यालयलाई कुनै निकाय मातहत नराखी स्वतन्त्र राखिएकोले कार्यालयको स्वायत्ततालाई प्राथमिकतामा राखेको देखिन्छ।

नेपालमा बढ्दो बाह्य सम्पर्क र आर्थिक क्रियाकलापमा भएको बढोत्तरीले विभिन्न कानुनी र अन्य सुधारहरूसमेत क्रमशः भएको देखिन्छ। स्वतन्त्रपूर्वक काम गर्ने गरी यस महालेखापाल कार्यालयलाई २०१६ सालमा अर्थ मन्त्रालय मातहतमा राखिएकोमा २०१८ सालमा लेखापरीक्षण ऐन जारी भएसँगै कार्यालयको कार्य क्षेत्रमा व्यापक परिवर्तन भएको थियो।

महालेखापाल कार्यालयलाई वि.सं. २०३२ सालबाट नाम परिवर्तन गरी महालेखा नियन्त्रक कार्यालय बनाइएको थियो। महालेखा नियन्त्रक कार्यालयले स्थापना कालदेखि नै सरकारको आर्थिक प्रशासन सञ्चालनको जिम्मेवारी निर्वाह गर्दै आएको देखिन्छ। सरकारी बजेट निकासा, खर्चको जिम्मेवारीका तहहरू, आर्थिक विवरण प्रस्तुतिको तौरतरिका, सन्तुलन, नियन्त्रण एवं लेखापरीक्षणलगायतका विविध विषयमा धेरै परिवर्तन भएका छन्।

विगतमा केन्द्रीय निकायहरूबाट मातहत कार्यालयमा बजेट निकासा र खर्चको अख्तियारी दिने प्रचलन रहेको थियो। महालेखा नियन्त्रक मातहत वि.सं. २०३८ सालमा कोष तथा नियन्त्रक कार्यालय खुलेपछि आर्थिक प्रशासनको कार्यमा व्यापक रूपमा विकेन्द्रीकरण भएको देखिन्छ। सुरुमा केन्द्रीय प्रणालीबाट, त्यसपछि क्रमशः चौमासिक, मासिक, कोषपूर्ति निकासा हुँदै हाल सूचना प्रविधिमा आधारित नवीन सरकारी लेखा पद्धति सञ्चालन गर्ने गराउने मुलुककै अग्रणी संस्थाको रूपमा महालेखा नियन्त्रक कार्यालयले आर्थिक प्रशासनका विशिष्टीकृत कार्यहरू सम्पादन गर्दै आएको छ।

नेपाल सरकारको प्रशासन सेवाको विशिष्ट श्रेणीको पदाधिकारीबाट नेतृत्व गरिएको यस कार्यालय मातहत नेपालका ७७ वटै जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयहरू सञ्चालित छन्। यी कार्यालयहरूले कानुनले तोकेअनुसारका कोष प्रशासनलगायतका अन्य कार्यहरू सम्पादन गरी आर्थिक प्रशासनमा सरकारलाई सघाउँदै आएका छन्।

१. **कार्यालयको मूल्य मान्यता -** महालेखा नियन्त्रक कार्यालयल एक सार्वजनिक जवाफदेही निर्वाह गर्ने संयन्त्रको रूपमा नेपालको सरकारी आर्थिक प्रशासनको क्षेत्रमा क्रियाशील रहेको छ। मुलुककै उत्तरदायी सार्वजनिक निकायमध्येको एक निकाय हुनाले यो संस्था परिकल्पनासहितको गहन अवधारणा (Vision) बाट सञ्चालित छ। आर्थिक प्रशासनको कार्य सञ्चालनमा यसको उल्लेखनीय भूमिका रहेको स्पष्ट छ।

यस संस्थाको कार्य सञ्चालनबाट मुलुकमा सरकारको आय-व्ययको यथार्थ कारोबारको चित्रण हुने कुरा एकातिर स्पष्ट छ भने अर्कोतर्फ, नियम कानुनको पालना भई त्यसबाट आर्थिक अनुशासन स्थापित हुने, स्वचालित आन्तरिक नियन्त्रण प्रणाली तयार भई कार्यान्वयन हुने, सरकारका विभिन्न तहमा रहेको सार्वजनिक कोषको परिचालन स्वच्छ, सक्षम र उपलब्धिमूलक तरिकाले भएको विश्वास यस कार्यालयले दिलाउने प्रयास गर्दछ। विधायिका, कार्यपालिका एवं आम नागरिकलाई कार्यालयबाट वित्तीय सूचना उपलब्ध गराइनुका साथै यस प्रकार लेखा उत्तरदायीपूर्ण सार्वजनिक निकायको प्रभावका कारणले मुलुकमा आर्थिक स्थिरता कायम भई भरोसायोग्य अर्थतन्त्र निर्माण हुने विश्वास लिइएको देखिन्छ।

२. **महालेखा नियन्त्रक कार्यालयको मुख्य ध्येय (Mission) -** नेपालमा सुशासन स्थापना गर्न राज्यको कोष सञ्चालन गर्न सहयोगी भूमिका निर्वाह गर्नु यस कार्यालयको प्रमुख ध्यय रहेको उल्लेख गरिएको छ। कोष सञ्चालन गर्दा राजकीय कोषको मितव्ययी तथा प्रभावकारी रूपमा कोष अथवा राजस्व सङ्कलन हुनुपर्दछ। त्यस्तै, राजस्व रकमबाट रकम खर्च गर्दा निश्चित मापदण्डको पालना अनिवार्य मानिन्छ। सङ्कलित सरकारी आम्दानीको दक्षतापूर्ण उपयोगका लागि जिम्मेवार निकायमा बजेट तर्जुमा, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली व्यवस्थित रूपमा सञ्चालित हुनुपर्दछ। साथै, विश्वसनीय, पारदर्शी र समयबद्ध वित्तीय प्रतिवेदन पेस भएमा त्यसबाट सरकारको पारदर्शिता प्रवर्धनमा सघाउ पुग्दछ। महालेखा नियन्त्रक कार्यालयले स्थापित प्रणालीहरूको निरन्तर स्तरोन्नति गर्दै र लेखाका मानदण्ड एवं प्रक्रियाहरू पालना गर्दै गराउँदै राष्ट्रमा नागरिक सेवा र सन्तुष्टिमा सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ।

मूल्य (Values) को सम्बन्धमा देहायका मूल्यहरू कार्यालयले आफ्नो मार्गदर्शक ज्योति हुन् भनी घोषणा गरिएको छः

इमान्दारी (Honesty), स्वच्छता (Fairness), वस्तुनिष्ठता (Objectivity), आर्थिक अनुशासन (Fiscal Discipline), पेसागत उत्कृष्टता (Professional excellence) आदि।

यसरी मुलुकमा इमान्दारीपूर्वक बस्तुनिष्ठ ढङ्गले स्वच्छ आर्थिक प्रशासन सञ्चालन गरी वित्तीय सुशासन स्थापित गराउनु महालेखा नियन्त्रक कार्यालयको मुख्य ध्येय एवं मूलभूत मान्यता रहेको देखिन्छ।

३. **प्रमुख कार्यहरू -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीअनुसार मलेनिकाको काम कर्तव्यहरू (नियम १२३ मा आधारित) उल्लेख भएमध्ये प्रमुख कार्य निम्नानुसार छन्:

- लेखाको ढाँचा र खाता सूची बनाई महालेखापरीक्षकबाट स्वीकृत गराई प्रयोगमा ल्याउने।
- सबै सरकारी कोषहरूको हिसाब राख्ने र राख्न लगाउने।
- सरकारको सबै किसिमको आम्दानी र खर्चको एकीकृत आर्थिक विवरण तयार गर्ने।
- आर्थिक प्रशासनको कार्य सञ्चालनमा कुनै समस्या देखिएमा राय सुझाव प्रदान गर्ने।
- आन्तरिक लेखापरीक्षण र नियन्त्रण सम्बन्धमा आवश्यक समन्वय र सहकार्य गरी ती कार्यहरू प्रभावकारी रूपले सञ्चालन गर्ने गराउने।
- आर्थिक प्रशासन सञ्चालन गर्ने विज्ञ कर्मचारीहरूको समूह (लेखा समूह) को सञ्चालन र व्यवस्थापन गर्ने, आदि।

कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) सञ्चालन

सरकारी लेखाको अद्यावधिक तथा व्यवस्थित सूचना सहजरूपमा उपलब्ध हुने गरी खर्च लेखाङ्कन तथा प्रतिवेदन गर्ने कामका लागि क्रियाकलापमा आधारित प्रणाली अर्थात् विद्युतीय प्रणालीमा आधारित सरकारी लेखा प्रणाली (CGAS - Computer - based Government Accounting System) आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य गरिएकोमा उक्त प्रणालीबाट लेखा राख्न सहज मात्र नभई अद्यावधिक सूचनाहरू तत्कालै उपलब्ध भई आवधिक प्रतिवेदनहरू तयार गर्न र अनुगमन एवं मूल्याङ्कनको कार्य गर्न पनि सहज भएको अवस्था छ।

नेपाल सरकार तथा प्रदेश सरकार र मातहतका सबै सरकारी कार्यालयहरूको खर्चमा पारदर्शिता, जवाफदेहिता एवं विद्युतीय सूचनाको उपयोग गरी सुशासन स्थापित गर्ने उद्देश्यका साथ महालेखा नियन्त्रक कार्यालयले यो प्रणालीको विकास गरी उपयोगमा ल्याएको छ। यही प्रणालीमा आधारित रही सबै निकायहरूले सङ्घको हकमा अर्थ मन्त्रालय र प्रदेशको लागि सम्बन्धित आर्थिक मामिला तथा योजनासम्बन्धी मन्त्रालयबाट अख्तियारी प्राप्त गरी यो प्रणालीबाट रकम खर्च गरी अभिलेख राख्ने गर्दछन्।

यो प्रणाली सञ्चालनार्थ हरेक कार्यालयलाई प्रयोग कर्ता पासवर्ड सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध हुने व्यवस्था छ। सुरु अख्तियारी, बजेट, थप घट तथा रकमान्तर, आदिबाट सूचनामूलक विवरण यो प्रणाली (CGAS) मा प्राप्त हुने गर्दछ। यो प्रणालीबाट विनियोजन, राजस्व, धरौटी र विविधतर्फको कारोबार विद्युतीय भुक्तानीमार्फत भुक्तानी पाउनेको सोझै सम्बन्धित बैङ्क खातामा जम्मा हुने गरी कारोबार गर्न सकिने व्यवस्था छ। सरकारी निकायहरूले सङ्घबाट अथवा प्रदेश सरकारहरूबाट अख्तियारी प्राप्त गरेपछि CGAS प्रणालीमार्फत रकम खर्च गर्दछन्।

यसरी रकम खर्च गर्दा निकासा सीमा, खर्च प्रतिबद्धतालगायतका प्राबधानहरू पूरा गरेर मात्र कार्यक्रम अनुसारको विनियोजित बजेट ननाघ्ने गरी कार्यक्रमबमोजिम खर्च गरिनेछ। यो प्रणाली सञ्चालनका लागि आर्थिक कारोबारमा संलग्न हुने सबै कर्मचारीमा कम्प्युटर तथा सूचना प्रविधिको उपयोगमा पर्याप्त मात्रामा सक्षमता विकास हुनु जरुरी देखिन्छ।

स्वीकृत प्रणालीगत ढाँचा

उल्लिखित विभिन्न विश्लेषणहरूको पृष्ठभूमिका आधारमा नेपालका सरकारी निकायबाट कानुनबमोजिम भए गरेका सरकारी आर्थिक कारोबारलाई स्वीकृत ढाँचामा विभिन्न फारामहरू प्रयोग गरी प्रचलनमा रहेको लेखा सिद्धान्तको अवधारणा अनुरूप उपलब्ध सूचना प्रविधिको उपयोगसमेत गरी एकीकृत रूपमा प्रमाण कागजातमा आधारित रही कारोबारको व्यवस्थित अभिलेख राख्ने र सोको प्रतिवेदन गर्ने यावत् कार्य नै नेपालको सरकारी लेखा प्रणाली हो भन्न सकिन्छ।

नेपाल सरकारको सबै आम्दानी सञ्चित कोषमा जम्मा भई सो कोषबाट व्ययभार हुने र संसदबाट स्वीकृत विनियोजन ऐनअनुसार रकम खर्च गर्न सकिने व्यवस्था संविधानले गरेको छ। सरकारले लागु गरेको नगदमा आधारित सीमित रूपमा दोहोरो सेस्ता प्रणालीमा अहिलेको स्रेस्ता आधारित रहेको छ। कारोबारको लेखा तथा प्रतिवेदनहरू निश्चित अनुदान सङ्केत, आधार शीर्षक, मूल शीर्षक, उप-शीर्षक जस्ता खाता सूचिका आधारमा तयार गर्ने गरिन्छ।

१ **लेखा नीति र प्रणाली -** नेपाल सरकारको लेखा केन्द्रीय तथा कार्य सञ्चालन स्तरमा दुई प्रकारले विभाजित गरिएको छ। सङ्घमा रहेका केन्द्रीय स्तरका निकायहरूले आफू र मातहतका निकायहरूको समेत आर्थिक प्रशासन सम्बन्धी सूचना सङ्कलन र एकीकृत गरी केन्द्रीय स्तरको लेखा तयार गरी विभिन्न निकायमा प्रतिवेदन प्रस्तुत गर्नु पर्ने प्रावधान रहेको छ।

आफ्नो तालुक कार्यालयबाट स्वीकृत अख्तियारी, बजेट तथा कार्यक्रम प्राप्त गरी सोअनुसार राजस्व रकम सङ्कलन गरी हिसाब राख्ने, स्वीकृत कार्यक्रम अनुसार रकम खर्च गर्ने, लेखा राख्ने, आवधिक विवरणहरू तयार गर्ने, लेखापरीक्षण गराई हिसाब किताब चुस्त दुरुस्त राख्ने काम कार्य सञ्चालन स्तरको लेखाको हो।

नेपालको सरकारी लेखा प्रणालीको कार्यक्षेत्र अन्तर्गत प्रमुख रूपमा निम्न लिखित प्रणालीहरू प्रचलनमा रहेका लेखा निर्देशिका २०७३ मा उल्लेख भएको देखिन्छः

क) विनियोजन लेखा ख) राजस्व लेखा ग) धरौटी लेखा

घ) जिन्सी लेखा ङ) आयोजना लेखा च) सार्वजनिक निर्माण लेखा

छ) कार्य सञ्चालन तथा अन्य कोषको लेखा।

सोही निर्देशिकाले उल्लेख गरे अनुसारका केही प्रमुख लेखा नीतिहरू निम्नानुसार रहेका छन्:

(क) निकायहरूः कारोबार गर्न अधिकार प्राप्त निकायहरू नै प्रतिवेदन गर्न जिम्मेवार हुने छन्। केन्द्रीय निकायहरूले आफू मातहत रहेका सबै निकायहरूको हिसाब एकीकृत गरी तयार गर्नुपर्दछ भने सरकारको एकीकृत हिसाब म.ले.नि.का. ले तयार गर्दछ।

(ख) आधारः सरकारी कारोबारको मापन आधार नगद हुने गरिएको छ। नगद कारोबार हुँदामात्र कारोबार भएको मानि लेखामा जनाइने व्यवस्था छ। साथै, कारोबारमापनको आधार नेपाली मुद्रा हुने उल्लेख छ।

(ग) लेखा ढाँचाः सरकारी आम्दानी र खर्च रकमको कारोबारको लेखा ढाँचा महालेखा नियन्त्रक कार्यालयले प्रस्ताव गरी महालेखापरीक्षकबाट स्वीकृत गराई लागु गरिने व्यवस्था छ। सोही ढाँचा अनुरूप सबै निकायले स्रेस्ता राख्नुपर्नेछ।

(घ) परल मोलः सरकारी सम्पत्ति र जिन्सीको मूल्याङ्कन परल मोलमा आधारित हुने व्यवस्था छ।

(ङ) ऋण तथा दायित्व मापनः सरकारले लिएको ऋण तथा दायित्वको मापन नगद प्राप्तिको आधारमा हुने र सरकारको लगानीको लेखाङ्कन लागत मूल्यमा गरिने उल्लेख छ।

(च) आर्थिक वर्षः प्रत्येक वर्ष श्रावण एक गतेबाट आर्थिक वर्ष सुरु भई अर्को सालको आषाढ मसान्तसम्मको १२ महिनाको अवधिलाई एक आर्थिक वर्ष मानिने छ।

(छ) पेस्की स्वरूप भुक्तानी भएको रकमलाई खर्चको रूपमा देखाइने, आदि।

२. **लेखा सञ्चालनका आधारहरू -** लेखा सञ्चालन गर्ने आधारहरूलाई मुख्यतया नगदमा आधारित र प्रोदभावीमा आधारित दुईवर्गमा विभाजन गर्न सकिन्छ।

- **नगदमा आधारित लेखा (Cash Basis Accounting)** - प्रणालीमा लेखाङ्कनको लागि नगद प्रवाहलाई प्रमुख आधारको रूपमा लिइन्छ। नगद वा बैङ्कमार्फत आम्दानी हुँदा अथवा रकम भुक्तानी भएको अवस्थामा मात्र कारोबारको लेखाङ्कन हुन्छ। यसमा सामान उधारोमा कारोबार भए पनि लेखाको अभिलेखमा आउँदैन। साथै, सम्पत्तिको ह्रास कट्टी गर्ने सम्बन्धमा यस प्रणालीको कुनै सरोकार रहँदैन। नेपालको सरकारी क्षेत्रमा लामो समयदेखि यही प्रणाली प्रचलनमा रहेको अवस्था छ।

  वि.सं. २०१८ सालमा लागु भएको नगदमा आधारित (Cash Basis) तत्कालीन स्रेस्ता प्रणालीको आधारभूत संरचनामा समय समयमा परिमार्जन भई हाल सोही स्रेस्ता प्रणालीको सुधारिएको ढाँचा सरकारी लेखामा कायम रहेको स्थिति छ।

  तत्कालीन समयको सीमित सरकारी कारोबारको दायरालाई विचार गरी लागु भएको सो नगदमा आधारित लेखाले व्यापक हुँदै गएको सरकारको वर्तमान अवस्थाको राजस्व, धरौटी, विनियोजन र अन्य कारोबारको सम्पूर्ण पक्षलाई समेट्न सकेको छैन। तापनि, सङ्घीय, प्रदेश तथा स्थानीय तहका कार्यालयहरूमा यही प्रणालीबाट कारोबारको लेखा सञ्चालन तथा प्रतिवेदन गर्ने कार्य भइरहेको छ।

- **प्रोदभावीमा आधारित लेखा (Accrual Basis Accounting)** - प्रणालीमा कारोबार नगद वा उधारो जसरी गरिएको भए तापनि कारोबार हुने वित्तिकै लेखामा अभिलेख राखिन्छ। कारोबारले प्रभाव पार्ने सम्पूर्ण पक्ष, जस्तै- प्राप्ति, भुक्तानी, सम्पत्ति र दायित्वको पूर्ण रूपमा पहिचान गरी अभिलेखमा जनाउने काम गरिन्छ।

  यसमा कारोबारमा सम्पत्तिको अपलेखन गर्दा वर्षेनी नीतिगत व्यवस्थाअनुसार ह्रास कट्टी गर्ने गरिन्छ। यो लेखामा नगद तथा उधारो कारोबार पनि समेटिने भएकोले पूर्ण लेखाङ्कन पद्धतिको रूपमा यसलाई लिइनुका साथै, नगदमा आधारितभन्दा यो बढी सूचनामूलक र आधुनिक रहेको विश्वास गरिन्छ।

नगद र प्रोदभावीमा आधारित लेखाको मिश्रित एवं परिमार्जित रूपमा Modified Accrual or Cash basis लेखा प्रणाली पनि उपयोग गरेको देखिन्छ। नेपालका धेरैजसो सरकारी कार्यालयहरू तथा गैर नाफामूलक व्यावसायिक संस्थाहरूले दोहोरो लेखा प्रणालीको समेत विशेषता रहेको हाल प्रचलित परिमार्जित नगदमा आधारित लेखा नै अवलम्बन गरेका देखिन्छन्।

राज्यमा अहिले सङ्घीय, प्रदेश अनि स्थानीय गरी तीन तहको सरकार रहेकोमा तीनै तहका सरकारका आर्थिक कार्य प्रणालीको व्यवस्था एवं आर्थिक कार्यविधिसहितको लेखा सम्बन्धी कार्यको व्यवस्थापन गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ। यसै कार्यालय मातहत रहेका ७७ वटै जिल्लामा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू तथा प्रदेश सरकारको मन्त्रालयअन्तर्गत रहेका प्रदेश लेखा नियन्त्रक कार्यालयहरू सूचना प्रविधिको माध्यमबाट जोडिन गइ सरकारको आम्दानी खर्चको अभिलेखको प्रभावकारी व्यवस्थापन गर्न सहयोग पुऱ्याइरहेको अवस्था छ। हाल नेपालमा नगदमा आधारित लेखा प्रणाली लागु भएको अवस्था छ।

प्रोदभावी लेखाका आधार

नेपालका सरकारी निकायमा हाल प्रायः नगदमा आधारित स्रेस्ता लागु भइरहेको भए तापनि प्रोदभावी लेखा प्रणालीमा रूपान्तरित हुन वर्तमान प्रणालीले निषेध गरेको देखिन्न। यो प्रणाली लागु गर्न दोहारो लेखाको नीतिगत तथा कानुनी आधारहरू तयार गर्नुपर्ने हुन्छ। साथै डेबिट र क्रेडिटसहितको दोहोरो प्रभाव कारोबारको लेखाङ्कन गर्दा देखिनुपर्दछ। आय, व्यय, सम्पत्ति, दायित्व, लिनु, दिनुपर्ने सबै हिसाबहरू स्पष्ट हुनुपर्दछ।

वर्तमान लेखा प्रणालीले जिन्सी तथा यस्ता सामानको ह्रास कट्टी गर्ने सम्बन्धमा एक सफ्टवेरसम्म विकसित गरेको देखिन्छ। ह्रास कट्टी, जिन्सी व्यवस्थापन, उधारोमा गर्न सकिने कारोबारलाई हालको लेखाले आंशिक रूपमा मात्र समेटी पूर्ण रूपमा समेटेको छैन। पेस्कीलाई अहिलेको लेखाले खर्च माने तापनि यो विषय लेखाको मौलिक सिद्धान्तसँग मेल खाँदैन।

कानुनले नै प्रोदभावी लेखामा रूपान्तरण गर्ने व्यवस्था मिलाउने घोषणा गरी लेखामा सुधारका लागि कानुनी आधार निर्माण गर्न आवश्यक देखिन्छ। साबिकको जिन्सी लेखाको व्यवस्थालाई प्रोदभावीमा आधारित बनाउन सरकारले एउटा मिति तय गरी (Cut off date) हाल भएका सरकारी सम्पत्तिको मौद्रीकीकरण गर्दै यथार्थ मूल्यसहितको विवरण तयार गर्न आवश्यक देखिन्छ।

स्थिर सम्पत्तिको लगत अद्यावधिक गर्दै प्रयोगमा नआउने खालका सामान लिलाम बिक्री, मिनाह, गरी उपयोगमा रहेका सबै सामानको मूल्य कायम गर्नुपर्दछ। ह्रास कट्टीसहितको व्यवस्था अवलम्बन गर्दै हाल कायम जिन्सी सम्पत्तिको अभिलेख व्यवस्था PAMS लाई पनि परिमार्जन गर्नुपर्दछ।

भुक्तानी बाँकी खर्च तथा प्राप्त हुन बाँकी आम्दानीलाई लेखामा देखाउने परिपाटीको विकास गर्न जरुरी छ। चलन चल्तीमा रहेका लेखा मानहरूलाई पनि परिमार्जन गरी मानदण्ड, लेखा निर्देशिका, आवश्यकता अनुरूप नयाँ पनि बनाउनुपर्ने हुन्छ। विद्यमान् खर्चका सङ्केत,

व्याख्या एवं वर्गीकरणसम्बन्धी विषयमा सुधार गर्दै कायम मलेप फारामहरूको समीक्षा, परिमार्जन र आवश्यक देखिए नयाँसमेत बनाउनुपर्दछ।

उल्लिखित सबै व्यवस्था कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कर्मचारीहरूको हुने भएकोले कर्मचारीको क्षमता विकास लगायत समय सापेक्ष रूपमा प्रशिक्षणको विषयले पनि प्राथमिकता पाउनुपर्दछ। आर्थिक प्रशासन सञ्चालन गर्ने गराउने महालेखा नियन्त्रक कार्यालयको भूमिकालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

३. **कानुनी आधार -** विद्यमान् लेखा प्रणाली सञ्चालनको मूल आधार हाल प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार विनियोजन, राजस्व एवं धरौटीतर्फको सबै सरकारी कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त एवं स्वीकृत लेखा मानबमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरी महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचा, आार्थिक सङ्केत र वर्गीकरणअनुरूप राखिने व्यवस्था छ।

लेखा राख्दा केन्द्रीय स्तरको तथा कार्य सञ्चालन स्तरको छुट्टाछुट्टै लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। प्रदेश र स्थानीय तहले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकिएको आधारमा लेखा राख्न सक्ने गरी केही खुकुलो पारिएको उल्लेख छ। साथै, सरकारसँग भएको सम्झौताअनुसार प्राप्त वैदेशिक सहायता रकमको लेखा र बजेटमा नपरेको कारोबारको समेत तोकिएको ढाँचामा लेखा राखी विभिन्न अभिलेखहरू तयार पार्नुपर्नेछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले लेखा राख्ने सम्बन्धमा केही प्रावधानहरूको पनि व्यवस्था गरेको छ। सो अनुसार कारोबारको लेखा नगदमा आधारित दोहोरो लेखा प्रणालीको सिद्धान्तमा आधारित हुने उल्लेख छ। विनियोजन, राजस्व, धरौटी तथा अन्य सबै सरकारी कारोबारको हकमा यो लागु हुने व्यवस्था छ। सरकारी लेखा राख्दा कार्य सञ्चालन र केन्द्रीय स्तरको छुट्टाछुट्टै लेखा राख्नुपर्दछ। लेखा राख्ने सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको निर्देशनको पालना गर्नु अनिवार्य रहेको छ। यस कार्यालयले सम्बन्धित निकायको संस्थागत क्षमताको विश्लेषण गरी सुधारिएको नगद प्रणाली, सुधारिएको प्रोदभावी वा प्रोदभावी लेखा प्रणालीमा आधारित लेखा लागु गर्न गराउन सक्नेछ। हरेक सरकारी कार्यालयले लेखा राख्दा सो प्रमाणित गर्ने बिल, भर्पाई तथा अन्य कागजातसमेत व्यवस्थित ढँगमा राख्नुपर्दछ। हाल सरकारी कारोबार धेरै जसो विद्युतीय माध्यमबाट हुन थालेको सन्दर्भमा यस्तो कारोबारसँग सम्बन्धित विषयमा विद्युतीय प्रणालीको विकास गरी सञ्चालनमा ल्याउने काम महालेखा नियन्त्रक कार्यालयको कार्यक्षेत्र भित्र पर्दछ।

४. **लेखामानको प्रयोग -** प्रोदभावी लेखा लागुगर्न पहिलो आधार सार्वजनिक क्षेत्र लेखामान हो। किनकि लेखामानले नै भविष्यमा आार्थिक कारोबारको सम्बन्धमा गन्तव्य निश्चित गर्दछ। हालको लेखामानको उद्देश्य नगदमा आधारित रहेको वर्तमान स्रेस्ता प्रणाली अनुरूप लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्थालाई सहज बनाउनु हो।

नेपालको सार्वजनिक क्षेत्रमा लेखामान लागु गर्न २०६६।५।३० मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएकोमा त्यसवेला विकास गरिएको मानलाई परिमार्जन गरी अद्यावधिक गरिएको नयाँ मान (NPSAS) वि.सं. २०७९ मङ्सिरमा पारित गरेर कार्यान्वयनमा ल्याइएको छ।

यस भन्दा पहिले लागु गर्न सुरु गरेको लेखामानको सन्दर्भमा कतिपय कार्यान्वयनमा संलग्न निकायहरूले समेत सूचना सङ्कलन गर्न एवं तोकिएका आवश्यकताहरू (Requirements) को पालना गर्न कठिनाइ परेको जानकारी गराइरहेकामा यस्ता अवरोध एवं कठिनाइहरूलाई समेत मध्यनजर गरेर अन्तर्राष्ट्रिय लेखाव्यवसायी महासङ्घले नगदमा आधारित सार्वजनिक क्षेत्र लेखामानलाई सन् २०१७ मा अद्यावधिक गरेको लेखामानका आधारमा नेपाल लेखामान बोर्डले नेपाल सार्वजनिक क्षेत्र लेखामान तयार गरी पेस गरेकोमा विगत वर्ष नै सरकारबाट निर्णय भई लागु भएको अवस्था छ।

लेखा मानको उद्देश्यमा नगदमा आधारित लेखाङ्कनबमोजिम वित्तीय विवरण तयारी एवं प्रस्तुतीकरणलाई मार्गदर्शन गर्नु र विगतमा जारी भएका मानमा रहेका कमी कमजोरीहरूको निराकरण गर्दै कार्यान्वयनमा प्रभावकारिता ल्याउनु हो। सो मानको कार्यान्वयन तथा अनुगमन गर्ने दायित्व महालेखा नियन्त्रक कार्यालयको हुने सोही मानले उल्लेख गरेको छ।

स्वीकृत लेखा मानमा दुई भाग रहेका छन्। पहिलो भाग बाध्यकारी छ, जसले नगद आधारको लेखाङ्कनबमोजिमको वित्तीय प्रतिवेदन तयारी एवं प्रस्तुतीकरणका आवश्यकताहरू (Requirements) लाई समेटेको छ। दोस्रो भाग बाध्यकारी छैन। यसले नगद आधारमा प्रतिवेदन गर्न एवं भविष्यमा प्रोदभावी सार्वजनिक क्षेत्र लेखामानतर्फ संक्रमणको लागि मार्ग प्रशस्त गर्न केही प्रोत्साहित अतिरिक्त खुलासाहरूको व्यवस्था गरेको छ। जसलाई सरकारी निकायले अनुसरण गर्नु श्रेयस्कर मानिन्छ भनि उल्लेख गरेको छ।

विगतमा स्वीकृत गरिएको लेखामान कार्यान्वयन गरिरहेका निकायहरू र यो मान लागु गर्नुपर्ने जिम्मेवारी भएका सरकारी निकायहरूले यथाशीघ्र यसको कार्यान्वयन गर्नु आजको आवश्यकता हो।

सूत्र प्रणाली तथा विद्युतीय लेखा

प्रदेश र स्थानीय तहमा आधारभूत बजेटिङ तथा लेखाङ्कन मापदण्डमा आधारित आर्थिक कारोबारको व्यवस्थापन सहज रूपमा गराउने उद्देश्यले विकास गरिएको वेभमा आधारित सफ्टवेयर सूत्र प्रणाली हो। एक प्रकारले यसलाई विद्युतीय सूचना प्रणालीमा आधारित लेखा भन्न सकिन्छ।

सूत्रमा प्रदेश र स्थानीय तहका लागि छुट्टाछुट्टै मोडेल विकास गरिएको छ। यस प्रणालीबाट लेखाको हिसाब राख्दा सबै तहको आर्थिक सङ्केतमा एकरूपता आउने विश्वास गरिएको छ। जसले गर्दा तीनवटै तह (स्थानीय, प्रदेश र सङ्घ) को आर्थिक प्रशासन तथा वित्तीय प्रतिवेदनमा एकरूपता कायम हुने गरिएको छ।

समयमै वित्तीय प्रतिवेदन बनाउन, आर्थिक कारोबारको नियमितता, मितव्ययीता र कार्यदक्षता अभिवृद्धिमा पनि यो प्रणाली उपयोगी हुने महालेखा नियन्त्रक कार्यालयको भनाइ रहेको छ। वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न, आर्थिक ऐन, नियम, परिपत्रको पालना तथा वित्तीय तथ्याङ्कको आधार स्थापना गर्न पनि सूत्र उपयोगी रहेको अवस्था छ।

सूत्रमा राखिने तथ्याङ्क

- बजेट तर्जुमा र कार्यान्वयनमा आन्तरिक नियन्त्रणको व्यवस्था।
- बजेट प्रक्रियाका सबै चरणबाट प्राप्त नतिजालाई प्रणालीमा अभिलेख।
- सबै प्रकारका बजेटरी स्रोत, दातृ निकाय तथा निकासा विधिको अभिलेख।
- क्रियाकलापगत बजेट र बहुवर्षीय अभिलेख।
- स्वचालित प्रतिवेदनहरूको प्राप्ति (नमुना विनियोजन ऐन, बजेट वक्तव्यका अनुसूची, चौमासिक कार्यक्रम तथा बजेट बाँडफाँटको विवरण, विद्युतीय अख्तियारी, भुक्तानी आदेशलगायत)।
- बजेटको तयारी, अख्तियारी, संशोधन, लेखाङ्कन, निकासा, प्रतिवेदन, आदि।

PEFA मूल्याङ्कनमा वर्तमान लेखा तथा प्रतिवेदन प्रणाली

सार्वजनिक खर्चको स्थिति मूल्याङ्कन गरेपछि नेपालको पेफा सचिवालयले केही समय अघि नेपालको सार्वजनिक खर्चको प्रतिवेदन सार्वजनिक गरेको छ। सार्वजनिक खर्चको ढाँचा मूल्याङ्कनको क्रममा मुख्यतया पारदर्शिता, सम्पत्ति र दायित्व व्यवस्थापन, बजेट तथा वित्तीय रणनीति, बजेट कायान्वयन, लेखापालन तथा प्रतिवेदनको कार्य, बाह्य छानबिन तथा लेखापरीक्षण जस्ता विषयवस्तुहरूको आधारमा नेपालमा सरकारको सार्वजनिक खर्चको प्रवृत्तिलाई मूल्याङ्कन गरेको अवस्था छ। उक्त समष्टिगत मूल्याङ्कनमा सातौं आधार स्तम्भ लेखा तथा प्रतिवेदन प्रणालीले 'सी' स्कोर मात्र पाएको देखाइएको छ।

नेपालले सन् २००९ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामान NPSAS Accounting Standards प्रयोग गरिरहेको छ। तैपनि हालसम्म सरकारी क्षेत्रमा लेखा नगदमा आधारित लेखा नै लागु भइरहेको छ। नयाँ मापदण्ड तथा निर्देशिकाहरू लागु गराउन नयाँ लेखाढाँचाका फारामहरू तर्जुमा भइ महालेखापरीक्षकबाट ती फारामहरू स्वीकृत प्राप्त गरी लागु भइसकेको छ।

सरकारका निकायबाट नेपाल राष्ट्रको एकीकृत वित्तीय विवरणबाट सरकारी आम्दानी, खर्च, सम्पत्ति, दायित्व, लगानी, आदिबारे थाह पाउन सकिन्छ। तर सम्पत्ति, सरकारी दायित्व र जमानत बारेको सूचना अपूरो रहेका छन् भनिन्छ। सरकारको केन्द्रीय लेखाको विवरणमा सरकारको व्यावसायिक संस्था सञ्चालनको प्रगति तथा नतिजाहरू समेटिएको पाइँदैन।

वर्तमान लेखा प्रणालीमा रहेका प्रमुख समस्या तथा सुझाव

- नेपालको लेखा सञ्चालनमा घोषित लेखा मानदण्ड र निर्देशिकाहरूको प्रभावकारी रूपमा कार्यान्वयन नभएको अवस्था छ। हालको लेखा प्रणाली पूर्ण प्रोदभावी लेखा प्रणालीमा आधारित छैन। लेखा पालन र प्रतिवेदनको कार्यमा अन्तरराष्ट्रिय स्तरको प्रणाली IFRS अनुकूल हुने गरी अन्तर्राष्ट्रिय मानमा आधारित प्रचलित Accounting Standards को पूर्ण पालना (Completely follow) हुन नसकेको स्थिति छ।

  अतः अहिले प्रचलनमा रहेका LMBIS, PLMBIS, TSA, PTSA, CGAS, SUTRA, जस्ता वित्तीय सूचना प्रणालीको प्रयोगलाई उच्च भर्सनको बनाइ सूचना प्रविधिको सफ्टवेयरको सुरक्षा कायम गरी सञ्चालनको व्यवस्था मिलाउनुपर्दछ। साथै त्यसमा संलग्न हुने जनशक्तिको क्षमता विकासको पनि उत्तिकै जरुरी देखिन्छ।

- सङ्घ स्तरमा LMBIS लागु रहे तापनि बिच बिचमा बजेट थप्ने र संशोधन गर्ने कार्य भइरहेका देखिन्छ। जसको कारण बजेट अनुशासन पालना नभएको अवस्था एकातिर छ भने अर्कोतर्फ निकासा खर्चमा अवरोध भइरहने स्थिति छ। यस्तो अवस्थामा प्रणालीलाई स्वतः चलायमान हुने बनाइनुपर्दछ।
- सरकारी निकायहरूमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिएको अवस्थाले आर्थिक प्रशासन सञ्चालन फितलो देखिन्छ। यसको महत्त्वलाई ध्यान दिई कार्यान्वयनलाई सहज बनाउनुपर्दछ।
- वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनाको सन्दर्भमा समपूरक बजेटको व्यवस्था नगरिँदा र समयमै सम्झौता नभई समयमै रकम व्यवस्था नहुँदा बजेट खर्च गर्न तथा लेखा राख्न अन्यौल हुने अवस्था छ। वैदेशिक ऋण सोधभर्ना हुने आयोजनाको सन्दर्भमा दातृ निकायले सोधभर्ना रकम समयमा उपलब्ध नगराउँदा निकासामा समस्या नहुने व्यवस्था गर्नुपर्दछ।
- सरकारको पुँजीगत खर्च न्यून मात्रामा हुने र त्यो पनि अधिकांश असार महिनामा खर्च गर्ने प्रवृत्ति छ। लक्षित उद्देश्यअनुसार समयमै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ। आयोजना बैङ्क बनाउने र त्यसमा परेका आयोजना मात्र लिने अवधारणा लागु गर्ने प्रतिबद्धताले संस्थागत रूपमा कार्यान्वयन गर्नुपर्दछ।
- सरकारको तीनै तह सङ्घ, प्रदेश र स्थानीयतहमा NPSAS Online Reporting Portal एकीकृत रूपमा सञ्चालन गर्न नसकिनु तथा एउटै आयोजनामा दोहोरो तेहोरो पर्नेगरी प्रत्येक सरकारबाट लगानी भएका खर्च नियन्त्रण नहुनु प्रमुख समस्याको रूपमा रहेको छ। सरकारको वित्तीय सूचना प्रणाली एकीकृत Seemless flow बाट सञ्चालन हुने व्यवस्था गर्नुपर्दछ।
- सूचना प्रणालीमा आधारित लेखालाई आकृतिविहीन र कागजविहीन (Faceleess and Paperless) बनाउने उद्देश्य भए तापनि आवश्यक पूर्वाधारको कमी तथा लेखापालहरूको क्षमता विकास नभएकोले तद् अनुरूप विकास हुन नसकेको अवस्थामा सुधार हुनुपर्दछ।
- हालको लेखा प्रणाली क्रमिक रूपमा विकसित हुँदै आएको छ, तथापि, नयाँ नयाँ परिवर्तनअनुसार निर्देशिका तथा चलन चल्तीमा रहेका अन्य मानदण्डहरूमा समय सापेक्ष सुधार भएको छैन। उदाहरणार्थ, लेखा प्रणालीमा धेरै परिवर्तन भएको तर लेखा निर्देशिका, २०७३ हालसम्म पनि परिमार्जन नभएकोले सुधार गर्न आवश्यक देखिन्छ।
- अहिलेको सरकारी लेखाले आय-व्ययको अद्यावधिक स्थिति दर्शाए पनि सम्पत्ति र दायित्वको यथार्थ चित्रण भएको अवस्था छैन। सरकारको कति सम्पत्ति छ भन्ने कुरामा सरकार स्वयं अनभिज्ञ छ। हालको लेखाले लागत लेखा र व्यवस्थापकीय लेखाको अवधारणाअनुरूप निर्णय प्रक्रियालाई सहज किसिमले सूचना उपलब्ध गराउने गरी सुधार गर्नुपर्दछ।
- हालको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउन केही प्रारम्भिक कार्यहरू पूरा भएका छन्। तर त्यसको पूर्णताको निम्ति अझै केही समय प्रतिक्षा गर्नुपर्ने छ। हाल प्रचलनमा रहेको विभिन्न Accounting Software तथा लेखा परीक्षणमा प्रचलनमा ल्याइएको Auditing Software NAMS को बिचमा अन्तर आबद्धता स्थापित हुन सकेको छैन। यस्तो अवस्थामा काममा चुस्तता र दुरुस्तता आउन कठिनाइ हुने स्थिति छ।

- नेपालको आर्थिक प्रशासनमा विभिन्न मानदण्ड र विद्युतीय सूचना प्रणालीको प्रयोग प्रचुर मात्रामा हुँदै आएको छ। यस सन्दर्भमा Nepal Accounting Standard, Nepal Public Sector Accounting Standard, Nepal Financial Reporting System/Nepal Auditing Standard लगायतका मानकहरू तयार गरी कार्यान्वयनमा ल्याइएका छन्।
- त्यस्तै, एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली, मन्त्रालयगत सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA), प्रदेश मन्त्रालयगत सूचना प्रणाली (PLMBIS), प्रदेश एकल खाता कोष प्रणाली (TSA) स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को व्यवस्था गरिएको भए तापनि सरकारी लेखा, प्रणाली, लेखाङ्कन, प्रतिवेदनहरू उल्लिखित मानदण्डअनुरूप सही रूपमा हुन सकेको छैन। विभिन्न विद्युतीय सूचना प्रणालीहरूबिच एकआपसमा आवश्यकताअनुसार अन्तर आबद्धता पनि कायम गर्नुपर्दछ।
- नेपालको सरकारी आर्थिक प्रशासन प्रणालीतर्फ बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनमा तीनै तहका सरकारबिच समन्वय र एकरूपता कायम गर्न आवश्यक देखिन्छ। यसका लागि आधुनिक प्रविधिमा आधारित सूचना प्रणालीको अवलम्बन गरी एकीकृत वित्त व्यवस्थापन सूचना प्रणालीको विकास संगै सो लेखा प्रणालीको कार्यान्वयन गर्नुपर्दछ। सो प्रणालीबाटै लेखाका आधारभूत वित्तीय विवरण स्वचालित रूपमा तयार भई उपलब्ध हुने व्यवस्था गरिनुपर्दछ।

उल्लिखित बेहोरालगायत लेखाको सम्बन्धमा देखिन आएका कतिपय बेहोरालाई महालेखापरीक्षकले आफ्नो २०८१ को वार्षिक प्रतिवेदनको महत्त्वपूर्ण सुझावको रूपमा समेत प्राथमिकतामा राखी उल्लेख गरेकोले माथि उल्लिखित सुझावहरूलाई मध्यनजर गर्दै सुधारका कार्यक्रमलाई अगाडि बढाउन जरुरी छ।

बर्तमान सरकारी लेखाको बाह्य क्षेत्रबाट प्रशंसा गरिएको पनि पाइएको छ। विश्व बैङ्कले नेपालको लेखा प्रणाली उत्कृष्ट रहेको बताएको छ। अनलाइन खबर (२०८० चैत १२)। उक्त बैङ्कको उपाध्यक्ष एवं फाइनान्स र अकाउन्ट हेर्ने निर्देशक पामेला ओ कोनेलले तत्कालीन अर्थमन्त्रीसँग भेट गर्दा नेपालको लेखा प्रणाली विश्वसनीय र व्यवस्थित रहेको बताएकी थिइन्। "मैले केही दिन अघि महालेखापरीक्षकको कार्यालय र कोष तथा लेखा नियन्त्रण कार्यालयको भ्रमण गरेकी थिएँ", उनले भनिन्, "नेपालको लेखा प्रणाली विश्वसनीय र उत्कृष्ट रहेको पाएँ।" लेखा प्रणालीमा अपनाइएको पेपरलेस पद्धतिले सुशासनका लागि प्रभावकारी कामगर्ने उनको भनाइ थियो।

तत्कालीन मन्त्रीले राजस्व र लेखामा कम्प्युटरमा हिसाब राख्ने प्रविधि लागु गरेको स्मरण गर्दै परिवर्तित सन्दर्भमा थप प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने गरी सुधार भइरहेको बेहोरा उल्लेख गर्दै नेपालको खर्च गर्ने क्षमता बढाउनुपर्ने आवश्यकता रहेको भन्दै त्यसका लागि जनशक्ति विकाससहित कार्यशैली सुधारका काम गर्ने कार्ययोजना बनाएको जानकारी दिएका थिए।

सुधार एउटा निरन्तर चलिरहने प्रक्रिया हो। नेपालको हालको सरकारी क्षेत्रको लेखा प्रणाली वि.सं. २०१८ देखि लागु भएदेखि विभिन्न समयमा यसमा सुधार हुँदै आएको छ। सुधारमा कहिल्यै पूर्ण विराम लाग्न हुँदैन भन्ने गरिन्छ। अतः सरकारी क्षेत्रको वर्तमान लेखा प्रणालीमा पनि समय सापेक्ष सुधार गर्दै यसलाई अझै उत्कृष्ट प्रणालीको रूपमा विकास गर्नु अहिलेको आवश्यकता हो।

सन्दर्भ सामग्री

- सरकारी लेखा प्रणाली सञ्चालन CGAS पुस्तिका, महालेखा नियन्त्रक कार्यालय, २०७७
- सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन, अर्थ मन्त्रालय, २०७५
- नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति, २०७२
- लेखा निर्देशिका २०७३, महालेखा नियन्त्रक कार्यालय, २०७३
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- महालेखापरीक्षकको एकसट्ठिऔँ प्रतिवेदन, २०८१ महालेखापरीक्षकको कार्यालय
- PEFA सचिवालय, महालेखा नियन्त्रक कार्यालय, PEFA ASSESSMENT REPORT २०२४
- Principles of Accounting – Yadav R Koirala and Others 2075
- राजस्व र लेखा परीक्षणसम्बन्धी पत्रिकामा प्रकाशित सान्दर्भिक लेखहरू
- महालेखा नियन्त्रक कार्यालयको वेभसाइटमा राखिएका सामग्री
- अन्य वेभसाइटमा राखिएका अन्य सामग्री

वित्तीय बौद्धिकता (Financial Intelligence)



*- महेश्वर काफ्ले**

सारांश

वित्तीय बौद्धिकता भनेको वित्तीय व्यवस्थापनको ज्ञान, कला, सीप र व्यवहारको संयोजन गरी वित्तीय लक्ष्य हासिल गर्ने कला हो। वित्तीय बौद्धिकताको क्षेत्रहरू वित्तीय स्रोत पहिचान, सङ्कलन, वर्गीकरण तथा खर्चको प्राथमिकता, बाँडफाँट, उपयोग, उपलब्धि, उपलब्धिको वितरण तथा पुनर्वितरणलगायतका विषयहरू हुन्। यसका विषयहरू गतिशील भएकोले विभिन्न परिवेश र अवस्थामा एउटै सूत्र र उपाय सफल नहुन पनि सक्दछ, तथापि यसमा केन्द्रित रही सामान्य वित्तीय परिचालन र उपयोगमा सान्दर्भिक हुने केही क्षमताहरू छन्, जुन जुनसुकै परिवेशमा पनि उपयोगसिद्ध हुन्छन्। यस्ता उपयोगसिद्ध लाभहरू हासिल गर्न वित्तीय व्यवस्थापनमा संलग्न व्यवस्थापक र सम्बन्धित जनशक्तिको क्षमता विकास जरुरी हुन्छ। यसका बहुआयामिक फाइदाहरू र सबल पक्षहरूलाई आत्मसाथ गर्दै निरन्तर शिक्षामा ध्यान दिने, वित्तीय ज्ञान अभिवृद्धि गर्ने, वित्तीय योजना क्षमता विकास गर्ने, बचत तथा लगानी प्रवर्धन गर्ने, खर्च प्रणालीमा सुधार गर्ने, वित्तीय व्यवस्थापन र उपयोग क्षमता बढाउने कार्यमा जोड दिनुपर्दछ। वित्तीय बौद्धिकता कायम गर्नका लागि वित्तीय रणनीतिक योजना तयार गर्ने, वित्तीय अवस्थामा मापन गर्न सूचक तयार गर्ने, जोखिम व्यवस्थापन रणनीति तर्जुमा गरी कायान्वयन गर्ने, उपयुक्त लगानी वातावरण तयार गर्ने, नगद प्रवाह व्यवस्थापन गर्ने, लागत नियन्त्रण गर्ने, प्रभावकारी प्रतिवेदन प्रणाली तयार गर्ने, सूचना सञ्चार तथा समन्वय व्यवस्था प्रभावकारी बनाउने, शासकीय प्रबन्ध र विश्वसनीय नियमन प्रणाली कार्यान्वयन गर्ने, कार्यसम्पादन मापन प्रणाली प्रभावकारी बनाई समग्र वित्तीय कार्य सञ्चालनप्रणालीमा सुधार गर्नुपर्दछ।

वित्तीय बौद्धिकता भनेको के हो? यसका क्षेत्रहरू के के हुन्? वित्तीय बौद्धिकता क्षमता विकासका आधार के के हुन्? वित्तीय बौद्धिकता कसरी कायम गर्न सकिन्छ? यसका जोखिम के के हुन्? सुधारका पक्ष के के हुन्? यस्तै प्रश्नहरूलाई समेटी प्रस्तुत लेख तयार गरिएको छ।

वित्तीय बौद्धिकता

वित्तीय बौद्धिकता भनेको वित्तीय व्यवस्थापनको ज्ञान, कला, सीप र व्यवहारको संयोजन गरी वित्तीय लक्ष्य हासिल गर्ने कला हो। सार्वजनिक प्रशासनमा वित्तीय व्यवस्थापनले रक्तसञ्चारको काम गर्दछ। रक्तसञ्चाररूपि वित्तीय व्यवस्थापन उपयुक्त किसिमले हुन सकेन भने समग्र सार्वजनिक प्रशासन नै सफल हुन नसक्ने, सेवा प्रवाह अवरुद्ध हुने, विकास निर्माणका कामले तीव्रता नपाउने हुँदा वित्तीय व्यवस्थापन उपयुक्त किसिमले गर्नुपर्दछ। उपयुक्त वित्तीय व्यवस्थापनका लागि वित्तीय बौद्धिकता आवश्यक पर्दछ भन्ने अवधारणा विकास भएको पाइन्छ।

* पूर्व उप-महालेखापरीक्षक

वित्तीय बौद्धिकता परिभाषा

वित्तीय बौद्धिकताका सम्बन्धमा विभिन्न विद्वान्हरूले परिभाषा दिएका छन्। वित्तीय बौद्धिकताका केही परिभाषाहरू देहायमा प्रस्तुत गरिएको छः

Flex Akihnibi का अनुसार "Financial Intelligence is the ability to understand and effectively manage one's financial affairs. It involves a combination of knowledge, skills and attitudes that enable individuals to make informal and formal decisions about their financial resources both in present and in the future."

Wolters Kluwer का अनुसार "Financial Intelligence commonly refers to the ability of execution and enhance the capacity of employee to understand and execute on accounting principles."

Robert Kiyosaki का अनुसार "Financial Intelligence is a synergy of accounting, investing, marketing and law. Combine those four technical skills and making money with money is easier than most people would believe."

English Oxford Dictionary का अनुसार "Generally speaking business intelligence is an umbrella term that includes any initiatives that allow an organization to assess business performance through the use of key matrics, helping leadership make more informed decision."

Wikipidiya का अनुसार "Financial Intelligence is the gathering of information about the financial affairs of entities of interest to understand their nature and capabilities, and predict their intention."

उपर्युक्त परिभाषाका आधारमा वित्तीय बौद्धिकताले वित्तीय व्यवस्थापनका विभिन्न पक्षहरूको ज्ञान, सीप, कला र व्यवहारको संयोजन क्षमता विकास गरी प्राविधिक, सैद्धान्तिक र व्यवस्थापकीय पक्षका आधारमा वित्तीय निर्णयहरू लिन, लगानीको अपेक्षित प्रतिफल सुनिश्चित गर्न तथा प्रभावकारी खर्च प्रणाली कायम गरी उपयुक्त वित्तीय व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्न गराउन सघाउ पुऱ्याउने कार्यमा यसको महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

वित्तीय बौद्धिकताका क्षेत्रहरू

वित्तीय बौद्धिकताको क्षेत्र व्यापक छ। वित्तीय स्रोत पहिचान, सङ्कलन, वर्गीकरण तथा खर्चको प्राथमिकता, बाँडफाँट, उपयोग, उपलब्धि, उपलब्धिको वितरण तथा पुनर्वितरणलगायतका विषयहरू यसका क्षेत्रहरू हुन्। यस्ता क्षेत्रहरूलाइ वर्गीकरण गरी देहायबमोजिम प्रस्तुत गरिएको छः

- **वित्तीय योजनाः** यसअन्तर्गत वित्तीय व्यवस्थापनका अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन वित्तीय योजनाहरू तर्जुमा गर्ने, कार्यान्वयन रणनीति तथा कार्यनीति तय गर्ने, वित्तीय कार्यक्रम कार्यान्वयन ढाँचा तयार गर्ने लगायतका कार्यहरू पर्दछन्।
- **वित्तीय अनुमानः** यसमा मुख्यतः वित्तीय स्रोत पहिचान, सङ्कलन, वर्गीकरण, बाँडफाँट, खर्चका प्राथमिकता, खर्चको मापदण्ड, स्रोत उपयोग, न्यूनतम स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्नेलगायतका बौद्धिक क्षमताका विषय पर्दछन्। यसअन्तर्गत लगानीबाट प्राप्त उपलब्धि, उपलब्धिको वितरण तथा पुनर्वितरणलगायतका कार्यसमेत पर्दछन्।

- **वित्तीय लगानीः** यसमा मुख्यतः उपलब्ध स्रोत साधनको बुद्धिमत्तापूर्वक लगानी गर्ने, प्रतिफलयुक्त क्षेत्रहरू पहिचान गर्ने, लगानी तथा प्रतिफल विश्लेषण गर्ने, लगानीबाट अधिकतम प्रतिफल प्राप्त गर्नका लागि रणनीतिहरू तय गर्ने, लगानीका वातावरण तयार गर्नेलगायतका विषयहरू पर्दछन्।
- **ऋण व्यवस्थापनः** असीमित आवश्यकताहरू सीमित स्रोत साधनबाट पूरा गर्न कठिन हुने हुँदा घाटा बजेटको अबधारणा कार्यान्वयनमा आएको हो। घाटा बजेट पूर्ति गर्ने विभिन्न स्रोतमध्ये आन्तरिक र बाह्य ऋण पनि एक स्रोत हो। यस्तो आन्तरिक तथा बाह्य ऋण व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउने, कम लागतमा कसरी स्रोत सङ्कलन गर्ने, सङ्कलित ऋणलाई कसरी प्रभावकारी रूपमा उपयोग गर्ने भन्नेलगायतका विषयहरू यसअन्तर्गत पर्दछन्।
- **वित्तीय लेखाङ्कन तथा प्रतिवेदनः** वित्तीय व्यवस्थापनको महत्त्वपूर्ण क्षेत्र वित्तीय लेखाङ्कन र प्रतिवेदन प्रणाली हो। यसमा मुख्यतः वित्तीय आय तथा व्ययका मापदण्ड तथा प्रचलित ऐन कानुनको आधारमा लेखाङ्कन गरी नियमित रूपमा आवधिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने, सार्वजनिक गर्ने तथा अभिलेखाङ्कन गर्ने कार्य गरिन्छ।
- **जोखिम व्यवस्थापनः** वित्तीय व्यवस्थापनसँग अन्तरसम्बन्धित वित्तीय जोखिमहरू, वित्तीय जिम्मेवारिता र जवाफदेहिता पालना गर्ने सन्दर्भमा आउन सक्ने समस्या, चुनौती, कानुनी संरचना र पालनास्थिति, लक्षित उद्देश्य र यथार्थ उपलब्धिबिच समायोजनलगायतका विषयमा केन्द्रित रही सम्भावित समस्या र चुनौतीहरू न्यूनीकरण गर्न गरिने प्रयासहरूको व्यवस्थापनसँग सम्बन्धित विषयहरू यसअन्तर्गत पर्दछन्।
- **वित्तीय अनुशासनः** स्रोत प्राप्ति तथा उपयोगका सम्बन्धमा कानुन, मापदण्ड तथा प्रणालीको विकास गरी अवलम्बन गर्ने तथा जिम्मेवारी र जवाफदेहिता पूरा गर्ने र सो कुराको सुनिश्चितता नै वित्तीय अनुशासन भएकोले वित्तीय बौद्धिकताको अर्को महत्त्वपूर्ण क्षेत्र वित्तीय अनुशासन रहेको छ।

वित्तीय बौद्धिकताका लागि क्षमता विकास

वित्तीय बौद्धिकताका विषयहरू गतिशिल छन। विभिन्न परिवेश र अवस्थामा एउटै सूत्र र उपाय सफल नहुन पनि सक्दछन्। तथापि, वित्तीय परिचालन र उपयोगमा सान्दर्भिक हुने केही क्षमताहरू छन् जुन जुनसुकै परिवेशमा पनि उपयोगसिद्ध हुन्छन्, त्यस्ता उपयोगी क्षमता विकासका पक्षहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

- **योजना तथा सङ्गठन गर्ने क्षमताः** वित्तीय व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वित्तीय योजना तथा सङ्गठन र जनशक्तिको आवश्यकता पर्दछ। वित्तीय योजना तयार भएपछि सोको कार्यान्वयनका लागि सङ्गठन र सङ्गठनलाई चलायमान बनाउन जनशक्तिको आवश्यकता पर्दछ। वित्तीय दक्षता तथा कुशलता कायम गर्न उपयुक्त वित्तीय योजना तर्जुमा, सङ्गठन विकास र दक्ष जनशक्ति तयार गरी वित्तीय बौद्धिकता कायम गर्ने गरी क्षमता विकास गरिनुपर्दछ।
- **ग्रहण तथा अवलम्बन गर्ने क्षमताः** वित्तीय योजना कार्यान्वयन गर्ने सन्दर्भमा आउन सक्ने विभिन्न चुनौती, जोखिम र समस्याहरूका सन्दर्भमा तिनको उपयोगसिद्ध व्यवस्थापन अनिवार्य हुन्छ र

यसका लागि सम्बन्धित विभिन्न पक्षहरूको सुझाव, सहयोग र समन्वय आवश्यक हुन्छ। यस्ता सुझाव, सहयोग र समन्वयको ग्रहणशीलता र अवलम्बन क्षमता विकास गरिनुपर्दछ।

- **सूचना सञ्चार तथा समन्वय क्षमताः** वित्तीय व्यवस्थापनका योजना, रणनिति, कार्यनीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न, सङ्गठन तथा जनशक्ति विकास गर्न, वित्तीय व्यवस्थापनका गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्न आन्तरिक तथा बाह्य सरोकारवालाहरूबिच सूचना सञ्चार तथा समन्वयको प्रभावकारी व्यवस्थापन आवश्यक हुने भएकोले यससँग सम्बन्धित क्षमता विकास जरुरी छ।
- **समस्या समाधान गर्ने क्षमताः** वित्तीय व्यवस्थापन एक गतिशील कार्य भएकोले वित्तीय व्यवस्थापनका योजना, रणनिति, कार्यनीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न समस्याहरूको सामना गर्नुपर्ने हुन्छ। यस्ता समस्याहरूको तत्काल समाधान नगर्ने हो भने धेरै ठुलो वित्तीय सङ्कट बेहोर्नुपर्ने भएकोले तत्काल समस्या समाधान गर्न सक्ने संयन्त्र तयार गर्ने तथा समस्या समाधान क्षमता विकास आवश्यक छ।
- **स्रोत बाँडफाँट, वितरण तथा पुनर्वितरण क्षमताः** वित्तीय बौद्धिकताको मुख्य क्षेत्र स्रोत बाँडफाँट, वितरण तथा पुनर्वितरणमा दक्षता कायम गर्नुपर्ने भएकोले वित्तीय व्यवस्थापनमा संलग्न व्यवस्थापक तथा जनशक्तिको स्रोत बाँडफाँट, वितरण तथा पुनर्वितरणमा दक्षता कायम गर्ने गरी क्षमता विकास गरिनुपर्दछ।

वित्तीय बौद्धिकताका फाइदा

वित्तीय बौद्धिकताका माध्यमबाट वित्तीय स्रोत पहिचान, सङ्कलन, वर्गीकरण तथा खर्चको प्राथमिकता, बाँडफाँट, उपयोग, उपलब्धि, उपलब्धिको वितरण तथा पुनर्वितरणलगायतका विषयहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सघाउ पुग्ने भएकोले यसका फाइदाहरू असीमित छन्। यस्ता फाइदाहरूमा मुख्यतः वित्तीय स्थिरता र सुरक्षा, प्रभावकारी वित्तीय व्यवस्थापन, वित्तीय निर्णयमा सहजता, वित्तीय विश्वसनीयतामा अभिवृद्धि, लक्षित वित्तीय उपलब्धि हासिल, वित्तीय अनुशासन कायम, वित्तीय साख अभिवृद्धि आदि रहेका छन्। वित्तीय बौद्धिकताका माध्यमबाट यस्ता फाइदाहरू लिन सक्नुपर्दछ।

वित्तीय बौद्धिकताका जोखिम

वित्तीय बौद्धिकताका जोखिमहरूमा वित्तीय योजनाको अभाव हुनु, वित्तीय लगानी र प्रतिफलको सुनिश्चितता नहुनु, उच्च वित्तीय जोखिम कायम रहनु, वित्तीय प्रणालीको कार्यान्वयन पक्ष कमजोर हुनु, वित्तीय प्राथमिकता निर्धारण हुन नसक्नु, स्रोत प्राप्ति र उपयोग पक्ष कमजोर रहनु, वित्तीय अनुशासनहीनता आदि रहेका छन्। यस्ता जोखिमहरू न्यूनीकरण गर्दै प्रभावकारी वित्तीय बौद्धिकताका साथ वित्तीय व्यवस्थापन गरिनुपर्दछ।

वित्तीय बौद्धिकता कायम गर्ने उपाय

वित्तीय बौद्धिकताका सवल पक्षहरूलाई आत्मसाथ गर्दै यसका जोखिमहरूमा न्यूनीकरण गर्ने, निरन्तर शिक्षामा ध्यान दिने, वित्तीय ज्ञान अभिवृद्धि गर्ने, वित्तीय योजना क्षमता विकास गर्ने, बचत तथा लगानी प्रवर्धन गर्ने, खर्च प्रणालीमा सुधार गर्ने, वित्तीय व्यवस्थापन र उपयोग क्षमता बढाउने, वित्तीय जोखिम

न्यूनीकरण गर्ने, वित्तीय अनुशासन कायम गर्ने, स्रोतको वितरण र पुनर्वितरणमा दक्षता कायम गर्ने, वित्तीय नतिजा प्राप्तिको सुनिश्चितता कायम गर्नेलगायतका काममा दक्षता, क्षमता अभिवृद्धि गर्दै वित्तीय बौद्धिकता कायम गर्न सकिन्छ।

नेपालको सन्दर्भमा वित्तीय बौद्धिकता

नेपालमा सङ्घीय, प्रदेश र स्थानीय तहका सरकार रहेका छन्। तीनवटै सरकारले वित्तीय व्यवस्थापन गर्न आ-आफ्नो आर्थिक कार्य प्रणाली सञ्चालन गरेका छन् भने सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व दाखिला गर्न र खर्च गर्न सञ्चितकोष सञ्चालन गरेका छन्। वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत एवं कानुनी, संस्थागत तथा प्रक्रियागत व्यवस्था अवलम्बन गरिएको छ। बजेट प्रणाली, खर्च व्यवस्थापन, प्रतिवेदन प्रणाली, लेखा तथा लेखापरीक्षण व्यवस्था, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण व्यवस्था अवलम्बन गरिएको छ भने यस्ता कार्यसँग सम्बन्धित पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट छ। वित्तीय व्यवस्थापन सञ्चालन गर्ने पदाधिकारीको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम सञ्चालन गर्ने व्यवस्था छ। यस हिसाबबाट नेपालमा वित्तीय बौद्धिकताका क्षेत्रमा निकै ठुलो उपलब्धि रहेको मान्न सकिन्छ। तथापि, वित्तीय बौद्धिकताको ग्रहणशीलता तथा उपयोग पक्ष कमजोर रहेको देखिन्छ। बिनियोजन दक्षता न्यून छ, वित्तीय स्रोत पहिचान, सङ्कलन, वर्गीकरण तथा खर्चको प्राथमिकता, बाँडफाँट, उपयोग, उपलब्धि, उपलब्धिको वितरण तथा पुनर्वितरण कार्यमा मितव्ययिता कायम हुन सकेको छैन। बजेट पूर्वानुमान हुन नसकेको, लगानी वातावरण नभएको, सूचना सञ्चार तथा समन्वय व्यवस्था प्रभावकारी नभएको पाइन्छ। खर्चमा पूर्ण पारदर्शिता छैन। प्रतिवेदन प्रणाली भरपर्दो र विश्वसनीय हुन सकेको छैन। वित्तीय अनुशासन पक्ष कमजोर रहको छ। प्रतिवर्ष बेरुजु बढिरहेको छ। राजस्व बक्यौता वृद्धि हुँदै गएको छ। सार्वजनिक खरिद व्यवस्थापन मितव्ययी, प्रतिस्पर्धी, पारदर्शी हुन सकेको छैन। जिम्मेवारी र जवाफदेहिता कमजोर रहेको छ। यसबाट पनि नेपालमा वित्तीय बौद्धिकताको कार्यान्वयन पक्ष कमजोर रहेको पाइन्छ।

नेपालको सन्दर्भमा वित्तीय बौद्धिकता कायम गर्न गर्नुपर्ने सुधार

वित्तीय बौद्धिकता कायम गर्नका लागि वित्तीय रणनीतिक योजना तयार गर्ने, वित्तीय अवस्था मापन गर्न सूचक तयार गर्ने, बजेट पूर्वानुमान गर्न सकिने बनाउने, जोखिम व्यवस्थापन रणनिति तर्जुमा गरी कायान्वयन गर्ने, उपयुक्त लगानी वातावरण तयार गर्ने, नगद प्रवाह व्यवस्थापन गर्ने, लागत नियन्त्रण गर्ने, प्रभावकारी प्रतिवेदन प्रणाली तयार गर्ने, सूचना सञ्चार तथा समन्वय व्यवस्था प्रभावकारी बनाउने, शासकीय प्रबन्ध र विश्वसनीय नियमन प्रणाली कार्यान्वयन गर्ने, कार्यसम्पादन मापन प्रणाली प्रभावकारी बनाउने लगायतका कार्यमार्फत समग्र वित्तीय कार्य सञ्चालनप्रणालीमा सुधार गरी वित्तीय बौद्धिकता कायम गर्न सकिन्छ।

निष्कर्ष

वित्तीय बौद्धिकता एक बहुआयामिक वित्तीय कला हो जसमा वित्तीय साक्षरता, वित्तीय विश्लेषणका अवयवहरू, जोखिम व्यवस्थापन, निर्णय क्षमता, स्रोत प्राप्ति र उपयोग क्षमता, स्रोत वितरण तथा उपलब्धिको पुनर्वितरणलगायत विषयहरू उपयुक्त ढङ्गले सञ्चालन गर्न ज्ञान सीप र व्यवहारको बुद्धिमत्तापूर्वक संयोजन गर्न प्रेरणा प्रदान गर्दछ। वित्तीय व्यवस्थापक एवं वित्तीय सञ्चालन प्रणालीमा आबद्ध जनशक्तिको वित्तीय

बौद्धिकता क्षमता विकासका माध्यमबाट वित्तीय स्थिरता, वित्तीय अनुशासन, वित्तीय जोखिम न्यूनीकरण, प्रभावकारी वित्तीय सूचना तथा सञ्चार, लक्षित वित्तीय उपलब्धि प्राप्तमा सघाउ पुऱ्याउँदछ। वित्तीय बौद्धिकता विकास गर्नका लागि निरन्तर शिक्षा, व्यावहारिक अनुभव, वित्तीय सिद्धान्त तथा मान्यताको अवलम्बन, वित्तीय अनुशासनको प्रतिबद्धता, उदारहणीय कार्यशैली अवलम्बन, जिम्मेवारीता र जवाफदेहिताको प्रवर्धन, समन्वयात्मक कार्य व्यवहारको आवश्यकता पर्दछ। वित्तीय बौद्धिकताका जोखिमहरूको न्यूनीकरण गरी यसका फाइदा पक्षको वकालत गर्ने, निरन्तर वित्तीय शिक्षामा जोड दिने, स्वनियमन, स्वनियन्त्रण, स्वअनुगमन पक्षमा ध्यान दिनेलगायतका कार्यबाट वित्तीय बौद्धिकताको पुनर्जागरण गर्न सकिन्छ।

सन्दर्भ सामग्री

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ र नियमावली, २०७७।
- नेपालमा वित्तीय सङ्घीयता, अवधारणा र अभ्यास, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८।
- An article on "The role of Financial Intelligence Quotient and Financial literacy for paving a path towards Financial wellbeing" by Algita Jureviciene, Jelena Stankeviciene, Daiva Jureviciene, Kamile Taujanskaite, Irena Danileviciene, Laura Gudelyte, at journal of Business, Economics and Management, Department of finance, Lithuania, 2023
- Free download book of "Financial intelligence, A manager's guide to knowing what the number really mean" By Karen Berman, Joe Knight with John CASE, Harvard Business review press, Boston Massachutts, USA 2013
- English Cambridge Dictionary 2081.8.10
- Wikipidia and Different related websites 2081.8.1 to 2081.8.12

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठन (ASOSAI) र नेपालको सहभागिता



*- श्रीकुमार राई**

परिचय

सरकारी लेखापरीक्षणको क्षेत्रमा आपसी सम्बन्ध विकास तथा एक आपसमा अनुभव, विचार तथा सीप आदानप्रदान गर्न सन् १९५३ मा विभिन्न ३४ वटा देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सहभागितामा क्युवाको राजधानी हवानामा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन, इन्टोसाई (INTOSAI) को स्थापना गरिएको थियो। हाल विश्वका सबै देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको प्रतिनिधित्व गर्दै एक स्वायत्त, स्वतन्त्र तथा गैर राजनीतिक छाता सङ्गठनको रूपमा इन्टोसाईले काम गर्दछ। यस सङ्गठनमा हाल १९५ पूर्ण सदस्य, ५ वटा एसोसियट सदस्य र २ आबद्ध (Affiliated) सदस्य रहेका छन्। संयुक्त राष्ट्र संघ वा यसको विशिष्टिकृत एजेन्सीको सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरू यस सङ्गठनको सदस्य बन्न सक्ने व्यवस्था छ। त्यसैगरी इन्टोसाईले क्षेत्रीयताको आधारमा आफ्ना सदस्यहरूको व्यावसायिक र प्राविधिक सहयोगलाई प्रवर्धन गर्ने उद्देश्यले विभिन्न समयमा स्थापना गरिएका क्षेत्रीय सङ्गठनहरूलाई स्वायत्त संस्थाको रूपमा मान्यता दिएको छ। ती क्षेत्रीय सङ्गठनहरूमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अफ्रिकी सङ्गठन (African Organization of Supreme Audit Institutions, AFROSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अरब सङ्गठन (Arab Organization of Supreme Audit Institutions, ARABOSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठन, एसोसाई (Asian Organization of Supreme Audit Institutions - ASOSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको क्यारेबियन सङ्गठन (Caribbean Organization of Supreme Audit Institutions - CAROSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको युरोपियन सङ्गठन (European Organization of Supreme Audit Institutions - EUROSAI) सर्वोच्च लेखापरीक्षण संस्थाहरूको ल्याटिन अमेरिकी तथा क्यारेबियन सङ्गठन (Organization of Latin American and Caribbean Supreme Audit Institutions - OLACEFS), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको प्यासिफिक सङ्गठन (Pacific Organization of Supreme Audit Institutions - PASAI) रहेका छन्। यस लेखमा एसिया क्षेत्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन - एसोसाई (ASOSAI) को बारेमा र यस सङ्गठनमा नेपालको सहभागिताको सम्बन्धमा सामान्य चर्चा गरिएको छ। साथै एसोसाईको हालसालै सम्पन्न सोह्रौं सभामा भएका गतिविधिहरूको संक्षिप्त जानकारीसमेत प्रस्तुत गरिएको छ।

एसोसाईको स्थापना, उद्देश्य र प्रमुख कार्यहरू

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (International Organization of Supreme Audit Institutions - INTOSAI) को विभिन्न ७ वटा क्षेत्रीय सङ्गठनहरू स्थापना भइ क्रियाशील रहेका

* नायब महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय

छन्। सन् १९७७को अक्टोबरमा पेरुको लिमामा भएको इन्टोसाईको नवौं अन्तर्राष्ट्रिय कंग्रेसको फिलिपिन्सको सर्वोच्च लेखापरीक्षण संस्था कमिसन अन अडिटका तत्कालीन अध्यक्ष फ्रान्सिस्को एस तान्तुइले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली सङ्गठन - एसोसाई (Asian Organization of Supreme Audit Instititions - ASOSAI) को स्थापना गर्न प्रस्ताव गर्नु भएको थियो। सन् १९७८ सेप्टेम्बरमा जर्मनीका अन्तर्राष्ट्रिय विकास संस्थाले आयोजना गरेको सेमिनारमा उपस्थित भएका ९ सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरूले एसोसाई चार्टरमा हस्ताक्षर गरेका थिए। सन् १९७९ मा भारतको नयाँ दिल्लीमा एसोसाईको प्रथम सभा भएको थियो जसमा अफगानिस्तान, बंगलादेश, भारत, इन्डोनेसिया, कोरिया, मलेसिया, नेपाल, सिंगापुर, थाइल्याण्ड, श्रीलंका र फिलिपिन्ससहित ११ वटा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको प्रतिनिधिहरू सहभागी थिए। हाल एसोसाईमा ४८ देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरू सदस्य रहेको छन्। यसको सदस्यहरूलाई चार्टर सदस्य, सदस्य र एसोसियट सदस्य गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ। एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठनको चार्टरको धारा १ अनुसार यसका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

- सार्वजनिक क्षेत्रको लेखापरीक्षण सम्बन्धी ज्ञान र अनुभवको आदान प्रदान तथा आपसी सहयोग र सहकार्यमा अभिवृद्धि गर्ने,
- लेखापरीक्षणको गुणस्तर र कार्यक्षमता अभिवृद्धि गर्न सरकारी लेखापरीक्षकहरूलाई तालिम तथा निरन्तर शिक्षा प्रदान गर्ने,
- सार्वजनिक क्षेत्रको लेखापरीक्षणको सूचना केन्द्रको रूपमा स्थापित हुने तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग क्षेत्रीय सम्पर्क कायम गर्ने,
- सर्वोच्च लेखापरीक्षण संस्थामा कार्यरत कर्मचारी र क्षेत्रीय समूहहरूबिच घनिष्ठ सहयोग र भातृत्व विकास गर्ने आदि।

उल्लिखित उद्देश्यहरू हासिल गर्न एसोसाईको बडापत्रको धारा २ बमोजिम सङ्गठनले निम्नानुसारका प्रमुख कार्यहरू सम्पादन गर्ने उल्लेख छ:

- सार्वजनिक क्षेत्रको लेखापरीक्षणको ज्ञान र अनुभवको आदान-प्रदानका लागि गोष्ठी तथा सम्मेलनहरूको आयोजना गर्ने,
- लेखापरीक्षण र सम्बन्धित क्षेत्रहरूमा अनुसन्धानलाई प्रोत्साहन र प्रवर्धन गर्न, अनुसन्धान पत्रहरू र व्यावसायिक लेखहरूको प्रकाशन गर्ने।

एसोसाईको सदस्यता - सङ्गठनको बडापत्रको धारा ३ बमोजिम एसोसाईको सदस्यतामा चार्टर सदस्यहरू, सदस्यहरू र सहयोगी सदस्यहरू हुने व्यवस्था छ। सङ्गठनको स्थापना हुँदा बडापत्रमा हस्ताक्षरकर्ताहरू चार्टर सदस्यहरू हुन्। इन्टोसाईका सदस्य भइसकेका एसोसाईको स्थापनापछि आबद्ध हुने एसियाली देशहरूका सर्वोच्च लेखापरीक्षण संस्थाहरू सदस्यको रूपमा रहन्छन्। एसोसाईको स्थापनापछि यसको सदस्यता हुन चाहने इन्टोसाईको सदस्यताको लागि निवेदन दिई प्रतीक्षामा रहेका एसियाली देशहरूका सर्वोच्च लेखापरीक्षण संस्थाहरूलाई एसोसिएट सदस्यको रूपमा रहन सक्ने व्यवस्था छ। सङ्गठनको सदस्यताको लागि प्रवेश शुल्कको रूपमा प्रत्येक राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाले अमेरिकी डलर पाँच सय र सदस्यको वार्षिक न्यूनतम अमेरिकी डलर पाँच सयमा नघट्ने गरी योगदान गर्नुपर्दछ।

एसोसाईको अङ्गहरू - सभा (Assembly), गभर्निङ बोर्ड (Governing Board), सचिवालय (Secretariate), लेखापरीक्षण समिति (Audit Committee) तथा क्षमता विकास प्रशासक (Capacity Development Administrator) लाई एसोसाईका प्रमुख अङ्गहरू मानिएका छन्।

क) **सभा (Assembly):** एसोसाईको सबैभन्दा ठुलो र सर्वाधिकार सम्पन्न अङ्ग सभा हो। सभामा एसोसाईका सबै सदस्यहरू प्रत्येक तीन वर्षमा भेला हुने प्रावधान छ। यसको प्रथम सभा भारतको नयाँ दिल्लीमा सन् १९७९ मा भएको थियो भने त्यसपछि क्रमशः दोस्रो सन् १९८२ मा गणतन्त्र कोरियाको सोलमा, तेस्रो सन् १९८५ मा जापानको टोकियोमा, चौथो सन् १९८८ मा इन्डोनेसीयाको बालीमा, पाँचौं सन् १९९१ मा चीनको बेइजिङ्गमा, छैठौं सन्१९९४ मा भारतको नयाँ दिल्लीमा, सातौं सन् १९९७ मा इन्डोनेसियाको जाकार्तामा, आठौं सन् २००० मा थाइल्याण्डको चियाङ माईमा, नवौं सन् २००३ मा फिलिपिन्सको मनिलामा, दशौं सन् २००६ मा चीनको साङघाईमा, एघारौं सन् २००९ मा पाकिस्तानको इस्लामाबादमा, बाह्रौं सन् २०१२ मा भारतको जयपुरमा, तेह्रौं सन् २०१५ मा मलेसियाको क्वालालम्पुरमा, चौंधौं सन् २०१८ मा भियतनामको हनोइमा र पन्ध्रौं सन् २०२१ मा थाइल्याण्डमा भर्चुअल माध्यमबाट सम्पन्न भएका छन्। त्यसैगरी सोह्रौं सभा भारतको नयाँ दिल्लीमा सन् २०२४ सेप्टेम्बर २१ देखि २७ सम्म सम्पन्न भएको छ। सभाले एसोसाईको उद्देश्यबमोजिम निम्नानुसारका कार्यहरू गर्दछः

- संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक ठानेका नीतिहरू तर्जुमा गर्ने,
- आफू मध्येबाट अध्यक्ष चयन गर्ने,
- गभर्निङ बोर्डका सदस्यहरूको चयन गर्ने,
- लेखापरीक्षण समिति गठन गर्न गभर्निङ बोर्डमा नभएका दुई सदस्यहरू चयन गर्ने,
- अर्को सभा आयोजना गर्ने सदस्य राष्ट्र चयन गर्ने, र
- सभा र सङ्गठनको अन्य नियमावली र कार्यविधि बनाउने।

ख) **गभर्निङ बोर्ड (Governing Board):** गभर्निङ बोर्ड सङ्गठनको सञ्चालक समिति समितिको रूपमा कार्यकारी संरचना हो। स्थापना कालमा ५ सदस्यीय गभर्निङ बोर्ड रहेको र सदस्य राष्ट्रहरूको संख्या बढेसँगै गभर्निङ बोर्डमा पनि क्रमशः ७, ९, ११ हुँदै १२ सदस्यीय भएको छ। तीन वर्षको लागि निर्वाचित हुने गभर्निङ बोर्डमा हाल निम्नानुसार बाह्र सदस्यहरू समावेश रहने व्यवस्था छः

- पछिल्लो आयोजना गर्ने राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्था - अध्यक्ष
- निवर्तमान अध्यक्ष/अघिल्लो सभा आयोजना गर्ने राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्था - सदस्य
- आगामी सभा आयोजना गर्ने राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्था - सदस्य
- निवर्तमान महासचिव रहेको राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्था - सदस्य
- सभाले क्षमता विकास कार्यक्रम वा तालिम प्रशासकको रूपमा छनौट गरेको राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्था - सदस्य
- एसोसाई जर्नलको प्रधान सम्पादक हुने राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्था - सदस्य
- सभाले सचिवालय रहने महासचिव निर्णय गरेको राष्ट्रको सर्वोच्च लेखापरीक्षक संस्था - सदस्य
- सभामा उपस्थित सदस्यहरूको ५१ प्रतिशत मतबाट निर्वाचित हुने ५ राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्थाहरू - सदस्य

गभर्निङ बोर्डले सभाले जारी गरेको नियम र ती नियमबमोजिम नीतिको कार्यान्वयन गर्दछ। गभर्निङ बोर्डले सभाको प्रत्येक बैठकमा आफ्नो गतिविधिको प्रतिवेदन पेस गर्दछ। गभर्निङ बोर्डको बैठक वर्षमा कम्तीमा एक पटक बस्दछ। हालसम्म गभर्निङ बोर्डमा रहेका देशहरू निम्नानुसार छन्:

सभा	स्थान र देश	सम्पन्न भएको साल	गभर्निङ बोर्डका पदाधिकारी तथा सदस्य राष्ट्रहरू
प्रथम	भारतको नयाँ दिल्ली	४-८ अक्टोबर १९७९	भारत (अध्यक्ष), फिलिपिन्स (महासचिव) , इन्डोनेसिया, कोरिया र मलेसिया गरी ५ सदस्यीय।
दोस्रो	गणतन्त्र कोरियाको सोल	५-९ अक्टोबर १९८२	कोरिया (अध्यक्ष) , मलेसिया (महासचिव), भारत, इन्डोनेसिया र जापान गरी ५ सदस्यीय।
तेस्रो	जापानको टोकियो	१५-२१ मे १९८५	जापान (अध्यक्ष), मलेसिया (महासचिव), भारत, इन्डोनेसिया, कोरिया, कुबेत र थाइल्याण्ड गरी ७ सदस्यीय।
चौथो	इन्डोनेसियाको बाली	६-१२ जून १९८८	इन्डोनेसिया (अध्यक्ष), मलेसिया (महासचिव), चीन, भारत, जापान, कोरिया र साउदी अरेबिया गरी ७ सदस्यीय।
पाँचौं	चीनको बेइजिङ्ग	२४-२८ अक्टोबर १९९१	चीन (अध्यक्ष), जापान (महासचिव), भारत, इन्डोनेसिया, कोरिया, साउदी अरेबिया र श्रीलंका गरी ७ सदस्यीय।
छैटौं	भारतको नयाँ दिल्ली	१४-१८ नोभेम्बर १९९४	भारत (अध्यक्ष), जापान (महासचिव), अष्ट्रेलिया, चीन, इन्डोनेसिया, कोरिया र साउदी अरेबिया गरी ७ सदस्यीय।
सातौं	इन्डोनेसियाको जकार्ता	१२-१६ मे १९९७	इन्डोनेसिया (अध्यक्ष), जापान (महासचिव), चीन, भारत, कोरिया, कुबेत, मलेसिया, साउदी अरेबिया र थाइल्याण्ड गरी ९ सदस्यीय।
आठौं	थाइल्याण्डको चियाङ माई	१६-२० अक्टोबर २०००	थाइल्याण्ड (अध्यक्ष), भारत (महासचिव), बंगलादेश, चीन, जापान, कोरिया, कुबेत, पाकिस्तान र फिलिपिन्स गरी ९ सदस्यीय।
नवौं	फिलिपिन्सको मनिला	२८ अप्रिल -२ सेप्टेम्बर २००३	फिलिपिन्स (अध्यक्ष), भारत (महासचिव), बंगलादेश, भुटान, चीन, जापान, मलेसिया, पाकिस्तान र साउदी अरेबिया गरी ९ सदस्यीय।
दशौं	चीनको साङघाई	१०-१६ सेप्टेम्बर २००६	चीन (अध्यक्ष), भारत (महासचिव), जापान, कोरिया, कुबेत, मलेसिया,पाकिस्तान, साउदी अरेबिया र टर्की गरी ९ सदस्यीय।
एघारौं	पाकिस्तानको इस्लामाबाद	११-१६ अक्टोबर २००९	पाकिस्तान (अध्यक्ष), कोरिया (महासचिव), भारत,, जापान, चीन, कुबेत, इन्डोनेसिया, बंगलादेश, टर्की, भियतनाम र इराक गरी ११ सदस्यीय।
बाह्रौं	भारतको जयपुर	३- मार्च २०१२	भारत (अध्यक्ष), कोरिया (महासचिव), जापान, चीन, बंगलादेश, मलेसिया, पाकिस्तान, फिलिपिन्स, रसिया, साउदी अरेबिया र थाइल्याण्ड गरी ११ सदस्यीय।
तेह्रौं	मलेसियाको क्वालालाम्पुर	७-१३ फेब्रुअरी २०१५	मलेसिया (अध्यक्ष), कोरिया (महासचिव), जापान (क्षमता विकास प्रशासक), भारत, इन्डोनेसिया,

सभा	स्थान र देश	सम्पन्न भएको साल	गभर्निङ बोर्डका पदाधिकारी तथा सदस्य राष्ट्रहरू
			नेपाल, पाकिस्तान, साउदी अरेबिया, थाइल्याण्ड, टर्की र भियतनाम गरी ११ सदस्यीय।
चौधौ	भियतनामको हनोइ	१९-२२ सेप्टेम्बर २०१८	भियतनाम (अध्यक्ष), चीन (महासचिव), जापान (क्षमता विकास प्रशासक), भारत (सम्पादक, एसियन जर्नल अफ गभर्नमेन्ट अडिट), बंगलादेश, इन्डोनेसिया, कोरिया, कुबेत, मलेसिया, नेपाल, रसिया र थाइल्याण्ड गरी १२ सदस्यीय।
पन्ध्रौ	थाइल्याण्ड (अनलाइन माध्यमबाट)	६-८ सेप्टेम्बर २०२१	थाइल्याण्ड (अध्यक्ष), चीन (महासचिव), जापान (क्षमता विकास प्रशासक), भारत (सम्पादक, एसियन जर्नल अफ गभर्नमेन्ट अडिट), भियतनाम, कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स, रसिया, साउदी अरेबिया र टर्की गरी १२ सदस्यीय।
सोह्रौ	भारतको नयाँ दिल्ली	२०२४	भारत (अध्यक्ष एवं सम्पादक, एसियन जर्नल अफ गभर्नमेन्ट अडिट), चीन (महासचिव), जापान (क्षमता विकास प्रशासक), थाइल्याण्ड (तत्कालीन अध्यक्ष) अजरबैजान, कजाखस्तान, कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स गरी १२ सदस्यीय।

हालसम्म एसोसाईको गभर्निङ बोर्डको अध्यक्ष भारत चार पटक, चीन, इन्डोनेसिया र थाइल्याण्ड दुई/दुई पटक, जापान, कोरिया, पाकिस्तान, मलेसिया र भियतनाम एक/एक पटक भइसकेका छन् भने सोह्रौं सभाबाट साउदी अरेबियाले सत्रौं सभाको आयोजकको रूपमा अध्यक्षता ग्रहण गरेको छ।

ग) **सचिवालय (Secretariat):** सचिवालयको नेतृत्व महासचिवले गर्दछ जो सभाले चयन गर्ने सदस्य राष्ट्रको सर्वोच्च लेखापरीक्षण संस्थाको प्रमुख हुनेछ। १६ औं सभाले चीनको सर्वोच्च लेखापरीक्षण संस्थालाई सचिवालयको रूपमा पुनर्नियुक्ति गर्ने निर्णय गरेको छ। सचिवालयले प्रशासनिक र वित्तीय व्यवस्थापन सम्बन्धी निम्न कार्यहरू गर्दछः

- सबै खाताहरू, रेकर्डहरू र फाइलहरू राख्ने,
- सदस्य राष्ट्रहरूको सर्वोच्च लेखापरीक्षण संस्थाहरूबिच निरन्तर सम्पर्क प्रदान गरी आवश्यक जानकारीको प्रसार गर्ने,
- प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखापरीक्षणको लागि लेखाको वित्तीय विवरण तयार गर्ने र पेस गर्ने,
- अन्य सम्बन्धित तोकिएका कार्यहरू सम्पादन गर्ने।

एसोसाईको स्थापना भएपछि हालसम्म फिलिपिन्स (पहिलो), मलेसिया (दोस्रोदेखि चौथो), जापान (पाचौंदेखि सातौं), भारत (आठौंदेखि दशौं), कोरिया (एघारौंदेखि तेह्रौं), चीन (चौधौंदेखि सोह्रौं) ले महासचिवको जिम्मेवारी निर्वाह गरेका छन्।

घ) **लेखापरीक्षण समितिः** एसोसाई सभाबाट निर्वाचित दुई सदस्य रहने गरी लेखापरीक्षण समिति गठन हुन्छ। यसले एसोसाईको लेखाको परीक्षण गरी प्रत्येक तीन वर्षमा सभामा प्रतिवेदन पेस गर्दछ। १६ औं सभाबाट इरान र भियतनामको सर्वोच्च लेखापरीक्षण संस्थाहरू आगामी तीन वर्षको लागि

लेखापरीक्षण समितिमा सर्व सम्मतिबाट निर्वाचित भएका छन्। लेखापरीक्षण समितिमा नेपाल आठौं सभाबाट एक कार्यकालको लागि निर्वाचित भएको थियो। एसोसाई स्थापना पश्चात् हालसम्म सम्पन्न सभाबाट लेखापरीक्षण समितिमा निर्वाचित देशहरू निम्नानुसार रहेका छन्:

सभा	लेखापरीक्षण समिति	सभा	लेखापरीक्षण समिति
प्रथम	बंगलादेश र जापान	द्वितीय	अष्ट्रेलिया र श्रीलंका
तृतीय	श्रीलंका र चीन	चौथौं	श्रीलंका र थाइल्याण्ड
पाँचौं	मलेसिया र थाइल्याण्ड	छैटौं	मलेसिया र थाइल्याण्ड
सातौं	श्रीलंका र फिलिपिन्स	आठौं	नेपाल र टर्की
नवौं	इन्डोनेसिया र टर्की	दशौं	जोर्डन र मंगोलिया
एघारौं	मंगोलिया र साउदी अरेबिया	बाह्रौं	जोर्डर्न र टर्की
तेह्रौं	जोर्डन र मलेसिया	चौधौं	कजाखस्तान र टर्की
पन्ध्रौं	अजरबैजान र कजाखस्तान	सोह्रौं	इरान र भियतनाम

ङ) **क्षमता विकास प्रशासक (Capacity Development Administrator):** क्षमता विकास प्रशासकले गभर्निङ बोर्डको निर्देशनमा र महासचिवसँग नजिकको सहकार्यमा एसोसाईको क्षमता विकास गतिविधिहरूको योजना, कार्यान्वयन र अनुगमन गर्नेछ। क्षमता विकास प्रशासकलाई गभर्निङ बोर्डले नियुक्त गर्दछ र गभर्निङ बोर्डको पदेन सदस्य हुन्छ। हाल जापानको लेखापरीक्षण बोर्ड एसोसाईको क्षमता विकास प्रशासक हो। एसोसाईको सोह्रौं सभाले जापानको लेखापरीक्षण बोर्डलाई नै क्षमता विकास प्रशासकको रूपमा निरन्तरता दिने निर्णय गरेको छ।

च) उल्लिखित संरचनाहरूको अतिरिक्त एसोसाईमा Environmental Auditing, Sustainable Development Goals, State Owned Enterprises, IT Audit and Data Analytics, Crisis Management Audit, Regional and Municipal Audit जस्ता विभिन्न विषयगत कार्य समूहहरू (Working Groups) रहेका छन्।

एसोसाईमा नेपालको सहभागिता

एसोसाईमा नेपालको सहभागिता चार्टर्ड सदस्यको रूपमा एसोसाईको स्थापना सन् १९७९ देखि नै निरन्तर रूपमा रहेको छ। हालसम्म नेपालले तेह्रौं र चौंधौं गरी दुई पटक मात्र बोर्ड सदस्यको रूपमा सहभागिता जनाएको छ भने बोर्डका पदाधिकारी अध्यक्ष तथा महासचिवलगायत अन्य नेतृत्वकारी निकायमा प्रतिनिधित्व गर्न सकेको छैन। त्यसैगरी आठौं सभाद्वारा एक पटक नेपाल एसोसाईको लेखापरीक्षण समितिमा निर्वाचित भएको थियो। एसोसाईको स्थापना पश्चात् नेपालको सहभागिता मुख्यत: तीन/तीन वर्षमा सम्पन्न हुने सभामा नियमित रूपमा सहभागी हुनु, गभर्निङ बोर्ड सदस्य हुँदा बोर्ड बैठकमा सहभागिता जनाउनु र एसोसाईद्वारा आयोजना हुने विभिन्न अनलाइन तथा स्थलगत क्षमता विकास कार्यक्रमहरूमा सहभागी हुनु रहेको छ। एसोसाईले आयोजना गर्ने तालिम तथा सेमिनारहरूमध्ये वातावरणीय लेखापरीक्षण सम्बन्धी सेमिनार, कार्यमूलक लेखापरीक्षण सम्बन्धी कार्यशाला, विभिन्न विषयमा आइडिआई-एसोसाईबिचको संयुक्त आयोजनामा हुने तालिम तथा कार्यशाला लगायत रहेका छन्। त्यसैगरी क्षमता विकास तथा ज्ञान आदानप्रदान सम्बन्धी इन्टोसाईका अन्य क्षेत्रीय सङ्गठनहरू युरोसाई, अरबोसाई, पासाईलगायतसँगको संयुक्त कार्यक्रममा समेत सहभागिता हुने गरेको छ।

नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयबाट एसोसाईको हालसम्मका सभाहरूमा देहायका पदाधिकारी तथा कर्मचारीहरूले सहभागिता जनाएका छन्:

सभा	स्थान र देश	सम्पन्न भएको साल	नेपालको तर्फबाट सहभागीहरू
प्रथम	४-८ अक्टोबर १९७९	भारतको नयाँ दिल्ली	१) महालेखापरीक्षक श्री रामप्रसाद जोशी
दोस्रो	५-९ अक्टोबर १९८२	गणतन्त्र कोरियाको सोल	विवरण उपलब्ध नभएको
तेस्रो	१५-२१ मे १९८५	जापानको टोकियो	१) महालेखापरीक्षक श्री नरकान्त अधिकारी २) नामलेप श्री नगेन्द्र बहादुर राजवंश
चौथो	६-१२ जून १९८८	इन्डोनेसियाको बाली	१) महालेखापरीक्षक श्री नरकान्त अधिकारी २) निर्देशक श्री बासुदेव लामिछाने
पाँचौं	२४-२८ अक्टोबर १९९१	चीनको बेइजिङ्ग	विवरण उपलब्ध नभएको
छैटौं	१४-१८ नोभेम्बर १९९४	भारतको नयाँ दिल्ली	१) महालेखापरीक्षक श्री विमलराज बस्नेत २) नामलेप श्री वासुदेव लामिछाने
सातौं	१२-१६ मे १९९७	इन्डोनेसियाको जकार्ता	विवरण उपलब्ध नभएको
आठौं	१६-२० अक्टोबर २०००	थाइल्याण्डको चियाङ माई	१) महालेखापरीक्षक श्री विष्णुबहादुर केसी २) नामलेप श्री योगेन्द्रराज जोशी
नवौं	२८ अप्रिल-२ सेप्टेम्बर २००३	फिलिपिन्सको मनिला	१) महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारी २) नामलेप श्री रमेशराज सत्याल
दशौं	१०-१६ सेप्टेम्बर २००६	चीनको साङघाई	२) महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारी ३) नामलेप श्री देवबहादुर बोहरा
एघारौं	११-१६ अक्टोबर२००९	पाकिस्तानको इस्लामावाद	विवरण उपलब्ध नभएको
बाह्रौं	३- मार्च २०१२	भारतको जयपुर	१) कावा महालेखापरीक्षक श्री खेमप्रसाद दाहाल २) उपमहालेखापरीक्षक श्री देवबहादुर बोहरा ३) निर्देशक श्री अशोककुमार कार्की
तेह्रौं	७-१३ फेब्रुअरी २०१५	मलेसियाको क्वालालाम्पुर	२) महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य ३) उपमहालेखापरीक्षक श्री सुकदेव खत्री ४) निर्देशक श्री अशोककुमार कार्की
चौधौं	१९-२२ सेप्टेम्बर२०१८	भियतनामको हनोइ	१) महालेखापरीक्षक श्री टंकमणी शर्मा दंगाल २) उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल ३) निर्देशक श्री चन्द्रकान्त भण्डारी
पन्ध्रौं	६-८ सेप्टेम्बर २०२१	थाइल्याण्ड (अनलाइन माध्यमबाट)	२) महालेखापरीक्षक श्री टंकमणी शर्मा दंगाल ३) उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल ४) नायव महालेखापरीक्षक श्री घनश्याम पराजुली ५) नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी ६) निर्देशक श्री सत्य नारायण थापा
सोह्रौ	२१-२७ सेप्टेम्बर २०२४	भारतको नयाँ दिल्ली	२) महालेखापरीक्षक श्री तोयम राया ३) उपमहालेखापरीक्षक श्री विन्दु विष्ट ४) नायव महालेखापरीक्षक श्री श्रीकुमार राई

एसोसाईको १६ औं सभामा नेपालको सहभागिता

पन्ध्रौं सभाका आयोजक थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था अध्यक्ष, चीनको सर्वोच्च लेखापरीक्षण संस्था महासचिव भएर भारतको सर्वोच्च लेखापरीक्षण संस्था नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालय आयोजक भएको सोह्रौ एसोसाई सभा भारतको राजधानी नयाँ दिल्लीमा सेप्टेम्बर २१ देखि २७, २०२४ सम्म आयोजना भएको थियो। सो सभा तथा नवौं एसोसाई सिम्पोजियममा नेपालको तर्फबाट

माननीय महालेखापरीक्षक श्री तोयम रायाको नेतृत्वमा उपमहालेखापरीक्षक श्री विन्दु विष्ट र नायब महालेखापरीक्षक श्री श्रीकुमार राई सहितको तीन सदस्यीय टोली सहभागी भएको थियो।



सेप्टेम्बर २१ देखि २३ सम्म गभर्निङ्ग बोर्डको ५९ औँ र ६० औँ बैठक तथा Working Committee, Strategic Plan Task Force, ASOSAI Capacity Development Committee बैठकहरू विगत तीन वर्षमा सम्पन्न क्रियाकलापहरूको प्रगति विवरण, एसोसाई रिसर्च प्रोजेक्ट लगायत १६ औँ सभामा पेस हुने विभिन्न प्रतिवेदनहरूको सम्बन्धमा छलफल भएको थियो। सेप्टेम्बर २३ साँझ भारतका नियन्त्रक तथा महालेखापरीक्षकको कार्यलयले सहभागी सबैका लागि रात्री भोजको आयोजना गरेको थियो। सेप्टेम्बर २४ मा भारतका सम्माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुद्वारा सभाको उद्घाटन कार्यक्रम रहेको थियो। सभामा एसोसाईका ४८ मध्ये ४४ सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा इन्टोसाई र आईडिआईका प्रतिनिधि लगायत २०१ जनाको सहभागिता रहेको थियो। इन्टोसाईका अध्यक्षका प्रतिनिधि Vital do Rego Filho, इन्टोसाई सचिवालयका प्रतिनिधि Dr.Ronald Roedl ले सभामा सम्बोधन गर्नुभएको थियो भने INTOSAI Capacity Development Committee का अध्यक्ष र EUROSAI का अध्यक्षद्वारा भिडियो सन्देशमार्फत कार्यक्रमको सफलताको शुभ-कामना व्यक्त गर्नुभएको थियो।

सभाले सन् २०२१ देखि २०२३ को वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदन, एसोसाई रणनीतिक योजना, Capacity Development Activities को प्रतिवेदन, ASOSAI Research Project को प्रतिवेदन, ASOSAI Journal को प्रतिवेदन लगायतका प्रतिवेदनहरू सर्व सम्मतिबाट पारित गऱ्यो। यस पटक ASOSAI Journal Award 2024 इन्डोनेसियाको सर्वोच्च लेखापरीक्षण संस्थालाई सन् २०२१ अप्रिलमा प्रकाशित Public Infrastructure Audit Strategy का लागि प्रदान गरियो। विगत तीन वर्षमा प्रकाशित भएका ७६ वटा लेख मध्ये उक्त लेखले सो पुरस्कार प्राप्त गरेको हो। यसैगरी अघिल्ला सभाबाट गठित भएका कार्य समितिहरूमध्ये Working Group on Environment Audit, ASOSAI working Group on Sustainable Development Goals, ASOSAI Working Group on crisis Management Audit सम्बन्धमा क्रमश: चीन, कोरिया र कुबेतद्वारा तयार गरिएको प्रतिवेदनहरू सभाबाट पारित भएका छन्।

आगामी तीन वर्षका लागि नयाँ कार्यसमिति गठन गर्ने सम्बन्धी प्रस्ताव ASOSAI Working Groups on State Owned Enterprises, ASOSAI Working Group on IT Audit and Data Analytics र ASOSAI

Working Groups on Regional and Municipal Audit क्रमश मलेसिया, भारत र रसियाको सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने र आगामी १७औँ सभा साउदी अरेबियाको सर्वोच्च लेखापरीक्षण संस्थाले आयोजना गर्ने प्रस्ताव पनि सभाले पारित गरेको छ। उक्त १६औँ सभाबाट भारतको नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालयले सन् २०२४ देखि २०२७ सम्मको लागि अध्यक्षता गर्ने गरी निर्वाचित भएको छ। सो पश्चात् एसोसाईको झण्डा अध्यक्ष थाइल्याण्डले वर्तमान नवअध्यक्ष भारतका नियन्त्रक एवं महालेखापरीक्षकलाई हस्तान्तरण गरी २४ सेप्टेम्बरमा कार्यक्रम समाप्त भयो।

एसोसाईको नवौं सिम्पोजियम: सेप्टेम्बर २५ मा एसोसाईको नवौं Symposium on Digital Public Infrastructure and Gender Divide- Issues of Inclusion and accessibility विषयमा हंगेरीका लागि भारतीय पूर्वराजदूत लक्ष्मी पुरीले विषयविज्ञको रूपमा आफ्नो प्रस्तुति राख्नुभएको थियो। उक्त Symposium मा इन्डोनेसिया, इजरायल, मलेसिया, ओमान र थाइल्याण्डका सर्वोच्च लेखापरीक्षण संस्थाहरूका प्रतिनिधिहरूले प्रस्तुतीकरण गर्नुभएको थियो। सोही दिन INTOSAI Development Initiatives IDI द्वारा "Matching SAI Needs with IDI Strategic Vision" विषयक कार्यक्रम राखिएको थियो। आईडिआईले Strategic Performance Management and Reporting, SAI PFM, MASTERY, PICTURE, Collaboration between SAI and Civil Society, Future SAI Audit, SAI Leadership and Stakeholder Interactions, System on Audit Quality Management, Robust Follow up System लगायतका ३२ वटा क्षेत्रहरूमध्ये आफ्नो सर्वोच्च लेखापरीक्षण संस्था (SAI) लाई कुन-कुन क्षेत्रमा कुन तहको (उच्च, मध्यम र न्यून) सहयोग आवश्यक छ भनी अनलाइन सर्वेक्षण गराएको थियो। २५ सेप्टेम्बर साँझ एसोसाईको सचिवालय (चीनको सर्वोच्च लेखापरीक्षण संस्था) को तर्फबाट सबै सहभागिहरूको लागि रात्रिभोजको आयोजना गरेको थियो। २६ सेप्टेम्बरमा आयोजकद्वारा सबै सहभागीहरूको लागि आग्रास्थित ताजमहल भ्रमण गराउने कार्यक्रम रहेको थियो।

एसोसाईको गभर्निङ बोर्डको निर्वाचन र दिल्ली घोषणा: २७ सेप्टेम्बरको कार्यक्रम India International Convention and Expo Centre द्वारकामा गरिएको थियो। उक्त दिन सन् २०२४ देखि २०२७ को गभर्निङ्ग बोर्डको सात सदस्यको चुनावको लागि मनोनयन दर्ता गराएका सर्वोच्च लेखापरीक्षण संस्थाहरू क्रमश: भुटान, पाकिस्तान, अजरबैजान, कजाकस्तान, कोरिया, मलेसिया, फिलिपिन्स र संयुक्त अरब इमिरेटस (UAE) को निर्वाचनको कार्यक्रम भयो। पपुवान्युगिनी र मौरिससका महालेखापरीक्षकलाई निर्वाचन मण्डलको रूपमा तोकिएको थियो। एक पटकमा पाँच जनाले मतदान गर्न पाउने गरी गोप्य मतदान स्थल निर्माण गरिएको थियो। उक्त मतदानबाट भुटान बाहेकका अन्य ७ वटा सर्वोच्च लेखापरीक्षण संस्थाहरू निर्वाचित भएका छन्। उक्त निर्वाचनपछि नयाँ गभर्निङ्ग बोर्डमा त्यसरी निर्वाचित भएका पाकिस्तान, अजरबैजान, कजाकस्तान, कोरिया, मलेसिया, फिलिपिन्स र संयुक्त अरब इमिरेटस (UAE) निवर्तमान अध्यक्ष वा एसोसाई जर्नलका सम्पादक राष्ट्र भारत, पूर्अध्यक्ष राष्ट्र थाइल्याण्ड, आगामी सभा आयोजना गर्ने राष्ट्र साउदी अरेबिया, क्षमता विकास प्रशासक राष्ट्र जापान र महासचिव राष्ट्र चीन, सर्वोच्च लेखापरीक्षण संस्थाहरू रहेका छन्। गभर्निङ बोर्ड र लेखापरीक्षण समिति दुवैमा उम्मेदवारी दिएको अजरबैजान गभर्निङ बोर्डमा निर्वाचित भएसँगै संस्थाको लेखापरीक्षण समितिमा इरान र भियतनामका सर्वोच्च लेखापरीक्षण संस्थहरू निर्विरोध निर्वाचित भएका थिए। मतदानपछि गभर्निङ्ग बोर्डका नवनियुक्त सदस्यहरूलाई बधाई दिई नयाँ दिल्ली घोषणा, २०२४ जारी गरी १६ औँ सभा सम्पन्न भयो।



गभर्निङ बोर्डको सदस्यहरूको निर्वाचनमा मतदान गर्नु हुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया

सारांश

सरकारी लेखापरीक्षणको क्षेत्रमा स्थापना भएका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनलाई संक्षिप्त रूपमा इन्टोसाई (INTOSAI) भनिन्छ भने एसियाली देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको साझा क्षेत्रीय सङ्गठनलाई (एसोसाई) भनिन्छ। यस्ता सङ्गठनहरूले सरकारी लेखापरीक्षणको क्षेत्रमा आपसी सम्बन्ध विकास तथा एक आपसमा अनुभव, विचार, ज्ञान, सीप आदिको आदान-प्रदान गर्न सहयोग गर्दछन्। एसोसाईको तीन-तीन वर्षमा आयोजना हुने सभामा नेपाल एसोसाईको चार्टर सदस्यको रूपमा रहेर पहिलोदेखि सोह्रौंसम्म निरन्तर रूपमा सक्रिय सहभागी हुँदै आएको छ। सभाले एसोसाईको कार्यकारी संरचना गभर्निङ बोर्डको निर्वाचन गर्ने, लेखापरीक्षण समिति गठन गर्ने, आगामी ३ वर्षको लागि अध्यक्ष र महासचिव तोक्ने, नयाँ नीति तथा कार्यक्रमहरू पारित गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ। नेपाल हालसम्म गभर्निङ बोर्डमा दुई पटक र लेखापरीक्षण समितिमा एक पटक सदस्यको रूपमा निर्वाचित भएको छ। एसोसाईबाट आयोजना हुने विभिन्न सेमिनार, गोष्ठी, तालिम तथा अध्ययन गतिविधिहरूमा समेत निरन्तर र नियमित रूपमा सहभागी हुँदै आएको छ। यस्ता क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूमा नेपालको सहभागिता र संलग्नता सुदृढ गर्न महालेखापरीक्षकको कार्यालयलाई अझै आर्थिक स्रोतको जरूरत पर्ने देखिन्छ। यसबाट कार्यालयका कर्मचारीहरूको क्षमता विकास हुनुका साथै नेपाल सङ्गठनको उच्च नेतृत्वमा पुग्न सक्ने देखिन्छ। द्विपक्षीय तथा बहुपक्षीय सहयोग तथा समन्वयको लागि यस्ता सङ्गठनहरूमा नेपालको संलग्नता र सहभागिता अझै अभिवृद्धि गर्न आवश्यक छ।

<u>सन्दर्भ सामग्री</u>

- इमो ल्युलाम, वर्ष २ अङ्क २, २०७९, किरात राई कर्मचारी मञ्च, काठमाडौं।

- नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति, काठमाडौं।
- पौडेल, महेश (२०७८), सार्वजनिक लेखापरीक्षण: सिद्धान्त, व्यवहार र अन्तर्राष्ट्रिय अभ्यास, ऐश्वर्य प्रकाशन प्रा.लि., नयाँबानेश्वर, काठमाडौं।
- लेखापरीक्षण पत्रिकाका विभिन्न अङ्कहरू, महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
- महालेखापरीक्षक कार्यालयको बुलेटिनका विभिन्न अङ्कहरू, महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
- https://www.asosai.org/
- https://www.intosai.org/
- https://oag.gov.np

वित्तीय सङ्घीयता - कानुनी व्यवस्था र कार्यान्वयन

*- घनश्याम पराजुली**

वित्तीय सङ्घीयताको परिचय

विश्वमा मुख्य रूपमा एकात्मक र सङ्घात्मक गरी दुई प्रकारका शासन प्रणालीहरू प्रचलनमा रहेका छन्। सङ्घात्मक शासन प्रणालीमा राज्यको शक्ति वा अधिकार (राजनीतिक, प्रशासनिक, वित्तीय) र जिम्मेवारीलाई सरकारका तहबिच बाँडफाँट गरिएको हुन्छ। सरकारका हरेक तहले आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दछन्। साविकमा लागु भएका संविधानहरूले नेपालमा एकात्मक शासन प्रणालीलाई आत्मसात गरेकोमा नेपालको अन्तरिम संविधान, २०६३ को पाँचौ संशोधनले समावेशी लोकतान्त्रिक सङ्घीय शासन प्रणाली अवलम्बन गर्ने व्यवस्था गरेको देखिन्छ। नेपालको संविधानले नेपाल सरकार, ७ प्रदेश सरकार र ७५३ स्थानीय तहबिच राज्यशक्ति र जिम्मेवारी बाँडफाँट गरेको छ।

वित्तीय सङ्घीयताले साधन स्रोतको परिचालन गर्ने अधिकारलाई व्यवस्थित गर्दछ। यसले सरकारका तहले सार्वजनिक वित्त (राजस्व, खर्च र ऋण) व्यवस्थापन गर्ने आधार प्रदान गर्दछ। यसले सरकारको तहलाई तोकिएका कार्य जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने साधनको व्यवस्थापन गर्ने संयन्त्रहरूलाई अधिकार र जिम्मेवारी प्रदान गर्दछ। यसमा सरकारका तहको खर्चको आवश्यकता र राजस्वको क्षमतालाई सन्तुलनमा राखी अर्को तहको सरकारसँगको निर्भरता घटाउने प्रयास गर्दछ। वित्तीय सङ्घीयताले मुख्य रूपमा खर्चको जिम्मेवारी, राजस्वको अधिकार, अन्तर सरकारी वित्तीय हस्तान्तरण र ऋणको अधिकारलाई समेटेको हुन्छ।

कानुनी व्यवस्था

नेपालको वित्तीय सङ्घीयतासँग सम्बन्धित कानुनी व्यवस्था निम्न रहेका छन्:

१. **नेपालको संविधान** - नेपालको संविधानको धारा ५६ मा राज्यको संरचना, धारा ५७ मा राज्य शक्तिको बाँडफाँट, धारा ५८ मा अवशिष्ट अधिकार, धारा ५९ मा आर्थिक अधिकारको प्रयोग र धारा ६० मा राजस्व स्रोतको बाँडफाँटसम्बन्धी व्यवस्था छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित छ। नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले नेपालको संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ।

   (क) सङ्घको अधिकार नेपालको संविधानको अनुसूची-५ मा उल्लिखित ३५ विषयमा, प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित २१ विषयमा, सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित २५ विषयमा, स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित २२ विषयमा र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित १५ विषयमा निहित रहने र यस्ता अधिकारको प्रयोग नेपालको संविधान र सङ्घीय कानुन

* नायब महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय

वा प्रदेश कानुन वा गाँउ सभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। साझा अधिकार सूचीमा उल्लिखित विषयमा प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी तथा गाउँ सभा वा नगर सभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्ने तथा बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ। यसै गरी सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएका वा नेपालको संविधान बमोजिम कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा सङ्घको अधिकार हुने व्यवस्था छ।

(ख) सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्दछन्। सङ्घले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागु हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्दछ। सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्दछ। यसै गरी त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई विवरण गर्नुपर्दछ। सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा अंश लगानी गर्न प्राथमिकता दिनु पर्दछ। देशको समष्टीगत आर्थिक स्थायित्व हुने गरी वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारमा छ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र राजस्व उठाउन सके पनि साझा सूची भित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले गर्ने व्यवस्था छ। नेपाल सरकारले सङ्कलन गरेको राजस्व सङ्घ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्नुपर्दछ। प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुन्छ। नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्दछ। प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्दछ।

सङ्घ, प्रदेश र स्थानीय तहबिच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्दछ। राजस्व बाँडफाँट गर्दा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको संभाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण, बञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने विषयहरूमा ध्यान दिनुपर्ने व्यवस्था छ।

(घ) सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था छ। नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरूबिच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषद्लाई नेपालको संविधान र सङ्घीय कानुन बमोजिम निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषद्को कर्तव्य हुन्छ। नेपाल सरकारले आफैं वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई नेपालको संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने तथा त्यस्तो निर्देशनको पालन गर्नु गाउँ वा नगर कार्यपालिकाको कर्तव्य हुन्छ।

(ङ) एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न नपाइने व्यवस्था छ।

२. **अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४ -** यस ऐनले नेपाल, सरकार प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासनसम्बन्धी व्यवस्था गरेको छ।

३. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ -** यस ऐनले नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने लगायतका व्यवस्था गरेको छ।

४. **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ -** नेपालको संविधानमा उल्लिखित प्रावधानहरूलाई कार्यान्वयन गर्न जारी भएको यो ऐनमा आयोगका अन्य काम, कर्तव्य र अधिकार, राय परामर्श, विशेषज्ञको सेवा, समिति वा कार्यदल गठन, समन्वय तथा सहकार्य, आयोगका काममा सहयोग, आयोगको कार्यालय र बैठक, प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार, राजस्वको बाँडफाँट गर्दा लिइने आधार, अनुदान सिफारिस गर्दा लिइने आधार, वार्षिक प्रतिवेदनलगायतका विषयलाई समेटेको छ।

५. **लेखापरीक्षण ऐन, २०७५** - महालेखापरीक्षकबाट राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकारलगायत सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण, लेखापरीक्षण सम्बन्धी तरिका, लेखापरीक्षण गर्ने विषय लगायतका व्यवस्था गरिएको छ। प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्ने र यसअनुसार जारी गरेको प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँ सभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था समेत रहेको छ।

६. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७** - सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक

कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी सङ्घीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टीगत आर्थिक स्थायित्व कायम गर्न र तीन तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न यो ऐन जारी भएको हो। प्रदेश तथा स्थानीय तहले आर्थिक कार्यविधि सम्बन्धी कानुन बनाउँदा यो ऐनको प्रतिकूल नहुने गरी बनाउनुपर्ने व्यवस्था छ। ऐनमा प्रदेश र स्थानीय तहको वित्तीय विवरण तथा एकीकृत वित्तीय विवरण तयारीसम्बन्धी व्यवस्था गरिएको छ। तीन तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ। प्रदेश तथा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। त्यस्तै प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्दछ।

७. **सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७** - नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न यो ऐन जारी भएको हो। यस ऐनमा सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धका आधार, कानुन वा नीति बनाउँदा विचार गर्नुपर्ने विषय, एकल तथा साझा अधिकारको कार्यान्वयन, सङ्घीय कानुनबाट व्यवस्थित हुने, प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्ने, समन्वय र परामर्श गर्ने, आयोजना तर्जुमा र कार्यान्वयन, सङ्घ, प्रदेश र स्थानीय कानुनको अध्ययन गर्ने, सङ्घ, प्रदेश तथा अन्तरप्रदेशबिचको विवाद, सङ्घीय एकाइबिच परामर्श तथा सम्पर्कलगायतका व्यवस्था गरिएको छ।

८. **सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र नियमावली, २०८०** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिसको सीमाभित्र रही नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले लिने आन्तरिक ऋणको व्यवस्थापन गर्ने जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई दिइएको छ। नेपाल सरकारले लिएको ऋणको व्ययभार सङ्घीय सञ्चित कोषमा हुने भए पनि नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तहको लागि कुनै विदेशी सरकार, विदेशी सरकारी बैङ्क वा वित्तीय संस्था वा एजेन्सीबाट लिएको ऋण रकमको व्ययभार सम्बन्धित प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोषमाथि हुन्छ। नेपाल सरकारले प्रचलित सङ्घीय कानुन बमोजिम प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिएको अवस्थामा त्यस्तो ऋणको व्यवस्थापन सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गर्दछ। प्रदेश वा स्थानीय तहले नेपाल सरकारबाट वा नेपाल सरकारको जमानतमा लिएको ऋण तिर्न नसकेमा नेपाल सरकारले त्यस्तो ऋणको साँवा र ब्याज बराबरको रकम प्रचलित कानुनबमोजिम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको रकमबाट कट्टा गर्न सक्दछ।

९. **विनियोजन ऐन** - सालवसाली रूपमा जारी हुने सङ्घीय विनियोजन ऐनमा अन्तरसरकारी वित्तीय हस्तान्तरण, योजना वा कार्यक्रम कार्यान्वयन, लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण, वित्तीय अनुशासन र अख्तियारी तथा कार्यक्रम स्वीकृतिसम्बन्धी व्यवस्था समावेश हुने गरेको छ।

राजस्वको अधिकार

नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६८ सम्म तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ एवं अनुसूची १ देखि ३ सम्म व्यवस्था भएका सङ्घ, प्रदेश र स्थानीय तहको राजस्वसम्बन्धी अधिकार क्षेत्र वा लगाउन सक्ने कर तथा गैर कर निम्नानुसार छन्:

सरकारको तह	नेपालको संविधान	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन
नेपाल सरकार	भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना।	कर (भन्सार महसुल, अन्त:शुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर) , गैर कर (राहदानी शुल्क, भिसा शुल्क, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, जुवा/चिठ्ठा क्यासिनो, दण्ड जरिबाना), सङ्घीय कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने अन्य कर तथा गैर कर। नेपाल सरकारले सङ्घीय कानुनबमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्दछ।
प्रदेश	घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना।	कर (घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर), गैर कर (सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिबाना) , प्रदेशको अधिकारक्षेत्रको विषयमा प्रदेश कानुन र अन्य कानुनअनुसार लगाइने अन्य कर तथा गैर कर।
स्थानीय तह	स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिबाना, मनोरञ्जन कर, मालपोत सङ्कलन।	कर (सम्पत्ति कर, घर बहाल कर, घर-जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, भूमि कर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर), गैर कर (सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिबाना), स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय कानुन र अन्य प्रचलित कानुनअनुसार लगाइने अन्य कर तथा गैर कर।
सङ्घ, प्रदेश र स्थानीय तह	सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क।	

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले लगाउन र उठाउन पाउने करसम्बन्धी कार्यविधि तोक्दै बहाल बिटौरी शुल्क, पार्किङ्ग शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा र व्यवसायमा सेवा शुल्क लगाउन पाउने अधिकार दिएको

छ। यसैगरी स्थानीय तहले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्रीबापतको रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने र सामुदायिक वन उपभोक्ता समितिले स्वीकृत वार्षिक कार्ययोजनाअनुसार वन पैदावारबापत प्राप्त रकमको १० प्रतिशत स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।

नेपालको संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुबैको अधिकारसूचीमा रहेका सवारीसाधन करको दर प्रदेशले लगाउने र उठाउने (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने), घर जग्गा रजिस्ट्रेसन शुल्को दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने, मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने र विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था छ। यसअनुसार उठाएको घर जग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर र विज्ञापन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्दछ। यसैगरी सवारीसाधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा दाखिला गरी साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिन्छ।

प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्दछ।

राजस्व बाँडफाँट

प्रदेश तथा स्थानीय तहका लागि राजस्व बाँडफाँटसम्बन्धी व्यवस्था निम्न रहेका छन्:

१. **मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट -** नेपाल सरकारले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्दा सङ्घीय विभाज्य कोषमा जम्मा गरी सत्तरी प्रतिशत नेपाल सरकारको सङ्घीय सञ्चित कोषमा पन्ध्र प्रतिशत प्रदेश विभाज्य कोषमा र पन्ध्र प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्दछ। यस अनुसार जम्मा भएको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिन्छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ मा आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबिच र प्रदेश तथा स्थानीय तहबिच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास तथा विशेष अवस्थाको आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्दछ। यसरी निर्धारण गरेका विस्तृत आधार र ढाँचा पाँच वर्षको लागि मान्य हुने भएकाले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने तर पहिलो पटक निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवश पाँच वर्ष अगावै पुनरावलोकन गरिदिन नेपाल सरकारले अनुरोध गरेमा पुनरावलोकन गरी सिफारिस गर्न सक्ने भएपनि पाँच वर्षमा एक पटकभन्दा बढी पटक पुनरावलोकन गर्न नसकिने व्यवस्था छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजस्व बाँडफाँट गर्दा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणलाई ६० प्रतिशत (कुल जनसङ्ख्या ७० प्रतिशत, आश्रित जनसङ्ख्या ३० प्रतिशत),

क्षेत्रफललाई (भूगोल) १५ प्रतिशत, मानव विकास सूचकाङ्कलाई ५ प्रतिशत, खर्चको आवश्यकतालाई ५ प्रतिशत, राजस्व सङ्कलनमा गरेको प्रयासलाई ३ प्रतिशत, पूर्वाधार विकासलाई १० प्रतिशत (सडकमा पहुँच ६० प्रतिशत, विद्युतमा पहुँच १० प्रतिशत, सूचना प्रविधिमा पहुँच १० प्रतिशत, खानेपानीमा पहुँच १० प्रतिशत, शौचालयको उपलब्धता १० प्रतिशत) र विशेष अवस्थालाई २ प्रतिशत (अपाङ्गता भएको जनसङ्ख्या २० प्रतिशत, आर्थिक सामाजिक असमानता ८० प्रतिशत) जस्ता आधार निर्धारण गरी सात प्रदेश र ७५३ स्थानीय तहका लागि राजस्व बाँडफाँटको हिस्सा तोक्ने गरेको छ।

२. **सवारीसाधन करको बाँडफाँट** - प्रदेशले लगाएको र उठाएको सवारीसाधनबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरी प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा र स्थानीय तहले पाउने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको छ। स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्दा जनसङ्ख्यालाई ४५ प्रतिशत, सडकको लम्बाईलाई ४५ प्रतिशत र वनले ढाकेको क्षेत्रफललाई १० प्रतिशत भार दिई बाँडफाँट हुने हिस्सा किटान गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको छ।

३. **प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबिच सङ्घीय कानुन बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गरी पर्वतारोहण रोयल्टी, विद्युत रोयल्टी, वन रोयल्टी, खानी तथा खनिज रोयल्टी, पानी तथा अन्य प्राकृतिक स्रोतको रोयल्टी नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत बाँडफाँट हुने व्यवस्था छ। यसअनुसार बाडफाँट भएको रकम तीन तहले आ-आफ्नो सञ्चित कोषमा जम्मा गर्नुपर्दछ।

नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्न व्यवस्था छ। यसबमोजिम तीन तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्दछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ मा आयोगले प्राकृतिक स्रोतको परिचालनमा तीन तहले गर्ने लगानीको हिस्सा राजस्वको अवस्था र उठाउन सक्ने क्षमता, लगानी गर्न सक्ने क्षमता, प्राप्त गर्ने उपलब्धिको हिस्सा, प्राप्त उपलब्धिको उपभोगको हिस्सा, पूर्वाधारको अवस्था र आवश्यकता, आर्थिक अवस्था र भौगोलिक बनोट जस्ता आधारमा तय गरी नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था छ। यसैगरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा परिचालित प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र, परिचालित प्राकृतिक स्रोत उपरको निर्भरता, प्रतिफलबाट लाभान्वित जनसङ्ख्या, प्राकृतिक

स्रोतमा आश्रित जनसङ्ख्या तथा प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता जस्ता आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने व्यवस्था छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको परिचालन सम्बन्धमा देहायका सिफारिस गरेको छः

(क) **पर्वतारोहण रोयल्टी बाँडफाँट -** भौगोलिक अवस्थितिलाई ४० प्रतिशत (हिमालचुली रहेको स्थानीय तह ६० प्रतिशत र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह ४० प्रतिशत), आधार शिविर रहेको स्थानीय तहलाई १० प्रतिशत, प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत (हिमालचुली रहेको स्थानीय तह ६० प्रतिशत र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह ४० प्रतिशत) र प्रभावित क्षेत्रको जनसङ्ख्यालाई २५ प्रतिशत (हिमालचुली रहेको स्थानीय तह ६० प्रतिशत र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह ४० प्रतिशत) जस्ता आधार (सूचक) लाई भार दिई बाँडफाँट हुने रकम सिफारिस गर्ने गरेको छ।

(ख) **विद्युत रोयल्टी बाँडफाँट -** भौगोलिक अवस्थितिलाई ५० प्रतिशत (मुख्य प्रभावित अर्थात् विद्युतका संरचनाहरू रहेको क्षेत्र ५० प्रतिशत, प्रभावित क्षेत्र अर्थात् आयोजनाबाट प्रभावित क्षेत्र ३० प्रतिशत र वरिपरिको क्षेत्र अर्थात् आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र २० प्रतिशत), प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत र प्रभावित क्षेत्र (स्थानीय तह) को जनसङ्ख्यालाई २५ प्रतिशत भार दिई हिस्सा बाँडफाँट हुने गरेको छ।

(ग) **वन रोयल्टी बाँडफाँट -** राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा वनको अवस्थिति (वन रहेको स्थानीय तह) लाई २० प्रतिशत, वनको क्षेत्रफल (स्थानीय तहमा रहेको वनको क्षेत्रफल) लाई ४० प्रतिशत, स्थानीय तहको जनसङ्ख्यालाई २० प्रतिशत, वनमा आश्रित जनसङ्ख्यालाई १० प्रतिशत र वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागितालाई १० प्रतिशत भार दिई हिस्सा सिफारिस हुने गरेको छ भने संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थितिलाई १० प्रतिशत, मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा पर्ने स्थानीय तहको क्षेत्रफललाई ४० प्रतिशत, मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा रहेको स्थानीय तहको जनसङ्ख्यालाई ३५ प्रतिशत र मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागितालाई १५ प्रतिशत भार दिई हिस्सा सिफारिस हुने गरेको छ।

(घ) **खानी तथा खनिज रोयल्टी बाँडफाँट -** भौगोलिक अवस्थिति (खानी उत्खनन क्षेत्र रहेको स्थानीय तह (Quarry Area) ६० प्रतिशत र खानी उत्खननका लागि अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) ४० प्रतिशत) लाई ५० प्रतिशत, प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area) लाई ३० प्रतिशत र प्रभावित जनसङ्ख्या (Affected population) लाई २० प्रतिशत भार दिई हिस्सा सिफारिस हुने गरेको छ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण

विनियोजन ऐनअनुसार अनुदान सङ्केत ७०१ को रकम प्रदेशले कानुनबमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा प्रदेश सञ्चित कोषमा र अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानुनबमोजिम खर्च गर्न पाउने गरी स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिन्छ। यसरी हस्तान्तरण गरिने रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते, कार्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गरिन्छ। यस बमोजिम हस्तान्तरण गर्दा पुस मसान्तसम्मको राजस्व लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान निर्धारण गरी सोहीबमोजिम तेस्रो किस्ताको रूपमा र चैत्र मसान्तसम्मको राजस्वको लक्ष्य र सङ्कलन भएको राजस्वको आधारमा समानीकरण अनुदान पुनः निर्धारण गरी चौथो किस्ताको रूपमा हस्तान्तरण गरिन्छ।

नेपाल सरकारले उपलब्ध गराउने अनुदानमध्ये सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गतेभित्र हस्तान्तरण गर्दछ।

प्रदेश वा स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्दछ। यसबमोजिमको कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण प्रदेश वा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्दछ। यसबमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्नाको रूपमा मङ्सिर २५ गते, चैत्र २५ गते, असार २५ गतेभित्र हस्तान्तरण गर्नुपर्दछ।

नेपाल सरकारले स्वीकृत गरेको कार्यविधिबमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नुपर्दछ। प्रदेश वा स्थानीय तहलाई समपूरकको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा अनुदान कार्यविधिबमोजिम सङ्घीय सरकारले बेहोर्ने हिस्साभन्दा बढी रकम नहुने गरी हस्तान्तरण गर्नुपर्दछ।

सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने तर बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरूमा बाँकी भएकोमा सो रकम महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँट वा रोयल्टी बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्दछ।

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पी.एल.एम.बी.आई.एस.) मा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजनाबाट अर्को आयोजनामा बजेट थपघट गरी प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयले रकमान्तर वा कार्यक्रम संशोधन गर्न सक्ने भएपनि स्वीकृत वार्षिक कार्यक्रमको क्षेत्र तथा मूल उद्देश्यमा परिवर्तन नहुने गरी जेपाल सरकारको विषयगत मन्त्रालयको सहमतिमा रकमान्तर वा कार्यक्रम संशोधन गर्नुपर्दछ। आर्थिक वर्षको बजेट तर्जुमाका बखत केही कार्यक्रमको विषयगत मन्त्रालयले कुनै मापदण्ड वा कार्यविधिबाट सशर्त आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा सोहीअनुसार र मापदण्ड वा कार्यविधि नभएको अवस्थामा आर्थिक मामिला हेर्ने प्रदेश मन्त्रालयले सो एकमुष्ट कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयको सहमतिमा बाँडफाँट गरी रकमान्तर गर्न सक्दछ।

नेपाल सरकार तथा प्रदेश सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराउने अनुदानका किसिम देहायबमोजिम रहेका छन्:

१. **वित्तीय समानीकरण अनुदान** - नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्दछ। यस अनुसार नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम सोही आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान प्रदान गर्नुपर्दछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ मा आयोगले नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुनबमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क, अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था, प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था, प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा, प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता, प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता जस्ता आधार लिनु पर्दछ। आयोगले यसअनुसार अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र वित्तीय समानीकरण अनुदान पाउने आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी दुई किसिमले अनुदान रकम सिफारिस गर्ने गरेको छ। नेपाल सरकारले प्रदेश सरकारका लागि न्यूनतम अनुदान सिफारिस गर्दा जनसङ्ख्या र क्षेत्रफललाई पचास पचास प्रतिशत भार दिएको छ भने नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहलाई न्यूनतम अनुदान सिफारिस गर्दा जनसङ्ख्यालाई मुख्य आधार मानी १० हजारभन्दा कम जनसङ्ख्या हुने स्थानीय तहबाट सुरु गरी ५ लाखभन्दा बढी जनसङ्ख्या हुने गरी स्थानीय तहहरूलाई १७ वर्गमा विभाजन गरेको छ। यसैगरी सूत्रमा आधारित अनुदान सिफारिस गर्दा मानव विकास

सूचकाङ्कलाई १० प्रतिशत, आर्थिक सामाजिक असमानतालाई ५ प्रतिशत, पूर्वाधार विकासको अवस्थालाई १० प्रतिशत (सडकमा पहुँच ६० प्रतिशत, विद्युतमा पहुँच १० प्रतिशत, सूचना प्रविधिमा पहुँच १० प्रतिशत, खानेपानीमा पहुँच १० प्रतिशत, शौचालयको उपलब्धता १० प्रतिशत), राजस्वको अवस्थालाई ५ प्रतिशत, खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार दिई गणना गर्ने गरेको छ।

२. **सशर्त अनुदान -** नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय नीति तथा कार्यक्रम, पूर्वाधारको अवस्थाअनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अध्ययन अनुसन्धान गरी तोकेको आधारबमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दछ। यस्तो अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्ने र त्यस्तो शर्तको पालना सम्बन्धित प्रदेश तथा स्थानीय तहले गर्नुपर्दछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम सोही आयोगले तोकेको आधारबमोजिम सशर्त अनुदान प्रदान गर्दछ।

आयोगले नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने सशर्त अनुदानका सम्बन्धमा सिफारिस गर्दा राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था तथा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने आधार लगायतका विषयहरूलाई आधार लिनु पर्दछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानको सिफारिस गर्दा ७ वटा र प्रदेश सरकारले स्थानीय तहलाई सशर्त अनुदानको रकम सिफारिस गर्दा ४ वटा आधार सिफारिस गरेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारको अधिकार सूचीभित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था, राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था, प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्था, पूर्वाधार सम्बन्धी क्रमागत वा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक अवस्था, अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था, नेपाल सरकारको अनिवार्य दायित्व रहने खर्च भुक्तानी गर्नुपर्ने अवस्था र सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्त्वका परियोजनाहरू जस्ता आधारहरू तोकिएको छ।

यसैगरी प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदेश सरकारको अधिकारको सूचीभित्रका कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था, प्रदेश नीति तथा कार्यक्रमलाई स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था, स्थानीय तहमा प्रादेशिक मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्था र सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्त्वका परियोजनाहरू जस्ता आधारहरू तोकिएको छ।

३. **समपूरक अनुदान -** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्दछ। यस्तो अनुदान प्रदान गर्दा योजनाको संभाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति एवं योजनाको आवश्यकता र प्राथमिकतालाई आधार

बनाई कुनै योजनाको कुल लागतको अनुपातका आधारमा गर्ने व्यवस्था छ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्दछ।

४. **विशेष अनुदान** - नेपाल सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने, आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्दछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम विशेष अनुदान प्रदान गर्न सक्दछ।

वैदेशिक सहायता

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार वैदेशिक अनुदान वा ऋण लिने अधिकार नेपाल सरकारमा रहेको छ। नेपाल सरकारले वैदेशिक अनुदान वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्दछ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक अनुदान वा सहयोग लिन सक्दछ। प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्वस्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न वा गराउन नसक्ने व्यवस्था छ।

नेपाल सरकारले वैदेशिक सहायताको परिचालनबाट प्राप्त हुने प्रतिफल र उपलब्धिको आकलन गरी पारदर्शी रूपमा वैदेशिक सहायता लिनुपर्दछ। यसरी लिइएको वैदेशिक सहायताको परिचालन नेपाल सरकारले भौतिक पूर्वाधारको निर्माण मर्मत र जीर्णोद्धार, शिक्षा, स्वास्थ्य र मानव विकास, स्वदेशी उत्पादन र उत्पादकत्व वृद्धि, स्वदेशमा रोजगारी सिर्जना र क्षमता विकास, विपद् व्यवस्थापन, विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण, वातावरण संरक्षण र जलवायु परिवर्तन, सार्वजनिक निजी साझेदारीमा गरिने लगानी, सार्वजनिक निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले वैदेशिक सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरूमा गर्नुपर्दछ।

आन्तरिक ऋण

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्दछन। प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्ने र सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव पेस गर्नुपर्ने तथा पेस भएको प्रस्ताव कार्यान्वयन योग्य देखिएमा नेपाल सरकारले सहमति दिन सक्दछ। नेपाल सरकार तथा प्रदेशले प्रचलित कानुनअनुसार ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्दछन।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकारले प्रक्षेपित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्दछ भने प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्दछन। स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्दछन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ अनुसार गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यको लागि पच्चीस वर्षसम्म अवधिको लागि आन्तरिक ऋण लिन सक्दछन। नेपाल सरकारबाट प्राप्त ऋण वा नेपाल सरकार जमानी भई लिएको ऋण सम्बन्धित गाउँपालिका वा नगरपालिकाले निर्धारित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले उपलब्ध गराउने अनुदानबाट कट्टा गरी ऋण प्राप्त गर्न वा ऋण भुक्तानी गरिदिन सक्दछ।

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्दछ। प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि नेपाल सरकारको अर्थ मन्त्रालय समक्ष अनुरोध गर्न सक्ने र अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्ने तथा स्वीकृति भएमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्दछ। नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्दछ।

अन्तरसरकारी अख्तियारी

नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्दछ। प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रूपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानुन बमोजिम भुक्तानी निकासा दिनुपर्दछ। यस बमोजिम भुक्तानी निकासा भएको रकम प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा आम्दानी बाँध्न नपाइने व्यवस्था छ।

प्रदेश वा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना तथा कार्यक्रम प्रदेश वा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्दछन। नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रूपमा कार्यालय कोड दिई आयोजना तथा कार्यक्रमको रकम निकासा दिनु पर्दछ। यसैगरी स्थानीय तहको आयोजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनुपर्दछ।

अन्तरसरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा अख्तियारी दिने निकायमा पठाउनुपर्दछ।

आय र व्ययको लेखा तथा प्रतिवेदन

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन एवं आय व्ययको आवधिक विवरण महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा तयार गर्नुपर्दछ। गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ। यस बमोजिम हिसाब राख्दा मूल शीर्षकमा फरक नपर्ने गरी नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्दछ। स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालय तथा प्रदेशसमक्ष पेस गर्नुपर्दछ। यसबमोजिम स्थानीय तहबाट प्राप्त विवरणसमेत समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले तीस दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालयसमक्ष पेस गर्नुपर्दछ। प्रदेश र स्थानीय तहले दोस्रो चौमासिक आय व्ययको विवरण पेस गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमानसमेत पेस गर्नुपर्ने तथा तोकिएको अवधिभित्र विवरण पेस हुन नआएमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्दछ।

विनियोजन ऐन बमोजिम कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रूपमा प्रचलित सङ्घीय कानुनबमोजिम लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्दछ। यसबमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्दछ।

नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनुपर्दछ। यसबमोजिम प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा सोहीबमोजिम स्रोत कायम गरी कार्यान्वयन गर्नुपर्दछ। प्रदेश वा स्थानीय तहले सहायत परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्ने र यस बमोजिमको प्रतिवेदन पेस नभएको कारणबाट खर्च भएको रकम सोधभर्ना प्राप्त हुन नसकेमा सो बराबरको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहमा आगामी वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान हुने व्यवस्था छ।

बजेट पेस र पारित

प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको व्ययको अनुमान, आफ्नो स्रोतबाट सङ्कलन हुने सक्ने सक्ने अनुमानित राजस्व, राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम, अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम, बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत खुलेको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र नेपाल

सरकारको अर्थ मन्त्रालय समक्ष पेस गर्नुपर्दछ। नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट र वित्तीय समानीकरण अनुदान अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु पर्दछ। प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्दछ।

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको आवश्यकता, औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नुपर्दछ। यस्तो प्रस्ताव तयार गर्दा प्रदेश वा स्थानीय तहले त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसका दरसँग यथासम्भव तादात्म्य हुने हुनुपर्दछ।

नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक वर्ष नेपालको संविधानबमोजिम हरेक वर्षको जेठ १५ गते आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुपर्दछ। प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेस गर्नुपर्दछ। गाउँ कार्यपालिका र नगर कार्यपालिकाका उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र सभामा पेस गर्नुपर्दछ। प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्दछ। यस बमोजिम पेस गरिने राजस्व र व्ययको अनुमान नेपाल सरकारले लागु गरेको मापदण्डबमोजिम हुनुपर्दछ।

विद्यमान अवस्था

नेपालको वित्तीय सङ्घीयताका सम्बन्धमा सङ्घीय संसद राष्ट्रिय सभाअन्तर्गतको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन २०७९, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेपालमा वित्तीय सङ्घीयता अवधारणा र अभ्यास, स्थानीय तहको क्षमता आवश्यकता पहिचान अध्ययन प्रतिवेदन नेपाल सरकारले प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन २०७५ पेस गरेको छ भने नेपाल सरकारले कार्य विस्तृतीकरण प्रतिवेदनलाई कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनमा ल्याएकोमा यसलाई खारेज गरी आयोजना वर्गीकरणको आधार र मापदण्ड २०८० जारी भएको छ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९। ८० को एकीकृत वित्तीय विवरण तथा महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन २०८१ मा समावेश भएका तथ्याङ्कहरूको विश्लेषण गर्दा नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहको आर्थिक कारोबारको अवस्था देहायबमोजिम रहेको देखिन्छः

१. **प्राप्ति र भुक्तानीः** महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको एकीकृत वित्तीय विवरण अनुसार तिनै तहका सरकारको विगत दुई आर्थिक वर्षको सम्बन्धित सञ्चित कोषको प्राप्ती र भुक्तानीको अवस्था निम्न रहेको देखिन्छः

(रु. लाखमा)

सरकारको तह	२०७८।७९		२०७९।८०	
	कुल प्राप्ति	कुल भुक्तानी	कुल प्राप्ति	कुल भुक्तानी
नेपाल सरकार	१३६९४३३३	१३१०००० ८	१२९३९७१०	१४२१३२७०
प्रदेश सरकारहरू	२१९५१६०	१८७४७९७	१८९९०८७	२०४६७८६
स्थानीय तहहरू	४४३८५०८	४२४१६९४	४३०१३६३	४५३८१७७
जम्मा	**२०३२७५६१**	**१९२१६४९९**	**१९१३९०५०**	**२०७९८२३३**

उपर्युक्त आर्थिक विवरणअनुसार तीनै तहका सरकारको सम्बन्धित सञ्चित कोषमा रहेको मौज्दातको रकम देहायबमोजिम छः

(रु. लाखमा)

कोषको विवरण	२०७८।७९ सम्मको बचत (न्यून)	२०७९।८० को बचत (न्यून)	२०७९।८० सम्मको बचत (न्यून)
सङ्घीय सञ्चित कोष	(५३९११४)	(१२७३५६०)	(१८१२६७४)
प्रदेश सञ्चित कोषहरू	७९०१५३	(१४७७००)	६४२४५३
स्थानीय सञ्चित कोषहरू	१०२३२५९	(२३६८१४)	७८६४४४
जम्मा	**१२७४२९७**	**(१६५९१८४)**	**(३८४८८७)**

उपर्युक्त विवरणबाट आर्थिक वर्ष २०७९।८० मा सबै तहका सरकारको कोषको अवस्था नकारात्मक रहेको भए पनि विगत वर्षको मौज्दातको कारणले प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा रकम धनात्मक नै रहेको देखिन्छ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९। ८० को स्थानीय तहको प्राप्ति तथा खर्चको विवरणअनुसार सो वर्षको ७५३ स्थानीय तहको एकीकृत वित्तीय विवरण निम्न रहेको देखिन्छः

(रु. लाखमा)

प्राप्ति रकम			खर्च रकम		
प्राप्तिको मुल शीर्षक	**विवरण**	**रकम रु.**	**खर्चको विवरण**	**खर्चको वर्गीकरण**	**रकम रु.**
वित्तीय हस्तान्तरण	सङ्घ	२९३५४६६	बजेट	चालु	३४२९३५३
	प्रदेश	२५६८६२		पुँजीगत	२५७५६७५
	जम्मा	३१९२३२८		वित्तीय व्यवस्था	७५२३
राजस्व बाँडफाँट	सङ्घ	६१८४१६		**जम्मा**	**६०१२५५१**
	प्रदेश	१३०६२८	खर्च	चालु	२८४७४६१
	स्थानीय तह	८१४७१		पुँजीगत	१६८६४१६
	जम्मा	**८३०५१५**		वित्तीय व्यवस्था	४३००
आन्तरिक आय	सुरु मौज्दात	१०२३२५८		**जम्मा**	**४५३८१७७**
	आन्तरिक राजस्व	२७८५२०	खर्च प्रतिशत		७५.४७
	जम्मा	**१३०१७७८**			
कुल जम्मा		**५३२४६२१**			

२. **बजेट र खर्चको अवस्था** - नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूको २०७९।८० को बजेट र खर्चको अवस्था निम्न रहेको देखिन्छः

(रु. लाखमा)

विवरण	बजेट अनुमान रु.	यथार्थ खर्च रु.	खर्च प्रतिशत
नेपाल सरकार	१७९३८३७३	१४२१३२७०	७९.२३
प्रदेश सरकारहरू	**३०६०४०४**	**२०४६७८६**	**६६.८८**
कोशी	३९९२७५	३०७५७८	७७.०३
मधेश	४७०२५१	२६८६९९	५७.१४
बागमती	७०९३९३	४६८६२०	६६.०६
गण्डकी	३५९०९०	२३६१४९	६५.७६
लुम्बिनी	४२७८९४	३०२४४२	७०.६८
कर्णाली	३२६१६२	२२२५७९	६८.२४
सुदूरपश्चिम	३६८३३९	२४०६३१	६५.३३
स्थानीय तहहरू	**६०१२५५१**	**४५३८१७७**	**७५.४७**

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७९। ८० को एकीकृत वित्तीय विवरणअनुसार तीनै तहका सरकारको वर्गीकरण अनुसार खर्चको स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

सरकारको तह	वर्गीकरणअनुसार खर्च रु.				खर्च प्रतिशत		
	चालु	पुँजीगत	वित्तीय	जम्मा खर्च	चालु	पुँजीगत	वित्तीय
नेपाल सरकार	**९९१५०६८**	**२३४६२४७**	**१९५१९५५**	**१४२१३२७०**	**६९.७६**	**१६.५१**	**१३.७३**
प्रदेशसरकारहरू	**७९८९८०**	**१२४१८०६**	**६०००**	**२०४६७८६**	**३९.०४**	**६०.६७**	**०.२९**
कोशी	१२६४५२	१८११२५	०	३०७५७८	४१.११	५८.८९	०
मधेश	१०६७०३	१६१९९५	०	२६८६९९	३९.७१	६०.२९	०
बागमती	१७९८२४	२८२७९६	६०००	४६८६२०	३८.३७	६०.३५	१.२८
गण्डकी	८३५३५	१५२६१४	०	२३६१४९	३५.३७	६४.६३	०
लुम्बिनी	१२५०७६	१७३२६६	०	३०२४४२	४१.३६	५८.६४	०
कर्णाली	९४८१३	१२७७६५	०	२२२५७९	४२.६०	५७.४०	०
सुदूरपश्चिम	८२४८६	१५८१४५	०	२४०६३१	३४.२८	६५.७२	०
स्थानीय तहहरू	२८४७४६२	१६८६४१६	४३००	४५३८१७७	**६२.७४**	**३७.१६**	**०.१**
कुल जम्मा	**१३५६१५१०**	**५२७४४६९**	**१९६२२५५**	**२०७९८२३३**	**६५.२१**	**२५.३६**	**९.४३**

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनअनुसार २०७९।८० मा प्रदेशको कुल खर्चमध्ये प्रदेश सरकारको आन्तरिक स्रोतबाट देहायबमोजिमको बेहोरिएको देखिन्छः

(रु. लाखमा)

विवरण	कुल खर्च रु.	आन्तरिक स्रोतबाट खर्च रु.	आन्तरिक स्रोतबाट खर्च प्रतिशत
कोशी	३०७५७८	१६४७९४	५३.५८
मधेश	२६८६९८	१६०२२६	५९.६३
बागमती	४६८६२०	३००६८७	६४.१६
गण्डकी	२३६१४९	१३३२०२	५६.४१
लुम्बिनी	३०२४४२	१६७९६८	५५.५४
कर्णाली	२२२५७९	१०५३३९	४७.३३
सुदूरपश्चिम	२४०६३०	९३८१७	३८.९९
जम्मा	**२०४६७८६**	**११२६०३३**	**५३.६६**

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको एकीकृत वित्तीय विवरणअनुसार २०७९।८० मा स्थानीय तहको खर्च बेहोरिएको स्रोत देहायबमोजिम रहेको देखिन्छः

(रु लाखमा)

खर्चको स्रोत	ब्यहोर्ने अनुमान		बेहोरिएको रकम	
	रकम रु.	प्रतिशत	रकम रु.	प्रतिशत
नेपाल सरकारको अनुदान	३२५६९४३	५४.१७	२७२७८२३	६०.११
प्रदेश सरकारको अनुदान	३०४२७१	५.०६	२२७८८०	५.०२
आन्तरिक आय	१३७८९००	२२.९३	८७८४६७	१९.३६
राजस्व बाँडफाँट	१०७२४३६	१७.८४	७०४००७	१५.५१
जम्मा	६०१२५५१	१००	४५३८१७७	१००

३. **अन्तरसरकारी वित्तीय हस्तान्तरण -** महालेखापरीक्षकको वार्षिक प्रतिवेदनअनुसार २०७९।८० मा सङ्घीय बजेटमा व्यवस्था भएको अन्तरसरकारी वित्तीय हस्तान्तरण हुने अनुदानको अनुमान र वास्तविक हस्तान्तरणको अवस्था देहायबमोजिम छः

(रू.अर्बमा)

अनुदानको विवरण	अनुमान			यथार्थ		
	प्रदेश	स्थानीय	जम्मा	प्रदेश	स्थानीय	जम्मा
वित्तीय समानीकरण	६१.४	१२३.१	१८४.५	५३.७५	९२.७०	१४६.५
सशर्त	५७.२	१८३.७	२४०.९	३७.७६	१९२.८८	२३०.६
समपूरक	६.३	७.३	१३.६	४.८४	५.२९	१०.१
विशेष	४.६	९.१	१३.७	३.३१	६.८३	१०.१
जम्मा	**१२९.५**	**३२३.२**	**४५२.७**	**९९.६६**	**२९७.७**	**३९७.३**
कुल बजेटमा अनुदानको हिस्सा प्रतिशत	७.२	१८.३	२५.४	७.०१	२०.९५	२७.९६
राजस्व बाडफाँट	८१.५	८१.५	१२९.८	६४.०३	६४.०३	१२८.०६
जम्मा हस्तान्तरण	२११	४०४.७	५८२.५	१६३.६९	३६१.७३	५२५.४६
कुल बजेटमा हस्तान्तरण प्रतिशत	११.८	२२.७	३२.६७	११.५२	२५.४६	३६.९८
कुल गार्हस्थ उत्पादनमा प्रतिशत				३.०४	६.७२	९.७६

नेपाल सरकारले सङ्घीय विभाज्य कोषमा दाखिला भएको रु.३१ अर्ब ८३ करोड ५४ लाख ५७ हजार एवं कोशी तथा बागमती प्रदेश सरकारले रु.५६ करोड ५ लाख ८५ हजार अन्तर सरकारी वित्त व्यवस्थापन ऐनअनुसार आषाढ मसान्तभित्रै बाँडफाँट गरेको छैन।

यसै गरी नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रू. लाखमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	*कर्णाली*	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	७८७९४	६८३८८	६७५०७	७९२७९	७४७४०	*७५९२७*	७८८१६	५२३४५१
सशर्त	५४९२२	७०३९५	५३८९२	३४५५३	५३५३५	*३४०२२*	४८९५३	३५०२७३
समपूरक	५५६१	५८५०	४१८२	४७८८	३८०८	*३२६०*	७६५०	३५०९८
विशेष	३३२७	३६७६	४०८६	६३५८	२३९०	*४०३१*	७९७८	३१८४६
जम्मा	**१४२६०४**	**१४८३**	**१२९६८**	**१२४९७८**	**१३४४७३**	***११७२४०***	**१४३३९७**	**९४०६६८**
राजस्व बाँडफाँट	९१५०४	८५६०६	१०२४२८	६९९३८	९०८५५	*६५१८८*	७७०३९	५४२५५८
कुल जम्मा	**२३४१०८**	**२३३९१५**	**२३२०९५**	**१९४९१६**	**२२५३२९**	***१८२४२८***	**२२०४३६**	**१४८३२२६**

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
प्रदेश सरकारबाट प्राप्त					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३

स्थानीय तहका लागि आर्थिक वर्ष २०७९। ८० मा विनियोजन भएको अनुदान रकम र सो अनुदान खर्चको अवस्था निम्न रहेको देखिन्छ।

(रु. लाखमा)

अनुदानको किसिम	स्वीकृत बजेट रु.	खर्च रु.	खर्च प्रतिशत
नेपाल सरकारको अनुदान			
समानीकरण	१००२३१३	७६४४७६	७६.२७
सशर्त	२०९०३९०	१८५२९१७	८८.६४
विशेष	९१४१०	६२२९९	६८.१५
समपूरक	७२८३०	४८१३१	६६.०९
जम्मा	**३२५६९४३**	**२७२७८२३**	**८३.७५**
प्रदेश सरकारको अनुदान			
समानीकरण	७६७४४	५२०६७	६७.८४
सशर्त	१२०९०४	१०१२६४	८३.७६
विशेष	२९८८७	२२६१२	७५.६६
समपूरक	७६७३५	५१९३७	६७.६८
जम्मा	**३०४२७०**	**२२७८८०**	**७४.८९**
कुल जम्मा	**३५६१२१३**	**२९५५७०३**	**८३**

उपर्युक्त तालिकाबाट स्थानीय तहहरूले सङ्घीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरण भएको अनुदान रकम लक्ष्यअनुसार खर्च गर्न नसकेको अवस्था विद्यमान छ।

४. **राजस्व अनुमान र प्राप्ति -** नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहको आर्थिक वर्ष २०७९।८० को राजस्वको अनुमान र यथार्थ असुली भएको राजस्वको अवस्था देहायबमोजिम रहेको छः

(रु. लाखमा)

विवरण	राजस्व अनुमान रु.	यथार्थ असुली रु.	असुली प्रतिशत
नेपाल सरकार	**१२४०११७९**	**८९९१७६१**	**७२.५१**
प्रदेश सरकारहरू	**१२८५२९८**	**९४४३४७**	**७३.४७**
कोशी	१६८६६९	१२९६६७	७६.८८
मधेश	१६१४४६	१३६७०२	८४.६७
बागमती	३४२५०५	२७३९७५	७९.९९
गण्डकी	१४६५५८	९८७७४	६७.४०
लुम्बिनी	२०१५९३	१४०५०७	६९.७०
कर्णाली	९६६२४	७०९०४	७३.३८
सुदूरपश्चिम	१६७९०३	९३८१७	५५.८८
स्थानीय तहहरू		**२११४६१९**	

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अनुसार प्रदेश सरकारहरूको राजस्व असुली रु.९४ अर्ब ४३ करोड ४७ लाख देखाएको भएपनि महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको एकीकृत वित्तीय विवरण अनुसार रु.१ खर्ब १२ करोड ३६ लाख ९४ हजार असुल भएको देखिन्छ।

५. **बेरुजुको अवस्था -** महालेखापरीक्षकले नेपालको संविधानअनुसार सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका निकायहरूको लेखापरीक्षण गरेको रकम र सो लेखापरीक्षणबाट देखिएको बेरुजुको अवस्था देहायबमोजिम रहेको देखिन्छः

(रु. करोडमा)

विवरण	२०७९।८०			अघावधिक बेरुजु रु.
	लेखापरीक्षण अङ्क रु.	बेरुजु अङ्क रु.	बेरुजु प्रतिशत	
सङ्घीय मन्त्रालय तथा निकाय	२४६१११	४६५४	१.८९	३४२६७
प्रदेश मन्त्रालय तथा निकाय	३२३३४	६५७	२.०३	२८४७
स्थानीय तहहरू	११३९१९	३१०१	२.७२	१९३४६
सङ्घीय संस्था समिति र अन्य संस्था	३९२०४७	१०६४	०.२७	१०५२६
प्रदेश संस्था समिति र अन्य संस्था	३७४९	८४	२.२४	
जम्मा	**७८८१६०**	**९५६०**	**१.२१**	**६६९८६**

महालेखापरीक्षकको सुझाव

महालेखापरीक्षकको एकसट्टिऔं वार्षिक प्रतिवेदन २०८१ मा प्रदेश मन्त्रालय तथा निकाय र स्थानीय तहको लेखापरीक्षणबाट देखिएका बेहोराहरूको आधारमा सङ्घीयता कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच विषयगत कार्यक्रम सञ्चालनमा दोहोरोपना नहुने गरी सङ्गठन संरचना निर्माण गर्नुपर्ने, प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत लाभ प्राप्त गर्न अन्तरतह समन्वय र साझेदारी गर्नुका साथै प्राप्त हुने लाभको वितरणलाई समन्यायिक, सन्तुलित र पारदर्शी बनाउनुपर्ने, सङ्घ र प्रदेशबाट हस्तान्तरण हुने सशर्त अनुदानलाई उपलब्धि तथा लक्ष्य किटान गरी एकमुष्टरूपमा दिने व्यवस्था गर्नुपर्ने, सशर्त अनुदानको हिस्सालाई कम गर्दै अन्य वित्तीय हस्तान्तरणलाई समसामयिक बनाउनुपर्ने, तीनै तहको आन्तरिक स्रोत र खर्चबिचको वित्तीय अन्तर न्यून गर्न सम्बन्धित तहको राजस्वको दायरा विस्तार गर्नुपर्ने, सङ्घीय सरकारको सञ्चित कोष ऋणात्मक भई वित्तीय हस्तान्तरणको लागि समेत ऋण लिनुपर्ने अवस्था रहेको तर प्रदेश तथा

स्थानीय तहमा स्रोत उपयोग नभई मौज्दात रहेको देखिएकोले यसको व्यवस्थापनको लागि उपयुक्त विधि छनौट गरिनुपर्ने, प्रदेश मन्त्रालयको सङ्ख्या र सङ्गठन संरचनामा पटक पटक थप घट हुँदा खर्चमा वृद्धि हुनुका साथै जिम्मेवारी र जवाफदेहितामा समेत असर परेकोले यसमा सुधार हुनुपर्ने, प्रदेश लोकसेवा आयोगहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाई प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति समयमा नै व्यवस्थापन गर्नुपर्ने सुझाव दिएको देखिन्छ।

विद्यमान व्यवस्थाको समीक्षा

नेपालको संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने व्यवस्था भए पनि आयोगले वित्तीय समानीकरण अनुदानको रकम मात्र सिफारिस गरी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रीबाट प्राप्त रकम आफ्नो सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा नेपाल सरकारले जारी गरेको मापदण्ड एवं प्रदेश कानुनमा बाँडफाँट गर्नुपर्ने व्यवस्थाहरू एक आपसमा बाझिएका छन्।

सङ्घीय सञ्चित कोषको मौज्दात नकारात्मक भएपनि प्रदेश र स्थानीय सञ्चित कोषको रकम खर्च हुन नसकी बचत रहेको छ। प्रदेश र स्थानीयले पाउने राजस्व बाँडफाँटको रकम पूर्वानुमानयोग्य नरहेकोले समग्र बजेट र खर्चलाई प्रभाव पारेको छ। प्रदेश र स्थानीय तहको आफ्नो स्रोतको आयको हिस्सा नगन्य छ। प्रदेश र स्थानीय तहको खर्च गर्ने क्षमता कमजोर छ। पुँजीगत खर्चको अवस्था निराशाजनक छ। राजस्व असुली कमजोर हुनाले खर्च गर्ने स्रोतको कमी छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम आर्थिक वर्षको अन्त्यतिर बढी आउने भएकाले खर्च गर्ने प्रकृया पुरा गर्न समय अभाव हुने अवस्था छ। आवधिक योजना मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिच तादाम्यता कम छ। प्रदेश र स्थानीय तहमा प्राविधिक र अन्य जनशक्तिको कमी रहेको र भएका जनशक्तिको क्षमता कमजोर रहेको छ। सङ्घ प्रदेश र स्थानीय तहबिच कार्यक्षेत्रमा दोहोरोपन छ। खर्चको आवश्यकता भएको तहमा राजस्वको क्षमता वा उपलब्धता कमजोर छ। मानव संसाधन व्यवस्थापन गर्न कानुनी संरचना तयार भइसकेको छैन।

यसैगरी साझा अधिकारका कानुन बनेका छैनन् भने आफ्नो अधिकारअनुसारका कानुन पनि तर्जुमा गर्न सकेका छैनन्। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संस्थागत क्षमता कमजोर छ। वित्तीय समानीकरणभन्दा सशर्त अनुदानमा बढी जोड दिइएको छ। प्रदेश र स्थानीय तहबिच राजस्व बाँडफाँट प्रभावकारी भएको छैन। धेरै स्थानीय तहहरूले आवधिक योजना एवं मध्यकालीन खर्च संरचना तयार गर्न सकेका छैनन्। सबै स्थानीय तहले तोकिएको समयमा बजेट पेस गर्न सकेका छैनन्। समयमा बजेट पेस भएपनि खर्च गर्ने अख्तियारी समयमा दिन सकेका छैनन्। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन सकेका छैनन्। आन्तरिक लेखा परीक्षकको क्षमता कमजोर छ भने कतीपय स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराउन सकेका छैनन्। अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु बढ्दो छ। स्थानीय तहमा लेखासमिति गठन नभएको वा गठन भएपनि सकृय रहेका छैनन्। स्थानीय तहले प्रगति विवरण एवं वित्तीय विवरण सार्वजनिक गरेका छैनन्। सङ्घ प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तथा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेका वित्तीय तथ्याङ्कहरूमा एकरूपता रहेको छैन। प्रदेश सरकार तथा स्थानीय तहको कर प्रशासनका लागि संविधान र कानुनले

गरेका व्यवस्थाहरू नयाँ अभ्यासको रूपमा आएका तथा ती सरकारहरूको क्षमता कमजोर रहेकाले करको अधिकार एवं संभावना भएपनि प्रयोग गर्न नसकेको अवस्था छ भने ढुंगा, गिट्टी, बालुवा जस्ता नदिजन्य एवं खानीजन्य पदार्थको बिक्री सम्बन्धमा सङ्घीय कानुन, प्रदेश कानुन, स्थानीय कानुन तथा निर्देशिकाहरू एक आपसमा बाझिएका छन्।

सुधारका क्षेत्र

नेपालमा वित्तीय सङ्घीयताको सफल कार्यान्वयन गर्नको लागि आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिच सामन्जस्यता कायम गर्नुपर्ने, बजेट खर्च गर्न नगद प्राप्ती र भुक्तानी बिच तालमेल हुने गरी नगद प्रवाह प्रणालीको सुधार, प्रदेश र स्थानीय तहको संस्थागत सुदृढीकरण एवं क्षमता विकासमा लगानी वृद्धि, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको क्षमता सुदृढीकरण, अन्तर सरकारी वित्त हस्तान्तरण प्रणालीमा सुधार, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबिच समन्वय, अनुदान गणना गर्ने विधिमा समसामयिक बनाउँदै सशर्त अनुदान घटाई वित्तीय समानीकरण बढाउने तथा उपलब्धि र नतिजाको आधारमा उपलब्ध गराउने, समयमानै हस्तान्तरण हुने रकम उपलब्ध गराउने, खरिद नियमावली तर्जुमा, आन्तरिक लेखापरीक्षणको क्षमता सुधार, लेखा समितिको सकृयता, बेरुजु फर्स्यौट कार्ययोजना कार्यान्वयन, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणमा वृद्धि, समयमा बजेट पेस, वित्तीय विवरणमा सबै कारोबार समावेश, वित्तीय विवरण एवं प्रगति विवरण सार्वजनिक, आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ। यसै गरी स्थानीय तहमा सानो दर र फराकिलो आधार भएका करको पहिचान गरी कार्यान्वयन गर्नुपर्ने, सम्पत्ति करलाई व्यवस्थित गर्नुपर्ने, नियमित आय आर्जनमा प्रयोग हुने घरजग्गामा मात्र कर लगाउनुपर्ने, ढुंगा, गिट्टी, बालुवा जस्ता नदिजन्य एवं खानीजन्य पदार्थको बिक्रीसम्बन्धी साझा कानुन बनाउनु पर्ने, अधिकार सूची एवं कानुन अनुसार कर लगाउनुपर्ने, कर लगाउँदा कर तिर्न सक्ने क्षमता र करबाट स्थानीय जनतालाई हुने फाइदा विश्लेषण हुनुपर्ने, एकिकृत तथ्याङ्क प्रणाली विकास गरी वित्तीय सूचनामा एकरूपता हुनुपर्ने, आन्तरिक निकासी कर तथा पटके सवारी करलाई व्यवस्थित गर्नुपर्ने तथा स्थानीय करलाई सम्भव भएसम्म एकल दरमा लगाउने व्यवस्थासमेत गर्नुपर्ने देखिन्छ।

निष्कर्ष

नेपालको संविधान जारी भएपछि नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयनमा नयाँ अभ्यास सुरु भएको छ। वित्तीय सङ्घीयताको नियमन एवं कार्यान्वयन गर्न विभिन्न संस्थागत व्यवस्थाहरूसमेत गरिएको छ। यस विषयमा सङ्घीय संसद, नेपाल सरकार, विश्व बैङ्क (Federalism Capacity Needs Assessments, Nepal Fiscal Federalism Update) लगायतका संस्थाहरूले अध्ययन गरी सुधारका लागि विभिन्न सुझाव समेत दिएको पाइन्छ। नेपालको वित्तीय सङ्घीयताका सन्दर्भमा तीनै तहको सहकारिता, समन्वय र सह-अस्तित्वलाई विचार गरी कार्यसम्पादन गर्न तथा तिनै तहका सरकारलाई जनताप्रति उत्तरदायी बनाउन आवश्यक कानुन तर्जुमा एवं तर्जुमा भएका कानुनको कार्यान्वयन गर्ने, कानुनको कार्यान्वयनबाट प्राप्त अनुभवको आधारमा आवश्यकता अनुसार कानुन तथा संरचनामा परिमार्जन गर्ने, आर्थिक कार्यविधि, सार्वजनिक खरिद, राजस्व प्रशासन, पदाधिकारीको सुविधा, कर्मचारीका सेवाका शर्तलगायतका कानुनी व्यवस्थामा एकरूपता कायम गर्ने, राजस्व एवं खर्चको क्षमता सुधार गर्ने, वित्तीय समानीकरण अनुदान गणनाको विधिमा परिमार्जन गर्ने, सशर्त अनुदानको अंश घटाउने, संस्थागत संयन्त्र विचको अन्तर निकाय समन्वय बढाउने, आर्थिक कारोबारको एकीकृत तथ्याङ्क दिने एकीकृत सूचना प्रणालीको तर्जुमा गरी

कार्यान्वयन गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार सूचीहरूको विस्तृतीकरण गरी एक आपसमा दोहोरिने व्यवस्थाको अन्त्य गर्ने गरी संयन्त्र निर्माण गर्ने, वित्तीय व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता सुदृढीकरण गर्दै लाने, आवधिक योजना तथा आयोजना वर्गीकरणका आधार र मापदण्डको पालना गर्ने, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट विच तादात्यम्यता कायम गर्ने लगायतका पक्षमा सुधार गर्नुका साथै गरी प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र जिम्मेवारी, राजस्वको अधिकार र बाँडफाँट, अन्तर सरकारी वित्तीय हस्तान्तरण र ऋणको अधिकार सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

<u>सन्दर्भ सामग्री</u>

- नेपालको संविधान, कानुन किताब व्यवस्था समिति।
- NEPAL FISCAL FEDERALISM UPDATE, June 2023, WORLD BANK GROUP.
- आर्थिक कार्यविधि, सार्वजनिक खरिद तथा भ्रमण खर्चसम्बन्धी केही ऐन तथा नियमावलीको संग्रह, २०८१, कानुन किताब व्यवस्था समिति।
- नेपाल ऐन सङ्ग्रह खण्ड १ २०७९, खण्ड ६(ख) २०७७, खण्ड १७ २०७९, कानुन किताब व्यवस्था समिति।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका विभिन्न आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरू।
- विनियोजन ऐन, २०८१ नेपाल राजपत्र खण्ड ७४ अतिरिक्ताङ्क १५ भाग २ मिति २०८१।३।३०।
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ नेपाल राजपत्र खण्ड ७२ अतिरिक्ताङ्क ४३ भाग २ मिति २०७९।६।२३।
- महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन २०८१, महालेखापरीक्षकको कार्यालय।
- विभिन्न आर्थिक वर्षका एकीकृत वित्तीय विवरणहरू, महालेखा नियन्त्रक कार्यालय।

राजस्व चुहावटसम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण



*- विष्णुप्रसाद पाण्डेय**

सारांश

राजस्व चुहावटसम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न समयमा सिद्धान्त प्रतिपादन भएको छन्। अदालतले कानुनको व्याख्यामार्फत न्यायिक दृष्टिकोण प्रतिपादन गर्ने सन्दर्भमा मूलतः कर र राजस्व कानुनको परिपालना, राज्यको आम्दानीको सुरक्षा, करदाता र कर सङ्कलनकर्ताबिचको पारदर्शिता राजस्व चुहावट नियन्त्रण सम्बन्धमा राज्य र राज्यका जिम्मेवार अधिकारीहरूको दायित्व निर्धारण, आम्दानी र आम्दानीको स्रोतको मूल्याङ्कन गर्नेलगायत अनुसन्धान र तहकिकातको विषयमा महत्त्वपूर्ण सिद्धान्तहरू प्रतिपादन गरेको छ जुन राजस्व प्रशासनसम्बन्धी विषयमा कोशेढुङ्गा सावित हुनेछ। यस लेखमा राजस्व चुहावटअन्तर्गत कस्ता-कस्ता मुद्दाहरू अदालत सामु परेका र त्यस्ता मुद्दाहरूमा अदालती निर्णय वा व्याख्याले कस्तो प्रभाव परेको छ भन्ने अध्ययन गर्न खोजिएको छ। लेख तयार गर्ने क्रममा प्राथमिक स्रोतका रूपमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूलाई लिइएको छ भने मामला अध्ययन विधि अवलम्बन गरिएको छ।

राजस्वको अर्थ र परिभाषा

राजस्व चुहावट मुद्दामा अदालती दृष्टिकोणको विषयमा विश्लेषण गर्नुभन्दा पहिले राजस्व, राजस्व चुहावट र यस सम्बन्धमा नेपाल कानुनमा गरिएको व्यवस्थाका विषयमा उल्लेख गर्नु पर्ने हुन्छ।

राज्यले नागरिकलाई सेवा प्रदान गरेवापत लिने विभिन्न प्रकारका करलाई राजस्व भनिन्छ। प्राकृतिक तथा कानुनी व्यक्तिकातर्फबाट राज्य वा सरकारलाई तिर्नु वा बुझाउनुपर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर, शिक्षा सेवा कर, स्वास्थ्य सेवा कर, अदालती शुल्क, सवारीसाधन कर, घर बहाल कर, सम्पत्ति कर, रजिष्ट्रेसन दस्तुरलगायत प्रचलित कानुनबमोजिम लाग्ने अन्य कर तथा गैरकरलाई कानुनी रूपमा व्यवस्थित गर्न राज्यलाई कानुनको आवश्यकता पर्छ। राज्यलाई तिर्नु वा बुझाउनुपर्ने कर वा राजस्व नतिर्ने वा छल्नेलगायतका कार्यलाई कसुरका रूपमा परिभाषित गरी त्यस्तो कार्यलाई दण्डनीय घोषित गरिएको हुन्छ।

सामान्य अर्थमा प्रचलित कानुनबमोजिम सरकारलाई तिर्नुपर्ने शुल्कलाई राजस्व भनिन्छ। राजस्व कुनै पनि शर्त, ईच्छा वा आकाङ्क्षाविना तिर्नुपर्ने शुल्क हो। कुनै पनि देशको राजस्व त्यहाँको सरकारले निर्धारण गर्ने गर्छ। राजस्वभित्र कर र गैरकर समावेश गरिएको हुन्छ। यसैगरी राजस्व भन्नाले प्रचलित कानुनबमोजिम सरकारलाई तिर्नु वा बुझाउनुपर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर,

* रजिष्ट्रार, उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गा

शिक्षा सेवा कर, स्वास्थ्य सेवा कर, अदालती शुल्क, सवारीसाधन कर, घर बहाल कर, सम्पत्ति कर, रजिष्ट्रेसन दस्तुरलगायत प्रचलित कानुनबमोजिम लाग्ने अन्य कर तथा गैरकरलाई राजस्व भनिन्छ।

"Revenue or revenues is used to refer to the money that a government or organization receives from people."[1]

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा "प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनुपर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर वा अन्य कुनै कर, प्रचलित कानुनबमोजिम प्रदेश सरकारलाई तिर्नु वा बुझाउनुपर्ने कर, प्रचलित कानुनबमोजिम स्थानीय सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कर र प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई तिर्नु वा बुझाउनुपर्ने गैरकर[2] समेतलाई राजस्व भनी परिभाषित गरिएको छ भने गैरकर भन्नाले प्रचलित कानुनबमोजिम लाग्ने शुल्क, दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिबाना, साँवा फिर्ता र सोको व्याजसमेतको रकम बुझाउँछ[3] भनिएको छ।

राजस्व चुहावटको अर्थ र परिभाषा

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को परिच्छेद २ मा राजस्व चुहावट नियन्त्रणसम्बन्धी व्यवस्था गरिएको छ जसमा राजस्व चुहावट गर्न नहुने, राजस्व चुहावट गरेको मानिने राजस्व अर्धन्यायिक विभागको अधिकार क्षेत्र, राजस्व चुहावटको सूचना र आकस्मिक जाँच परीक्षण गर्न सक्ने व्यवस्था छ। ऐनमा राजस्व चुहावटको परिभाषा गरिएको छैन तर राजस्व चुहावट हुने कसुरहरूको भने उल्लेख गरिएको छ। ऐनमा "कुनै पनि व्यक्तिले राजस्व चुहावट गर्न, गराउन वा गर्ने उधोग गर्ने वा त्यस्तो कार्य गर्न कुनै पनि प्रकारले मद्दत गर्ने वा त्यस्तो कार्यमा मतियार हुनुहुँदैन"[4] भनिएको छ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को उद्देश्य र महत्त्व

प्रस्तावना कुनै पनि कानुनको ऐना हो जसले त्यो कानुन ल्याउनुको विधायिकी मनसाय बोलेको हुन्छ। प्रस्तावनामा ऐन ल्याउनुको उद्देश्य र यसको महत्त्वमाथि प्रकाश पार्दै "सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नका निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासनको क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व सङ्कलनमा वृद्धि गर्न वाञ्छनीय भएकोले"[5] राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ बनाई जारी गरिएको भनिएको छ।

यस ऐनमा राजस्व, राजस्व चुहावटको कार्य र कसुरको व्यवस्था समेत गरिएको छ। कानुनले गर्नु भनेको कार्य नगरेमा वा नगर्नु भनेको कार्य गरेमा कसुर मानिन्छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ ले कसुर मानेका कार्यको अनुसन्धान र अभियोजन तथा न्यायसम्पादनका लागि कानुनमा नै व्यवस्था गरिएको छ। ऐन जारी भएपछि सम्मानित सर्वोच्च अदालतमा राजस्व चुहावट सम्बन्धी मुद्दामा परेका विवाद र अदालतबाट भएका केहि निर्णहरूलाई यहाँ अध्ययनको विषय बनाइएको छ।

---

[1] https://www.collinsdictionary.com

[2] राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ दफा २(क)

[3] ऐजन, दफा २(क)१

[4] राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ दफा ३

[5] ऐजन, प्रस्तावना

राजस्व चुहावटसम्बन्धी कसुर

ऐनमा कुनै पनि व्यक्तिले राजस्व चुहावटसम्बन्धी कसुर गर्न नहुने र त्यस्तो कार्य गरेमा कसुर गरेको मानिने र त्यस्तो कसुर कानुनबमोजिम दण्डनीय हुने व्यवस्था छ। ऐनले देहायबमोजिमका कार्यलाई कसुर मानेको छ।

क. कम राजस्व तिर्ने वा राजस्व नतिर्ने कार्यः ऐनमा "कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत वा झुठ्ठा लेखा विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्नु वा बुझाउनुपर्ने राजस्वभन्दा घटी राजस्व तिरेमा वा बुझाएमा"[1] राजस्व चुहावटसम्बन्धी कसुर हुने भनिएको छ।

ख. राजस्व छलेमा वा छल्ने प्रयास गरेमाः ऐनमा "कुनै पनि मालवस्तुको निकासी पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानुनबमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा"[2] राजस्व चुहावटसम्बन्धी कसुर हुने भनिएको छ।

ग. अन्य कुनै व्यक्तिको नामबाट उधोग सञ्चालन गरी राजस्व छलेमा वा छल्ने प्रयास गरेमाः ऐनमा "कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उधोग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु निकासी वा पैठारी गरेमा वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानुन बमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा"[3] कसुर हुने भनिएको छ।

घ. कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारेमाः ऐनमा "राजस्व तिर्नु, बुझाउनु वा दाखिला गर्नुपर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनुपर्ने राजस्व नतिरेमा वा जति तिर्नु पर्ने हो सोभन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा"[4] कसुर हुने भनिएको छ।

ङ. गलत वा झुठ्ठा लिखत तथा कागजात तयार गरेमाः ऐनमा "राजस्व बुझाउनुपर्ने कार्यालयको कर्मचारीसँग मिलोमतो गरी वा नगरी कानुनबमोजिम तिर्नु बुझाउनुपर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाउको देखिने गलत वा झुठ्ठा लिखत तथा कागजात तयार गरेमा वा पेश गरेमा"[5] कसुर हुने भनिएको छ।

च. वास्तविक मूल्यभन्दा घटी वा बढी हुने गरी हिसाब वा कागजात तयार गरी पेस गरेमाः ऐनमा "राजस्व बुझाउने प्रयोजनका लागि घोषणा गरिनुपर्ने वा देखाउनुपर्ने कुनै आय, घर जग्गा वा अन्य सम्पत्ति वा सामानको वास्तविक मूल्यभन्दा घटी वा बढी हुने गरी हिसाब वा कागजात तयार गरी पेश गरेमा"[6] कसुर हुने भनिएको छ।

छ. कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमाः ऐनमा "कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा, पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको

---

[1] ऐजन, दफा ४ (क)

[2] ऐजन, दफा ४(ख)

[3] ऐजन, दफा ४(ग)

[4] ऐजन, दफा ४(घ)

[5] ऐजन, दफा ४(ङ)

[6] ऐजन, दफा ४(च)

पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर र मूल्य फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु नै घोषणा नगरेमा"[1] कसुर हुने भनिएको छ।

ज. **कुनै व्यक्तिले आय लुकाएमाः** ऐनमा "कुनै व्यक्तिले आय लुकाई निजको आयभन्दा खर्च र सम्पत्ति बढी भएको देखिएमा"[2] कसुर हुने भनिएको छ।

झ. **राजस्व नतिर्ने वा कम तिर्ने नियतले अन्य कुनै काम गरे वा गराएमाः** ऐनमा "प्रचलित कानुन बमोजिम तिर्नु वा बुझाउनुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले अन्य कुनै काम गरे वा गराएमा"[3] कसुर हुने भनिएको छ।

ञ. **गलत वा झुठ्ठा परामर्श दिएमाः** ऐनमा "माथि उल्लिखित कामकारबाही गर्न वा गराउन गलत वा झुठ्ठा परामर्श दिएमा"[4] कसुर भएको मानिने छ भनिएको छ।

राजस्व चुहावट सम्बन्धी कसुरमा न्यायिक दृष्टिकोण

नेपालको संविधानले संविधानवादको सिद्धान्तबमोजिम शक्तिपृथकीकरण र सन्तुलनको सिद्धान्तलाई आत्मसात गरेको छ। सविधानवादको मान्यताका आधारमा विश्वको उत्कृष्ट संविधान मानिने नेपालको संविधानमा "स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणलाई"[5] आत्मसात गरिएको छ। संविधानमा "नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ"।[6] "मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्नेछ"[7] भन्ने संवैधानिक व्यवस्थाले न्यायलयलाई कानुनको व्याख्या गर्ने र कानुनको व्याख्यामार्फत कानुनमा रहेको रिक्तता पूर्ति गर्ने अङ्गका रूपमा समेत स्थापित गरेको छ।

राजस्व चुहावटसम्बन्धी मुद्दामा न्यायिक व्याख्या र प्रतिपादित सिद्धान्तले न्यायिक दृष्टिले राजस्व चुहावटलाई बुझ्न, कानुनको प्रयोग र व्याख्या गर्नका साथै कसुरको स्तर बुझ्नसमेत मद्दत गर्नेछ।

निवेदक श्री हरदेव सिंह बनारसी सिंह फर्म जनकपुरधामको प्रोप्राईटर हरदेव सिंह विरूद्ध कर कार्यालय जनकपुरधाम[8]

निर्णयाधारः तथ्ययुक्त आधार बेगरको कर निरीक्षकको गोप्य प्रतिवेदनको आधार बनाई १४,००००।- चौध लाखको सुर्ति बिक्री कायम गरी खुद आय कायम गरेको कर अधिकृतको निर्णय मिलेको नदेखिने। खुद आय नै यकिन गर्नुपर्ने विषय भएकोले कर अधिकृतको निर्णय उपर परेको पुनरावेदनबाट भएको फैसलाहरूमा केही हिस्सा सदर वा केही हिस्सा बदर गर्न सकिने स्थिति नरहने।

---

[1] ऐजन, दफा ४(छ)

[2] ऐजन, दफा ४(ज)

[3] ऐजन, दफा ४(ज)

[4] ऐजन, दफा ४(झ)

[5] नेपालको संविधान, प्रस्तावना

[6] नेपालको संविधान धारा १२६(१)

[7] ऐजन धारा १२६(२)

[8] ने.का.प. २०४०, अङ्क ७, नि. नं. १७०२

विश्लेषणात्मक टिप्पणीः फैसलामा आय निर्धारणसम्बन्धी कार्यविधिको व्याख्या गर्दै कर निर्धारण गर्दा तथ्ययुक्त आधार र कारण खुलाउनुपर्ने र खुद आय यकिन गर्नुपर्ने व्याख्या गरिएको छ।

निवेदक श्री ५ को सरकार अर्थ मन्त्रालय,कर विभाग कर कार्यालय विराटनगर विरूद्ध अरूणोदय उद्योग प्रा.लि.[1]

निर्णयाधारः कर फछर्यौट आयोगले व्यक्तिगत धारणा बनाई अजमाइसी आधारमा आयात इजाजतपत्रको मोलको तीस प्रतिशतले खुद आय कायम गर्ने गरेको कर फछर्यौट आयोगको निर्णय र सो आधारमा कर कार्यालय विराटनगरले गरेको आयकर निर्धारण आदेशसमेत नमिल्ने।

विश्लेषणात्मक टिप्पणीः फैसला कर निर्धारणको विषयसँग सम्बन्धित रहेको छ। फैसलामा निर्णय कानुनका आधारमा हुनुपर्छ। व्यक्तिगत धारणाका आधारमा हुनुहुँदैन भनिएको छ।

पुनरावेदक भक्तपुर स्थित नवदुर्गा चित्र मन्दिरको प्रोप्राइटर दैवज्ञरत्न विजुक्षे विरुद्ध कर कार्यालय, काठमाडौं[2]

निर्णयाधारः डिष्ट्रिब्युटर करको नामबाटै सो कर डिष्ट्रिब्युटरले तिर्नुपर्ने भन्ने प्रष्ट रूपमा देखिएकोमा सिनेमा धनीले तिरेको देखिँदा सो सिनेमाधनीले तिरेको डिष्ट्रिब्युटर कर मिनाहा दिनुपर्ने। काम गर्नेहरूको भविश्यको बचत सम्बन्धमा राखेको र राख्नु पर्ने रकम मनासिवै भएको र प्रतिष्ठाको लागि र कर्मचारी रहेछन् भनी सर्वसाधारणले जान्नको लागि युनिफर्मको समेत व्यवस्था गरेको हुँदा सञ्चय कोष र यूनिफर्ममा खर्च गरेको विवादित रकमहरू मनासिब नै देखिएको छ।

विश्लेषणात्मक टिप्पणीः फैसलाले आय निर्धारणका आधारहरू स्पष्ट गरेको छ। फैसलामा डिष्ट्रिब्युटर कर नामबाटै डिष्ट्रिब्युटरले तिर्नुपर्ने कर भएको र सञ्चय कोष र युनिफर्ममा गरेको कार्यालयको प्रतिष्ठा र पहिचानका लागि हुने खर्च भएकाले यसप्रकारका कर मिनाहायोग्य कर हुने भनी व्याख्या गरिएको छ।

पुनरावेदक भैरहवा भन्सार कार्यालय विरुद्ध शिव प्रसाद शर्मा[3]

निर्णयाधारः बिक्री कर लाग्ने नलाग्ने कुरा कानुनद्वारा निर्धारित हुने विषय हुँदा बिक्री कर दाखिल गरेकै कारणसम्मले बिक्री कर लाग्ने भन्न नमिल्ने।

विश्लेषणात्मक टिप्पणीः फैसला कानुन व्याख्याको सिद्धान्तमा आधारित रहेको छ। फैसलाले कुनै पनि कर लगाउने वा नलगाउने भन्ने विषय कानुनको विषय भएको र कानुनले बिक्री कर लाग्नेछ नभनेको अवस्थामा बिक्री कर लिन नहुने स्पष्ट गरेको छ।

पुनरावेदक मित्तल टी इण्डस्ट्रिज प्रा.लि.को तर्फबाट ऐ.का अधिकार प्राप्त सञ्चालक महेशकुमार अग्रवाल विरुद्ध साविक मूल्य अभिवृद्धि कर विभाग,हाल आन्तरिक राजस्व विभाग,काठमाडौं[4]

निर्णयाधारः मूल्य अभिवृद्धि करमा दर्ता भएको कुनै करदाताले वस्तु खरिद गर्दा तिरेको करको रकम उक्त वस्तु बिक्री गर्दा सङ्कलन गरेको रकमबाट कट्टा गरी फिर्ता लिने तर यसरी कर कट्टा गरिएको वस्तुको बिक्री गरेको अभिलेख पनि नदेखाउने र स्टकमा रहेको पनि देखाउन नसकेको अवस्थामा खरिदमा सङ्कलन गरेको कर उक्त वस्तुको बिक्रीबाट सङ्कलन गरेको करको रकमबाट कट्टा गरी फिर्ता लिन पाउने सम्बन्धमा

[1] ने.का.प. २०४०, अङ्क ८, नि. नं. १७०८
[2] ने.का.प. २०४३, अङ्क ३, नि. नं. २६५५
[3] ने.का.प. २०५६, अङ्क ४, नि. नं. ६७०५
[4] ने.का.प. २०६६, अङ्क ६, नि. नं. ८१७३

मूल्य अभिवृद्धि नियमावली, २०५३ को नियम ३९(१) र ३९(३) मा गरिएको व्यवस्थाको दुरूपयोग हुन सक्ने।

करकट्टी गरिलिएको वस्तुको बिक्री र स्टकमा रहेको वस्तुको परिमाणको बिचमा भिन्नता देखिएमा सो भिन्नताको हदसम्मको परिमाणका वस्तु स्टकमा रहेको मानिने कुरा तर्कसँगत र न्यायसँगत पनि छ। तर यो व्यवस्था कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको रूपमा प्रयोग हुने वस्तुको हकमा भने लागु हुन नसक्ने।

कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थ र बिक्रीको लागि खरिद गरिएका सामान्य खरिद बिक्रीका सामानहरूको खरिद, बिक्री तथा प्रयोगको सन्दर्भलाई छुट्याएर हेर्नु पर्ने।

उत्पादनको प्रक्रियामा जर्ती जान सक्ने प्रकृति र परिमाणको कच्चा पदार्थलाई नियमित व्यापारिक प्रक्रियामा बिक्री गर्नको लागि खरिद गरी करकट्टा गरिएको वस्तुको समकक्षमा राखी जर्ती गएको कच्चा पदार्थको हकमा पनि मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को व्यवस्था लागु गर्नु उक्त नियमको उद्देश्य र प्रयोजन विपरीत हुने।

कच्चा पदार्थको प्रयोग गरी उत्पादन गर्दा कच्चा पदार्थमा केही सर्टेज हुन्छ भनी मानेको अवस्थामा त्यस्तो सर्टेज भएको वस्तु स्टकमा रहेको हुन्छ भनी मान्न सकिँदैन र बिक्री भएको मान्न पनि नसकिने।

विश्लेषणात्मक टिप्पणीः फैसला कानुन व्याख्याको स्वर्णिम नियमसँग सम्बन्धीत छ। कानुन व्याख्याको नियम अनुसार कानुनको व्याख्या गर्दा एउटा मात्र धारा वा दफाको मात्र नभई समग्र कानुनको धारा वा दफाका आधारमा व्याख्या गर्नुपर्ने सिद्धान्तअनुसार मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को उद्देश्य र प्रयोजनका सन्दर्भमा व्याख्या गर्दा नियमावलीमा गरिएको व्यवस्थाको समेत व्याख्या गरिनुपर्ने भनिएको छ। यसैगरी कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थमा मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४०(१) को व्यवस्था लागु गर्नु उक्त नियमको उद्देश्य र प्रयोजन विपरीत हुने भनिएको छ।

पुनरावेदक राजस्व अनुसन्धान विभागको प्रतिवेदनले नेपाल सरकार विरूद्ध डाबर नेपालका प्रबन्धक तरूणकुमार गुप्ता[1]

निर्णयाधारः अदालतले कानुनको व्याख्या गर्दा कस्तो कानुन बनाउनु उपयुक्त हुन्छ भनी विधायिकाको अधिकार खोस्ने होइन विधायिकाले सो कानुन बनाउँदा कुन उद्देश्यले बनाएको हो भनी विधायिकाको मनसाय हेर्नुपर्छ। कानुनमा प्रयुक्त शब्द तथा वाक्यको व्याख्या गर्दा कानुनको व्याख्यासम्वन्धी नियमानुसार नै गर्नुपर्ने।

कानुनको शाब्दिक व्याख्या गर्दा कानुनको तर्कपूर्ण, विवेकसम्मत, व्यावहारिक एवम् न्यायपूर्ण अर्थ निस्कन्छ भने कानुनको शाब्दिक व्याख्या नै गर्नुपर्छ। तर कानुनको शाब्दिक व्याख्या गर्दा कानुनको विवेकसम्मत, न्यायपूर्ण र व्यवहारिक अर्थ ननिस्कने अवस्थामा कानुनको व्याख्याको स्वर्णिम नियमलाई अनुसरण गरी उक्त कानुनमा भएका अन्य दफाहरूसमेतको सापेक्षतामा राखेर कानुनको सन्दर्भ सुहाउँदो र सुस्पष्ट व्याख्या गर्नुपर्ने।

[1] ने.का.प. २०७४, अङ्क १० , नि. नं. ९८८४

विधायिकाले दफा ८ को व्यवस्था गर्दा राजस्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकात गरिसक्नु पर्ने गरी व्यवस्था गरेको हो भनी व्याख्या हुन गएको अवस्थामा दफा २० मा अनुसन्धान तहकिकात समाप्त भएको ३५ दिनसम्ममा मुद्दा दायर गर्नुपर्ने भनी र ऐ. दफा १३ मा अनुसन्धानको सिलसिलामा बढीमा ४५ दिनसम्म अभियुक्तलाई थुनामा राख्न सकिने भनी व्यवस्था गर्नुपर्नाको औचित्य नै समाप्त हुने देखिँदा राजस्व चुहावटको सूचना प्राप्त भएको ३० दिनभित्रै अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरिसक्नुपर्ने गरी विधायिकाले समयसीमा निर्धारण गरेको हो भनी अर्थ गर्न सकिने अवस्था नहुने।

भारतमा बनेको हजमोला केण्डी चोरी पैठारी गरी नेपालमा ल्याई नेपालमा बनेको भन्ने देखाउन सो केण्डी राखिएको जारमा नेपालमा बनेको भन्ने लेमुनेट लगाएको देखिँदा प्रतिवादीहरूले राजस्व चुहावट गरेको भन्ने नै पुष्टि हुन आएको पाइने।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ को व्याख्या गर्दा सो ऐनको दफा १३ र २० एवं अन्य दफाहरू समेतको सापेक्षतामा गर्नुपर्ने गरी यस अदालतको संयुक्त इजलासबाट ०६४-CR-०००७ को प्रस्तुत मुद्दामा मिति २०६७।३।१६ मा भएको फैसलालाई सदर गरी उल्लिखित दफा ८ को सम्बन्धमा नेपाल सरकार विरुद्ध पृथ्वीमान सिंहसमेतको राजस्व चुहावट मुद्दा संवत् २०५९ सालको फौ.पु.नं.२७०३, ३२०६ र ३२३२ मा यस अदालतको संयुक्त इजलासबाट भएको रूलिङ ओभररूल हुने।

विश्लेषणात्मक टिप्पणीः फैसलामा कानुन व्याख्याका सिद्धान्तहरू शाब्दिक व्याख्याको सिद्धान्त र स्वर्णिम व्याख्याको सिद्धान्तको बारेमा स्पष्टतासहित उल्लेख गरिएको छ। फैसलाले अदालतले विधायिकाको मनसाय पत्ता लगाउने हो, कानुनको निर्माण गर्ने होइन भन्ने आसयको व्याख्या गरेको छ। यसै गरी फैसलामा भारतमा बनेको हजमोला केण्डी चोरी पैठारी गरी नेपालमा ल्याई नेपालमा बनेको भन्ने देखाउन सो केण्डीमा राखिएको जारमा नेपालमा बनेको देखाइएको कार्यलाई राजस्व चुहावटको कसुरको रूपमा व्याख्या गरिएको छ।

पुनरावेदक रमेश खरेल भन्ने बालकृष्ण खरेल विरूद्ध अर्थ मन्त्रालय राजस्व अनुसन्धान विभागको पत्रले नेपाल सरकार[1]

निर्णयाधारः विदेशबाट ल्याएको सामानको राजस्व कम तिर्ने नियत लिएको, कम राजस्व बुझाएको र बुझाउनु पर्ने सबै राजस्व नबुझाई सामान पैठारी गरेको कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(क) (ख) र (ग) विपरीतको कसुर हुने।

विश्लेषणात्मक पक्षः फैसलामा राजस्व चुहावटको कसुर हुन आवश्यक तत्वहरूको विश्लेषण गरिएको छ। फैसलाले विदेशबाट ल्याएको समान होस वा स्वदेशी सामान होस राजस्व चुहावटको कसुर हुन राजस्व कम तिर्ने नियत लिएको, कम राजस्व बुझाएको र बुझाउनुपर्ने सबै राजस्व नबुझाई सामान पैठारी गरेको कार्य भएको हुनुपर्ने भनी ऐनको स्पष्ट व्याख्या गरेको छ।

[1] ने.का.प. २०७६, अङ्क ०९ , नि. नं. १०३५५

पुनरावेदक आन्तरिक राजस्व कार्यालय,भक्तपुरका तर्फबाट प्रमुख कर अधिकृत दीपक खरेल विरूद्ध प्रत्यर्थी क्यूरेक्स फर्मास्युटिकल्स प्रा.लि.[1]

निर्णयाधारः राजस्व प्रयोजनका लागि प्रशासकीय पुनरावलोकन गर्न क्रेडिट रकमलाई धरौटी मान्न नमिल्ने भएपछि निवेदकलाई अतिरिक्त धरौटी पेस गर्न लगाउने मनासिब मौकासमेत नदिई एकपटक दर्ता भइसकेको निवेदनमा मनासिब विकल्पबिना नै एकपक्षीय रूपमा निवेदन खारेज गरिदिएको कुरालाई न्यायसम्मत् भन्न नसकिने।

विश्लेषणात्मक पक्षः फैसलामा मुलतः तीनवटा विषयहरू उठाइएको छ। पहिलो राजस्व कार्यालयले निर्धारण गरेको कर विवरणमा चित्त नबुझ्ने करदातालाई प्रशासकीय पुनरावलोकनको निवेदन दिने कानुनी हक हुने नहुने, निवेदकले निवेदनमा उठाएका विषयहरूलाई निर्णयकर्ताले निर्णयका क्रममा अनिवार्य रूपमा बोल्नु पर्ने/नपर्ने र नबोलेको अवस्थामा त्यसको कानुनी परिणाम के हुने। फैसलामा यी विषयहरूलाई संवोधन गर्दै सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासले धरौटी पनि स्वीकार नगर्ने र निवेदकलाई अतिरिक्त धरौटी पेस पनि मनासिव मौका नदिने महानिर्देशकको कार्य स्वच्छ सुनुवाईको सिद्धान्तको प्रतिकूल हुन जाने व्याख्या गरेको छ।

पुनरावेदक आन्तरिक राजस्व कार्यालय काठमाडौं विरूद्द सेराजेम हेल्थ केयर प्रा. लि.को तर्फबाट संचालक समितिका अध्यक्ष पंकज कुमार पौद्दार[2]

निर्णयाधारः कुनै एउटा विभागीय निर्देशिकाको उदाहरणमा प्रयुक्त शव्दावलीलाई कानुन सरह मान्यता दिई उदाहरणमा परे तरका उही आशय बोक्ने शब्दावलीलाई बाहेक गरेर अर्थ र व्याख्या गर्दा कानुनको वास्तविक मनसाय प्रकट हुँदैन भन्ने कुरा निर्णयकर्ताले निर्णयको दौरान हेक्का राख्नुपर्ने हुन्छ। निर्देशिकाको मूल व्यवस्थामा नभई उदाहरणमा मात्र "परामर्श सेवा" भन्ने शब्दहरूको प्रयोग भएकोले परामर्श सेवा बापत उपलब्ध हुने कमिसनलाई मात्र सेवा शुल्क मान्न मिल्छ तर परामर्श बाहेक अन्य सेवा (वस्तु बिक्री गरी उपलब्ध गराएको सेवासमेत) बापत पाएको कमिसनलाई सेवा शुल्क मान्न मिल्दैन भन्ने निर्णयाधार ग्रहण गरेबाट कानुनमा स्पष्ट नगरी केवल उदाहरणस्वरूप उद्धृत गरिएको अमूक शब्दावलीलाई कसैको हक र दायित्वमा सारभूत असर पार्ने शब्दको रूपमा स्वतः अनुमान लगाई अर्थ गरिनुलाई कानुनको सही व्याख्या भएको भनी मान्न नसकिने।

आयकर ऐन,२०५८ को दफा २ को खण्ड (क) मा सेवा शुल्क भन्नाले "कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजारमूल्यअनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले कमिसन, बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ" भनी सेवा शुल्कलाई परिभाषित गरेको देखिंदा वस्तु बिक्री गरी प्राप्त गरेको कमिसन सेवाशुल्कअन्तर्गत पर्दैन भनी कानुनले प्रष्ट रूपमा नबोलेको अवस्थामा कमिसन बापत पाउने रकम सेवा शुल्कभित्र पर्दैन भनी अनुमान गर्न नमिल्ने।

"बिक्री प्रबन्धकको नियुक्त एजेन्टलाई दिईने कमिसन सेवा शुल्क हुन्छ भने बिक्रीको लक्ष्य हासिल गरे बापत तोकिएका कर्मचारीलाई उपलब्ध हुने कमिसन भने पारिश्रमिकअन्तर्गत पर्दछ" भनी स्पष्ट शब्दहरूमा उल्लेख गरी आन्तरिक राजस्व विभागको आयकर निर्देशिकामा उल्लेख भएको व्यवस्थाले नै सेल्स एजेन्टको कमिसनलाई सेवा शुल्क मानेको हुँदा कमिसन प्रयोजनको लागि सेल्स एजेन्टलाई विशेष रूपमा नहेरी यसमा

[1] ने.का.प. २०७७, अङ्क ८, नि. नं. १०५५१

[2] ने.का.प. २०७७, अङ्क ८, नि. नं. १०५५२

प्रयुक्त यी तीन शब्दहरू सेवा शुल्क, कमिसन र बिक्री बोनस लाई केवल प्राविधिक दृष्टिकोणबाट हेरी निरपेक्ष रूपमा अलग अलग अर्थ र अस्तित्व बोकेका हुन् भनी अर्थ गर्न मिल्ने देखिंदैन। कानुनमा प्रयुक्त शब्दहरूको अर्थ लगाउँदा कानुनको व्यवस्थालाई समुचा रूपमा हेरी सन्दर्भ अनुसारको सापेक्षतामा ती शब्दहरूको अर्थ निकाल्नुपर्ने हुन्छ। यस उपदफामा प्रयुक्त सेवा शुल्क, कमिसन र बिक्री बोनस शब्दहरूको छुट्टाछुट्टै प्रयोग भएको कारण ती शब्दहरूले स्वतन्त्र अर्थ ग्रहण गर्ने भएतापनि सेल्स एजेन्टको कमिसनको हकमा भएको अलग व्यवस्था र सो कमिसनलाई वर्गीकरण नगरिएको अवस्थामा बिक्री प्रबन्धकको लागि नियुक्त त्यस्ता सेल्स एजेन्टले पाउने कमिसनलाई सेवा शुल्ककै रूपमा बुझ्नुपर्ने।

विश्लेषणात्मक पक्षः प्रस्तुत फैसला कानुन व्याख्याको सिद्धान्तमा आधारित रहेको छ। फैसलामा कानुनमा प्रयुक्त शब्दहरूको अर्थ लगाउँदा कानुनमा भएको व्यवस्थालाई समुचा रूपमा हेरी सन्दर्भअनुसारको सापेक्षतामा शब्दरूको अर्थ निकाल्नुपर्ने भनी व्याख्या गरिएको छ। साथै फैसलाले निर्देशिका कानुन बन्न नसक्ने र निर्देशिकामा दिएको उदाहरणले कानुनको स्थान लिन नसक्ने भनी व्याख्या गरेको छ।

हिमाल पावर लिमिटेड विरुद्द ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुर[1]

निर्णयाधारः मुलुकको आर्थिक प्रशासनलाई बलियो बनाउन, देश विकासको गतिलाई तीव्र पार्न र सर्वसाधारण नागरिकलाई आर्थिक सुविधा प्रदान गर्न हरेक आर्थिक वर्षहरूमा सरकारले कर, राजस्व र शुल्क उठाउने नयाँनयाँ क्षेत्रहरूको पहिचान गरी करका दररेटहरू र कार्यविधिसमेत निर्धारण गर्न सक्ने नै हुन्छ। मुलुकको आर्थिक विकासका लागि राजस्वको सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालन र अभिवृद्धि गर्ने कुरालाई अन्यथा मान्न नमिल्ने।

आयकर भनेको आर्जन भएको आएमा कानुनबमोजिम कट्टा गर्न पाउने रकम कट्टा गरी भएको खुद नाफामा लाग्ने कर हो। विशेष शुल्क राज्यको लागि शुल्क उठाउनुपर्ने विशेष परिस्थिति पर्न गएको कारण विशेष अवस्थामा लगाएको अन्य करहरूभन्दा फरक रहेको छुट्टै प्रकारको राजस्व सङ्कलन गर्ने शुल्क भन्ने बुझ्नुपर्ने।

आयकर छुट हुँदैमा राज्यले ऐन कानुन बनाई केही अवधिको लागि राजस्व सङ्कलन गर्ने उपाय स्वरूप शुल्क दस्तुर उठाउने भनी गरेका अन्य सबै किसिमका कर दस्तुरहरू छुट हुने भन्न नमिल्ने।

विश्लेषणात्मक टिप्पणीः फैसलामा मुलुकले कर तथा राजस्व उठाउनुपर्ने कारण र आयकरको विषयमा स्पष्ट व्याख्या गरिएको छ।

पुनरावेदक मण्डला हाउसको घरधनी सोनाम राप्तेन तुलाधर विरूद्ध आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत[2]

निर्णयाधारःघर बहालको कारोबारमा मूल्य अभिवृद्धि कर लगाउने हो भने त्यस्तो बहालको प्रयोजन व्यावसायिक निकायले सेवा व्यापारका लागि भएको पुष्टि हुने आधारहरू विद्यमान रहेको हुनुपर्ने। अन्यथा, गैरव्यवसायिक प्रयोजनको लागि घर बहालमा लगाएकोमा करदातालाई मूल्य अभिवृद्धि कर लाग्छ भन्न नमिल्ने।

[1] ने.का.प. २०७७, अङ्क १२ , नि. नं. १०६१०

[2] ने.का.प. २०७८, अङ्क १२, नि. नं. १०८०५

विश्लेषणात्मक पक्षः फैसला कानुनको व्याख्यासँग सम्बन्धीत रहेको छ। फैसलामा घर बहाल भनेको के हो, कस्तो अवस्थामा घर बहाल कर व्यवसायिक करका रूपमा परिणत हुन्छ र घर बहालको कारोबारमा मूल्य अभिवृद्धि कर लाग्छ, लाग्दैन भन्ने विषयलाई स्पष्ट गर्दै व्यवसायिक प्रयोजनका लागि घर बहालमा लगाएको अवस्थामा बाहेक मूल्य अभिवृद्धि कर लगाउन नपाइने व्याख्या गरिएको छ।

पुनरावेदक ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुर विरूद्ध प्राइम इन्टरनेशनल प्रा.लि. त्रिपुरेश्वर, काठमाडौं[1]

निर्णयाधारः करदाता कम्पनीले उधारो बिक्रीमा ब्याज प्राप्त नगरेको भनी औंल्याएको रू.१३,०६,३०३।- (तेह्र लाख छहजार तीनसय तीन) को विषयलाई लिएर पुनरावेदन पर्न आएको देखियो। सो सम्बन्धमा हेर्दा २१ दिनभन्दा बढी अवधिको उधारो बिक्रीमा वार्षिक १३ प्रतिशत ब्याज लिने भनी सम्झौतामा उल्लेख भएको देखिन्छ। तर सोबमोजिमको ब्याज रकम असुल भएको भन्ने तथ्य पुष्टि हुन आएको देखिँदैन। आयकर ऐन, २०५८ को दफा ९ अनुसार उक्त व्यवस्था लगानीको आय गणना गर्दा लागु हुने देखिन्छ। करदाता कम्पनीले उधारो बिक्री गरेको सामानको रकम समयमा नै असुल हुन सकोस् भन्ने उद्देश्यले गरेको सम्झौताको सर्तलाई आधार मानेर बाध्यात्मक रूपमा ब्याज असुल भएकै हुनुपर्ने भनी व्याख्या गरिनु मनासिब हुँदैन। भएको आम्दानीमा आयकर लाग्ने हो, सम्भावित वा अनुमानित लाभको कुरालाई गणना गरेर केवल शंका र अनुमानको आधारमा करदातालाई अनुचित रूपमा आयकरको दायित्व वहन गराउन मिल्दैन।

विश्लेषणात्मक टिप्पणीः फैसला कानुनको व्याख्याको सिद्धान्तमा आधारित रहेको छ। फैसलाले आयकर ऐन, २०५८ को दफा ९ को स्पष्ट व्याख्यामार्फत आम्दानीमा आयकर लाग्ने हो, सम्भावित वा अनुमानित लाभको कुरालाई गणना गरेर केवल शंका र अनुमानको आधारमा करदातालाई अनुचित रूपमा आयकरको दायित्व वहन गराउन मिल्दैन स्पष्ट गरेको छ।

पुनरावेदक ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर विरूद्ध कुमारी बैङ्क लिमिटेड[2]

निर्णयाधारः पोसाक खर्चबापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी भुक्तानीमा करकट्टी गर्दा कर्मचारीलाई एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीले पाएको पोसाकबापतको हुने रकमसमेत समावेश गरी व्यक्तिगत आय यकिन गरी ऐनबमोजिम पाउने छुटसमेत दिई करको गणना गर्नुपर्ने।

विश्लेषणात्मक पक्षः फैसला कानुन व्याख्याको सिद्धान्तमा आधारित छ। फैसलाले कानुनको व्याख्यामार्फत आयकरलाई स्पष्ट गरेको छ भने आयकर गणना कसरी गर्ने स्पष्टसमेत गरेको छ। फैसलामा प्राकृतिक व्यक्तिलाई कर लगाउँदा कानुनले निर्धारण गरेका सम्पूर्ण व्यवस्थाहरू अवलम्बन गर्न भनेको छ भने पोसाकबापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गर्नुपर्ने भनिएको छ।

पुनरावेदक आन्तरिक राजस्व कार्यालय, धरान विरूद्ध पिंकी इन्टरनेसनल धरानका प्रो. भरतकुमार अग्रवाल[3]

निर्णयाधारः कानुनले व्यवस्था गरेका अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रक्रियागत कार्यविधि कर अधिकृत वा कर्मचारीले पालन गरेपनि हुने नगरे पनि हुने स्वेच्छाचारी प्रकृतिका हुँदैनन्। प्रक्रिया पूरा नगरेका जुनसुकै काम कारबाही कानुनको नजरमा बदरयोग्य हुने। कानुनले गर्नुपर्ने भनी निर्दिष्ट गरेको कुरा पालना नगरी

[1] ने.का.प. २०८०, अङ्क १, नि. नं. ११००९

[2] ने.का.प. २०८०, अङ्क २, नि. नं.११०२६

[3] ने.का.प. २०८०, अङ्क २, नि. नं. ११०३२

अनुगमनका नाउँमा गरिएका काम कारबाहीले व्यक्तिको संविधान र कानुन प्रदत्त हकको उल्लङ्घन गरेको प्रस्ट देखिने।

विश्लेषणात्मक पक्षः फैसला प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहेर गरेको पाइन्छ। फैसलामा कानुनले निर्धारण गरेका कार्यविधिगत प्रक्रिया पालना नगर्दाको परिणाम स्पष्ट गरेको छ। सारवान कानुनको जीवन्तता कार्यविधिगत कानुनको प्रयोगमा रहन्छ। अनुसन्धान तथा अभियोजनमै कार्यविधिको पालनालाई अनिवार्य शर्तको रूपमा लिइएको छ। साथै फैसलाले अनुगमनमा संलग्न कर्मचारी, अनुगमनका क्रममा फेला परेका सामानहरू र त्यसको परिमाणलगायत प्रक्रियाका विषयमा करदाताले सूचना र जानकारी पाउने विषयलाई संवैधानिक तथा कानुनी हकका रूपमा व्याख्या समेत गरेको छ।

पुनरावेदक ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुर विरूद्ध ज्योति स्पिनिङ मिल्स लिमिटेड[1]

निर्णयाधारः कुनै कम्पनी खारेजीमा जानु एउटा प्रक्रिया हो तर सो कम्पनीले सञ्चालनमा रहेको अवस्थामा गरेको आय व्ययका आधारमा सम्बन्धीत कर कार्यालयले निर्धारण गरेको करयोग्य आय विवरणलाई अन्यथा मान्न नमिल्ने। पहिले सञ्चालनमा रही कर निर्धारण भएकोमा पछि नोक्सानी भई खारेजीमा जाने निर्णयबाट अघिको कर छुट हुने अवस्था नरहने।

विश्लेषणात्मक पक्षः फैसला कानुन व्याख्याको सिद्धान्तमा आधारित रहेको छ। फैसलाले कानुनको व्याख्या गर्दा कम्पनी खारेजीको परिणाम र सञ्चालनमा रहेको बखत तिर्नु वा बुझाउनुपर्ने ठहरेको कर दायित्व स्पष्ट गर्दै कम्पनी सञ्चालनमा रहेको बखत तिर्नु वा बुझाउनुपर्ने भनी ठहरेको कर दायित्व कम्पनी खारेज भएपछि पनि तिर्नुपर्ने भनेको छ।

निष्कर्ष/उपसंहार

कुनै पनि मुलुकमा सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नका निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासनको क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व सङ्कलनमा वृद्धि गर्ने उद्देश्यले राजस्वसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था गरिएको हुन्छ। यही उद्देश्यका साथ नेपालमा २०५२ सालमा राजस्व चुहावटसम्बन्धी कानुन लागु भई कार्यान्वयनमा समेत आएको छ। ऐनले राजस्व चुहावट मानिने कसुरहरूको उल्लेख गरेको सन्दर्भमा ऐन जारी भएपछि अदालत सामु मुद्दाका रोहमा आएका विवादहरूमा न्यायिक निरोपणका माध्यमबाट विवादको समाधानमात्र होइन, विवादित शब्दको व्याख्यासमेत गरेको छ जसले भावी दिनमा ऐन कार्यान्वयनमा सहजतासमेत ल्याउने अपेक्षा गरिएको छ।

अदालतले फैसलामार्फत राजस्व चुहावटसम्बन्धी कसुर र आयकर, घर बहाल कर, मूल्य अभिवृद्धि कर, लाभकर, सेवा शुल्क, कमिसन, बिक्री बोनस, अनुमानित आय र खुद आय, ड्रिष्ट्रिब्युटर्स कर जस्ता राजस्व प्रशासनसम्बन्धी कानुनी शब्दावलीहरूको यथोचित व्याख्या गरेको छ। अदालतले न्यायिक निर्णयमार्फत उत्पादनशील कच्चा पदार्थमा कर लाग्ने वा नलाग्ने, प्रशासकीय पुनरावलोकन गर्दा वा विवादमा निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधि, क्रेडिट रकमलाई धरौटी रकम मान्न मिल्ने वा नमिल्ने र पोसाकलाई पारिश्रमिक आयमा समावेश गर्ने वा नगर्नेलगायतका विषयमा स्पष्ट निर्देश गरेको छ। अदालतले कतिपय मुद्दामा कानुनको व्याख्या गर्ने सन्दर्भमा न्यायका मान्य सिद्धान्त र कानुन व्याख्याको सिद्धान्तको यथेष्ट व्याख्या

[1] ने.का.प. २०८०, अङ्क १२, नि. नं. ११२१८

विश्लेषण गरेको छ। अदालतबाट हुने निर्णयहरूमा न्यायका मान्य सिद्धान्त र कानुन व्याख्याको सिद्धान्तको यथेष्ट व्याख्या हुने गरेमा सुनमा सुगन्ध हुने थियो।

सम्मानित सर्वोच्च अदालतले राजस्व चुहावट मुद्दामा कानुनको व्याख्यामार्फत सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास द्रुततर गतिले गर्नका निमित्त खेलेको भूमिका उच्च सम्मानयोग्य रहेको छ।

<u>सन्दर्भ सामग्री</u>

- नेपालको संविधान
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- ने.का.प. २०४०, अङ्क ७, नि.नं. १७०२
- ने.का.प. २०४०, अङ्क ८, नि.नं. १७०८
- ने.का.प. २०४३, अङ्क ३, नि.नं. २६५५
- ने.का.प. २०५६, अङ्क ४, नि.नं. ६७०५
- ने.का.प. २०६६, अङ्क ६, नि.नं. ८१७३
- ने.का.प. २०७४, अङ्क १०, नि.नं. ९८८४
- ने.का.प. २०७६, अङ्क ०९, नि.नं. १०३५५
- ने.का.प. २०७७, अङ्क ८, नि.नं. १०५५१
- ने.का.प. २०७७, अङ्क ८, नि.नं. १०५५२
- ने.का.प. २०७७, अङ्क १२, नि.नं. १०६१०
- ने.का.प. २०७८, अङ्क १२, नि.नं. १०८०५
- ने.का.प. २०८०, अङ्क १, नि.नं. ११००९
- ने.का.प. २०८०, अङ्क २, नि.नं.११०२६
- ने.का.प. २०८०, अङ्क २, नि.नं. ११०३२
- ने.का.प. २०८०, अङ्क १२, नि.नं. ११२१८
- https://www.collinsdictionary.com

सुशासन प्रवर्धनका लागि अनुपालन तथा जोखिम सँस्कृति विकासको खाँचो : केही विवेचना



विमलप्रसाद ढकाल•

लेखसार

जनताले सरकारबाट प्राप्त गर्न खोजेको र सरकारले जनतालाई प्रदान गर्ने विषय एउटै विषय छ र त्यो हो "सुशासनसहितको सुलभ सेवा प्रवाह"। तर यस कुरामा तालमेल मिलिरहेको छैन। तालमेल नमिल्नुको कारण शासकीय संरचनाका अङ्गहरूमा उपयुक्त रूपमा अनुपालननको कमी र सम्भाव्य जोखिमको पहिचान, नियन्त्रण र व्यवस्थापन हुन नसक्नु हो। सङ्गठनमा जोखिमसम्बन्धी नीति नियम छन् कि छैनन्, छन् भने कार्यान्वयन कसरी भइरहेका छन् त्यसको ठुलो महत्त्व रहन्छ। सङ्गठनको उद्देश्यलाई सबैको साझा उद्देश्य बनाइएको छ छैन त्यसमा ध्यान दिइएको हुनुपर्छ। सही समयमा उचित किसिमले जोखिम उठाई सङ्गठनलाई लाभ दिलाएबापत वा सङ्गठनको उद्देश्य प्राप्तिमा यथेष्ट सहयोग पुऱ्याएबापत पुरस्कृत गर्ने वातावरण भएको सङ्गठनमा व्यक्तिहरू नवीन तथा अनुसन्धानमूलक कार्यमा संलग्न हुन इच्छुक हुन्छन् र त्यसबाट थप नवीन सोचको विकास हुन पुग्छ। नवीन खोज तथा अनुसन्धानमा रुचि भएका व्यक्तिहरू अगाडि आउन सक्छन्। त्यसको फलस्वरूप सङ्गठनमा नवीन सोच भएका सक्षम व्यक्तिहरूको प्रवेश र विकास हुन जान्छ। सङ्गठनगत जोखिम व्यवस्थापनको सही कार्यान्वयनमा सङ्गठनका मानिसहरूको सकारात्मक सोच र व्यवहारले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सङ्गठनत्मक नेतृत्वले जोखिम संस्कृतिका बहुपक्षीय आयामहरूको उपयोग गर्न सक्नुपर्छ।

जोखिम संस्कृति जोखिमप्रतिको दृष्टिकोण हो जोखिमलाई व्यवहारमा कसरी व्यवस्थापन र नियन्त्रण गरिएको छ भन्ने हो। सङ्गठनका व्यक्तिको विषयगत ज्ञान, सीप, विवेक, जागरुकता, दृष्टिकोण, निष्पक्षता, सकारात्मकता, आचरण, कार्यव्यवहार, कार्यशैली, कर्तव्यपरायणता आदि जोखिम संस्कृतिका महत्त्वपूर्ण पक्ष हुन्। कुनै पनि सङ्गठनको जोखिम संस्कृति त्यस सङ्गठनको त्यस्तो ऐना हो, जहाँ सङ्गठनका सबै कुरा सर्लक्क देखिन्छन्।

जोखिम संस्कृतिको निर्माणमा सबैभन्दा पहिले सङ्गठनको कार्यकारी तहबाट पहल कदमी लिइएको हुनुपर्छ। किनकि नेतृत्व भनेको पद वा ओहदामात्र होइन, यो त कार्यव्यवहारको उत्कृष्ट नमूना हो, अनुकरणीय दृष्टान्तका साथ निर्वाह गर्नुपर्ने जिम्मेवारी हो। जोखिम संस्कृति जोखिम व्यवस्थापनका सम्पूर्ण तत्त्वहरूलाई जोड्ने एक प्रबल माध्यम भएको हुँदा मूलतः शासकीय तहको स्वीकृति र समर्थन एवं कर्मचारीको क्रियाशीलताबिना सङ्गठनमा जोखिम संस्कृति स्थापित हुन र मौलाउन नसक्ने हुन्छ। त्यसका निमित्त कर्मचारीहरूमा पनि आफ्नो पेशाप्रति पूर्ण निष्ठा र सेवाग्राहीप्रति उत्तरदायी हुने भावनाको विकास भएको हुनुपर्छ। सङ्गठनको निर्णय प्रक्रिया र कामकारबाहीमा निष्पक्षता, तटष्ठता, पारदर्शिता, कानुनको

• पूर्वसहसचिव, नेपाल सरकार

पालना, लिइएका निर्णयहरू र सम्पादित क्रियाकलापहरूलाई उचित समयमा यथार्थ रूपमा सार्वजनिक गर्न सकिएको छ भने जोखिम संस्कृतिको प्रारम्भ हुन थाल्यो भन्न सकिनेछ।

मुलुकको साइबर सुरक्षा नीतिबमोजिम बलियो साइबर सुरक्षाका उपायहरू अवलम्बन गरेर साइबर आक्रमणलाई निरुत्साहित र न्यूनीकरण गर्न सकिन्छ। हामीकहाँ पहिलोपटक २०५७ सालमा सूचना तथा प्रविधि नीति कार्यान्वयन भई सूचना तथा सञ्चारको क्षेत्रमा भएको विकासका साथै सुरक्षा चुनौतीलाई व्यवस्थापन गर्न सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० तर्जुमा गरेको छ। साइबर सुरक्षा नीति निर्माण हुनु साइबर सुरक्षासम्बन्धी आन्तरिक नियन्त्रण वातावरणको एक महत्त्वपूर्ण पक्ष हो। आन्तरिक नियन्त्रण प्रक्रियामा नियन्त्रणका विभिन्न प्रावधानहरू अन्तर्निहित हुन्छन् जसमा मुख्य रूपले नीति, नियम, कार्यविधि र व्यवहारगत पक्ष समाविष्ट रहन्छन्। त्यसो हुनाले साइबर सुरक्षा नीति बन्नु साइबर सुरक्षाको एक महत्त्वपूर्ण प्रस्थान बिन्दु भएको छ। यो सकारात्मक सुरुआत हो। यस नीतिबमोजिम कामकारबाही सञ्चालनका निमित्त तत्सम्बन्धी सङ्गठनगत व्यवस्था, कानुन तथा कार्यविधिको निर्माण, दक्ष जनशक्तिको आवश्यक व्यवस्था हुने क्रममा रहेको अवस्था छ। साइबरसम्बन्धी अपराध र जोखिमहरूको सम्बोधन चुनौतीपूर्ण रहेको छ। सरोकारवालाहरूको सहयोग लिई संवेदनशील पूर्वाधार प्रदायकहरूबाट प्रदान हुने सेवाहरूको सुरक्षा र सूचना पद्धतिमा पहुँच पुऱ्याउने र दक्ष जनशक्तिको थप व्यवस्था गर्नुपर्ने अवस्था छ।

शब्दकुञ्जीः अनिश्चितता, अनुपालनन संस्कृति, जोखिम व्यवस्थापन, जोखिम संस्कृति, परिघटना, विचलन, सम्भावना, साइबर सुरक्षा, साइबर अपराध, सुशासन

विषय प्रवेश

"अनुपालनन" को तात्पर्य प्रचलित कानुन र आफूभन्दा माथिल्लो तहका सम्बन्धित पदाधिकारीको आज्ञा, निर्देशन, वचन, अनुमतिको पालना गर्नु हो। सङ्गठनमा प्रचलित कानुन, आधिकारिक निर्णयकर्ताबाट प्राप्त हुने आदेश, निर्देशन, वचन र आफ्नो कर्तव्यबाट अनुमति प्राप्त हुनेगर्छ। अनुपालननसम्बन्धी व्यवस्थाले कामकारबाही गर्दा पालन गर्नुपर्ने, प्रक्रिया, विधि र नियमहरूको वर्णन गर्दछ। अनुपालनन भन्ने कुरा स्थापित दिशानिर्देशअनुरूप हुने स्थिति वा त्यसो बन्ने प्रक्रिया हो। कुनै व्यक्तिको अनुरोधमा कुनै कार्य सम्पादन गरिन्छ भने त्यसलाई पनि अनुपालनन भन्न सकिन्छ।

"जोखिम" भविष्यमा हुने घटनाप्रतिको अनिश्चितता हो अर्थात् भविष्यमा के कस्तो घटना घट्न सक्छ र त्यसको प्रभाव कस्तो पर्न सक्छ भन्ने हो। अर्को शब्दमा, "जोखिम" भविष्यमा हुने घटनाप्रतिको अनिश्चितता हो। नेपाली बृहत् शब्दकोशमा "जोखिम" शब्दलाई "शारीरिक चोटपटक लाग्ने वा मानसिक आघात पुग्ने सम्भावना भएको काम, शारीरिक, मानसिक हानि-नोक्सानी हुन सक्ने डरलाग्दो काम, खतरा, "अनिष्ट वा विपत्तिको आशङ्का" का रूपमा अर्थ्याइएको छ। यसको तात्पर्य केही घटना हुने आशङ्का भएको वा सम्भावना भएको भन्ने हो। "जोखिम" व्यक्तिगत, पेशागत तथा व्यावसायिक जीवनमा निकै महत्त्वका साथ ध्यान दिनुपर्ने विषय हो।

सामान्यतया जोखिम साधनस्रोत, सम्भावित घटना, त्यसको परिणाम र प्रभावका रूपमा व्यक्त गरिन्छ। सङ्गठनगत दृष्टिमा "जोखिम" शब्दले अपेक्षित उपलब्धि, आय वा व्ययमा हुन जाने विचलनका सम्बन्धमा भविष्यको अनिश्चिततालाई जनाउने गर्छ। कुनै घटना घट्ने सम्भावना र त्यस घटनाबाट हुन सक्ने जोखिम, जस्तै- निर्धारित लक्ष्य प्राप्त नहुने, कुनै किसिमको क्षति वा नोक्सानी हुनजाने वा अवाञ्छित

प्रभावको सम्भावना देखिने, भविष्यका अनिश्चित घटना परिघटनाका रूपमा जोखिमलाई लिने गरिन्छ। जोखिमलाई कुनै कुराको सम्भावना र त्यसबाट पर्न सक्ने प्रभावका रूपमा व्यक्त गरिन्छ।

उदाहरणका रूपमा सरकारको कुनै निकायले आफ्नो लगानी योजनाबाट लाभ उठाउन इच्छुक हुँदा जोखिमले त्यसमा हुन सक्ने अनिश्चितताको मापन गर्दछ। अनिश्चितता विभिन्न कारण र स्रोतहरूबाट सिर्जित हुन्छ। जोखिमले विभिन्न कार्यक्रम र परिस्थितिलाई नै प्रभाव पार्न सक्छ।

आन्तरिक नियन्त्रण प्रणाली बलियो भई नसकेको अवस्थामा विभिन्न किसिमका जोखिम तथा चुनौतीहरूको सामना गर्नुपर्ने स्थिति बन्दछ। सङ्गठनको कामको प्रकृतिबमोजिम जोखिम विभिन्न किसिमका हुन सक्छन्। जस्तै- नीतिगत तथा रणनीतिक जोखिम, ऐन कानुन तर्जुमा हुन नसक्ने वा ढिलाइ हुने जोखिम, अनुपालनन जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, कार्यक्रमिक जोखिम, वित्तीय जोखिम, जनशक्ति विकास सूचकाङ्कमा ह्रास, वातावरणीय क्षयीकरण, सूचना प्रविधि जोखिम, सञ्चार जोखिम, गुणवत्ता जोखिम, जालसाज वा धनमाल ठगी जोखिम र विपद् जोखिम।

यसै गरी दुर्घटना हुने जोखिम, वार्षिक बजेटको सीमा, मालवस्तुमा मिसावट, भ्रष्टाचार, राजस्व चुहावट, विद्युत चुहावट, विद्युत बक्यौता असुलउपर नहुने, असन्तुलित बजेट विनियोजन, बेमनासिब खर्च, लागत जोखिम, समयमा नै कार्य सम्पन्न हुन नसक्ने जोखिम, कर्मचारीको तलबी प्रतिवेदन पारित हुन नसक्ने जोखिम, सीमित अधिकारको जोखिम, भुक्तानीसम्बन्धी जोखिम आन्तरिक भ्रष्टाचार तथा अनियमितातासम्बन्धी जोखिम, आन्तरिक तथा बाह्य ऋण भुक्तानीसम्बन्धी जोखिम, अन्तर-निकाय समन्वय हुन नसक्ने जोखिम आदि रहन सक्छन्।

जोखिमसम्बन्धी संस्थागत दृष्टिकोण

जोखिम (Risk) लाई विभिन्न सन्दर्भ र दृष्टिकोणबाट बुझ्ने गरिन्छ। केही सङ्गठनगत दृष्टिकोणहरूलाई देहायबमोजिम उल्लेख गरिएको छः

क) **यू.एस.ए.स्थित स्टाण्ड फोर्ड विश्वविद्यालयः** यसअनुसार "जोखिम" भनेको कुनै घटना घटेमा त्यसबाट सङ्गठनको उद्देश्य प्राप्तिमा प्रतिकूल असर पार्नेछ भन्ने सम्भावना हो। त्यसकारण, सङ्गठनको उद्देश्य निर्धारण जोखिम लेखाजोखाको पूर्वशर्त हुन्छ"। यसै विश्वविद्यालयकै शब्दमा, " Risk is defined as the possibility that an event will occur and adversely affect the achievement of objectives. Therefore, a precondition to risk assessment is establishing objectives" . यस परिभाषाले कुनै घटनाबाट हुन सक्ने प्रतिकूल असरलाई जोखिमका रूपमा लिएको छ। अनुकूल असर वा प्रभावलाई समावेश गरेको छैन। समान्यतया सम्भावनालाई प्रतिशत वा आवृत्तिका रूपमा व्यक्त गर्ने गरिन्छ। जोखिमको सम्भावनालाई गुणात्मक शब्दमा पनि व्यक्त गरिन्छ, जस्तै- उच्च, मध्यम, कम वा नगन्य सम्भावना आदि।

ख) **आईएसओ ९०००:२०१५ फन्डामेन्टलस् एण्ड भोक्याबुलरीः** यसले जोखिमलाई अनिश्चितताको प्रभावका रूपमा परिभाषित गरेको छ। अपेक्षा गरिएको भन्दा फरक भएको जोखिम सकारात्मक वा नकारात्मक हुन सक्छ। (Risk is defined as the "effect of uncertainty." And notes in the definition further describe risk as a "deviation from the expected," either positive or negative)। यस परिभाषाले जोखिम सकारात्मक वा नकारात्मक हुने स्पष्ट गरेको छ। सामान्यतया जोखिमलाई खतरा वा समस्याका रूपमा लिने गरिन्छ तापनि यस परिभाषाले

जोखिम भन्ने कुरा सकारात्मक पनि हुन सक्ने कुरालाई स्पष्ट पारेको छ। सकारात्मक जोखिम नयाँ अवसर र अन्य लाभ वा फाइदासँग सम्बन्धित हुन्छ।

ग) **आईएसओ ९००१:२०१५ गुणवत्ता व्यवस्थापन प्रणालीः** यस अन्तर्राष्ट्रिय मानकमा जोखिमलाई "अपेक्षित परिणामउपर अनिश्चितताको प्रभाव" का रूपमा परिभाषित गरिएको छ (Risk is the effect of uncertainty on an expected result)। जोखिम भनेको निकट भविष्यमा के हुन सक्छ र त्यसले कस्तो प्रभाव पार्न सक्छ भन्ने नै हो। जोखिम र अनिश्चितता यस अर्थमा सम्बन्धित छन् कि यी दुवैले भविष्यको स्थिति बारेको ज्ञान (सूचना वा जानकारी) लाई समावेश गर्दैनन्। यसर्थ अपर्याप्त ज्ञान (अनिश्चितता) बाट पूर्वानुमानको कमी उत्पन्न हुन्छ वा राम्रोसँग बुझिएको संभाव्य प्रक्रियाद्वारा जोखिम पहिचान गर्नु पर्ने हो यसमा विचार पुऱ्याउनुपर्छ। यी दुईमध्ये कुन हो छुट्याउन सक्नुपर्छ।

घ) **आईएसओ ३१०००:२०१८ जोखिम व्यवस्थापन फ्रेमवर्कः** यस अन्तर्राष्ट्रिय फ्रेमवर्कले जोखिमलाई "उद्देश्यउपर अनिश्चितताको प्रभाव" का रूपमा परिभाषित गरेको छ। प्रभाव भनेको अपेक्षित विषयको विचलन हो, त्यस्तो विचलन सकारात्मक वा नकारात्म वा दुबै हुन सक्छ। त्यसकारण, जोखिम भन्ने कुरा हामीले सङ्गठनमा प्राप्त गर्न अपेक्षा गरिएको उद्देश्यबाट सकारात्मक वा नकारात्मक विचलन हुनेछ भन्ने सम्भावना हो।

यी पछिल्ला दुबै दृष्टिकोण समान छन्। आईएसओ ९००१ ले अपेक्षित नतिजामा अनिश्चितता भनेको छ भने आईएसओ ३१००० ले उद्देश्य प्राप्तिमा अनिश्चितता भनेको छ। प्रभाव भनेको वास्तविक रूपमा पर्न सक्ने जोखिमको परिणाम हो।

सूचना सुरक्षा व्यवस्थापन प्रणाली

आईएसओ २७००१:२०२२ सूचना सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय मानक हो। यसले प्रभावकारी सूचना सुरक्षा व्यवस्थापन प्रणालीका निमित्त निर्दिष्टीकरण (Specification) निर्धारण गर्दछ। जोखिम शब्द प्रणालीका तत्त्वहरूलाई उजागर गर्न सक्ने सम्भावना र प्रभावको संयोजनका रूपमा परिभाषित छ। "Risk is the combination of the risk of exposure and the impact = combination of (likelihood of the threat being able to expose an element(s) of the system) and impact "। यहाँ जोखिमको प्रभावबारे चर्चा गरिएको छ, जसलाई अपेक्षित उपलब्धिबाट सकारात्मक वा नकारात्मक विचलनका रूपमा लिइन्छ। विचलनबाट हुने प्रभावलाई नगन्य प्रभाव, न्यून प्रभाव, मध्यम प्रभाव, व्यापक प्रभाव वा असामान्य प्रभावमध्ये कुनै एक प्रभाव हुन सक्छ, जुन कुरा मूल्याङ्कनपछिमात्र जानकारीमा आउन सक्छ। यस सूचना प्रणालीका अनुसार जोखिमको लेखाजोखा गर्ने विधि तथा प्रक्रियालाई सरलीकृत गरी निम्नानुसार ७ चरणमा विभाजन गर्नुपर्ने हुन्छः

- सङ्गठनमा जोखिम लेखाजोखा विधि परिभाषित गर्ने।
- सूचनाजन्य सम्पत्तिको सूची तयार गर्ने।
- विद्यमान वा सम्भावित खतरा र कमजोरीहरूको पहिचान गर्ने।
- पहिचान भएको जोखिमको मूल्याङ्कन गर्ने।
- जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने।
- जोखिमसम्बन्धी प्रतिवेदन सङ्कलन गर्ने।
- जोखिमको समीक्षा, अनुगमन र लेखापरीक्षण गर्ने।

- अन्तमा सुधारात्मक कदम चाल्ने।

साइबर सुरक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

सरकारी वा व्यक्तिगत तथ्याङ्क, सूचना र सर्भर नोक्सान हुन, चोरी हुन वा मालवेयर (दूर्भावनापूर्ण सफ्टवेयर) बाट बचाउन साइबर सुरक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गर्न जरुरी हुन आएको सन्दर्भमा राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० प्रतिपादन हुनु आएको छ। हालका वर्षहरूमा सूचना प्रविधिमा हुन आएको तीव्रतर विकासका साथसाथै सार्वजनिक सेवा प्रवाह नवीनतम सूचना प्रविधिको प्रयोगको माध्यमबाट सरकारी अभिलेखहरूको सुरक्षा र सार्वजनिक सेवा प्रभावकारी हुने अपेक्षा रहेको सन्दर्भमा सूचना प्रविधि प्रणाली उपरको अनधिकृत पहुँचको समस्या पनि बढ्दो छ। साइबर आक्रमण निश्चित निकायमा मात्र हुन्छ भन्ने छैन। जहाँकहीं सूचना प्रविधि प्रयोग भएको निकायमा आक्रमण हुन सक्छ। सूचना प्रविधि प्रणालीमा साइबर आक्रमणबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न र भविषमा हुन सक्ने आक्रमणबाट सुरक्षित बनाउन लामो समयको पर्खाइपछि साइबर सुरक्षासम्बन्धी उक्त नीति तयार हुन आएको छ। यस नीतिको कार्यान्वयनबाट सूचना प्रविधि प्रणाली सुरक्षित र विश्वसनीय बनाई यस प्रति जनविश्वास अभिवृद्धि गर्नुपर्नेछ।

साइबर अपराधको रोकथाम तथा नियन्त्रण व्यवस्था

सामान्यतया कम्प्युटरसँग सम्बन्धित उपकरणहरूको माध्यमद्वारा कानुनद्वारा निषेध गरिएका कार्यहरू हुने कुरालाई साइबर अपराध (Cyber crime) भनिन्छ। साइबर अपराध इमेल र इन्टरनेट जालसाजी, व्यक्तिगत तथा वित्तीय सूचना चोरी गरी प्रयोगमा ल्याउने, अवैधसामान बिक्री वितरण गर्ने, अवैध रूपमा नेटवर्किङ्ग गरी ठगी गर्ने, प्रतिलिपि अधिकारको उल्लङ्घन गर्ने, रकम नदिए आक्रमण गर्नै धम्की दिने, बैंकिङ्ग कारोबारमा जालसाजी गर्ने, कम्प्युटरमा भाइरस प्रवेश गराई तथ्याङ्क तोडमोड गराउने आदि विभिन्न माध्यमद्वारा हुन सक्छ। यस किसिमको अपराध कम्प्युटर, नेटवर्क र अन्य सामाजिक सञ्जाल आदिको प्रयोगबाट हुन्छ, यसलाई आधुनिक फौजदारी र सामाजिक अपराधका रूपमा लिइन्छ। नेपालमा साइबर अपराधसम्बन्धी छुट्टै नीति थिएन। विद्युतीय कारोबार सम्बन्धमा व्यवस्था गर्न बनेको विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मात्र कार्यान्वयनमा रहेको अवस्थामा लामो समयको पर्खाइपछि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकालवालाहरूसँगको समन्वयमा राष्ट्रिय साइबर सुरक्षा नीति तर्जुमा हुन आएको हो। सूचना प्रविधि प्रणालीमा साइबर आक्रमणबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न र भविष्यमा हुन सक्ने आक्रमणहरूबाट सुरक्षित रहन साइबर सुरक्षासम्बन्धी यो राष्ट्रिय नीति तर्जुमा हुन आएको छ। उक्त नीतिका आधारमा साइबर सुरक्षासम्बन्धी सङ्गठनगत व्यवस्था, कानुन तथा कार्यविधिको निर्माण, दक्ष जनशक्तिको व्यवस्था हुने क्रममा रहेको अवस्था छ। यसअधिसम्म विद्युतीय कारोबार ऐन, २०६३ अनुसार विद्युतीय अपराधसम्बन्धी उजुरीहरूको सम्बोधन हुने गरेको भए तापनि उक्त ऐनबाट विशिष्ट किसिमका साइबर सम्बन्धी अपराध र तत्सम्बन्धी देखापर्ने चुनौती र जोखिमहरू सम्बोधन हुन नसक्ने स्थिति रहेको अवस्थामा यो नीतिको तर्जुमा हुन आएको हो। नीतिमा समेटिनुपर्ने अरु धेरै पक्ष बाँकी छन् भन्ने कतिपय सरोकारवालाहरूको विचार सार्वजनिक हुने गरेको पाइन्छ। समयको क्रममा यस नीतिको परिमार्जन तथा परिष्करणको आवश्यकता छ। यस नीतिका आधारमा ऐन नियमहरूको संशोधन तथा नयाँ तर्जुमा गर्नुपर्नेछ। साइबर आक्रमण हुन नदिन सूचना प्रविधि क्षेत्रमा लगानी बढाउनुपर्ने देखिन्छ। साइबर आक्रमणबाट बच्न

र डिजिटल नेपाल फ्रेमवर्क,२०७६ को लक्ष्य हासिल गर्ने उद्देश्यानुरूप गठन गरिएको राष्ट्रिय साइबर सुरक्षा केन्द्रको सबलीकरण हुन पनि त्यत्तिकै जरुरी देखिन्छ।

जोखिम व्यवस्थापनको बढ्दो आवश्यकता

जोखिम व्यवस्थापन भनेको जोखिमको निरन्तर पहिचान, मूल्याङ्कन र अनुगमनको प्रक्रिया हो जसले सङ्गठनात्मक कार्यसम्पादनलाई असर गर्न सक्छ (Leva et al., 2017) जोखिमको उपयुक्त रूपमा व्यवस्थापन गर्नुपर्छ। कुनै पनि क्रियाकलापहरू सञ्चालन गर्ने निकाय, जहाँकहीं भएका भए पनि सानाठुला सबै किसिमका सङ्गठनहरूमा लागु हुन्छ। बृहत् अर्थमा जोखिम व्यवस्थापनले सबै किसिमका जोखिमलाई समेट्छ। विभिन्न सरोकारवालाहरूको प्रयासबाट जोखिम व्यवस्थापनको अवधारणा विकास गरिएको हो। जोखिम व्यवस्थापन कार्यमा संलग्न जोकोहीले पनि यसलाई प्रयोगमा ल्याउन सक्छन्। पेशागत जोखिम व्यवस्थापकहरूले मात्र प्रयोग गर्ने भन्ने छैन। जोखिम व्यवस्थापन भन्नाले सङ्गठनहरूले आ-आफ्ना उद्देश्यहरू कत्तिको राम्रोसँग हासिल गर्दछन् भन्ने कुरामा प्रभाव पार्ने जोखिम र अनिश्चितताको सामना गर्न प्रयोगमा ल्याइने क्रियाकलाप, विधि, प्रविधिहरूको समन्वित सेट हो भन्ने बुझ्नुपर्छ।[1] यसको आशय के कस्तो क्रियाकलाप हुनेछ, कहिले हुनेछ, हरेक गतिविधिमा को को संलग्न हुनेछन्, सेवा प्रवाह र भुक्तानीको लागि को को जिम्मेवार हुने हो भन्ने कुरा स्पष्ट हुनुपर्छ भन्ने हो। आईएसओ ३१००० अनुसार जोखिम व्यवस्थापन जोखिमका सन्दर्भमा सङ्गठनलाई निर्देशन र नियन्त्रण गर्ने समन्वयात्मक गतिविधिहरू हुन्। नाफामूलक व्यवसाय वा सेवामूलक कामकारबाही गर्ने जुनसुकै निकायका लागि पनि जोखिम एक आवश्यक हिस्सा हुन आएको छ। जहाँ छिटो-छिटो दरमा धेरै मात्रामा तथ्याङ्कहरूको प्रशोधन गरिन्छ त्यहाँ यसको अझ बढी महत्त्व रहन्छ। जोखिमको पहिचान र न्यूनीकरण गर्ने कुरा सरकारी वा निजी जुनसुकै सङ्गठनका निमित्त पनि चुनौतीको विषय बनेको छ। उदाहरणका लागि कुनै कार्यका निमित्त सम्झौता गर्दा वा बीमा नीतिसम्बन्धी सम्झौता गर्दा असल जोखिम अभ्यासको ठोस प्रमाण खोजिन्छ। आईएसओ ३१००० ले कसरी जोखिममा आधारित निर्णय लिने सोसम्बन्धी प्रक्रियालाई सङ्गठनको नीति, शासकीय प्रबन्ध, योजना र व्यवस्थापन, मूल्य मान्यता, प्रतिवेदन पद्धति र संस्कृतिसँग एकाकार गर्न मार्गनिर्देश गर्दछ। जोखिम व्यवस्थापन प्रक्रियाले सन्दर्भ स्थापित गर्न, सञ्चार गर्न, सरोकारवालाहरूसँग परामर्श लिन र जोखिमको पहिचान, विश्लेषण, मूल्याङ्कन, अनुगमन र समीक्षा गर्न क्रमबद्ध रूपमा व्यवस्थापन नीति, कार्यविधि र प्रचलन प्रयोगमा ल्याउँछ। जोखिम व्यवस्थापनको प्रमुख उद्देश्य जोखिम नियन्त्रण गर्नु हो। त्यसका निमित्त सङ्गठनका निमित्त मूल्यको सिर्जना र संरक्षण, सम्भाव्य जोखिमको पहिचान, मापन, अनुगमन, मूल्याङ्कन गरिएपश्चात् जोखिम नियन्त्रण गर्ने विधि स्थापित गरी कार्यान्वयनमा ल्याउनु र जोखिम नियन्त्रण गर्नु हो। समग्र सङ्ठनात्मक प्रक्रियाहरूमा जोखिम व्यवस्थापन कार्यक्रम एकीकृत गर्न सकिएको अवस्थामा जोखिम नियन्त्रण सम्भव हुन सक्छ।

नेतृत्व र सङ्गठनात्मक संस्कृति

सङ्गठनगत संस्कृतिलाई सबल पार्न नेतृत्वको अहम् भूमिका रहन्छ। शासकीय र व्यवस्थापकीय नेतृत्वमा रहने व्यक्तिहरूले सङ्गठनगत संस्कृतिको सुधार विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सङ्गठनहरूको समग्र संस्कृति अन्तर्गत विभिन्न संस्कृतिहरूको निर्माण भएको हुन्छ जसलाई उपसंस्कृति भन्न सकिन्छ। नेतृत्व तहमा कुनै किसिमको असंगति हुन आए त्यसबाट सङ्गठनमा प्रतिकूल उप-संस्कृतिहरू

[1] "Risk management refers to a coordinated set of activities, methods, and techniques that organizations use to deal with the risk and uncertainty that influences how well they achieves their objectives"-ISO31000

सिर्जना हुन सक्छन् जुन सङ्गठन-विरुद्ध हुन पुग्छ। जनशक्तिले सङ्गठनको उद्देश्य तथा लक्ष्यहरू बुझीकन उद्देश्य प्राप्तिका निमित्त पेशागत जिम्मेवारीमा सक्षमतापूर्वक संलग्न छन् भन्ने कुरामा नेतृत्व सुनिश्चित हुन सक्नुपर्छ। यसका साथै नेतृत्वले चुनौती र सङ्कटको क्षणमा प्रकाशस्तम्भ अर्थात् सङ्केत दीप (Lighthouse) का रूपमा क्रियाशील हुन सक्नुपर्छ। नेतृत्व उपयुक्त मार्ग निर्देश गर्न सक्ने, सरल, इमान्दार, पहुँचयोग्य, कर्तव्यनिष्ठ, निष्पक्ष र कर्मचारीहरूमा मानवीय तथा समान व्यवहार गर्ने स्वभावको भएमा मात्र सङ्गठनको कामकारबाही सहज र सरल रूपमा सञ्चालन भई जनस्तरमा प्रदान हुने वस्तु गुणस्तरीय र सेवा प्रभावकारी हुन जाने अपेक्षा गर्न सकिन्छ।

१. **अनुपालननको उद्देश्यः** अनुपालननको उद्देश्य साङ्गठनिक कार्यक्रम तथा गतिविधिहरू प्रासंगिक नीति, नियम, कानुनअनुरूप भएको कुराको सुनिश्चित गर्नु हो। अनुपालननको मुख्य लक्ष्य कानुनी दण्ड, जरिबाना र सङ्गठनको प्रतिष्ठामा आधात पुग्नबाट बचाउन प्रचलित ऐन कानुन र स्थापित मापदण्डको उल्लङ्घन हुने कुरालाई सक्रियतापूर्वक रोक्नु र कर्मचारीहरूको सुरक्षा र कल्याण गर्नु हो। सामान्यतया अनुपालननलाई नियामक, कानुनी, वित्तीय र तथ्याङ्कीय अनुपालननका रूपमा व्यक्त गर्ने गरिएको पाइन्छ। अनुपालनन नीतिमा कर्मचारीको आचार संहितालाई पनि समावेश गरिएको हुने हुनाले स्थापित आचार संहिताको कडाइका साथ पालना गरिएको हुनुपर्छ।

अनुपालनन जोखिम व्यवस्थापनका प्रमुख चरणहरूः अनुपालनन जोखिमको प्रकृतिबमोजिम त्यसको व्यवस्थापन गर्नुपर्ने हुन्छ। मोटामोटी रूपमा सोको व्यवस्थापनमा निम्नलिखित चरणहरूको अनुसरण गरिएको हुन्छः

क) अनुपालनन जोखिमको पहिचान प्राथमिकीकरण गर्ने,
ख) अनुपालनन जोखिमको लेखाजोखा गरी सोको प्रभावको आंकलन गर्ने, र
ग) अनुपालनन जोखिम न्यूनीकरण गर्ने उपायहरू प्राप्त गर्ने।

२. **अनुपालन संस्कृतिः** "अनुपालनन" अक्सर सर्वव्यापी शब्दका रूपमा प्रयोग गरिन्छ तापनि कामकारबाही प्रभावकारी रूपमा सञ्चालनका निमित्त अनुपालननका विभिन्न रूप तथा विधि छन्। अनुपालननलाई अनुकूलताको सिद्धान्त पनि भन्ने गरिन्छ। यसको आसय निर्धारित ऐन कानुन, विधि, सम्झौता आदिको अनुवृत्तिमा चल्नु, पालन गर्नु, स्वीकार गर्नु, अनुमति दिनु, अनुमोदित गर्नु, अनुबन्धको पुष्टि गर्नु भन्ने हो।

मुख्य रूपमा अनुपालनन संस्कृति (Compliance culture) त्यस्तो कार्य प्रक्रिया तथा व्यवहार हो। प्रचलित ऐन नियमसम्मत रूपमा कार्य सम्पादन गर्ने वातावरण निर्माण गर्न आधिकारिक तहद्वारा निर्देशित गरिएको र अनियमित कार्यलाई समर्थन नगरिने हुन्छ। अनुपालन जोखिम कम गर्न अनुपालनन संस्कृतिको आवश्यकता पर्दछ। सङ्गठनको कामकारबाहीका निमित्त निष्ठा, सुरक्षा र नैतिक व्यवहार सुनिश्चित गर्न अनुपालनन सर्वोपरि महत्त्वको हुन्छ। नियामक अनुपालननले प्रचलित ऐन कानुनलाई जनाउँछ भने सङ्गठनगत अनुपालननले सङ्गठनमा लागु हुने र सङ्गठनद्वारा तयार गरी कार्यान्वयनमा ल्याइएका नीति, रणनीति, कार्यविधि, मापदण्ड आदिलाई जनाउँछ। आधारभूत तहमा अनुपालनन मानवीय व्यवहारसँग सम्बन्धित हुन्छ। सङ्गठनलाई गैर-अनुपालननको लागत महँगो पर्न सक्छ। सङ्गठनका निमित्त सबैभन्दा ठुलो लागत हुन सक्छ, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा। अनुपालननको संस्कृति सङ्गठनको शीर्षस्थ तहबाट नै सुरु हुनुपर्छ, जुन सङ्गठनको सोच, ध्येय र मुख्य मूल्य मान्यताप्रति साँचो रूपमा जोडिएको हुन्छ। उच्च व्यवस्थापनबाट अनुपालननसम्बन्धी

नीति नियमप्रति आफ्नो प्रतिबद्धता दर्शाई मार्ग प्रशस्त गर्नुपर्छ र यसका साथै खुला सञ्चार र इमान्दार प्रतिक्रियालाई प्रोत्साहित गर्नुपर्छ।

वास्तविक रूपमा मानवीय व्यवहारबाट नै अनुपालननप्रतिका चुनौतीहरू सिर्जना हुने गरेको पाइन्छ। अनुपालननप्रति बेवास्ता गर्नु भनेको गलत सोच, बानी व्यवहार र नोक्सानीमा पर्नु हो। त्यसकारण सङ्गठनमा अनुपालननको बलियो संस्कृतिको विकास गरी त्यसलाई कायम राख्दै अधिक रूपमा मावन-केन्द्रित दृष्टिकोण अपनाउनुपर्ने हुन्छ किनभने निर्णायक तहबाट नै प्रचलित ऐन कानुन र कार्य प्रक्रिया उल्लङ्घन हुन गएमा लक्ष्य प्राप्त हुन नसकेर सङ्गठन नोक्सानदायक अवस्थामा पुग्न सक्छ। सम्बन्धित निर्णायक तहबाट गैरअनुपालनन कार्यको स्वीकृति वा समर्थन गरिएमा त्यसलाई आन्तरिक नियन्त्रण प्रणालीका दृष्टिले व्यवस्थापनबाट उल्लङ्घन (Management override) भएको मानिन्छ र स्वीकृतिकर्ता त्यसको जवाफदेही हुने स्थिति बन्दछ। गैरअनुपालनन हुनुमा आन्तरिक नियन्त्रणको रक्षात्मक पहिलो घेरा (First line of defence) मा रहने व्यवस्थापन/स्वीकृतकर्ता र रक्षात्मक दोस्रो घेरा (Second line of defence) मा रहने सहयोगी कर्मचारी वा सल्लाहकारको कमजोरी देखिन आउँछ। आन्तरिक नियन्त्रणलाई सुदृढ राख्न व्यवस्थापन र कर्मचारी दुबैले विवेक पुऱ्याउनु पर्ने देखिन्छ।

सफल अनुपालनन संस्कृतिको निर्माणका निमित्त असल व्यवहारसम्बन्धी मापदण्ड सम्झी-बुझी जोखिमको पहिचान र व्यवस्थापन गर्नुपर्छ। मानव व्यवहार बुझी अनुपालननमा यसको प्रभाव कस्तो पर्दछ भन्ने कुरा व्यवस्थापनको जिम्मेवारीमा रहनेले बुझेको हुनुपर्छ। कुनै बेला गल्ती कमजोरी रोक्न दण्ड मात्र पर्याप्त नहुन सक्छ। त्यसकारण सङ्गठनको सबैतहमा अनुपालनन संस्कृति कायम राख्ने कुरालाई कडाइका साथ पालन गराउनुपर्ने हुन्छ। हरेक पक्षमा विवेक पुऱ्याई निर्णय लिने र कार्य सञ्चालन गर्ने वातावरण निर्माण गर्नुपर्छ।

३. **जोखिम संस्कृतिः** जोखिम संस्कृति (Risk culture) कुनै नयाँ विषय वा घटना होइन तथापि यस विषयमा निकै कम शोध हुन सकेको छ। सङ्गठनगत जोखिम संस्कृति भन्नाले सङ्गठनको मूल्य, मान्यता, विश्वास, ऐन नियम, नीति, कार्यढाँचा आदि बुझ्न सकिन्छ। संस्कृतिले सङ्गठनका सदस्यहरूको कार्य व्यवहार निर्दिष्ट गरेको हुन्छ। संस्कृति सङ्गठनमा स्थापित एक त्यस्तो ढाँचा हो जसले कार्यव्यवहारलाई मार्गदर्शन गरेको हुन्छ। मानिसको कामप्रतिको निष्ठा, अपनत्व, समूह कार्य, पारदर्शिता, निष्पक्षता, पादर्शिता, उत्तरदायित्वप्रतिको सजगताजस्ता कुराबाट सङ्गठनको कार्यसंस्कृति झल्किन्छ। जोखिम संस्कृति सङ्गठनगत संस्कृतिको एक महत्त्वपूर्ण पक्ष वा अवयव हो जसअन्तर्गत सङ्गठनको जोखिम उठाउन सक्ने क्षमता, चाहना, तत्परता र जोखिम सहिष्णुता/सहनशीलता आदि समाविष्ट रहन्छन्।

जोखिम संस्कृतिले स्वीकार्य तहको जोखिमअन्तर्गत गरिएका निर्णयहरूमार्फत सूचित जोखिम (Informed risk) उठाउन प्रोत्साहित गर्दछ। जोखिम संस्कृतिका कतिपय पक्षहरू आन्तरिक र अदृश्य हुने हुँदा मापन तथा मूल्याङ्कन गर्न सहज हुँदैन। "जोखिम संस्कृतिले व्यक्तिगत, समूहगत, सङ्गठनात्मक र सामाजिक धारणा र व्यवहारलाई आकार दिन्छ। त्यसकारण, यो जोखिम विश्लेषणमा एक आशाजनक अवधारणा हो" (Bernhard Streicher, Moritz Bielefeld, Eric Eller, 2024)। व्यवहारतः जोखिम संस्कृतिले सङ्गठनभित्र सङ्गठनको उद्देश्य अनुरूप आवश्यक जोखिम उठाउन र सोको व्यवस्थापन गर्न अपेक्षित छलफल, स्वीकार्य तथा प्रोत्साहित व्यवहार, मनोवृत्ति र निर्णय लिइने

सन्दर्भलाई जनाउँछ। जोखिम संस्कृतिले सङ्गठनको साझा मूल्य, लक्ष्य, अभ्यासहरूलाई प्रतिबिम्बित गर्नुका साथै सङ्गठनको निर्णय प्रक्रिया र सङ्गठन सञ्चालनमा जोखिमको व्यवस्थान गर्न सघाउँछ।

जोखिम संस्कृतिसम्बन्धी प्रचलित अवधारणा

कुन कुरालाई जोखिम संस्कृति भनेर बुझ्ने भन्ने विषय महत्त्वपूर्ण रहेको छ। सामान्यतः जोखिम संस्कृतिले विशेष सामाजिक परिवेशमा सङ्गठनमा मानिसहरूले जोखिमलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरालाई जनाउँछ। मानिसहरूले आफू एक्लै रहेको वा भएको अवस्थामा आफ्नो जिम्माको काम जसरी निरन्तर र निर्वाद रूपमा सम्पादन गर्दछन् त्यो नै संस्कृतिअन्तर्गत समाविष्ट हुनेछ भन्ने भनाइ पनि छ। यसको तात्पर्य अरुको अनुपस्थितिमा पनि जुन कार्य अरुका लागि स्वीकार्य हुन्छ त्यो कार्य सही रूपमा सम्पादन गरिन्छ भने त्यो असल संस्कृतिजन्य कार्यको उपज मान्न सकिन्छ। जोखिम संस्कृतिसँग सम्बन्धित केही विचारहरूबारे तपसिलम उल्लेख गरिएको छः

क. **अल्थोनायन एट.अल.को विचारः** जोखिम संस्कृति भनेको सङ्गठनभित्र दोहोऱ्याइएको, अवलोकनयोग्य व्यवहार हो जसले सबै कर्मचारीहरूलाई जोखिममा आधारित निर्णय लिन प्रेरित गरिन्छ। उनीहरूकै शब्दमा शब्दमा " Risk culture in this context is the repeated, observable behaviors within an organization that drive the risk-based decision-making of all employees" (Althonayan et al., 2012)। यसले कुनै पनि सङ्गठनभित्र कर्मचारीहरूद्वारा दोहोऱ्याइएको, अवलोकनयोग्य व्यवहारलाई सङ्केत गरेको छ।

ख. **इन्टिच्युट अफ म्यानेजमेन्ट (यु.के.) को दृष्टिकोणः** यस संस्थाले जोखिम संस्कृतिलाई साझा उद्देश्य भएका व्यक्तिहरूको समूहद्वारा साझा गरिएका जोखिमहरूका सम्बन्धमा मूल्य मान्यता, विश्वास, ज्ञान, दृष्टिकोण र बुझाइका रूपमा लिएको छ। संस्थाकै शब्दमा, "Risk culture is a term describing the values, beliefs, knowledge, attitudes and understanding about risk shared by a group of people with a common purpose."-https/www,theirm.org। जोखिम संस्कृतिको आवश्यकता बढिइरहेको सन्दर्भमा के सरकारी निकाय, के सार्वजनिक संस्था, के गैरनाफामूलक निकाय, के निजी कम्पनी सबैमा लागु हुन्छ।

ग. **जोन माइकल फैरेल र एंजेला हूनको दृष्टिकोणः** "जोखिम संस्कृति सङ्गठनमा मौजुदा मूल्य र व्यवहारको प्रणाली हो जसले व्यवस्थापन र कर्मचारीहरूको जोखिमसम्बन्धी निर्णयलाई निश्चित आकार दिन्छ"। "Risk culture is the system of values and behaviors present in an organization that shapes risk decisions of management and employees"-John Michael Farrell and Angela Hoon"। मौजुद मूल्य, मान्यता र व्यवहारको प्रणाली भएको हुँदा जोखिम संस्कृतिको विकासमा सङ्गठनमा संलग्न सबैको जिम्मेवारीबाट मात्र यसको विकास हुन सक्छ।

घ. **अस्ट्रेलियन सरकार, डिपार्टमेन्ट अफ फाइनान्सको दृष्टिकोणः** सकारात्मक जोखिम संस्कृति त्यो हो जहाँ प्रत्येक तहका कर्मचारीले आफ्ना दैनिक कामको आन्तरिक भागका रूपमा उपयुक्ततापूर्वक जोखिम व्यवस्थापन गर्दछन्। यस्तो संस्कृतिले अनिश्चितता र अवसरका सम्बन्धमा खुला छलफललाई सघाउँछ, कर्मचारीहरूलाई चासो/सरोकार व्यक्त गर्न प्रोत्साहित गर्दछ र सरोकार वा चासोहरूलाई उपयुक्त तहमा पुऱ्याउन प्रक्रियाहरू कायम राख्दछ।[1]

[1] "A positive risk culture is one where staffs at every level appropriately manage risk as an intrinsic part of their day-to-day work. Such a culture supports an open discussion about uncertainties and opportunities, encourages staff to express

अस्ट्रेलियन सरकारका अनुसार सङ्गठनमा संस्कृति कसरी प्रभावित र विकसित हुन्छ भन्ने सम्बन्धमा उपयुक्त बुझाइ हुनुपर्छ भन्नेछ। कुनै पनि सङ्गठनको संस्कृति विविध कारक तत्त्वहरूद्वारा संचालित र परिचालित हुने हुँदा जटिल हुन सक्छ। सङ्गठनको संस्कृति परिवर्तन गर्ने प्रयास गर्नुअघि सबैभन्दा पहिले यो बुझ्न जरुरी हुन्छ कि मानिस कुन प्रकारले प्रभावित हुन्छन्। मानिसहरू प्रभावित भई सांस्कृतिक सन्देशहरूप्रति ध्यानाकृष्ट हुने केही माध्यमहरू छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छः

(१) **प्रेरणाको स्रोत (Role model):** आदर्शता वा प्रेरणाको स्रोत त्यस्तो व्यक्ति हुन सक्छ जसलाई अरुले राम्रो उदाहरणका रूपमा लिइन्छ। आदर्श व्यक्तिको कार्य व्यवहार अनुकरणका लागि योग्य हुन्छ। जोखिम व्यवस्थापनसम्बन्धी नेतृत्वको कार्य व्यवहारद्वारा प्रदर्शन हुने मोडेलहरूले नै, सकारात्मकता वा नकारात्मकतासहित, अरुलाई प्रभाव पार्ने हुन्छन्। सकारात्मकताले मानिसहरूलाई वास्तविक धरातलमा उभ्याउनुका साथै सङ्गठनगत मूल्य मान्यता जगाउँछ जुन समयसँगै सङ्गठनमा स्वीकारयोग्य व्यवहारबारे मूल विश्वास बन्न जान्छ।

(२) **स्पष्ट सन्देश (Explicit messages):** सङ्गठनको नीति तथा कार्यविधिमा उल्लिखित अपेक्षित प्रावधानहरूले कर्मचारीका कार्य व्यवहारलाई प्रभावित गर्दछन्। आफ्नो वृत्ति (करियर) को दौरानमा कर्मचारीहरूलाई उनीहरूको सङ्गठनबाट विभिन्न निर्देशन र मार्गदर्शन उपलब्ध गराइएको हुन्छ। जोखिम कसरी व्यवस्थित गर्ने भन्ने कुरा यिनै प्रावधानहरूले प्रभाव पार्दछन्।

(३) **प्रोत्साहन (Incentives):** जोखिम व्यवस्थापनसम्बन्धी कामकारबाही तथा सङ्गठनात्मक व्यवहार उपयुक्त तबरले प्रदर्शन गरिएकोमा कामको मान्यता दिने र सम्बन्धित कर्मचारीहरूलाई पुरस्कृत गर्ने जुन पद्धति बसालिएको हुन्छ त्यसले जोखिम व्यवस्थापन कार्य कत्तिको मूल्यवान छ भन्ने कुराको सङ्केत गर्नेछ। यदि त्यससन्दर्भमा कुनै प्रोत्साहनको व्यवस्था छैन वा जहाँ सङ्गठनको हितका खातिर जोखिम लिनेलाई सकारात्मक रूपमा नलिई कारबाही गरिन्छ त्यस अवस्थामा कुनै पनि व्यक्तिले उचित जोखिम लिने सम्भावना कम हुनेछ।

(४) **प्रतीकात्मक कार्य (Symbolic actions):** वरिष्ठ अधिकारीहरूका दैनिक कार्यहरूप्रति कर्मचारीहरूले ध्यान दिइरहेका हुन्छन्। अक्सर ती कार्यहरू कर्मचारीहरूका कार्यव्यवहारमा प्रतिबिम्बित हुन्छन्। यस बारेमा सोचौं कि के वरिष्ठ अधिकारीले जोखिमको प्रबन्ध ठीक ढङ्गबाट गर्दछन् जसमा कर्मचारीले पनि रुचाउँछन्। अधिकारीहरूका ससाना, सकारात्मक कार्यहरूले धेरै व्यापक प्रतीकात्मक महत्त्व लिन र सङ्गठनभर मूल्यमान्यता फैलाउन मद्दत गर्न सक्छन्।

विशेषगरी सङ्गठनको जोखिम संस्कृति प्रति नियामक निकायलगायत अन्य निकायहरूको ध्यान केन्द्रित भई छलफल र चासोको विषय बनेको हुन्छ। यद्यपि, जोखिम संस्कृति के हो र यो कसरी व्यवस्थित गर्न सकिने हो भन्नेमा मतैक्यता कायम हुन सकेको छैन। सङ्गठनगत जोखिम संस्कृतिको निर्माणमा साझा मूल्य, साझा लक्ष्य, साझा अभ्यास, सङ्गठनगत सुदृढीकरणका संयन्त्रहरू आदिको महत्त्वपूर्ण भूमिका रहने गर्छ।

concerns, and maintains processes to elevate concerns to appropriate levels".-Australian Government, Department of Finance (2016)

जोखिम संस्कृतिको विकासक्रम

युडो मिल्काउ (२०१७) ले जोखिम संस्कृति दुई हजार वर्ष अघिदेखि प्रारम्भ भएको बताएका छन्। कुनै पनि कुराको सम्भाव्यता वितरण घटना-पछि (Ex-post) गणना गर्न सकिने भए तापनि घटना-अघि (Ex-ante) अर्थात् पूर्वजोखिम नियन्त्रण गर्ने सम्बन्धमा व्यवसाय र बैंकिङ्ग क्षेत्रको ढाँचाका रूपमा विकास हुँदै आएर सार्वजनिक क्षेत्रमा पनि यसको महत्त्व बोध हुन थाल्यो। जोखिम संस्कृति जोखिम व्यवस्थापनकै एक क्षेत्र हो जसमा हालका दिनहरूमा बढी ध्यान दिन थालिएको छ। सङ्गठनमा उपयुक्त जोखिम संस्कृतिको विकास कसरी गर्ने, विद्यमान अप्रभावकारी जोखिम संस्कृतिमा कसरी परिवर्तन ल्याउने भन्ने कुरा महत्त्वपूर्ण रहिआएकोछ। जोखिम संस्कृतिहरू समयसँगै विकास हुँदै जान्छन् भन्ने पनि छ। तरपनि प्रयास नगरी यसको विकास संभव छैन। जोखि संस्कृतिलाई परिपक्व बनाउन नेतृत्वकै भूमिका महत्त्वपूर्ण हुन्छ। असल संस्कृतिको निर्माणमा माथिल्लै तहको अग्रसरता हुनुपर्छ। कर्मचारीहरूको हकमा प्रशिक्षण, गोष्ठी, सेमिनार, छलफल, अन्तरक्रियाको माध्यमद्वारा उनीहरूको ज्ञान, सीप अभिवृद्धि गर्न सकिएमा त्यसबाट सङ्गठनभर बलियो तथा सुदृढ जोखिम संस्कृतिको जग बसाल्न सकिन्छ। तात्विक जोखिम व्यवस्थापन गर्ने जिम्मेवारी भएका वा तात्विक जोखिमजन्य स्थितिमा रहने जनशक्तिको मनोवैज्ञानिक परीक्षण गरी त्यसबाट सङ्गठनको संयुक्त जोखिम विवरणको जानकारी लिन सकिन्छ। तात्विक जोखिम ती जोखिम हुन् जसको तात्विक परिणामद्वारा उल्लेख्य प्रभाव पर्ने सम्भावना रहन्छ।

कहिलेकाहीं सङ्गठनको नेतृत्व तहको पनि जाँच गर्नुपर्ने स्थिति रहन सक्छ। नेतृत्व तहको जाँचबाट अनावश्यक रूपमा जोखिमका लागि प्रवृत्त रहेको वा जोखिम-विरोधी व्यवहार गर्ने प्रवृत्ति रहेको जानकारी लिन सहयोग पुग्छ। जोखिमसम्बन्धी लिने नीति, रणनीति जोखिम विवरण (प्रोफाइल) सँग मेल खान्छ खाँदैन पहिचान गर्न सघाउ पुग्छ। जोखिम संस्कृति व्यवस्थापन र आन्तरिक मूल्याङ्कनका निमित्त जोखिम संस्कृतिको मूल्याङ्कन महत्त्वपूर्ण हुन्छ। त्यसबाट शासकीय तथा नियामकीय प्रावधानहरू पूरा गर्न सघाउ पुग्छ। जोखिम विवरणका आधारमा सङ्गठनको सांस्कृतिक विशेषताको पहिचान र मापन गर्न सकिन्छ। जोखिम संस्कृतिको मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले जिज्ञासाका माध्यमबाट मानिसहरूसँग केही प्रश्न राखी जानकारी लिन सक्छ। के मानिसहरूले सङ्गठनको कामकारबाही र जोखिम व्यवस्थापनबारे बोल्न कत्तिको सुरक्षित महसुस गर्छन्, नेतृत्वले बनाएको उदाहरणलाई कर्मचारीले कसरी लिन्छन्, कर्मचारीहरूले कामकारबाहीमा जोखिम व्यवस्थापनका लागि व्यक्तिगत जिम्मेवारीको भावना महसुस गर्दछन्, गर्दैनन्, के उनीहरूले जोखिम नियन्त्रणको पालना गर्न आवश्यक ठान्छन् ठान्दैनन् जस्ता पक्षमा विचार लिनुपर्छ। विद्यमान जोखिम संस्कृतिले सङ्गठनमा जोखिम व्यवस्थापन गर्ने सन्दर्भमा राम्रो भइरहेको छ वा अझ खराब अवस्था सिर्जना हुँदैछ त्यसमा विचार गर्नुपर्छ।

जोखिम संस्कृतिको आयामिक पक्ष

जोखिम संस्कृतिको निर्माणमा प्रतिबद्धतासहितको नेतृत्व अग्रणी स्थानमा रहने हुँदा सङ्गठनको प्रत्येक तहमा नेतृत्वले जानेर बुझेर निरन्तर रूपमा जोखिम व्यवस्थापनको समर्थन र सहयोग गरिरहेको हुनुपर्छ। सङ्गठन-व्यापी जोखिम संस्कृतिको निर्माण गर्न जोखिम सम्बन्धी स्पष्ट धारणा स्थापित गरी समुचित जोखिमसम्बन्धी कार्य-व्यवहारको भूमिका नमुनाको रूपमा प्रस्तुत गर्न सक्नुपर्छ।

जोखिमसम्बन्धी निर्णय लिने कुरा दोस्रो महत्त्वपूर्ण पक्ष हो। कुनै मामिला/समस्या कुनै जिम्मेवारीको तहबाट कतिपय कारणले निर्णय हुन नसकी एक तहमाथिको अधिकारीसमक्ष स्वीकृतिका निमित्त पेस गर्नुपर्ने

हुन सक्छ। मानौं, सेवाग्राहीका दृष्टिमा कुनै तहको कर्मचारीले सेवाग्राहीको औपचारिक अनुरोध गर्दा पनि त्यसप्रति अनुत्तरदायी भएमा प्रतिक्रियाका लागि त्योभन्दा माथिल्लो तहमा सम्पर्क गर्ने आवश्यकता पर्न सक्छ। अर्को उदाहरण, सङ्गठनगत तहमा कुनै क्रियाकलाप वा स्थितिका विषयमा अरु केही थप व्यक्तिहरूको संलग्नतामा छलफल गराई निष्कर्षमा पुग्ने आवश्यकता पर्न सक्छ। उपयुक्त सञ्चार तथा संवाद हुने अवस्थाको सिर्जना गर्न सक्नुपर्छ। जोखिमसम्बन्धी मामिलाहरू सङ्गठनभरि खुला रूपमा सञ्चार गर्नुपर्छ। मानिसहरू बदलाको डरबिना सुरक्षित महसुस गर्ने वातावरण विद्यमान हुनुपर्छ। सङ्गठनको आवश्यकतालाई दृष्टिगत गरी जोखिम उठाई कामकारबाही अगाडि बढाउन सक्ने क्षमता विकास गर्न सक्नुपर्छ। सिकाइ र सीपको स्तर, प्रक्रिया, पद्धति र सङ्गठनका तीन सुरक्षात्मक रेखाभरिका तथ्याङ्कहरूबाट नै प्रभावकारी जोखिम व्यवस्थापन व्यवहारलाई सहयोग हुन्छ। सङ्गठनको निर्धारित उद्देश्य र मूल्य मान्यतालाई सघाउन असल जोखिम व्यवस्थापन अभ्यास र व्यवहार अपनाइएको हुनुपर्छ। सङ्गठनमा कतिपय विषयमा थप विचार विमर्श गरी जोखिम संस्कृतिको लेखाजोखा गर्ने सन्दर्भमा शासकीय तहको निगरानी आवश्यक हुन्छ। जोखिम उठाउने क्षमताका आधारमा रणनीतिक तथा व्यावसायिक निर्णय लिनुपर्छ। सङ्गठनमा जोखिम व्यवस्थापनसम्बन्धी जिम्मेवारी र उत्तरदायित्व स्पष्ट गरिएको र कर्मचारीहरूले पनि राम्ररी बुझेको हुनुपर्छ। सङ्गठनमा राम्रो जोखिम व्यवस्थापन व्यवहार पुरस्कृत हुने वातावरण निर्माण गर्नुपर्छ भने खराब जोखिम व्यवहारको हकमा अनुपातिक परिणाम व्यहोर्नुपर्ने स्थिति बसाल्नुपर्छ।

सुदृढ जोखिम संस्कृतिका मूलभूत पक्षहरूः

सुदृढ जोखिम संस्कृतिका केही मूलभूत अवयवहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएकोछः

- जोखिम लिनेबारे प्रमुख नेतृत्वबाट निरन्तर मार्गदर्शन हुनुपर्छ।
- जोखिम व्यवस्थापनको आवश्यकता र महत्त्वसम्बन्धमा सबैलाई बोध गराउनुपर्छ।
- सङ्गठनको हितमा जोखिम उठाउनेलाई उचित प्रोत्साहनको व्यवस्था हुनुपर्छ।
- जोखिमको स्वामित्व लिई उत्तरदायित्व वहन गर्ने क्षमता विकास हुनुपर्छ।
- निष्पक्षतापूर्वक सही समयमा उचित निर्णय गर्ने प्रतिबद्धता हुनुपर्छ।
- सङ्गठनमा जोखिम व्यवस्थापनको व्यापक स्वीकृति हुनुपर्छ।
- सङ्गठनको सबै तहमा पारदर्शीरूपमा जोखिमसम्बन्धी सूचना प्रवाहित हुनुपर्छ।
- सम्भाव्य जोखिमका आधारमा अग्रगामी सुधारका लागि आवश्यक कदम चाल्न सक्नुपर्छ।
- प्रभावकारी जोखिम व्यवस्थापनका लागि उपयुक्त सीप विकाश गर्न प्रशिक्षणको व्यवस्था गर्नुपर्छ।
- जोखिमबाट प्रभावित भएमा त्यसबाट सिक्न सक्नुपर्छ।
- आधिकारिक तह वा नियामक निकायमा जोखिम मामिलाबारे प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्छ आदि।

यथार्थ विषय व्यक्त गर्ने र समस्याको स्वामित्व लिने, राम्रो र खुला सञ्चार कौशल हुने, जोखिम र नियन्त्रणका सम्बन्धमा जिम्मेवारी लिने, आफ्नो जिम्माको काम नपन्छ्याउने, उचित समयमा नै तथ्यमा आधारित भएर उचित निर्णय लिने, निर्णय लिनुभन्दा पहिले जोखिमउपर विचार गर्ने जस्ता पक्षलाई बलियो जोखिम संस्कृतिजन्य व्यवहारका रूपमा लिइन्छ। आवश्यक पर्दा यथास्थितिका सम्बन्धमा चुनौती दिन सक्ने नेतृत्व, जोखिम व्यवस्थापनसम्बन्धी सीप विकासका लागि सुलभ प्रशिक्षणको व्यवस्था, नियामक

निकायहरूलाई जोखिमसम्बन्धी मामिला प्रतिवेदन गर्नेलाई प्रोत्साहन, सङ्गठनव्यापी रूपमा जोखिम सूचना प्रवाह पारदर्शी हुने, जोखिम व्यवस्थापनको आवश्यकता र महत्त्वको व्यापक बुझाइ, जिम्मेवारीपूर्वक निर्णय लिने प्रतिबद्धता हुने, साधन-सम्पन्न जोखिम व्यवस्थापन आदि बलियो जोखिम संस्कृतिसम्बन्धी व्यवहार हुन्।

सार्वजनिक क्षेत्र र निजी क्षेत्रको जोखिम संस्कृतिको प्रकृति एकै नभई फरक-फरक हुन सक्छ। जोखिम संस्कृतिसम्बन्धी अवधारणा सङ्गठनका वरिष्ठ व्यवस्थापकहरूको धारणासँग सम्बन्धित हुन्छ जहाँ जोखिम उठाउने कुरालाई उनीहरूले प्रवर्धन गर्दछन् र तिनका सहकर्मीहरूले जोखिम उठाउन तत्पर रहन्छन्। जोखिमका कारक तत्त्वहरू विभिन्न हुन सक्छन् जुन सङ्गठनका नीति नियम, कार्यविधि, कार्यव्यवहार, कार्यअभ्यास, प्रचलन, सङ्गठनको संस्कृतिबाट सिर्जित हुन सक्छन्। उदाहरणका रूपमा, कुनै पनि कुरामा पूर्वतयारीको अभाव, जनशक्ति र कार्यबोझबिच तालमेल हुन नसक्नु, समयसापेक्ष नीति नियमको कमी, नियमित प्रतिवेदन पद्धतिको अभाव, लापरवाह व्यवस्थापन, कर्मचारीको रबैया, उचित प्रशिक्षणको कमी, सुरक्षा व्यवस्थाको कमी, प्रभावकारी निरीक्षण तथा अनुगमन हुन नसक्नु आदि। निजी क्षेत्रका व्यवस्थापकहरूको तुलनामा सार्वजनिक क्षेत्रका व्यवस्थापकहरू जोखिम लिने कुराबाट धेरै टाढा हुन्छन्। जोखिम संस्कृति कर्मचारीहरूलाई विश्वास गर्ने उच्च व्यवस्थापनको इच्छा र सङ्गठनको मिसनको स्पष्टतामा पनि भर पर्दछ।

डक्टर बेञ्जामिन ओटिनोले संस्कृतिलाई सङ्गठनको अद्वितीय सामाजिक र मनोवैज्ञानिक वातावरणमा योगदान पुऱ्याउने अन्तर्निहित विश्वास, मान्यता, मूल्य र अन्तरक्रिया गर्ने तरिकाका रूपमा परिभाषित गरेका छन्। उनकै शब्दमा, "Culture is defined as the underlying beliefs, assumptions, values, and ways of interacting that contribute to the unique social and psychological environment of an organization"- Dr. Benjamin Otieno (2023)। डक्टर ओटिनोले यो पनि भनेका छन् कि सङ्गठनात्मक संस्कृतिका मुख्य मानहरू, नेतृत्व, उद्देश्यको भावना, उत्तरदायित्व, सञ्चार र सामान्य कार्य वातावरणको बुझाइमा समानतामा प्रकट हुनेगर्छ। यी क्षेत्र तथा पक्षमा कतै कुनै किसिमबाट भङ्ग वा उल्लङ्घन हुन गयो भने सांस्कृतिक जोखिम हुन जान्छ भन्ने दृष्टिकोण रहेको छ। जब सङ्गठनको मूल्य मान्यता, नेतृत्वका कार्यहरू, कर्मचारीका व्यवहारहरू वा सङ्गठनात्मक पद्धतिहरूबिचको तालमेल नभएमा सांस्कृतिक जोखिम सिर्जना हुन जान्छ।

सांस्कृतिक जोखिममा विशेषगरी ध्यान दिनुपर्ने कुरा यो छ कि मानव जातिमा "बुद्धि र ज्ञानको संज्ञानात्मक शक्ति" सीमित हुने हुनाले कतिपय अज्ञात विषयहरू पनि समयको क्रममा प्रकट हुने गर्दछन्। "बुद्धि र ज्ञान" भन्ने कुरा औपचारिक शिक्षा र अझ त्योभन्दा बढी सकारात्मक दृष्टिकोण, नयाँ कुरा सिक्ने जिज्ञासा, रचनात्मकता, विवेक पुऱ्याएर निर्णय लिने क्षमताको विकास गरेर मात्र प्राप्त गर्न सकिन्छ। सम्बन्धित सरकारबाट पनि कतिपय दीर्घकालीन दुईपक्षीय आर्थिक सम्बन्ध र व्यापारिक सम्झौताहरू अनिश्चितता अन्तर्गत नै गरिएका हुन सक्छन्। निजी क्षेत्रमा व्यक्तिगत जिम्मेवारीमा यस किसिमका सम्बन्धहरू कायम गरिएका हुन्छन् अज्ञात विरुद्ध अनिश्चितताकै स्थितिमा। त्यसैले जोखिम व्यवस्थापनको महत्त्वलाई कम आँक्न मिल्दैन।

हाम्रो प्रशासनिक संयन्त्रमा अनुपालनन तथा जोखिम संस्कृतिको विद्यमान अवस्था

राष्ट्रिय मानव अधिकार आयोग, लोक सेवा आयोग, राष्ट्रिय समावेशी आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालयलगायत अन्य संवैधानिक अङ्गहरूका वार्षिक प्रतिवेदनहरूका माध्यमद्वारा कार्यान्वयनका लागि कतिपय महत्त्वपूर्ण सुझाव र सिफारिसहरू प्रदान हुने गरेको छ तथापि ती

सुझाव र सिफारिसहरूको कार्यान्वयन स्थिति नितान्त कमजोर रहिआएको पाइन्छ। यस दृष्टिकोणबाट पनि जोखिम व्यवस्थापनमा विभिन्न त्रुटि वा कमजोरी छन् भन्ने स्पष्ट हुन्छ। यी निकायहरू कार्यकारिणीकै विस्तारित बाहु (Extended arms) भए तापनि यी निकायहरूबाट प्रदत्त सुझाव तथा सिफासिहरूको कार्यान्वयन पक्ष ओझेलमा पर्ने गरेको हुँदा सरकारका सम्बन्धित जिम्मेवार निकायहरू सम्भावित जोखिमप्रति गम्भीर तथा संवेदनशील हुन नसकेको अवस्था दर्शिएको छ।

उदाहरणका रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरूमा उल्लेख गरिए अनुसार वित्तीय व्यवस्थापनका क्षेत्रमा अत्यन्त त्रुटिहरू देखिएका छन्। कानुनको पालना र वित्तीय जोखिमप्रति जिम्मेवार पदाधिकारीहरूबाट उपयुक्त ध्यान नपुगी गम्भीर त्रुटिहरू हुने गरेका छन्। भ्रष्टाचारसम्बन्धी हुने गरेका कारबाहीहरूबाट पनि पाठ नसिक्ने हो भने हाम्रो प्रशासनिक संयन्त्र कुन दिशातर्फ ओरालो लाग्दैछ भन्ने अनुमान लगाउन कठिन हुने छैन।

जस्तै-

क) काम नगरी वा कमसल कार्य गराई पुष्ट्याईं कागजात संलग्न नगरी भुक्तानी दिने, पुरानो पेस्की फछ्यौंट नगरी थप पेस्की दिने, नक्कली बिलबाट भुक्तनी दिने, भैपरी आउने कोषको दुरूपयोग गरी सरकारी साधनस्रोतमा जोखिम उत्पन्न गरी हानि-नोक्सानी पुऱ्याउने जस्ता कुरा लेखापरीक्षण प्रतिवेदनहरूमा उल्लेख हुने गरेको।

ख) एकमुष्ट रूपमा सम्पादन गर्नुपर्ने कार्यलाई विभिन्न खण्ड-खण्डमा विभाजन गरी बोलपत्र प्रकाशित गर्ने, अनुचित रूपमा मूल्य वृद्धि भनी भेरिएसन आदेश दिने, जटिल इन्जिनियरिङ कार्य पनि उपभोक्ता समितिबाट गराउने, निर्माण कार्यको नर्मस् तथा मापदण्डमा एकरूपता नहुने र कार्यकारी तह र नियामक निकायबाट राम्ररी समयबद्ध रूपमा निरीक्षण तथा अनुगमन नहुने जोखिम हुने।

ग) उपभोक्ता समितिमार्फत काम गराउने सन्दर्भमा नक्कली उपभोक्ता समिति गठन गर्ने, उपभोक्ता समिति आफैले कार्य सम्पादन नगरी सम्झौता विपरीत ठेक्का लगाउने, जनसहभागिताको रूपमा उपभोक्ता समूहका सदस्यहरूबाट अनिवार्य रूपमा योगदान गर्ने कुरा सुनिश्चित नगर्ने, परियोजना तथा कार्यक्रमको नक्कली सम्पन्न प्रमाणपत्र जारी गर्ने कार्यबाट ठुलो जोखिम हुने।

घ) प्रत्येक आर्थिक वर्षमा पुराना कार्यक्रम तथा परियोजना सम्पन्न नगरी नयाँ-नयाँ कार्यक्रम तथा परियोजना थप्दै जाने प्रवृत्तिले निरन्तरता पाउँदा विकास निर्माणको क्षेत्र अत्यन्त कमजोर हुने अवस्था रहेको।

ङ) अधिकांश निकायहरूको प्रभावकारी रूपमा बेरुजु फछ्यौंट तथा सम्परीक्षण कार्य हुन नसक्दा वित्तीय जोखिम बढ्दै गएको। राजस्व तथा विनियोजित रकमको चुहावट हुने जोखिम रहेको हुँदा जोखिम व्यवस्थापनको अवस्था नाजुक हुन पुगेको।

च) सङ्घीय बजेटबाट विभिन्न आर्थिक वर्षमा कृषि विकास लगायत विभिन्न क्षेत्रमा अर्बौं रकम सशर्त अनुदानका रूपमा विनियोजन हुँदै आएको हुन्छ। गत विगतका वर्षहरूमा प्रदेश र स्थानीय पालिकाहरूमार्फत ठुलो धनराशि कृषि अनुदानका रूपमा गएको छ, तर कहाँ, कसरी खर्च भयो सोको निरीक्षण तथा अनुगमन हुन नसकेको अवस्था छ। वार्षिक सशर्त अनुदानवापत विनियोजन भएको रकमको उद्देश्यानुरूप खर्च भएको सुनिश्चितका निमित्त प्रगति विवरण लिई समीक्षा गर्ने र

सोको अनुगमन तथा समन्वय गर्ने व्यवस्था प्रभावकारी हुन नसक्दा साधन स्रोतको दुरूपयोग हुने जोखिम बढेर जाने सम्भावना रहन्छ।

छ) यसैगरी राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार उल्लङ्घनका घटनाहरूको कारबाहीको सम्बन्धमा गरिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन स्थिति झन् निराशाजनक छ।

आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापनको कमीका यी केही दृष्टान्त मात्र हुन्। सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूमा सञ्चालन, प्रतिवेदन र अनुपालननसम्बन्धी वित्तीय तथा गैरवित्तीय जोखिमहरूको बेवास्ता हुने गरेको पाइन्छ। सरकारी संयन्त्रमा उच्च व्यवस्थापनदेखि कार्यान्वयन तहका कमी कमजोरीका कारण जोखिमहरूको सम्बोधन हुने गरेको छैन। एकातिर यो स्थिति रहेको छ भने अर्कोतर्फ आफूमा कुनै किसिमको दोषारोपण हुन सक्ने ठानी जिम्मेवार तहबाटै निर्णय प्रक्रियालाई लम्ब्याई जोखिम नलिने अभ्यास बढ्दैजान लागेको हो कि भन्ने दृष्टान्तहरू पाइन्छ। निर्णायक तहमा पनि जोखिम उठाउन हच्किने प्रवृत्ति देखिन्छ भने स्थानीय स्तरको कार्यान्वयन तहमा अनियमितताको ख्याल नगरी निस्फिक्री रूपमा खर्चको स्वीकृति दिने प्रवृत्ति मौलाउँदो छ। "अनुपालन संस्कृति" अभावको परिणामस्वरूप यस किसिमले विरोधाभाषको स्थिति विकास हुँदै आएको अवस्था छ।

उपसंहार

नियामक प्रावधानहरूको पालना हुन नसक्नाको परिणामस्वरूप हाल अनुपालनन वित्तीय र गैरवित्तीय दुवै क्षेत्रमा व्यावसायिक चिन्ताको विषय बन्न पुगेको अवस्था छ। अनुपालननको अभावमा सकारी क्षेत्र डामाडोल हुन पुगेको छ। प्रचलित ऐन कानुनको पालना हुन्थ्यो भने यो स्थिति हुँदैनथ्यो। त्यस्तै, निकट भविष्यमा के घटना घट्दैछ, त्यसबारेको सूचनामा पहुँच हुन सक्थ्यो भने जोखिम व्यवस्थापनको आवश्यकता नै पर्दैनथ्यो। परन्तु यस सृष्टिमा त्यस्तो स्थिति छैन। जोखिम व्यवस्थापन भनेको कुनै कुराको भविष्यवाणी गर्ने कुरा होइन, यो त प्रासंगिक र विश्वसनीय रूपमा जानकारी लिई त्यसका आधारमा निर्णय लिन सहज होस् भन्ने हो। सङ्गठनको भौतिक, मानवीय तथा वित्तीय क्षेत्रमा नकारात्मक रूपले प्रभाव पार्न सक्ने खतरा र कमीकमजोरीहरूको पहिचान र नियन्त्रणका निमित्त सङ्घ, प्रदेश र स्थानीय तहका सबै निकायहरूमा जोखिम व्यवस्थापन संयन्त्र सबल तथा सुदृढ हुनुपर्दछ। सङ्गठनमा वरिष्ठ अधिकारीहरूको भूमिका भनेको सङ्गठनलाई उपयुक्त हुने जोखिमको स्वीकार्य स्तरको पहिचान गरी तत्सम्बन्धी निर्णय लिनु हो। तदनुकूल साधन स्रोतको व्यवस्था गरी जोखिम प्रबन्ध नीति, रणनीति र उत्तम अभ्यासहरू अपनाउन नेतृत्व लिनु हो।

सकारात्मक जोखिम संस्कृति त्यो हो जहाँ हरेक तहका कर्मचारीले आ-आफ्ना दैनिक कार्यको अभिन्न अङ्गका रूपमा जोखिम व्यवस्थापनमा संलग्न हुन सकुन्। विशेषज्ञ तहका जनशक्तिले जोखिम व्यवस्थापन ढाँचाको डिजाइन र कार्यान्वयन गरी जोखिम व्यवस्थापन ढाँचालाई सङ्गठनमा दृढतापूर्वक स्थापित गर्नु हो। व्यक्तिगत र सङ्गठनगत विश्वास र नियमहरूले जोखिम व्यवस्थापन व्यवहारलाई प्रभाव पर्ने हुनाले त्यसमा विचार पुऱ्याउनुपर्दछ। सकारात्मक जोखिम संस्कृति निर्माण गर्न सार्वजनिक वा निजी जुनसुकै क्षेत्रका निकायहरूको विद्यमान जोखिम संस्कृतिको राम्रो पहिचान र गहन बुझाइ हुनुपर्छ। विद्यमान संस्कृतिबाट जोखिम व्यवस्थापन गर्न कत्तिको सहयोग पुगेको छ त्यसमा विचार पुऱ्याउनुपर्छ। विद्यमान जोखिम संस्कृतिलाई थप मापनयोग्य विशेषताहरूमा विभाजन गरी सङ्गठनको जोखिम व्यवस्थापनमा सघाउ पुग्ने गरी व्यवस्थित गर्न सकिन्छ। मापनयोग्य विशेषताहरूको विश्लेषणबाट सङ्गठनको जोखिम संस्कृतिलाई कुन किसिमबाट विकास गर्ने भन्ने आधार प्राप्त गर्न सकिन्छ।

विशेष गरी प्रदेश र स्थानीय तहका कतिपय निकायहरूमा जोखिम संस्कृतिको विकास हुन सकेको छैन। केन्द्रीय निकायहरूमा पनि व्यवस्थित तथ्याङ्कहरूको अभावमा कर्मचारी व्यवस्थापन व्यवस्थित हुन नसक्ने, सेवा प्रवाह प्रभावकारी नहुने, उचित समयमा उचित निर्णय लिनसमेत नसकिने भएमा जोखिम व्यवस्थापनप्रति सचेत हुन नसको हो। त्यस्तो स्थिति उत्पन्न हुनु जोखिम संस्कृतिको अभाव रहेको ज्वलन्त उदाहरण हो। तथ्याङ्क व्यवस्थित गरी नराखिनु गम्भीर त्रुटि हो। यसले जोखिम संस्कृतिको सुधार विकासका निमित्त घनिभूत प्रयत्न गर्नुपर्ने अवस्था दर्शाउँछ। यसका निमित्त सबैभन्दा पहिले जोखिम संस्कृतिको विकासप्रति सचेतना अभिवृद्धि गर्ने र विद्यमान जोखिम संस्कृतिलाई सकारात्मक दिशातर्फ उन्मुख गरी समग्रतामा जोखिम संस्कृतिलाई परिस्कृत र परिमार्जन गर्दै जानुपर्ने हुन्छ। यस कार्यमा सङ्गठनमा कार्यरत सबैको जिम्मेवारी हुन्छ, तथापि नेतृत्व तहबाट विशेष अग्रसरता लिनुपर्ने हुन्छ। सङ्गठनमा जोखिम संस्कृति आफै निर्माण हुँदैन, यसका लागि निर्णायक तहबाटै इमान्दार प्रयत्न गर्नुपर्छ। सबैभन्दा पहिले सङ्गठनको कार्यकारी तहबाट जोखिम संस्कृति निर्माणमा पहल कदमी लिएको हुनुपर्छ। शीर्ष तहको स्वीकृति, समर्थन र सहयोगबिना उपयुक्त जोखिम संस्कृतिको निर्माण गर्न सहज हुँदैन।

सङ्गठनको कार्य प्रकृति र उद्देश्यबमोजिम सम्पादन गरिने क्रियाकलापका सम्भावित जोखिमबारे कर्मचारीलाई आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी प्रशिक्षित गराउनुपर्छ। आधुनिक प्रविधिको प्रयोगबिना अपेक्षित मात्रामा पारदर्शिता कायम गर्न सकिँदैन, सुधार विकास गरी सोको मापन मूल्याङ्कन गर्न पनि नसकिने स्थिति बन्दछ। तसर्थ, यी विविध पक्षलाई दृष्टिगत गरी सङ्गठनगत जोखिम संस्कृतिको प्रवर्धन गर्नु आवश्यक छ। कुशल, प्रभावकारी र पारदर्शी जोखिम व्यवस्थापनको कार्यान्वयन र कायम राख्न जोखिम व्यवस्थापनको फ्रेमवर्क निर्माण गर्नुपर्ने हुन्छ। त्यसरी निर्माण गरिएको फ्रेमवर्क र सुदृढ जोखिम संस्कृतिले प्रभावकारी जोखिम व्यवस्थापनलाई प्रोत्साहन प्रदान गर्नुका साथै सङ्गठनलाई आघात नपुग्ने गरी जोखिम उठाउने कुरालाई प्रोत्साहन प्रदान गर्दछ।

कुनै पनि सङ्गठनमा जोखिम संस्कृति त्यति छिट्टै र सहज रूपमा निर्माण भएको हुँदैन। यसले समय लिन सक्छ। वास्तवमा जोखिम संस्कृति दिगो हुन सङ्गठनको औपचारिक संरचना, रणनीति, साझा उद्देश्य तथा अपेक्षा, आपसी सहकार्य, विश्वास, समन्वय, अनुभव, सङ्गठनगत मूल्यमान्यता, व्यक्तिको आ-आफ्नो अवस्था र लिइएको मान्यता, सकारात्मक सोच आदिद्वारा निश्चित गरिएको हुनुपर्छ। सङ्गठनगत संस्कृतिमा दृढतापूर्वक सम्मिलित गर्नुपर्ने जोखिम व्यवस्थापनका गुणात्मक पक्षहरूलाई जोखिम संस्कृतिले जोड दिइएको हुनुपर्छ। सङ्गठनगत संस्कृतिलाई सबल पार्न संरचागत र व्यावहारिक कार्यहरूको श्रृङ्खलाबद्ध विकास गरिएको हुनुपर्छ। अनुपालनन संस्कृतिको अभावका कारण अनगिन्ती जोखिमहरू उत्पन्न हुने गरेकोमा आधिकारिक तहबाट अनुपालनन संस्कृति निर्माणको नेतृत्व लिन जरुरी छ। यसैगरी जोखिम संस्कृतिको विकास नगरी सङ्गठनहरूमा जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन हुन नसक्ने हुनाले सङ्गठनगत लक्ष्य प्राप्तिका निमित्त सुदृढ जोखिम संस्कृतिको विकास गर्नु आवश्यक हुन आएको छ। अप्रत्याशित रूपमा हुने परिघटना र अनुमेय वा पूर्वानुमान गर्न नसकिने वातावरणको स्थितिमा सङ्गठनमा विकसित तथा स्थापित जोखिम संस्कृति प्रभावकारी जोखिम व्यवस्थापनको आधारशिला बन्न सक्छ। त्यस अर्थमा जोखिम संस्कृतिको विकास गर्नु आवश्यक हुन आएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूमा सुदृढ जोखिम संस्कृतिको विकास गरिएमा त्यसबाट त्यस्तो वातावरणको निर्माण हुन जानेछ जहाँ जिम्मेवार जनशक्तिलाई आ-आफ्नो निकायको जोखिम पहिचान गरी तत्सम्बन्धी प्रतिवेदन निर्णायक तहमा पुऱ्याई कामकारबाहीमा हुने त्रुटि न्यूनीकरण गर्न सघाउ पुग्न

जानेछ। यसैगरी जोखिमको सम्भाव्य प्रभाव तथा असरको आंकलन गरी आवश्यक निर्णय लिन सघाउ पुग्नेछ। सुदृढ जोखिम संस्कृतिको विकास हुन सकेको अवस्थामा सङ्गठनका लागि अमूल्य सम्पत्ति हुनेछ। यसबाट अनपेक्षित जोखिम (हानी, नोक्सानी आदि) रोकी पारदर्शिता र जवाफदेही प्रवर्धनमा समेत सकारात्मक सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ। जोखिम संस्कृति जोखिम व्यवस्थापनको महत्त्वपूर्ण पक्ष भएको हुँदा यसलाई प्रत्यक्ष रूपमा नियन्त्रण गर्न नसकिएला, तर सङ्गठनात्मक संस्कृतिमा नै सम्मिलित हुने हुँदा यसको विकासमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ। जोखिम संस्कृतिको विकासमा जोखिम उठाउने व्यक्तिगत सोच/प्रवृत्ति, व्यक्तिगत निष्ठा, व्यवहार र सांगठनिक संस्कृतिको अहम् भूमिका रहनेहुनाले समष्टिगत प्रयासबाट मात्र यसको विकास तथा प्रवर्धन हुन सक्नेछ। हरेक तहमा नेतृत्वको जिम्मेवारीमा रहने व्यक्तिहरूले जानेर बुझेर सतत रूपमा जोखिम व्यवस्थापनका सम्बन्धमा स्पष्ट र साझा दृष्टिकोण स्थापित गरी जोखिम व्यवहारहरूलाई उदाहरणीय बनाई समग्र रूपमा सङ्गठनभित्र वाञ्छित मात्रामा जोखिम संस्कृतिको निर्माण गर्नुपर्छ।

सन्दर्भ सामग्री

- Australian Government, Department of Finance (2016), **Developing a Positive Risk Culture**, Canberra, Australia.
- Eric Banks (2012), Risk Culture: A Practical Guide to Building and Strengthening the Fabric of Risk Management (12 th edition), Macmillan Publishers Ltd., United Kingdom
- Gerardus Blokdyk, Risk Culture A Complete Guide (2019th edition),, 5Starcooks, South Pine Road 302 Brendale, Australia
- ISO(2022), ISO/IEC 27001 International Standard for Information Security, ISO Geneva
- ISO (2018), ISO 31000 Risk Management Standard, ISO Geneva
- Patricia Jackson (2014), Risk Culture and Effective Risk Governance, Risk Books, United Kingdom
- Raab, William L., "The Understanding of Risk Culture Among Risk Management Practitioners" (2022). Digital Commons @ ACU, Electronic Theses and Dissertations. Paper 441, Abilene , Texas , United States
- Shresth, Rachana (2019), **Governance and Institutional Risks and Challenges in Nepal**, Asian Development Bank, Manila, Philippines
- नेपाल सरकार, राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
- लेखापरीक्षण पत्रिकाका विभिन्न अङ्कहरू, महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
- सान्दर्भिक वेबसाइट र सूचना तथा जानकारीका अन्य स्रोतहरू।

प्रदेश सरकारहरूले स्थानीय सरकारलाई उपलब्ध गराउने अनुदान

- यामनाथ शर्मा[*]

कार्यकारी सारांश

संविधानले प्रदेशलाई एकदमै सीमित क्षेत्रमा मात्र राजस्व उठाउने अधिकार प्रदान गरेको छ। फलतः प्रदेश सरकारहरू आफ्नो खर्च धान्नका लागि अत्यधिक रूपमा सङ्घ सरकारबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँड सहित) मा भर पर्नु परेको छ। अर्कातर्फ प्रदेश सरकारहरूले आफ्नो क्षेत्र भित्रका स्थानीय सरकारलाई समानीकरणका अतिरिक्त सशर्त, समपूरक र विशेष अनुदान बापत केही रकम वर्षेनी उपलब्ध गराउने गरेका छन्। प्रदेशको आन्तरिक राजस्वको आधार अत्यन्त कमजोर रहेको तथा समानीकरण, सशर्त, समपूरक र विशेष गरी चारै प्रकारका अनुदान सङ्घ र प्रदेश दुवै तहबाट पठाउँदा दोहोरोपना हुने एवं अनुदान प्रणाली पनि अनावश्यक रूपमा जटिल हुने मान्यताका आधारमा प्रदेशको तहमा सशर्त, समपूरक र विशेष अनुदानको व्यवस्था संविधानले नगरेकोमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले सबै किसिमका अनुदान पठाउने गरी गरेको व्यवस्था संविधानको आशय विपरीत छ। छिटपुट कमी कमजोरीका बाबजुद समग्रमा प्रदेशहरूले पठाउने समानीकरण अनुदानको हकमा खासै ठुलो समस्या छ भन्न सकिन्न। तर, सशर्त, समपूरक र विशेष अनुदानको हकमा थुप्रै सवालहरू सिर्जना भएका छन्। यी थप अनुदानमार्फत पालिकाहरूले आफ्नो राजस्वको ३.५ प्रतिशत राजस्व प्राप्त गर्दछन् तर यसको तुलनामा यस बापत बेहोर्न पर्ने प्रशासनिकलगायत अन्य लागत धेरै नै बढी छ। तसर्थ, अन्तरसरकारी वित्त व्यवस्थापन ऐनलाई संविधानको आशयअनुसार संशोधन गरी प्रदेशले केवल समानीकरण अनुदान मात्र पठाउने व्यवस्था गर्न उपयुक्त हुन्छ। यसो गर्दा समानीकरण अनुदानको अंश बढाउन सकेमा सुन माथि सुगन्ध हुन आउँछ।

सन्दर्भ

संविधानले प्रदेशलाई एकदमै सीमित क्षेत्रमा मात्र राजस्व उठाउने अधिकार प्रदान गरेको छ। फलतः प्रदेश सरकारहरू आफ्नो खर्च धान्नका लागि अत्यधिक रूपमा सङ्घ सरकारबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँड सहित) मा भर पर्नु परेको छ। आर्थिक वर्ष २०७९।८० मा प्रदेशहरूको समग्र खर्चमा आफ्नो राजस्व (मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट राजस्व बाँडफाँड बाहेक) को हिस्सा १३.६ मात्र छ। अर्कातर्फ प्रदेश सरकारहरूले आफ्नो क्षेत्रभित्रका स्थानीय सरकारलाई समानीकरणका अतिरिक्त सशर्त, समपूरक र विशेष अनुदान बापत केही रकम वर्षेनी उपलब्ध गराउने गरेका छन्। सातै प्रदेश सरकारले आर्थिक वर्ष २०७९।८० मा यस बापत पालिकाहरूलाई उपलब्ध गराएको रकम रू २५.७६ अर्ब थियो जुन उनीहरूको कुल बजेटको ८ प्रतिशतभन्दा केही बढी हुन्छ। प्रदेश सरकारका प्रतिनिधिहरूले सङ्घबाट प्राप्त हुने अनुदान कम भएको र यसमा ठुलो मात्रामा

[*] विज्ञ, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति, संविधान सभा।

बढाउनुपर्ने भनिरहेको सन्दर्भमा प्रदेशहरूले पालिकाहरूलाई उपलब्ध गराएको रकमलाई उल्लेखनीय नै मान्न सकिन्छ।

यस पृष्ठभूमिमा प्रस्तुत आलेखमा संवैधानिक तथा कानुनी प्रावधान एवं हालसम्मको अभ्यासका आधारमा प्रदेशहरूले पालिकाहरूलाई उपलब्ध गराउँदै आएको अनुदानको विश्लेषण गरिनेछ। यसो गर्दा तलका प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिनेछः के प्रदेश सरकारहरूले हाल उपलब्ध गराउने सबै प्रकारका अनुदान हस्तान्तरण गर्नु सवैधानिक बाध्यता हो? प्रदेशले आफ्नो राजस्व कम भएको गुनासो गरिरहेको सन्दर्भमा स्थानीय सरकारलाई सबै प्रकारका वित्तीय हस्तान्तरण गर्नु कति आवश्यक छ? सङ्घबाट प्राप्त अनुदान प्रदेशमार्फत पालिकामा पठाउँदा कतै मूल्य अभिवृद्धि हुन्छ? आदि।

संवैधानिक र कानुनी प्रावधान

नेपालको संविधान (दफा ६०.५) अनुसार प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन्। अन्तरसरकारी वित्त व्यवस्थापन ऐनअनुसार प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुनबमोजिम समानीकरण अनुदान वितरण गर्नुपर्ने हुन्छ। सोही ऐनअनुसार प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ भन्ने व्यवस्था गर्यो भने प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम समपूरक र विशेष अनुदान प्रदान गर्न सक्ने प्रावधान राख्यो। सारमा, उक्त ऐनले समानीकरण र सशर्त अनुदान अनिवार्य रूपमा पठाउनुपर्ने र यसो गर्दा क्रमशः आयोगको सिफारिस/तोकेको आधारमा गर्नुपर्ने तर समपूरक तथा विशेष अनुदान प्रदेशले नपठाउन पनि सक्ने कानुनी व्यवस्था गरेको छ।

यस सन्दर्भमा प्रदेशको आन्तरिक स्रोतको बारेमा स्पष्ट पार्नुपर्ने हुन्छ। मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट राजस्व बाँडफाँड बापत प्रदेशहरूले प्राप्त गर्ने १५ प्रतिशत रकमलाई सरकारी लेखा प्रणालीले प्रदेशको राजस्वको रूपमा लिने गरेको पाइन्छ। राजस्व बाँडफाँड बापत प्रदेश सरकारले प्राप्त गर्ने रकम सङ्घीय सर्वसंचित कोषमा दाखिला नभै सोझै प्रदेश सरकारलाई हस्तान्तरण हुने सन्दर्भमा यसो गरिएको हुन सक्छ। तर, यी करहरूको आधार, करको दर तथा कर प्रशासनमा प्रदेशको कुनै नियन्त्रण नहुनाको कारणले यी स्रोतबाट प्राप्त हुने राजस्वलाई वित्तीय हस्तान्तरणको रूपमा लिनु उपयुक्त हुन्छ। (IMF, 2014; Chattha, Blum and Kelly, 2023) तसर्थ, यो आलेखमा प्रदेशको आन्तरिक स्रोतमा बाँडफाँड बापत मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको रकम समावेश छैन।

प्रदेशबाट भइहेको वित्तीय हस्तान्तरणको वर्तमान अभ्यास

आर्थिक वर्ष २०७९।८०[1] को महालेखापरीक्षक (मलेप) को वार्षिक प्रतिवेदनअनुसार सातवटै प्रदेश सरकारहरूले सोही आर्थिक वर्षमा चारवटा अनुदान शीर्षकबाट आफ्नो क्षेत्रभित्रका पालिकाहरूलाई उपलब्ध गराएको रकम रू.२५.७६ अर्ब थियो (तालिका एक)। निरपेक्ष मूल्यमा सबैभन्दा बढी अनुदान बागमतीले उपलब्ध गराएको छ भने सबैभन्दा कम सुदूरपश्चिमले। प्रदेशबाट पालिकामा गएको रकम प्रदेश

[1] अन्तरसरकारी वित्तीय हस्तान्तरणसम्बन्धी केही तथ्याङ्क महालेखापरीक्षकको वार्षिक प्रतिवेदनबाट लिइएको र पछिल्लो प्रतिवेदन २०७९।८० को मात्र उपलब्ध भएको।

सरकारहरूको सोही वर्षको कुल खर्चको करिब १२.६ प्रतिशत हुन्छ भने पालिकाहरूको कुल आयको लगभग ५ प्रतिशत। समानीकरण अनुदान कटाउने हो भने[1] पालिकालाई पठाएको अनुदान प्रदेशको कुल खर्चको ९ प्रतिशत हुन्छ भने पालिकाको कुल आम्दानीको ३.५ प्रतिशत। आर्थिक वर्ष २०७९।८० को महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनअनुसार पालिकाहरूको सोही वर्षको कुल आम्दानी रु.५ खर्ब ३२ अर्ब रहेको थियो भने प्रदेशको कुल खर्च २ खर्ब ४ अरब थियो।

तालिका - एक

आर्थिक वर्ष २०७९।८० मा प्रदेशहरूले पालिकाहरूलाई उपलब्ध गराएको विभिन्न शीर्षकका अनुदान र प्रदेशको जम्मा खर्च

(रू हजारमा)

प्रदेश	समानीकरण	सशर्त	समपूरक	विशेष	जम्मा हस्तान्तरण	जम्मा खर्च
सुदूरपश्चिम	७६४,०००	९८,२२२	१९७,६५४	२०८,३९८	१,२६८,२७४	२४,०६३,०९४
कर्णाली	७९४,४९६	३,०४६,२११	२४,३६००	२३६,८२८	४,३२१,१३५	२२,२६६,८७५
लुम्बिनी	८५०,०००	१,०२७,७३२	१,३५६,११९	८८९,८०९	४१,२३,७४०	३०,२४४,६५५
गण्डकी	१,०१३,५५६	२९०,२३९	४१,५३२२	१७२,४०१	१,८९१,५१८	२३,६१४,९१५
बागमती	१,७४३,६१३	२९५०,०८६	२,३९६,३३४	६६४,९३७	७,६६४,९७०	४६,८६१,९७४
मधेश	९९५,७३२	१२९,०४४६	२६,१८३२	४०३,८१४	२,९५२,८२४	२६,८६७,१२८
कोशी	८७५,४७२	१,५७६,३२७	१,०९५,१२३	३५४,६९२२	३,५४६,९२२	३०,७५७,७८१
जम्मा	७,०३६,८६९	१,०२७९,२६३	५,८७६,०५५	२,५७६,१८७	२५,७६८,३७४	२०४,६७६,४२२

स्रोतः महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन, २०८१

सातै प्रदेश सरकारहरूले गरेको हस्तान्तरणको औसत बनौट (तालिका दुई) हेर्दा सबैभन्दा ठुलो हिस्सा (३५ प्रतिशत) सशर्तको रहेको छ भने त्यसपछिको स्थान क्रमशः समानीकरण (३३ प्रतिशत), समपूरक (२१ प्रतिशत) र विशेष (११ प्रतिशत)को। प्रदेशगत रूपमा अनुदानको बनौट हेर्दा सबैभन्दा बढी (५४ प्रतिशत) समानीकरण गण्डकीले पठाएको छ भने सबैभन्दा बढी सशर्त कर्णालीले (७० प्रतिशत)।

तालिका - दुई

आर्थिक वर्ष २०७९।८० मा प्रदेशहरूले पालिकाहरूलाई उपलब्ध गराएको विभिन्न शीर्षकका अनुदानहरूको बनौट

(प्रतिशतमा)

प्रदेश	समानीकरण	सशर्त	समपूरक	विशेष	
सुदूरपश्चिम	६०	८	१६	१६	१००
कर्णाली	१८	७०.५	६	५.५	१००
लुम्बिनी	२०.५	२५	३३	२१.५	१००
गण्डकी	५४	१५	२२	९	१००
बागमती	२३	३८	३०	९	१००
मधेश	३३.७	४३.७	८.९	१३.७	१००

[1] संविधानअनुसार प्रदेशहरूले केवल समानीकरण अनुदान मात्र पठाउनुपर्ने भएकाले।

प्रदेश	समानीकरण	सशर्त	समपूरक	विशेष	
कोशी	३५	४४	३१	०	१००
औसत	३३	३५	३१	११	

स्रोतः महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन, २०८१

सोही आर्थिक वर्षमा सङ्घ सरकार र प्रदेशहरूले पालिकालाई उपलब्ध गराएको अनुदानको तुलना गर्दा दुवैले पठाएको अनुदानमा सशर्तको हिस्सा सबैभन्दा बढी भए तापनि यसको समग्र बनौटमा भने केही भिन्नता छ (तालिका तीन)। समग्रमा हेर्दा सङ्घको तुलनामा प्रदेशको जोड समपूरक र विशेष अनुदानमा रहेको छ।

तालिका - तीन

सङ्घ र प्रदेश सरकारहरूले स्थानीय सरकारलाई हस्तान्तरण गरेको अनुदानको बनौट

(प्रतिशतमा)

सरकारको तह	समानीकरण	सशर्त	समपूरक	विशेष
सङ्घ	३३.४	६१.२	३	२.४
प्रदेश	३३	३५	२१	११

स्रोतः महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन, २०८१

प्रदेशको आन्तरिक राजस्व (मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट हुने राजस्व बाँडफाँड बाहेक) सँग उनीहरूले स्थानीय सरकारलाई उपलब्ध गराएको अनुदानको तुलना गर्दा प्रदेशहरूबिच निकै ठुलो अन्तर पाइन्छ (तालिका चार)। आर्थिक वर्ष २०७९।८० मा कर्णाली प्रदेशले आफ्नो राजस्वभन्दा सात गुणाभन्दा बढी (७.२९) हस्तान्तरण गरेको छ भने सबैभन्दा कम (४१ प्रतिशत) गण्डकीले। कर्णालीका अतिरिक्त आफ्नो आन्तरिक स्रोतभन्दा बढी हस्तान्तरण गर्नेमा सुदूरपश्चिम, लुम्बिनी र कोशी प्रदेश पर्दछन् जसले आफ्नो राजस्व भन्दा क्रमशः १.७, १.४ र १.२ गुणा बढी रकम अनुदान स्वरूप पठाएका छन्।

तालिका - चार

आर्थिक वर्ष २०७९।८० मा प्रदेशगत आन्तरिक राजस्व, पालिकालाई उपलब्ध गराएको अनुदान तथा आन्तरिक राजस्वको तुलनामा कुल अनुदानको अंश

प्रदेश	आन्तरिक राजस्व (रू हजारमा)	पालिकालाई पठाएको जम्मा अनुदान (रू हजारमा)	आन्तरिक राजस्वको तुलनामा कुल अनुदानको अंश (प्रतिशतमा)
सुदूरपश्चिम	७४४,४२६	१,२६८,२७४	१७०
कर्णाली	५९२,८९८	४,३२१,१३५	७२९
लुम्बिनी	३,४००,४५४	४,१२३,७४०	१२१
गण्डकी	४,६२२,०८७	१,८९१,५१८	४१
बागमती	१२,०२९,७१०	७,६६४,९७०	६४
मधेश	३,९३४,२००	२,९५१,८२४	७५
कोशी	२,५६३,२४३	३,५४६,९२२	१३८

स्रोतः पालिकालाई पठाएको अनुदान महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन, २०८१ तथा आन्तरिक राजस्व सम्बन्धित प्रदेश सरकारका आ.व. २०८१।८२ को बजेट वक्तव्य

प्रदेशले हस्तान्तरण गर्ने अनुदानको स्रोत

प्रदेशहरूको आफ्नो राजस्वको आधार एकदमै कमजोर छ। बागमती बाहेक कुनै पनि प्रदेशले आफ्नो आन्तरिक स्रोत (मूल्य अभिवृद्धि कर र अन्तःशुल्क बापत प्राप्त हुने राजस्व बाँडफाँड बाहेक) बाट चालु खर्च धान्ने हैसियत राख्दैनन् (तालिका पाँच)। अर्थात्, बागमती बाहेकका प्रदेशले आन्तरिक स्रोतबाट पालिकाहरूलाई अनुदान पठाउने संभावना नै छैन। अर्कातर्फ, सङ्घ सरकारले प्रदेश सरकारलाई उपलब्ध गराउने सशर्त, समपूरक र विशेष अनुदानको रकम स्थानीय सरकारलाई हस्तान्तरण गर्न पाइदैन। यसको अर्थ बागमती बाहेकका प्रदेशले पालिकालाई हस्तान्तरण गर्ने अनुदानको पूरै स्रोत सङ्घबाट प्राप्त समानीकरण अनुदान वा राजस्व बाँडफाँडको रकम नै हो। बागमती प्रदेश भने पालिकालाई पठाउने अनुदानको सानो अंश (आ.व. २०७९।८० मा २२ प्रतिशत) आफ्नो राजस्वबाट बेहोर्न सक्षम छ।

तालिका - पाँच

प्रदेश सरकारको आफ्नो राजस्व, चालु खर्च र बचत

(रू. हजारमा)

प्रदेश	आफ्नो राजस्व (क)	चालु खर्च (ख)	बचत (क-ख)
सुदूरपश्चिम	७४४४२६	६,९८०,३०४	(६,२३५,८७८)
कर्णाली	५९२,८९८	६,०३६,०४०	(५,४४३,१४२)
लुम्बिनी	३,४००,४५४	८,४८४,८४६	(४,९८१,३९१)
गण्डकी	४,६२२,०८७	८,३५३,५२२	(३,७३१,४३५)
बागमती	१२,०२९,७१०	१०,३१७,४३१	१,७१२,२७९
मधेश	३,९३४,२००	६,३०३,२४२	(२,३७८,९४२)
कोशी	२,५६३,२४३	९,०९८,३४५	(६,५३५,०९८)

स्रोतः आफ्नो राजस्वको हकमा प्रदेश सरकारका आ.व. २०८१।८२ का बजेट वक्तव्य तथा चालु खर्चको हकमा मलेपको आ.व. २०७९।८० को प्रदेश सरकारको लेखापरीक्षण प्रतिवेदनहरू।

संवैधानिक तथा कानुनी व्यवस्थाको समीक्षा

प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण अनुदान उपलब्ध गराउने संवैधानिक व्यवस्थाका पछि मूलभूत रूपमा दुईवटा उद्देश्य राखिएको देखिन्छः क. सङ्घ सरकारले देश भरिका पालिकाहरूको बिचमा एक तहको समानीकरण गरिसकेपछि त्यसमा केही कमजोरी भएमा प्रदेशको तहबाट सच्याउने, ख. प्रदेश र स्थानीय सरकारकाबिच सोझो सम्बन्ध राख्नका लागि एउटा माध्यम उपलब्ध गराउने।

प्रदेशको आन्तरिक राजस्वको आधार अत्यन्त कमजोर रहेको तथा समानीकरण, सशर्त, समपूरक र विशेष गरी चारै प्रकारका अनुदान सङ्घ र प्रदेश दुवै तहबाट पठाउँदा दोहोरोपना हुने एवं अनुदान प्रणाली पनि अनावश्यक रूपमा जटिल हुने मान्यताका आधारमा प्रदेशको तहमा सशर्त, समपूरक र विशेष अनुदानको व्यवस्था संविधानले नगरेको कुरा यहाँ नेर मननीय छ। अर्थात, संविधान निर्मातालेबिर्सेर प्रदेशको तहमा यी अनुदान नराखेका होइनन्। यस तथ्यलाई बिर्सेर सङ्घीय विधायकहरूले ऐनमार्फत सशर्त अनुदान

अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरे भने समपूरक र विशेष अनुदानलाई प्रदेशले प्रदान गर्न सक्ने गरी प्रदेशमा इच्छाधीन छाडेको देखियो, जुन सरासर संविधानको मर्म विपरीत छ।

स्मरणीय के छ भने सिद्धान्ततः हरेक अनुदानको एउटा मुख्य उद्देश्य हुन्छ र यसले अरु अनुदानको उद्देश्यलाई परिपूरकता प्रदान गर्दछ। नेपालको संविधानले चार प्रकारका अनुदानबाट हासिल गर्न खोजिएका उद्देश्यहरू स्पष्ट भए तापनि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बनाउँदा नै यसमा तोडमरोड गरिएको छ भने प्रदेशहरूले आ-आफ्ना ऐन बनाउँदा यसलाई निरन्तरता दिएकाछन्।

प्रदेशहरूको अभ्यासको समीक्षा

प्रदेश सरकारहरूले समानीकरण अनुदानको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार उपलब्ध गराउनु पर्ने हुन्छ। आयोगले न्यूनतम् र सूत्रमा आधारित गरी दुई भागमा विभाजन गरी प्रदेश अनुसार हरेक पालिकाले प्राप्त गर्ने अनुदानको सिफारिस गर्ने गरेको छ। यस अनुसार आर्थिक वर्ष ०७९।८० का लागि सबै प्रदेश सरकारहरूले रू ७ अर्ब ६४ करोड ४० लाख सम्बन्धित पालिकाहरूलाई उपलब्ध गराउन सिफारिस गरेकोमा जम्मा रू ७ अर्ब ३५ करोड पालिकाहरूलाई उपलब्ध गराएका छन् (तालिका-छ)। प्रदेशहरूले उपलब्ध गराएको रकम आयोगको सिफारिस रकमको ९६ प्रतिशत हुन आउँछ।

प्रदेशगत हिसाबमा गण्डकी र कोशी बाहेक सबै प्रदेशहरूले आयोगको सिफारिसअनुसार नै वा खासै तल माथि नहुने गरी रकम पठाएका छन्। गण्डकी र कोशीले भने सिफारिसको तुलनामा क्रमशः ११ र १२ करोड कम पठाएकाछन्।

छिटपुट कमी कमजोरीका बाबजुद समग्रमा प्रदेशहरूले पठाउने समानीकरण अनुदानको हकमा खासै ठुलो समस्या छ भन्न सकिन्न। तर, सशर्त, समपूरक र विशेष अनुदानको हकमा थुप्रै सबालहरू सिर्जना भएका छन्। सुरु गरौं सशर्त अनुदानबाट। पालिकाको अधिकार क्षेत्रको वास्ता नगरी कुनै टोलमा नाली सफा गर्ने, ढल बनाउने, सङ्घीय सरकारको निकाय (जस्तै, सशस्त्र बल) को तारबार लगाउने जस्ता कामका लागि प्रदेश सरकारले स्थानीय सरकारमा सशर्त अनुदान पठाउने गरेबाट कुन तहको सरकार कुन कामका लागि जिम्मेवार हुने र कुन कामको खर्च कुन तहको सरकारले बेहोर्ने भन्ने वित्तीय सङ्घीयताका मूल प्रश्नहरू अनुत्तरित भएको मात्र होइन भद्रगोलको अवस्था सिर्जना भएको छ।

तालिका - छ

समानीकरण अनुदानको सम्बन्धमा आयोगले गरेको सिफारिस तथा प्रदेशले गरेको हस्तान्तरण

(रू. हजारमा)

प्रदेश	आयोगको सिफारिस	हस्तान्तरण भएको रकम
सुदूरपश्चिम	७,६४०	७,६४०
कर्णाली	८,०००	७,९४४.९
लुम्बिनी	८,५००	८,५००
गण्डकी	११,६००	१०,५००
बागमती	१७,५००	१७,४३६

प्रदेश	आयोगको सिफारिस	हस्तान्तरण भएको रकम
मधेश	१३,२००	१२,७२४.५
कोशी	१,०००	८,७५४.७
जम्मा	७६,४४०	७३,५००.२

स्रोतः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०८०

टोलस्तरका र टुक्रे कामका लागि पनि दोहोरोपन/तेहोरोपन पर्ने गरी बजेट राख्ने गरेको आदिबाट उसै पनि जटिल नेपालको अन्तरसरकारी वित्तीय सम्बन्ध झनै जटिल भएको छ।

सारमा सङ्घीय सांसदले जस्तै प्रदेश सभासदले पनि सशर्त अनुदानलाई आफ्नो साँघुरो र तत्कालिक स्वार्थ पूरा गर्ने माध्यम बनाउनाले स्थानीय सरकारको क्षेत्राधिकारमा सोझै हनन् भएको छ। यसको कारणबाट संविधानले दिएको अधिकारभित्र आफ्नो पालिकामा कुन क्षेत्र र आयोजनामा रकम विनियोजन गर्ने भन्ने अधिकारबाट पालिका वञ्चित भएर प्रदेशले लादेका आयोजना कार्यान्वयन गर्न बाध्य भएकाछन्।

सङ्घ सरकारमा जस्तै प्रदेश सरकारको हकमा पनि समपूरक र विशेष अनुदानको विषयमा केही संरचनागत समस्या छन्। यी अनुदानको रकम आर्थिक मामिला/अर्थ मन्त्रालयअन्तर्गत राखिने र आयोजनाको निकासा/रोक्का आदि विषयमा तिनै मन्त्रालयले सोझै निर्णय गर्ने गरेका छन्। यसले गर्दा सडक, सिँचाइ, खानेपानी जस्ता क्षेत्रका आयोजनाको सम्बन्धित क्षेत्रसँगको आबद्धता टुट्ने र अर्कातिर सम्बन्धित मन्त्रालयहरूको प्राविधिक ज्ञान र सीपको आवश्यक उपयोग नहुने अवस्था सिर्जना हुन जानु पक्कै पनि स्वस्थकर होइन। कर्णाली प्रदेशमा त मुख्यमन्त्री रोजगार कार्यक्रमको रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत नै राख्ने गरिएको छ भने गण्डकी र लुम्बिनीले सशर्त अनुदानको रकम पनि आर्थिक मामिला मन्त्रालयअन्तगर्त राखेकाछन्।

अरु निकाय/मन्त्रालयलाई समन्वय गर्ने, नियन्त्रण र सन्तुलन मिलाउने तथा तिनको अनुगमन गर्नुपर्ने यी निकाय सोझै आयोजनाको छनौट, निकासा/रोक्का तथा केही हदसम्म कार्यान्वयनमा संलग्न हुनुलाई राम्रो मान्न सकिन्न। यसबाट सापेक्षिक रूपमा कम कार्यबोझ भएका यी निकायहरूलाई केही रोजगारी त मिलेको होला तर संस्थागत विकासको दृष्टिबाट यो अभ्यास उपयुक्त होइन।

प्रदेशले पालिकालाई हस्तान्तरण गर्ने सशर्त, समपूरक र विशेष अनुदानसँग जोडिएका उल्लिखित सबालका बाबजुद आखिर पालिकाहरूले थोरै भए पनि रकम पाएकैछन् भन्ने तर्क गर्न नसकिने होइन। पालिकाहरूको कुल आयको करिब ५ प्रतिशतमात्र बजेट प्रदेशबाट प्राप्त हुने अनुदानबाट व्यहोरिने भए पनि यस बजेटले पालिकाहरूमा हुने बजेटको मागको दबाबलाई सम्बोधन गर्न पक्कै पनि केही मद्दत मिलेको हुनुपर्दछ।

तर यस सकारात्मक पक्षलाई, अन्य कुराका अतिरिक्त, अनुदानहरूको उद्देश्यको स्पष्टता तथा परिपूरकता, पालिकाको स्वायत्तता, विनियोजन कुशलता, प्रदेश र स्थानीय सरकारको प्रशासनिक र अनुपालनना लागत, अन्तरसरकारी सम्बन्धमा पर्ने असरलगायतका पक्षसँग पालिकाले प्राप्त गर्ने रकमको तुलना हुन्छ कि हुँदैन भन्ने हो। अनुदानको उद्देश्यको स्पष्टता तथा परिपूरकताको सम्बन्धमा माथि प्रकरण चारमा छोटो चर्चा गरिसकिएको छ भने बाँकी पक्षको सम्बन्धमा तल संक्षिप्त प्रकाश पारिनेछ।

विनियोजन कुशलता: वित्तीय सङ्घीयताको सन्दर्भमा विनियोजन कुशलता भन्नाले स्थानीय प्राथमिकताको आधारमा स्रोतको विनियोजन भन्ने बुझिन्छ। माथि उल्लेख भए झैं प्रदेशबाट उपलब्ध गराइने अनुदान (मूलतः सशर्त) बाट यसमा ठुलो संझौता भएको छ।

पालिकाको स्वायत्तता: प्रदेशले पठाउने अनुदान मूलतः एकतर्फी निर्णयबाट पठाइने गरेबाट पालिकाहरूको स्वायत्ततामा हनन पुगेको छ। पालिका आँफैमा एक तहको सरकार भए पनि उनीहरूले प्रदेशले विभिन्न अनुदानअन्तर्गत समावेश गरेका आयोजना कार्यान्वयन गर्न बाध्य छन्।

प्रदेश र स्थानीय सरकारको प्रशासनिक र अनुपालनना लागत: प्रदेशले पठाउने विभिन्न अनुदान र सो अन्तर्गतका आयोजनाको छनौट, कार्यान्वयन, अनुगमन, लेखापालन, रिपोर्टिङ्लगायतका काममा प्रदेश र स्थानीय सरकारले उल्लेख्य रूपमा आफ्नो स्रोत र साधन खर्चनुपर्ने हुन्छ। अनुदानका प्रकार धेरै हुनु तर सोमा समावेश हुने रकम सानो हुनु, अनि अनुदानअन्तर्गतका (समानीकरण बाहेक) आयोजनाको संख्या ठुलो हुनु (केही अपवाद बाहेक) आदिका कारणबाट प्रदेश र पालिका दुवैका लागि अनुपालनना लागत बढी नै छ।

अन्तरसरकारी सम्बन्धमा पर्ने असर: तीन तहका सरकार तथा सोपानरहित अन्तर्सरकार सम्बन्ध, संविधानका साझा अधिकार सूचीको कारणले सिर्जित माथिल्लो डिग्रीको सहवर्तिता (Concurrency) आदिको कारणबाट नेपालको सङ्घीय प्रणालि यसै पनि निकै जटिल र जेलिएको छ। प्रदेशले पठाउने सशर्त, समपूरक तथा विशेष अनुदानका कारणबाट यो सम्बन्धलाई थप जटिल बनाएको छ।

अब प्रश्न उठ्छ: यति सानो रकमका लागि यी सबै लागत किन बेहोर्ने? सङ्घ सरकारबाट लगभग निशर्त रूपमा प्राप्त गरेको समानीकरण र राजस्व बाँडफाँडको रकम प्रदेशबाट पालिकाहरूमा सशर्त रूपमा (समपूरक र विशेष पनि अन्ततः सशर्त अनुदान नै हुन) पठाउँदा बिचमा कुनै मूल्य अभिवृद्धि हुन्छ? यिनको स्पष्ट जवाफ हुन्छ/हुँदैन।

सङ्घ सरकारले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त, समपूरक र विशेष अनुदानका विषयमा पनि सबालहरू नउठेका होइनन् तर प्रदेशले स्थानीय सरकारलाई उपलब्ध गराउने यी अनुदानबाट यसमा थप जटिलताहरू उत्पन्न भएकाछन्। संविधानले नै यी अनुदानहरूको व्यवस्था गरेको र सङ्घको राजस्वको आधार प्रदेशको भन्दा धेरै बलियो भएको सन्दर्भमा सङ्घ सरकारले प्रदान गर्ने यी अनुदानको वैधता (लेजिटिमेसि) प्रदेशहरूले प्रदान गर्ने भन्दा बढी भएको कुरा प्रष्ट्याउनुपर्ने हुन्छ।

सारांश तथा सिफारिस

प्रदेश सरकारको आफ्नो राजस्वको आधार निकै नै कमजोर छ। उनीहरूले पालिकाहरूलाई अनुदान पठाउने भनेको सङ्घ सरकारबाट लगभग निशर्त रूपमा प्राप्त हुने राजस्व बाँडफाँड तथा समानीकरण अनुदानबाट नै हो। संविधानले कल्पना नै नगरेको सशर्त, समपूरक तथा विशेष अनुदानलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमार्फत प्रदेशको तहमा पनि राख्नाले उसै पनि जटिल नेपालको अन्तर्सरकार वित्तीय सम्बन्ध झन जटिल बन्न पुगेको छ। यी थप अनुदानमार्फत पालिकाहरूले आफ्नो राजस्वको ३.५ प्रतिशत राजस्व प्राप्त गर्दछन् तर यसको तुलनामा यस बापत बेहोर्न पर्ने प्रशासनिकलगायत अन्य लागत धेरै नै बढी छ। तसर्थ, अन्तरसरकारी वित्त व्यवस्थापन ऐनलाई संविधानको आशयअनुसार संशोधन गरी प्रदेशले केवल

समानीकरण अनुदान मात्र पठाउने व्यवस्था गर्न उपयुक्त हुन्छ। यसो गर्दा समानीकरण अनुदानको अंश बढाउन सकेमा सुन माथि सुगन्ध हुन आउँछ।

सन्दर्भ सामग्री

- (२०८१). महालेखापरीक्षकको एकसठ्ठिऔं वार्षिक प्रतिवेदन २०८१, काठमाडौंः महालेखा परीक्षकको कार्यालय।
- (२०८०). राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाचौं वार्षिक प्रतिवेदन, २०८०. काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८०), पाँचौ वार्षिक प्रतिवेदन, २०८० (सुदूरपश्चिम प्रदेश). काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग.।
- (२०८०), पाचौं राष्ट्रिय प्रतिवेदन, २०८० (कर्णाली प्रदेश). काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८०), पाचौं वार्षिक प्रतिवेदन, २०८० (लुम्बिनी प्रदेश). काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८०), पाचौं वार्षिक प्रतिवेदन, २०८० (गण्डकी प्रदेश). काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८०), पाचौं वार्षिक प्रतिवेदन, २०८० (बागमती प्रदेश), काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८०), पाचौं वार्षिक प्रतिवेदन, २०८० (मधेश प्रदेश), काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८०), पाचौं वार्षिक प्रतिवेदन, २०८० (कोशी प्रदेश), काठमाडौंः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ कोशी प्रदेश. काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ मधेश प्रदेश. काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ बागमती प्रदेश. काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ गण्डकी प्रदेश, काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ लुम्बिनी प्रदेश, काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ कर्णाली प्रदेश, काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- (२०८१), महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१ सुदूरपश्चिम प्रदेश, काठमाडौंः महालेखापरीक्षकको कार्यालय।
- नेपालको संविधान (२०७२). काठमाडौंः कानुन किताब व्यवस्था समिति।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४. काठमाडौंः कानुन किताब व्यवस्था समिति।

- आर्थिक वर्ष २०८१।८२ को वार्षिक विकास कार्यक्रम. २०८१. धनगढीः आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह), आर्थिक वर्ष २०८१।८२. (२०८१). सुर्खेतः आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार।
- वार्षिक कार्यक्रम आर्थिक वर्ष २०८१।८२. (n.d.). दाङ देउखुरीः आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश सरकार।
- आर्थिक वर्ष २०८१।८२ को वार्षिक विकास कार्यक्रम. (n.d.). आर्थिक मामिला मन्त्रालय, गण।
- आर्थिक वर्ष २०८१।८२ को वार्षिक विकास कार्यक्रम. (२०८१). पोखराः आर्थिक मामिला मन्त्रालय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह), आर्थिक वर्ष २०८१।८२. (२०८१). हेटौडाः आर्थिक मामिला तथा योजना मन्त्रालय।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह), आर्थिक वर्ष २०८१।८२, (२०८१), जनकपुरधामः अर्थ मन्त्रालय, मधेश प्रदेश सरकार।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह), आर्थिक वर्ष २०८१।८२, (२०८१), विराटनगरः आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश सरकार।
- International Monetary Fund. (2014). Government Finance Statistics Manual. Washington D. C.: International Monetary Fund.
- Chattha, M. K., Blum, Rene, J., & Kelly, R. (2023). Personnal Income Tax Piggybacking. Washington D.C.: International Bank for Reconstruction and Development/The World Bank.

नेपालमा योजनाबद्ध विकास प्रयास : समीक्षा एवं सवालहरू



टीकानाथ अर्याल[*]

पृष्ठभूमि

योजनाबद्ध विकासको थालनी सर्वप्रथम सन् १९२८ मा रुस (तत्कालीन सोभियत सङ्घ) बाट भएको मानिन्छ। कृषिमा आधारित सोभियत सङ्घको अर्थतन्त्रलाई औद्योगिक मुलुकमा रूपान्तरण गर्ने ध्येयले पञ्चवर्षीय योजनाको प्रारम्भ भएको देखिन्छ। योजनाबद्ध विकासलाई अवलम्बन गरेकै कारण सन् १९३० को आर्थिक महामन्दीले समेत सोभियत सङ्घमा कम प्रभाव पारेको थियो। दोस्रो विश्वयुद्ध पश्चात् तेस्रो विश्व अर्थात् अविकसित मुलुकहरूले समेत आफ्नो अर्थतन्त्रमा सुधारका लागि योजनागत विकासलाई आत्मसात गरेको पाइन्छ। यसै सन्दर्भमा विक्रम संवत् २०१३ साल (सन् १९५६) मा योजनाबद्ध विकासलाई मार्गदर्शन गर्न संस्थागत संरचनाको रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा गठित योजना आयोगले प्रथम पञ्चवर्षीय योजना (२०१३।१४-२०१७।१८) जारी गरी कार्यान्वयनमा ल्याएसँगै नेपालमा पनि योजनाबद्ध विकासको औपचारिक सुरुवात भएको हो।

नेपालमा करिब सात दशक लामो योजनाबद्ध विकासको अवधिमा १० वटा पञ्चवर्षीय योजना र ५ वटा त्रिवर्षीय गरी १५ वटा आवधिक योजना कार्यान्वयन भइसकेका छन्। विक्रम संवत् २०१७ देखि २०४६ सालसम्म मुलुकमा कायम रहेको पञ्चायती शासन कालमा दोस्रोदेखि सातौँ आवधिक योजना तर्जुमा तथा कार्यान्वयन भए। २०४६ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना पश्चात् सङ्घीय स्वरूपको शासन व्यवस्था स्थापना हुनुअघि आठौँ (२०४९।५०-२०५३।५४) देखि तेह्रौँ योजना (२०७०।७१-२०७२।७३) सम्म तर्जुमा गरी कार्यान्वयन गरिएको थियो।

विक्रम संवत् २०७२ मा सङ्घीय स्वरूपको लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय व्यवस्था स्थापना गर्न नेपालको संविधान जारी भए पश्चात् चौधौँ योजना (२०७३।७४-२०७५।७६) तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो। नयाँ संविधानअनुरूप सबै स्थानीय तह र सङ्घ तथा प्रदेशको निर्वाचनबाट नयाँ निर्वाचित सरकार गठन भएसँगै राष्ट्रिय रूपमा पन्ध्रौँ योजना (२०७६।७७-२०८०।८१) र आर्थिक वर्ष २०८१।८२ देखि सोह्रौँ योजना तथा सबै प्रदेशहरूबाट आ-आफ्नो प्रथम प्रादेशिक योजना तर्जुमा गरी कार्यान्वयन भइरहेका छन् भने स्थानीय तहहरूले पनि आ-आफ्ना आवधिक योजना बनाई कार्यान्वयन गरिरहेका छन्।

यस अवधिमा मुलुकमा राजनीतिक र शासकीय प्रणालीमा युगान्तकारी परिवर्तन भई शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा, सूचना प्रविधि लगायतका क्षेत्रमा यस अवधिमा उल्लेख्य उपलब्धि हासिल भएका छन्। यद्यपि आर्थिक, सामाजिक र आधुनिक यातायात तथा पूर्वाधार विकासको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। साथै पूर्वाधार क्षेत्रअन्तर्गत सडक यातायात, सञ्चार तथा सूचना प्रविधि र शहरी पूर्वाधारमा उल्लेख्य विकास भए तापनि अधिकांश पूर्वाधारको गुणस्तर सुनिश्चित हुन सकेको छैन। जलविद्युत,

* निर्देशक, महालेखापरीक्षकको कार्यालय

हवाई सेवा लगायतका अन्य पूर्वाधार निर्माणमा थप प्रयासको खाँचो छ। निरपेक्ष गरिबीमा कमी आएको भए तापनि अझै पनि जनसङ्ख्याको ठुलो हिस्सा (२०.३ प्रतिशत) गरिबीको रेखामुनि रहेको अवस्था छ। स्वदेशमा रोजगारीको अभावले युवा श्रमशक्ति रोजगारीका लागि विदेशिने क्रम दिनानुदिन बढ्दो छ। अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान अत्यन्त न्यून रहेको र वैदेशिक व्यापार घाटा तीव्र रूपमा बढिरहेको अवस्था छ। विप्रेषण आयबाट अर्थतन्त्रको आकारमा वृद्धि भएको र विदेशी मुद्राको सञ्चिति कायम गर्न यसको उलेख्य योगदान रहे तापनि आर्थिक वृद्धि, उत्पादन र उत्पादकत्व, औद्योगिकीकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वच्छ र प्रदूषणमुक्त वातावरण र सुशासनलगायतका क्षेत्रमा विगतका आवधिक योजनाले लिएका लक्ष्यहरू अपेक्षित रूपमा हासिल हुन सकेका छैनन्।

यस लेखमा विकास योजनाको अवधारणा, आवश्यकता तथा नेपालमा हालसम्म भएका योजनाबद्ध विकासका प्रयासहरू, सोबाट प्राप्त उपलब्धि स्थितिको समीक्षा तथा विकास प्रयासका मूलभूत सवाल तथा चुनौतीहरू उजागर गर्ने प्रयास गरिएको छ।

अवधारणा

सीमित स्रोत, साधनको समुचित परिचालन गरी निर्धारित समयमा लक्षित उपलब्धिहरू हासिल गर्नका लागि गरिने व्यवस्थित खाका नै योजना हो। (A Plan is a framework that details the methods and tasks that are to be implemented in order to achieve a desired Goal.) यसमा के गर्ने, कसले गर्ने, कहिले गर्ने, कसरी गर्ने, कति स्रोत परिचालन गर्ने भन्ने प्रश्नहरूको जवाफको श्रृङ्खला समावेश हुन्छ। यो खास गन्तव्यतर्फ जाने मार्गचित्र (Roadmap) हो। अर्को शब्दमा कुनै निश्चित उद्देश्य, निर्धारित समयावधि, कोषको निश्चितता, साधन स्रोतसहितको क्रियाकलापहरूको श्रृङ्खला नै योजना हो।

अमेरिकी अर्थशास्त्री M. P. Todaro का अनुसार "आर्थिक योजना भन्नाले पूर्व निर्धारित आर्थिक उद्देश्यहरू हासिल गर्न दीर्घकालीन आर्थिक निर्णय गर्ने, समन्वय गर्ने तथा राष्ट्रका प्रमुख आर्थिक पक्षका स्तर तथा वृद्धिलाई असर पार्न तथा निर्देशित गर्न र कुनै कुरामा नियन्त्रण गर्न गरिने सरकारी प्रयत्न" लाई बुझिन्छ।

यसै गरी मार्क्सवादी धारका समाजवादी अर्थशास्त्री H. D. Dickison को भनाइमा योजना भनेको "सम्पूर्ण अर्थ व्यवस्थाको सर्वेक्षण तथा विश्लेषण गरी विवेकशील आर्थिक निर्णय गर्नु" हो। त्यस्तै विश्व बैङ्कका अनुसार योजना भन्नाले "राष्ट्रमा उपलब्ध स्रोत, साधनको आधारमा के, कस्ता विकास निर्माणका क्रियाकलाप के, कस्तो क्रममा कार्यान्वयन गर्ने हो, सोसम्बन्धी निर्णय प्रक्रिया" भन्ने बुझिन्छ। अतः योजना भनेको उपलब्ध साधनको कुशल र प्रभावकारी उपयोगद्वारा तोकिएको निश्चित समयावधिभित्र निर्धारित उद्देश्य हासिल गर्ने एउटा अनुशासित कार्य पद्धति हो।

विभिन्न सैद्धान्तिक दृष्टिकोणमा योजना

(क) **समाजवादी दृष्टिकोण (Socialistic View)** – स्रोत/साधन परिचालन, सामाजिक न्याय र आर्थिक विकासको एकलौटी अधिकार सरकारसँग रहन्छ। मुलुकमा व्यवस्थित तवरले विकास गर्दै समृद्धि हासिल गर्नका लागि योजना चाहिन्छ।

(ख) **पुँजीवादी दृष्टिकोण (Capitalistic View)** – मुलुकको समग्र विकासका लागि सार्वजनिक क्षेत्रका साथै निजी क्षेत्रसमेतको योगदान र सक्रिय सहभागिता आवश्यक पर्दछ। सोको लागि अर्थतन्त्रलाई पुनर्संरचना

गर्दै खुला बजार संयन्त्रलाई क्रियाशील गराउने उद्देश्य तथा रणनीतिसहितको योजना आवश्यक पर्दछ। राज्यको भूमिकालाई उत्प्रेरक, सहजकर्ता एवं निगरानीकर्ताको रूपमा पुनर्परिभाषित गर्नुपर्दछ।

(ग) **मिश्रित अर्थतन्त्र (Mixed Economy)** - सार्वजनिक, निजी र गैर सरकारी क्षेत्रको भूमिका र योगदानलाई सन्तुलित ढङ्गले अगाडि बढाउँदै आर्थिक विकास र समृद्धि हासिल गर्न योजना आवश्यक पर्दछ। समाजवादी दृष्टिकोण र पुँजीवादी दृष्टिकोण दुवैका राम्रा गुणहरू समावेश भएको विकास योजना तर्जुमा गर्नुपर्दछ।

योजनाको आवश्यकता

उपलब्ध स्रोत, साधनको कुशल र प्रभावकारी उपयोग गर्न, विकासको प्राथमिकता निर्धारण गरी सन्तुलित तथा द्रुत आर्थिक वृद्धि गर्न, एकीकृत रूपमा पूर्वाधार विकासको खाका तयार गर्न, विकासका साझेदारहरूबिच संयोजन गरी तिनका कार्यक्षेत्र निर्धारण गर्न, वैदेशिक सहायताको महत्तम (Optimum) उपयोग गर्न र कमजोर नागरिकहरूको संरक्षण गर्न व्यवस्थित योजनाको आवश्यकता पर्दछ। नेपाल जस्तो स्रोत, साधनको न्यूनता भएको कम विकसित मुलुकमा कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गर्दै उच्च प्राथमिकताका आयोजनाहरू सञ्चालन गरी रोजगारीको सिर्जनाद्वारा जनताको जीवनस्तर अभिवृद्धि गर्न विकास योजनाको आवश्यकता अझ बढी पर्दछ। योजनाको आवश्यकता तथा महत्त्वलाई निम्नलिखित बुँदाहरूले थप उजागर गर्दछन्:

- सीमित स्रोत, साधनलाई व्यवस्थित तवरले प्राथमिकता प्राप्त क्षेत्रहरूमा परिचालन गर्न,
- कृषि तथा औद्योगिक क्षेत्रमा रहने सामाजिक तथा आर्थिक शिरोभारको व्यवस्थापन गर्न,
- विकास निर्माणमा जनसहभागिता अभिवृद्धि गर्न,
- सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन,
- वैदेशिक सहायतालाई आकर्षित गरी राष्ट्र विकासमा उपयोग गर्न,
- अन्तरक्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धि गर्न,
- कमजोर वर्ग तथा समुदायको हित संरक्षण गर्दै समावेशी र दिगो विकास प्रक्रियालाई आत्मसात गर्न,
- रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारण गर्न,
- लोक कल्याणकारी राज्यको आदर्श प्राप्त गर्न,
- सन्तुलित आर्थिक विकास गर्न,
- जनताको जीवनस्तर सुधार गरी राष्ट्रिय आय वृद्धि गर्दै समृद्धि हासिल गर्न।

नेपालमा कार्यान्वयन भएका विकास योजनाहरू तथा प्राप्त उपलब्धिको समीक्षा

नेपालमा राणा शासनको अन्त्य भएको करिब ६ वर्षपछि संवत् २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन भएको थियो। त्यसबेला नेपालको आर्थिक विकासको गति लगभग शून्यको अवस्थामा रहेको थियो। सोभन्दा अगाडि राणा प्रधानमन्त्री जुद्ध शम्शेरको पालामा एक २० वर्षीय आर्थिक योजना तर्जुमा गर्ने घोषणा र संवत् २००५ मा मोहन शम्शेरको पालामा १५ वर्षीय योजना तर्जुमा गर्ने उद्देश्यले एक योजना आयोग समेत गठन भएको थियो। तर ती योजना व्यवहारतः कार्यान्वयनमा ल्याइएनन्।

नेपालमा योजनाको प्रारम्भिक अवस्थामा आवश्यक तथ्याङ्कहरूको अभाव, निजी क्षेत्रको न्यून विकास, योजना तर्जुमा गर्ने विज्ञको कमी र योजना कार्यान्वयन क्षमताको कमी, राजनैतिक अस्थिरता जस्ता कारणले प्रथम योजनाको कार्यान्वयन सन्तोषजनक हुन सकेन तथापि नेपालका योजनाबद्ध विकासको प्रयासमा यसले आधारशीला खडा गर्ने कार्य भने गऱ्यो। नेपालमा प्रथम योजनादेखि सातौँ योजनासम्म एक प्रकारले मिश्रित अर्थतन्त्र (Mixed Economy) को अवधारणा अनुरूप योजना तर्जुमा गरिएका थिए। योजना तर्जुमा गर्दा माथिबाट तलतिरको विधि (Top-Down Approach) अवलम्बन गरिएको थियो। सातौँ योजनासम्मका योजनाहरू एक प्रकारका निर्देशित योजना थिए भने आठौँ योजनादेखि साङ्केतिक योजना (Indicative Planning) बनाउने प्रचलन सुरु भएको पाइन्छ। सन् १९९० को दशकको सुरुदेखि विश्वमा चलेको आर्थिक उदारीकरणको लहरले आठौँ योजनादेखि सरकारको भूमिकामा परिवर्तन भई सहजकर्ता र उत्प्रेरकको रूपमा रहन गयो। तत्पश्चात् विकास प्रक्रियामा सरकारी, निजी र सहकारी क्षेत्रको सहभागिता र सहकार्य स्थापित गर्न थालियो।

नवौँ र दशौँ योजना २० वर्षे दीर्घकालीन विकासको अवधारणामा आधारित भई तर्जुमा गरिएका थिए। ती दुवै योजनाको एक मात्र उद्देश्य गरिबी निवारण गर्नु थियो। यसै गरी हालै सम्पन्न पन्ध्रौँ योजना विक्रम संवत् २१०० सम्ममा समृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय लक्ष्य हासिल गर्ने २५ वर्षे दीर्घकालीन सोच सहित तर्जुमा भएको पाइन्छ। नेपालमा हालसम्म १५ वटा आवधिक योजनाहरू कार्यान्वयन भइसकेको र हाल १६ औँ योजना तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको छ। ती योजनाबद्ध विकासका प्रयास, कार्यान्वयन अवस्था तथा उपलब्धि स्थिति देहायअनुसार संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

१. **प्रथम योजना (२०१३।१४-२०१७।१८) -** विक्रम संवत् २०१३ मा तत्कालीन प्रधानमन्त्रीको अध्यक्षतामा योजना आयोग गठन भएकोमा पछि २०२५ सालमा राष्ट्रिय योजना आयोग स्थापना भयो। कोलम्बो प्लानको बैठकमा नेपाललाई सहायता उपलब्ध गराउने क्रममा विकासको खाका प्रस्तुत गर्ने क्रममा प्रथम पञ्चवर्षीय योजनाको प्रादुर्भाव भएको पाइन्छ।

प्रथम पञ्चवर्षीय योजनाले उत्पादन वृद्धि तथा रोजगारीको प्रवर्धनका लागि आर्थिक वृद्धि तथा सामाजिक विकासको उद्देश्य राख्दै तथ्याङ्क प्रणालीको विकास र आम नागरिकको जीवनस्तर सुधार गर्न उपलब्ध स्रोत, साधनहरूको उच्चतम सदुपयोग गर्ने रणनीति लिएको थियो।

योजनाको उपलब्धि स्थिति – प्रथम योजना अवधिमा रु.३३ करोड खर्च गर्ने लक्ष्य रहेकोमा रु. २१ करोड ४४ लाख अर्थात् ६५ प्रतिशत मात्र खर्च भएको थियो। ग्रामीण विकास, शिक्षा, स्वास्थ्य क्षेत्रमा केही प्रगति भए तापनि समष्टिगत उपलब्धि सन्तोषजनक रहन सकेन। यद्यपि यस योजनाले सामाजिक सेवा र आर्थिक विकासका लागि आवश्यक कृषि, सडक, विद्युत लगायतका पूर्वाधारको जग निर्माण गरी योजनाबद्ध विकासको आधारशीला खडा गर्न भने योजना सफल रह्यो।

विक्रम संवत् २०१७ सालमा तत्कालीन राजा महेन्द्रबाट चालिएको राजनीतिक कदम र त्यसबाट सिर्जित राजनैतिक संक्रमणका कारण आर्थिक वर्ष २०१८।१९ योजनाविहीन वर्ष (Plan Holiday) को रूपमा रहन गयो।

२. **दोस्रो योजना (२०१९।२०-२०२१।२२) -** यस योजनाले दीर्घकालीन योजनामा लागि आधार निर्माण गर्ने गरी आर्थिक विकास, रोजगारी वृद्धि र न्यायोचित सामाजिक व्यवस्थालाई मुख्य उद्देश्यको

रूपमा अङ्गीकार गरी आधारभूत पूर्वाधारको निर्माण, कृषि तथा औद्योगिक विकास र सामाजिक सेवा व्यवस्थित गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको थियो।

योजनाको उपलब्धि समीक्षा - यस योजना अवधिमा रु. ६० करोड खर्च गर्ने लक्ष्य रहेकोमा रु. ५९ करोड ६५ लाख अर्थात् ९९ प्रतिशत खर्च भएकोले खर्च गर्ने क्षमताको आधारमा यो योजना सफल भएको मान्न सकिन्छ। योजना अवधिमा पूर्व-पश्चिम राजमार्ग तथा काठमाडौँ-कोदारी राजमार्ग समेत २ प्रमुख आयोजनाको निर्माण प्रारम्भ भएको थियो।

३. **तेस्रो योजना (२०२२।२३-२०२६।२७) -** तेस्रो पञ्चवर्षीय योजनाले कृषिलगायतका आधारभूत क्षेत्रहरू विकास गर्दै न्यायपूर्ण सामाजिक व्यवस्थाको स्थापना र संरक्षणद्वारा जनकल्याणको अभिवृद्धि गर्ने मुख्य उद्देश्यसहित खाद्यान्न उत्पादन र व्यापारमा वृद्धि, औद्योगिक विकास एवं सामाजिक विभेद र असमानताको निराकरण जस्ता उद्देश्यहरू लिएको थियो।

योजनाको उपलब्धि स्थिति - कृषि विकासमा प्रगतिशील परिवर्तन, यातायातको व्यवस्थापन, उद्योग र विद्युत शक्तिको विकासलाई प्राथमिकतामा राखेर कार्यान्वयन गरिएको तेस्रो योजनालाई योजनाबद्ध विकास प्रणालीको एक महत्त्वपूर्ण खुड्किलाको रूपमा लिने गरिन्छ। यस योजना अवधिमा करिब रु.१ अर्ब ७८ करोड (७१ प्रतिशत) सरकारी क्षेत्रमा खर्च भएको अनुमान गरिएको थियो।

४. **चौथो योजना (२०२७।२८-२०३१।३२) -** चौथो योजना विकासका लागि नयाँ उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमभन्दा चालु आयोजनाहरूलाई नै उपयोगी र उत्पादनशील तुल्याउने तथा योजना तर्जुमा कार्यलाई बढी व्यावहारिक र प्रभावकारी बनाउनेतर्फ लक्षित थियो। यस योजनाले उत्पादन वृद्धि गर्ने, यातायात, सञ्चार, विद्युत जस्ता विकासका पूर्वाधार तयार गर्ने, मूल्य वृद्धि नियन्त्रण गर्ने, श्रमशक्तिको प्रभावकारी उपयोग गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखेको थियो।

योजनाको उपलब्धि स्थिति - यस अवधिमा सन्तुलित विकास र नयाँ राष्ट्रिय शिक्षा पद्धतिको प्रारम्भ हुनुका साथै सामाजिक विकासका आधार निर्माणमा महत्त्वपूर्ण कार्य भएका थिए। यस योजनामा कूल रु.३ अर्ब ५४ करोड खर्च हुने अनुमान गरिएकोमा रु.३ अर्ब ३१ करोड अर्थात् ९३.५ प्रतिशत खर्च भएको थियो।

५. **पाँचौं योजना (२०३२।३३-२०३६।३७) -** स्रोत/साधनको कुशल परिचालन गर्दै न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गर्ने राज्यको मूलभूत उद्देश्यसँग आबद्ध गरी पाँचौं योजना तयार गरिएको पाइन्छ। उत्पादनमा वृद्धि, श्रमशक्तिको उच्चतम उपयोग र क्षेत्रीय सन्तुलन कायम गर्नु यस योजनाका प्रमुख उद्देश्य रहेका थिए। यस योजनाले आन्तरिक साधनको परिचालन, लगानी र उत्पादनको उपयुक्त ढाँचा, श्रम उपयोग विधि, समष्टिगत आर्थिक स्थायित्व, औद्योगिक विकास, व्यापार वृद्धि एवं विविधीकरण र भूमि व्यवस्था आदिलाई प्रमुख नीति तथा कार्यक्रमका रूपमा तय गरेको थियो।

योजनाको प्रगति स्थिति - यस योजना अवधिमा राष्ट्रिय उत्पादन वृद्धिदर २.२ प्रतिशत रहेको, प्रति व्यक्ति आयमा केही कमी हुन गएको, बचत र लगानी राष्ट्रिय उत्पादनको अनुपातमा क्रमशः ४.८ र ९.३ प्रतिशतबाट बढेर ७.४ र १३.५ प्रतिशत, विकास खर्चको वृद्धिदर वार्षिक १३.५ प्रतिशत र मूल्य वृद्धिदर वार्षिक ५.२ प्रतिशत रहेको थियो।

६. **छैटौं योजना (२०३७।३८-२०४१।४२) -** यस योजनामा गरिबीको तथ्याङ्क पहिलो पटक उल्लेख गरियो। जस अनुसार २०३७ सालमा गरिबीको रेखामुनिको जनसङ्ख्या ३४ प्रतिशत थियो। यस योजनाका ३ प्रमुख उद्देश्य देहायअनुसार थिए:

(१) तीव्र आर्थिक वृद्धि हासिल गर्ने (२) उत्पादनशील रोजगारी सिर्जना गर्ने र (३) जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने।

यस योजनाले आधारभूत विकासका नीतिहरूअन्तर्गत कृषि, सिँचाइ, वन, उद्योग, खानी र विद्युत, सामाजिक सेवाहरू तथा यातायात र सञ्चार क्षेत्रको विकासलाई प्राथमिकता दिएको थियो। साथै स्रोत साधनको उच्चतम उपयोग गर्न अर्थतन्त्रको क्षमता अभिवृद्धिमा समेत जोड दिइएको थियो।

योजनाको प्रगति स्थिति - यस योजनामा आन्तरिक स्रोतबाट ४० प्रतिशत र वाह्य क्षेत्रबाट ६० प्रतिशत खर्च जुटाउने लक्ष्य राखिएको थियो। योजना अवधिमा रु. ३३ अर्ब ९४ करोड खर्च हुने अनुमान रहेकोमा सोको ४५.९ प्रतिशत मात्र खर्च भएको थियो। योजना अवधिको लक्षित आर्थिक वृद्धिदर ४.३ प्रतिशत रहेकोमा ४.४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको थियो।

७. **सातौं योजना (२०४२।४३-२०४६।४७) -** सातौं योजनाका प्रमुख तीन उद्देश्य निम्नलिखित रहेका थिए:

(१) उत्पादन दरमा वृद्धि ल्याउने (२) उत्पादनशील रोजगारी वृद्धि गर्ने र (३) जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्दै लैजाने।

राष्ट्रिय आर्थिक एकीकरण, विकेन्द्रीकरण र विकास प्रशासनको सुदृढीकरणलाई यस योजनाले आधारभूत विकास नीतिको रूपमा अवलम्बन गरी योजना तर्जुमा र कार्यान्वयनका बिच रहने अन्तरलाई कम गर्न विशेष जोड दिएको थियो। यस योजना अवधिमा राष्ट्रिय उत्पादन वार्षिक ४.५ प्रतिशतका दरले बढाउन कुल रु. ४० अर्ब ९६ करोड लगानी अनुमान गरिएको थियो।

योजनाको उपलब्धि समीक्षा - आर्थिक वर्ष २०२१।२२ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको हिस्सा करीब ६५ प्रतिशत रहेकोमा २०४६।४७ सम्मको २५ वर्षको अवधिमा सो अनुपात केही परिमाणले मात्र घट्न गई ६१ प्रतिशत रहेको देखिन्छ। औद्योगिकीकरणको सूचकाङ्क (Indicator) को कुल गार्हस्थ उत्पादनमा गैर कृषिक्षेत्रको अंश बढ्दै जानुपर्नेमा आ.व. २०२१।२२ मा यस क्षेत्रको योगदान ३५ बाट केही प्रतिशतमात्र वृद्धि भई २०४६।४७ मा ३९ प्रतिशत मात्र पुगेको पाइन्छ।

प्रजातन्त्र पुनर्स्थापना अघिका आवधिक योजनाको समीक्षात्मक टिप्पणी

प्रजातन्त्र पुनर्स्थापना (२०४७ साल) अघि एउटा त्रिवर्षीय र ६ वटा पञ्च वर्षीय गरी ७ वटा विकास योजना तर्जुमा तथा कार्यान्वयन गरेर आवधिक योजनाहरूलाई विकासको संयन्त्रको उपयोग गरी देशको तीव्र विकास गर्ने लक्ष्य हासिल हुन सकेन। यसो हुनुमा योजनाहरूको उद्देश्य, प्राथमिकता, रणनीति एवं कार्यक्रमहरूबिचको अन्तरसम्बन्धलाई स्पष्ट रूपमा स्थापित गर्न नसक्नु, योजनाहरूको उचित प्राथमिकीकरण नहुनु, खर्चको आवश्यकता र उपलब्ध स्रोतबिच ठुलो अन्तर रहनु आदिलाई एक प्रमुख कारणको रूपमा लिन सकिन्छ। कुनै एक उद्देश्य हासिल नहुँदै अर्को

नयाँ उद्देश्य निर्धारण गर्ने प्रवृत्तिले उद्देश्यहरूको छनौट एवं पहिचानमा निरन्तरता र दूरगामी विश्लेषणको अभाव देखियो। पञ्चायती व्यवस्थाको यस अवधिमा यातायात, सञ्चार सुविधा, स्वास्थ्य, खानेपानी, साक्षरता तथा विद्यार्थी भर्ना दर जस्ता क्षेत्रहरूमा केही सुधार भए तापनि समष्टिगत रूपमा अर्थतन्त्रका उपलब्धिहरू अस्पष्ट र निराशाजनक रहे। बहुसंख्यक जनताको जीवनस्तरमा तात्त्विक परिवर्तन हुन सकेन।

जनसङ्ख्या वृद्धिको अनुपातमा कुल गार्हस्थ उत्पादनमा खास वृद्धि नभएबाट आ.व. २०२१।२२ देखि २०४६।४७ सम्मको अवधिमा प्रति व्यक्ति आयमा अत्यन्त न्यून वृद्धि भएको पाइन्छ। उक्त अवधिमा कुल गार्हस्थ उत्पादनको वृद्धिदर ३.४ प्रतिशत रहेकोमा प्रतिव्यक्ति आय वृद्धिदर ०.८ प्रतिशत मात्र रह्यो। आ.व. २०२१।२२ मा प्रतिव्यक्ति आय रु.१ हजार ३०४ रहेकोमा २०४६।४७ मा रु.१ हजार ६०५ भई २५ वर्षको अवधिमा २३ प्रतिशत मात्र थप भएको देखिन्छ। यसको फलस्वरूप विश्वका अति निर्धन राष्ट्रहरूको पंक्तिमा पनि नेपाल निकै तल रहन पुग्यो। सातौं योजनाको अन्ततिर करिब आधा (४९ प्रतिशत) जनसङ्ख्या गरिबीको रेखामुनि रहेका थिए।

विगतमा औद्योगिक क्षेत्रको विकासमा केही प्रोत्साहन दिइएको भए तापनि यो क्षेत्र प्रारम्भिक अवस्थामा नै रह्यो। औद्योगिक क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनमा करिब ५ प्रतिशत रहेको र कूल श्रमशक्तिको करीब २ प्रतिशतलाई मात्र यसले रोजगारी प्रदान गर्न सक्यो। यस क्षेत्रमा पनि गतिशीलताको अभाव देखियो र अन्य क्षेत्रसँग यसले वृद्धिदर अभिप्रेरित गर्ने खालको अग्र र पृष्ठ सम्बन्ध (Backward & Forward Linkage) स्थापित गर्न सकेन।

८. **आठौं योजना (२०४९।५०-२०५३।५४)** - आठौं योजना २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछि तर्जुमा गरिएको यस योजनामा राज्यले सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गरी उत्पादन वृद्धि, रोजगारीको सिर्जना र आर्थिक तथा सामाजिक दृष्टिकोणले कमजोर रहेका र विकासको मूल प्रवाहमा पछाडि परेका नागरिकको आर्थिक उन्नतिको लागि विशेष कार्यक्रमहरूद्वारा देशमा सामाजिक र आर्थिक न्याय दिलाउने सोच राखेको थियो। यस योजनाले आर्थिक सुधारका महत्त्वपूर्ण मुद्दाहरूलाई अघि सारेको थियो। यस योजनाका मुख्य उद्देश्य निम्नलिखित रहेका थिए:

(१) दिगो आर्थिक वृद्धि हासिल गर्ने, (२) गरीबी निवारण गर्ने र (३) क्षेत्रीय असन्तुलन घटाउने।

यसै गरी यस योजनाका प्राथमिकतामा कृषिमा सघनता र विविधीकरण, ऊर्जा तथा ग्रामीण पूर्वाधार विकास, रोजगारी सिर्जना, जनशक्ति विकास, जनसङ्ख्या वृद्धिमा नियन्त्रण, औद्योगिक विकास तथा पर्यटन प्रवर्धन, निकासी प्रवर्धन तथा विविधीकरण, समष्टिगत आर्थिक स्थायित्व, विकास प्रशासनमा सुधार आदि रहेका थिए। यस योजनामा समावेश गरिएका जैविक-प्राकृतिक स्रोत साधनको अधिकतम उपयोग, कृषि पर्यावरणीय विकास, औद्योगिक विशिष्टीकरण, गैरकृषि क्षेत्रको वृद्धि एवं समतामूलक र सहभागितामूलक विकास जस्ता विषयहरू उल्लेखनीय रहेका छन्।

योजनाको प्रगति समीक्षा - यस योजना अवधिमा रु.१ खर्ब ६७ अर्ब २४ करोड खर्च हुने अनुमान रहेकोमा रु.१ खर्ब ५५ अर्ब ४२ करोड अर्थात् करिब ९३ प्रतिशत खर्च भएको देखिन्छ।

साथै आर्थिक वृद्धिदर प्रतिवर्ष औसत ५.१ प्रतिशत गर्ने लक्ष्य राखिएकोमा औसत ४.९ प्रतिशतको आर्थिक वृद्धि हासिल भएको देखिन्छ। यस अवधिमा कृषि क्षेत्रको वृद्धिदर औसत ३ प्रतिशत रहेको थियो भने गैर-कृषि क्षेत्रको औसत वृद्धिदर ६.३ प्रतिशत रहेको थियो।

९. **नवौं योजना (२०५४।५५-२०५८।५९) -** विगतका योजनाबाट मुलुकको आर्थिक-सामाजिक विकासको लागि स्पष्ट दिशा पहिल्याउन नसकेको महसुस गर्दै नवौं योजनामा २० वर्षे दीर्घकालीन विकासको अवधारणा तय गरिएको थियो। यस योजनाले गरिबी निवारणलाई एक मात्र उद्देश्यको रूपमा अङ्गीकार गरी कृषि तथा वन, जलस्रोत तथा ऊर्जा, मानव संसाधन र सामाजिक विकास, औद्योगिकीकरण, पर्यटन विकास र अन्तर्राष्ट्रिय व्यापार तथा भौतिक पूर्वाधारहरूलाई प्राथमिकतामा राखेको थियो।

यस योजनामा विकेन्द्रीकरण, विकासमा सरोकारवालाहरूको सक्रिय सहभागिता, वित्तीय संरचना, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारका कार्यक्रमहरूको निक्षेपण तथा सडक गुरुयोजना जस्ता महत्त्वपूर्ण विषयहरू समावेश गरिएका थिए। योजनाले उच्च आर्थिक वृद्धिदर तथा गरिबी निवारणका लागि क्षेत्रगत र अन्य विशेष कार्यक्रमहरूको कार्यान्वयनबाट आगामी २० वर्षमा गरिबी रेखामुनिको जनसङ्ख्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य राखेको थियो।

योजनाको प्रगति समीक्षा - गरिबी निवारण गर्ने एक मात्र उद्देश्य राखिएको नवौं योजनाको अन्त्यसम्ममा गरिबीलाई ३२ प्रतिशतमा झार्ने लक्ष्य राखिएकोमा ३८ प्रतिशतसम्म मात्र झार्न सफल भएको देखिन्छ।

१०. **दशौं योजना (२०५९।६०-२०६३।६४) -** सहस्राब्दी विकास लक्ष्य (MDG) लाई आन्तरिकीकरण गरेको यो योजना खासगरी गरिबी निवारणको एक रणनीतिपत्र (Provery Reduction Strategy Paper-PRSP) को रूपमा रहेको थियो। यस योजनाले सरकार, स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजको संयुक्त सहभागितामा स्रोत साधनहरूको समुचित परिचालन गरी गरिबी घटाउने उद्देश्य लिएको थियो। यसमा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, लक्षित कार्यक्रम, सुशासन जस्ता रणनीतिहरू समावेश गरिएका थिए। कृषिको व्यवसायीकरण, महिला सशक्तीकरण, लैङ्गिक समानता, समावेशीकरण, डिजिटल तथ्याङ्कीय भू-सूचना प्रणाली, सामुदायिक वन जस्ता विषयहरू यस योजनाका उल्लेखनीय पक्ष रहेका थिए।

योजनाको उपलब्धि समीक्षा - नेपाल जीवनस्तर मापन सर्वेक्षण-२०६०।६१ अनुसार विगत ८ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट घटेर ३१ प्रतिशतमा रहेको अनुमान गरिएको थियो। योजना अवधिको आर्थिक वृद्धि दरको लक्ष्य ६.२ प्रतिशत रहेकोमा ३.४ प्रतिशतले मात्र आर्थिक वृद्धि भएको थियो। यस योजनामा कुल स्थिर पुँजी लगानी प्रक्षेपण रु. ६०९.८२ अर्ब रहेकोमा रु.५३२.१ अर्ब लगानी भएको देखिन्छ।

११. **एघारौं योजना (२०६४।६५-२०६६।६७) -** नेपालमा चलेको करिब एक दशक लामो सशस्त्र द्वन्द्वको समाप्ति र २०६२।६३ मा भएको दोस्रो जनआन्दोलनको सफलतापछिको राजनीतिक संक्रमणकालमा यो त्रिवर्षीय योजना तर्जुमा गरिएको थियो। समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक-सामाजिक रुपान्तरणको आधार तयार गर्ने प्रमुख लक्ष्यसहितको यो योजना शान्ति स्थापना, सामाजिक एकता र द्वन्द्वपछिको पूर्वाधार निर्माणमा केन्द्रित योजना हो।

यस योजनाका प्राथमिकताका क्षेत्रहरूमा द्वन्द्वकालमा क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनःनिर्माण र पुनर्स्थापना, सामाजिक एकीकरण, समावेशीकरण तथा मानव संसाधन विकासलगायत रहेका थिए। यस योजनाले भूमिगत सिँचाइ, वैकल्पिक ऊर्जाको क्षेत्रमा सौर्य ऊर्जाको विकास, नयाँ सडक निर्माण, विद्यालय भर्ना दर वृद्धि र मातृ मृत्युदर न्यूनीकरणको क्षेत्रमा समेत जोड दिएको थियो।

योजनाको उपलब्धि समीक्षा - एघारौँ त्रिवर्षीय योजना अवधिमा निरपेक्ष गरीबी ३१ प्रतिशतबाट २५.४ प्रतिशतमा झरेको अनुमान गरिएको पाइन्छ। योजना अवधिको औसत आर्थिक वृद्धिदरको लक्ष्य ५.५ प्रतिशत रहेकोमा ४.७ प्रतिशतको आर्थिक वृद्धि हासिल भएको देखिन्छ। सो अवधिमा कृषि क्षेत्रमा वार्षिक औसत वृद्धिदर ३.२ प्रतिशत र गैर कृषि क्षेत्रतर्फ वार्षिक औसत ५.१ प्रतिशतले वृद्धि भएको थियो।

१२. **बाह्रौं योजना (२०६७।६८-२०६९।७०)** - बाह्रौं योजनाले रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने उद्देश्य लिएको थियो।

यस योजनाले भौतिक तथा सामाजिक विकासको सन्तुलित विकास, रोजगारी सिर्जना, आर्थिक वृद्धि, समावेशीकरण, सुशासन र वातावरण संरक्षण लगायतलाई प्राथमिकतामा राखेको थियो।

योजनाको उपलब्धि समीक्षा - यस योजनाले समष्टिगत आर्थिक वृद्धिदर औसत ५.५ प्रतिशत प्रक्षेपण गरेकोमा औसत ३.९ प्रतिशत मात्र आर्थिक वृद्धि भएको देखिन्छ। यसै गरी गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २१ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा योजना अवधिको अन्तमा २३.८ प्रतिशतमा झरेको थियो। साथै यस योजना अवधिमा सहस्राब्दी विकास लक्ष्यमा सामाजिक सूचकतर्फको लक्ष्य प्राप्ति, शोधनान्तर बचत र राजस्व वृद्धि दरमा विशेष उपलब्धि हासिल भएको थियो।

१३. **तेह्रौं योजना (२०७०।७१-२०७२।७३)** - तेह्रौं त्रिवर्षीय योजनाले संवत् २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सोचसहित देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आम जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य लिएको थियो। यस योजनामा जल विद्युत तथा ऊर्जा विकास, कृषिको उत्पादकत्व वृद्धि एवं विविधीकरण र व्यवसायीकरण, सुशासन प्रवर्धन, प्राकृतिक स्रोत एवं वातावरण संरक्षण तथा पर्यटन र औद्योगिक विकास आदिलाई प्राथमिकताका क्षेत्रमा राखेको पाइन्छ।

योजनाको उपलब्धि समीक्षा - तेह्रौं योजना अवधिमा नयाँ संविधान जारी भई समावेशीकरण तथा समानुपातिक प्रतिनिधित्वको व्यवस्था अङ्गीकार गरियो। त्यस्तै टेलिफोन तथा मोबाइल फोनको घनत्व, सडक पूर्वाधार र वन जङ्गलले ढाकिएको क्षेत्रमा वृद्धि लगायतका महत्त्वपूर्ण उपलब्धि हासिल भयो। यद्यपि कुल गार्हस्थ उत्पादन ६ प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेकोमा ३.१ प्रतिशतले मात्र वृद्धि भयो। यस अन्तर्गत कृषि क्षेत्रको औसत वृद्धिदर औसत २.२ प्रतिशतले र गैर कृषि क्षेत्रको वृद्धि ३.४ प्रतिशत रहेको थियो।

१४. **चौधौं योजना (२०७३।७४-२०७५।७६)** - चौधौं योजना सङ्घीय स्वरूपको शासकीय व्यवस्थासहितको संविधान जारी भई त्यसमा अन्तर्निहित आर्थिक-सामाजिक सिद्धान्त कार्यान्वयन गर्ने

पहिलो योजना थियो। यस योजनाले "स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवं समृद्ध नेपाली" भन्ने सोचसहित सामाजिक न्यायसहितको लोक कल्याणकारी राज्य हुँदै मुलुकलाई मध्यम आय भएका मुलुकको स्तरमा पुऱ्याउने लक्ष्य लिएको थियो। यस योजनाले उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुतगतिमा गरिबी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक रूपान्तरण गर्ने उद्देश्य लिएको थियो।

उल्लिखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवं साना तथा मझौला व्यवसायको विस्तारमार्फत् उत्पादन वृद्धि, ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-शहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण, आर्थिक, सामाजिक एवं शासकीय सुधार, कुशल एवं जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवं मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै समग्र सुशासन प्रवर्धन गर्ने जस्ता रणनीतिहरू यस योजनामा अघि सारिएका थिए।

चौधौं योजनाको उपलब्धि समीक्षा - योजना अवधिमा वार्षिक औसत आर्थिक वृद्धि दरको लक्ष्य ७.२ प्रतिशत रहेकोमा ७.४ प्रतिशतको औसत आर्थिक वृद्धि हासिल भएको थियो। यसमध्ये कृषि क्षेत्रतर्फ ४.३ प्रतिशत र गैरकृषितर्फ ८ प्रतिशत वृद्धि भएको पाइन्छ। यस योजनाले दिगो विकास लक्ष्य (SDGs) लाई आन्तरिकीकरण गरी सो को कार्यान्वयनमा जोड दिएको थियो। मुलुकको विकास र समृद्धिको आधार निर्माण गर्ने, वित्त नीति र मौद्रिक नीतिबिच उचित तालमेल राख्दै न्यून मुद्रास्फीति कायम गर्ने, मानव विकास सूचकाङ्क तथा सामाजिक क्षेत्रतर्फ उच्च लक्ष्य हासिल जस्ता उपलब्धिका कारण तर्जुमा तथा कार्यान्वयन दुवै दृष्टिकोणबाट यो योजना प्रभावकारी रहेको मान्न सकिन्छ।

१५. **पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१)** - पन्ध्रौं योजनाले दीर्घकालीन सोच, २१०० निर्धारण गरी पहिलो ५ वर्ष (संवत् २०७९ सम्म) मा समृद्धिको आधार सिर्जना गर्दै अतिकम विकसित मुलुक (LDC) बाट विकासशील देश (DC) मा स्तरोन्नति हुने र संवत् २०८७ (सन् २०३०) सम्ममा दिगो विकास लक्ष्य (SDGs) हासिल गर्दै उच्च मध्यम आयस्तर (Middle Income) भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको थियो। यस योजनाले "समृद्ध नेपाल, सुखी नेपाली" : "समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" भन्ने दीर्घकालीन सोच लिएको थियो।

अघिल्लो योजनाले तयार गरेको उच्च आर्थिक वृद्धिको आधार, सङ्घ, प्रदेश र स्थानीय तहको पहिलो निर्वाचन पश्चात् सङ्घीयता कार्यान्वयनको सुरुवात, राजनीतिक स्थिरता, लामो समयदेखि कायम रहेको लोड-शेडिङ्गको अन्त्य तथा प्रायः भइरहने बन्द-हड्तालको अन्त्यको पृष्ठभूमिमा १५ औं योजना अवधिमा औसत ९.६ प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिइएको थियो। यद्यपि यस योजनाको पहिलो वर्षमा नै कोभिड-१९ महामारीले देशको आर्थिक-सामाजिक अवस्थामा गम्भीर असर पारेका कारण मुलुकको अर्थतन्त्र खुम्चिन पुग्यो। संक्रमण नियन्त्रणका लागि गरिएको बन्दाबन्दी (Lock Down) र सामाजिक दुरी कायम गर्नुपर्ने व्यवस्थाले अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन तथा रोजगारी एवं आपूर्ति श्रृंखला प्रभावित भई आर्थिक गतिविधि/क्रियाकलापहरूमा उल्लेख्य रूपमा ह्रास आयो; मुलुकको समग्र विकास प्रयास र

उपलब्धिमा अपूरणीय क्षति पुग्यो। जसले गर्दा आ.व. २०७६।७७ मा आर्थिक वृद्धि २.४ प्रतिशतले ऋणात्मक रहन पुग्यो।

कोभिड-१९ महामारीबाट कुल गार्हस्थ उत्पादनमा आ.व. २०७६।७७ मा रु.२ खर्ब ८९ अर्ब र २०७७।७८ मा रु.३ खर्ब ३३ अर्बको क्षति पुगेको, करिब ४ प्रतिशतले गरिबी बढेको र सोअनुसार थप १२ लाख जनसङ्ख्या गरिबीको रेखामुनि पर्न गएको अनुमान गरिएको थियो। यसै गरी पर्यटन क्षेत्र, वैदेशिक रोजगारी तथा अनौपचारिक क्षेत्र समेतमा संकुचन आयो। जसका कारण ती क्षेत्रको आय तथा रोजगारी खुम्चिन पुग्यो। महामारी अवधिभर नेपाल राष्ट्र बैङ्कले विद्युतीय भुक्तानीलाई प्रोत्साहन गरेका कारण सर्वसाधारणमा विद्युतीय भुक्तानीको बानी विकास हुन गयो भने यसबाट औपचारिक कारोबार वृद्धि हुन सहयोग पुग्यो।

कोभिड-१९ को सुरुवाती समयमा उपभोगमा कमी आउँदा बाह्य क्षेत्रमा केही सुधार आएकोमा बन्दाबन्दी खुकुलो हुनासाथ आर्थिक क्रियाकलापमा आएको तीव्रताले बाह्य क्षेत्रमा दबाब सिर्जना हुन गयो। उच्च आयात, न्यून निर्यात र न्यून विप्रेषण आप्रवाहका कारण चालु खाता घाटा उच्च रहन गई शोधनान्तर घाटासमेत उच्च हुन गयो। फलस्वरूप वैदेशिक मुद्रा सञ्चिति उच्च दरमा घट्न थाल्यो, जसले गर्दा सरकारले आयातमा विभिन्न परिमाणात्मक बन्देज एवं कसिलो मौद्रिक नीति समेत लागु गऱ्यो।

कोभिड-१९ महामारीका कारण १५ औँ योजनाले तय गरेका लगानीका कतिपय प्राथमिकताहरू परिवर्तन भए। महामारी रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य पूर्वाधार तथा उपकरणमा उल्लेख्य लगानी बढाउँदा स्वास्थ्य सेवा प्रवाहको क्षमता अभिवृद्धि हुन सक्यो। तर कोभिडकै कारण सडक, सिँचाइ, विद्युत उत्पादन तथा प्रसारण आयोजना जस्ता पूर्वाधार निर्माणका कार्यहरू अवरुद्ध हुन पुगे। साथै पर्यटन, शिक्षा आदि क्षेत्रका सेवाहरू प्रभावित बने जसले गर्दा यी क्षेत्रमा उल्लेख्य सङ्ख्यामा रोजगारी गुम्न पुग्यो। अर्कोतर्फ कोभिड-१९ ले सूचना तथा सञ्चार क्षेत्रमा एउटा महत्त्वपूर्ण अवसरसमेत सिर्जना गऱ्यो। इण्टरनेट सुविधामा विस्तार भई सरकारी, निजी सबै प्रकारका कारोबारमा पूर्ण वा आंशिक रूपमा विद्युतीय माध्यमको प्रयोग वृद्धि हुन पुग्यो। लकडाउनका कारण काठमाडौँ उपत्यका लगायतका प्रमुख शहरी क्षेत्रको प्रदूषणमा कमी आउनुका साथै यातायात क्षेत्रबाट हुने हरित ग्याँस उत्सर्जनमा कमी आयो। यसै गरी १५ औँ योजना अवधिमा नै रुस-युक्रेनबिचको द्वन्द्वका कारण अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीमा अवरोध आउँदा पेट्रोलियम लगायतका विभिन्न वस्तुको कमी तथा मूल्य वृद्धि जस्ता असर देखा परे। मुलुकको आन्तरिक राजनीतिक स्थिरता पनि अपेक्षा अनुसार कायम हुन सकेन। त्यस्तै, २०८० कार्तिकमा गएको भूकम्पले जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लामा जनधनको क्षति पुऱ्यायो।

समष्टिमा; १५ औँ योजनाले निर्धारण गरेका नीति/रणनीति तथा कार्यक्रमहरूको कार्यान्वयन अपेक्षित रूपमा अघि बढ्न सकेनन्। योजना अवधिमा ९.६ प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य रहेकोमा २.६ प्रतिशत मात्रको औसत आर्थिक वृद्धि हासिल भएको देखिन्छ। अर्थ मन्त्रालयबाट २०८१ ज्येष्ठमा प्रकाशित आर्थिक सर्वेक्षण अनुसार आ.व. २०८०।८१ को आर्थिक वृद्धिदर ३.८७ प्रतिशत र प्रतिव्यक्ति आय १४५६ अमेरिकी डलर रहेको छ। कुल गार्हस्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गए तापनि उत्पादनमूलक उद्योगको योगदान बढ्न सकेको छैन। १५ औँ योजनाको अन्तसम्ममा GDP मा कृषि क्षेत्र र औद्योगिक

क्षेत्रको योगदान क्रमशः २२.३ प्रतिशत र ६.५ प्रतिशत हुने अनुमान रहेकोमा उक्त उक्त योगदान क्रमशः २४.१ र ४.९ प्रतिशत रहेको देखिन्छ। त्यस्तै GDP मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २४.६, १२.५ र ६२.९ प्रतिशत रहेको देखिन्छ। यसै गरी GDP र कुल स्थिर पुँजी लगानीबिचको अनुपात ४१.६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०८०।८१ मा सो अनुपात २४.५ प्रतिशत मात्र रहेको छ।

सार्वजनिक वित्ततर्फ दृष्टिगत गर्दा आम्दानी तथा खर्चको प्रगति लक्ष्यभन्दा न्यून रहेको देखिन्छ। यस अवधिमा पुँजीगत खर्च अपेक्षाकृत बढ्न सकेको छैन। १५ औँ योजनाको अन्तसम्ममा GDP को अनुपातमा कुल सरकारी खर्च तथा राजस्व क्रमशः ४३.३ प्रतिशत र ३० प्रतिशत पुग्ने अनुमान रहेकोमा आ.व. २०७९।८० मा उक्त अनुपात २६.७ प्रतिशत र १७.९ प्रतिशत मात्र रहेको देखिन्छ।

योजनाको सुरु अवधिमा मुद्रास्फीति अपेक्षित रूपमा न्यून रहेकोमा आ.व. २०७९।८० मा औसत मुद्रास्फीति ७.७ प्रतिशत हुन पुग्यो। योजना अवधिमा व्यापार घाटा उच्च हुनुका साथै चालु खाता समेत उच्च दबाबमा रहन पुगेको देखिन्छ। वस्तु र सेवाको निर्यात र आयातको GDP सँगको अनुपात क्रमशः १५ प्रतिशत र ४९ प्रतिशत रहने लक्ष्य रहेकोमा यो अनुपात क्रमशः ७.० प्रतिशत र ३४.७ प्रतिशत कायम भएको देखिन्छ। मुलुकभित्र लगानीको माग पुरा गर्न वैदेशिक लगानीलाई एउटा आधारका रूपमा अगाडि बढाउन खोजिएको भए तापनि १५ औँ योजना अवधिमा सो अनुरूप वैदेशिक लगानी आउन सकेको देखिँदैन। GDP मा वैदेशिक लगानीको अनुपात ३ प्रतिशत हुने लक्ष्य रहेकोमा आ.व. २०७९।८० मा सो अनुपात ०.२ प्रतिशत मात्र रहेको देखिन्छ।

यसरी अर्थतन्त्रको कमजोर उत्पादन क्षमता, बढ्दो उपभोगको प्रवृत्ति, चालु खाता घाटा, वैदेशिक मुद्राको सञ्चितिमा कमी जस्ता कारणहरूले अर्थतन्त्रको बाह्य क्षेत्र व्यवस्थापनमा चुनौती थपिएकोमा योजनाको अन्तिम वर्ष अर्थात् २०८०।८१ मा आइपुग्दा जलविद्युत उत्पादन, पर्यटक आगमन, विप्रेषण आप्रवाह तथा विदेशी विनिमय सञ्चितिमा वृद्धि हुँदै गएको देखिन्छ।

पहिलोदेखि पन्ध्रौं योजनासम्मको आर्थिक वृद्धिको लक्ष्य तथा प्रगति स्थिति

योजनाबद्ध विकासको प्रारम्भदेखि हालसम्मका आवधिक योजनाले तय गरेका आर्थिक वृद्धिको लक्ष्य र प्रगति स्थिति देहायअनुसार रहेको छः-

योजना	साल (वि.सं.)	अवधि	कुल लगानी अनुमान (रु. अर्ब)	औसत आर्थिक वृद्धि (प्रतिशत)	
				लक्ष्य	प्रगति
प्रथम	२०१३-१८	पञ्चवर्षीय	०.३३	उल्लेख नभएको	उल्लेख नभएको
दोस्रो	२०१९-२२	त्रिवर्षीय	०.६०	उल्लेख नभएको	उल्लेख नभएको
तेस्रो	२०२२-२७	पञ्चवर्षीय	२.५०	उल्लेख नभएको	२.२
चौथो	२०२७-३२	पञ्चवर्षीय	३.४४	४.०	२.६
पाँचौं	२०३२-३७	पञ्चवर्षीय	९.२०-११.४०	उल्लेख नभएको	२.३
छैटौं	२०३७-४२	पञ्चवर्षीय	२१.७५	४.३	४.४

योजना	साल (वि.सं.)	अवधि	कुल लगानी अनुमान (रु. अर्ब)	औसत आर्थिक वृद्धि (प्रतिशत)	
				लक्ष्य	प्रगति
सातौं	२०४२-४७	पञ्चवर्षीय	२९.००	४.५	४.९
आठौं	२०४९-५४	पञ्चवर्षीय	१७०.३३	५.१	४.९
नवौं	२०५४-५९	पञ्चवर्षीय	३७२.७१	६.०	३.६
दशौं	२०५९-६४	पञ्चवर्षीय	६०९.८२	६.२	३.४
एघारौं	२०६४-६७	त्रिवर्षीय	५११.३८	५.५	४.७
बाह्रौं	२०६७-७०	त्रिवर्षीय	१०२३.७०	५.५	३.९
तेह्रौं	२०७०-७३	त्रिवर्षीय	१४७१.५६	६.०	३.१
चौधौं	२०७३-७६	त्रिवर्षीय	२४२४.९६	७.२	७.४
पन्ध्रौं	२०७६-८१	पञ्चवर्षीय	९२२९.२९	९.६	२.६

स्रोतः विभिन्न आवधिक योजनाका दस्तावेज, राष्ट्रिय योजना आयोग।

विकास प्रयासमा देखिएका मूलभूत समस्या तथा चुनौतीहरू

हालसम्मको योजनाबद्ध विकास प्रयासबाट प्राप्त उपलब्धिको अवस्थाको समीक्षा तथा विश्लेषणका आधारमा नेपालको विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरूलाई बुँदागत रूपमा देहायअनुसार प्रस्तुत गर्न सकिन्छः

- निरन्तरको न्यून आर्थिक वृद्धि, उत्पादनमूलक उद्योग क्षेत्रको सङ्कुचन र द्वितीय क्षेत्रको घट्दो योगदान, प्राथमिक र द्वितीय क्षेत्रको दरिलो आधार विनाको तृतीय क्षेत्रको विस्तार,
- न्यून उत्पादन तथा उत्पादकत्व, अधिक उत्पादन लागत, कमजोर प्रतिस्पर्धी क्षमता, लागतको तुलनामा न्यून प्रतिफलयुक्त कृषि उपज, कृषि प्रतिको बढ्दो विकर्षण, आधारभूत खाद्य पदार्थमा समेत परनिर्भरता,
- आन्तरिक उत्पादन र उद्योगधन्दामा भन्दा आयातित वस्तुको व्यापारमा आकर्षण, उपभोगमुखी आयात, न्यून निर्यात क्षमता र बढ्दो व्यापार घाटा,
- आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीसँगै युवा जनशक्ति पलायन, विप्रेषण आप्रवाहमाथिको अत्यधिक निर्भरता,
- लगानी, विकास र उपयोगबिचको बेमेल, उत्पादन प्रणालीसँग जोडिन नसकेको शिक्षा प्रणाली, कमजोर सार्वजनिक स्वास्थ्य सेवा प्रणाली,
- अव्यवस्थित शहरीकरण, शहरी पूर्वाधार तथा सेवा सुविधाको माग र आपूर्तिबिच फराकिलो खाडल,
- आवश्यकता र आपूर्तिबिचको अन्तर, भौतिक पूर्वाधारको न्यून गुणस्तर, दिगो पूर्वाधार विकासप्रतिको कमजोर प्रतिबद्धता,
- सामाजिक सुरक्षामा छरिएका कार्यक्रम, बढ्दो अनिवार्य वित्तीय दायित्व, कमजोर व्यवस्थापन, न्यून सुरक्षा अनुभूति, समावेशीकरणमा नीति, अभ्यास र नतिजाबिचको खाडल,
- मजबुत तहगत अन्तरसम्बन्धको स्थापना गर्दै सबल सङ्घीय शासन प्रणालीमार्फत समावेशी, समन्यायिक एवं सन्तुलित प्रादेशिक विकासको सुनिश्चितता हुन नसक्नु,

- सीमित व्यक्ति र उद्यमीबिच वित्तीय स्रोत साधनको परिचालन, परिचालित वित्तीय स्रोत साधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसक्नु,
- बजार प्रतिस्पर्धाको कमजोर अवस्था, सिण्डिकेट प्रणाली, उत्पादक र उपभोक्ताबिच बिचौलियाको अनपेक्षित उपस्थिति, अनौपचारिक कारोबारको ठुलो हिस्सा,
- कतिपय कारोबारमा बिल, बीजक जारी नहुने तथा उपभोक्तामा बिल, बीजक नलिने वा माग नगर्ने प्रवृत्ति, अधिकांश कारोबारमा न्यून बिजकीकरण, तस्करी,
- क्रिप्टोकरेन्सी तथा हाइपर फण्ड जस्ता अवैध क्षेत्रमा लगानी, हुण्डी कारोबार, पुँजी पलायन,
- बजारमा तरलता, मूल्य र आपूर्तिमा अस्वाभाविक उतार-चढाव प्रणाली, सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमताबिचको खाडल, राजस्व परिचालनको ठुलो हिस्सा आयातमा आधारित हुनु,
- अनिश्चयपूर्ण वित्त प्रणालीसँगै वित्तीय सङ्घीयता कार्यान्वयनमा चुनौती, न्यून पुँजीगत बजेट तथा कमजोर विनियोजन (खर्च) क्षमता,
- पूर्वाधारजन्य परियोजनाको निर्माणको लागत तथा समय वृद्धि, लागतको तुलनामा न्यून प्रतिफल, भारतीय मुद्रासँगको स्थिर विनिमय प्रणालीसँगै कमजोर स्वायत्त मौद्रिक नीति,
- मुद्रा स्फीतिमा अधिक बाह्य प्रभाव र कमजोर आन्तरिक नियन्त्रण क्षमता, सुशासन, सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्था प्रतिको नागरिकको कमजोर विश्वसनीयता,
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रति अधिक नागरिकको गुनासो, सार्वजनिक क्षेत्रमा भ्रष्टाचार व्याप्त हुनु, सामाजिक न्याय, लामो र झण्झटिलो न्यायिक निरूपण प्रणाली,
- राष्ट्रियता र राष्ट्रिय एकता मजबुत पार्ने चुनौती, विकासशील मुलुकमा स्तरोन्नतिबाट उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन,
- जलवायु परिवर्तनका असर न्यूनीकरण एवं उत्थानशील विकास र हरित अर्थतन्त्र अवलम्बन गर्ने चुनौती,
- दिगो विकासको लक्ष्य प्राप्तिको लागि स्रोतको व्यवस्थापन र प्रभावकारी कार्यान्वयनको चुनौती आदि।

उपसंहार

नेपालमा हालसम्म १५ वटा आवधिक योजनाहरू कार्यान्वयन भइसकेका छन्। यसै गरी २०८१।८२ देखि "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोचसहितको १६ औँ योजनाको कार्यान्वयन पनि प्रारम्भ भएको छ। योजनाबद्ध विकासको करिब ७ दशकको प्रयासबाट शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सामाजिक क्षेत्र र सडक यातायात, सञ्चार तथा सूचना प्रविधि र शहरी पूर्वाधारमा केही प्रगति हासिल भए तापनि उच्च आर्थिक वृद्धि मार्फत् समृद्धि हासिल गर्दै गरिबी निवारण गर्ने उद्देश्य हासिल गर्न आवधिक योजनाहरू सफल सकेका छैनन्। विगतमा राजनीतिक स्थायित्व र सुशासनको अभाव, नीतिगत अस्थिरता, सशस्त्र द्वन्द्व तथा आन्दोलनहरू, विनाशकारी भूकम्प, कोभिड-१९ लगायतका प्रतिकूल घटना तथा योजना तर्जुमा, छनौट एवं कार्यान्वयन प्रक्रियामा रहेका विभिन्न कमी, कमजोरीका कारण आवधिक योजनाहरूमा परिलक्षित सोच, लक्ष्य तथा उद्देश्यहरू अपेक्षाकृत रूपमा हासिल हुन सकेका छैनन्।

नेपालको विकास प्रयासमा मूलतः निरन्तरको न्यून आर्थिक वृद्धि, उत्पादनमूलक उद्योग क्षेत्रको सङ्कुचन, न्यून उत्पादन तथा उत्पादकत्व, अधिक उत्पादन लागतका कारण कमजोर प्रतिस्पर्धी क्षमता,

आधारभूत खाद्य पदार्थमा समेत आत्मनिर्भर हुन नसक्नु, आयातको तुलनामा अत्यन्त न्यून निर्यात क्षमताका कारण बढ्दो व्यापार घाटा, आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारी तथा गुणस्तरीय शिक्षाको खोजीमा युवा जनशक्ति पलायन, उत्पादन प्रणालीसँग जोडिन नसकेको शिक्षा प्रणाली, कमजोर सार्वजनिक स्वास्थ्य सेवा, अव्यवस्थित शहरीकरण, भौतिक पूर्वाधारको न्यून गुणस्तर, वितरणमुखी सामाजिक सुरक्षा कार्यक्रम, असीमित आन्तरिक तथा बाह्य ऋणभार, बढ्दो अनिवार्य दायित्व जस्ता सवाल तथा चुनौतीहरू रहेका छन्।

यसै गरी परिचालित वित्तीय स्रोत साधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसक्नु, बजार प्रतिस्पर्धाको कमजोर अवस्था, सिण्डिकेट प्रणाली, अनौपचारिक कारोबारको ठुलो हिस्सा, कारोबारमा बिजकीकरणको अभाव तथा न्यून बिजकीकरण, पुँजी पलायन, सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमताबिचको खाडल, राजस्वको ठुलो हिस्सा आयातमा आधारित हुनु, न्यून पुँजीगत बजेट तथा कमजोर कार्यान्वयन (खर्च) क्षमता, पूर्वाधारजन्य परियोजनाको निर्माणको लागत तथा समय वृद्धि, लागतको तुलनामा न्यून प्रतिफल, सार्वजनिक सेवा प्रवाहको न्यून गुणस्तर, भ्रष्टाचार नियन्त्रण हुन नसक्नु, लामो र झण्झटिलो न्यायिक निरूपण प्रणाली, सुशासनको अभाव, राष्ट्रियता र राष्ट्रिय एकता मजबुत पार्ने चुनौती, विकासशील मुलुकमा स्तरोन्नतिबाट उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन, दिगो विकासको लक्ष्य प्राप्तिको लागि स्रोतको व्यवस्थापन र कार्यान्वयनको प्रभावकारिता लगायतका समस्या तथा चुनौती पनि विद्यमान रहेका छन्।

२०६२।६३ को जनआन्दोलनबाट स्थापित ऐतिहासिक संविधानसभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै आर्थिक समृद्धिको लागि मार्ग प्रशस्त गरेको छ। साथै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही सुशासन, विकास र समृद्धि हासिल गर्ने राष्ट्रिय कार्यसूची समेत निर्धारण गरेको छ। तीन वटै तहको पहिलो र दोस्रो आवधिक निर्वाचन पश्चात् सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरू गठन भई सङ्घीयता कार्यान्वयनका लागि क्रियाशील छन्। जनताको बढ्दो अपेक्षाको सम्बोधन गर्दै मुलुकलाई समृद्धिको दिशा र गति दिन अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना तर्जुमा र प्राथमिकता निर्धारण गरी उपलब्ध स्रोत, साधनको उच्चतम परिचालन गर्दै सोको प्रभावकारी कार्यान्वयनमा यथाशक्ति लगाउनुपर्ने बेला आएको छ। संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वमा उल्लिखित प्रावधानहरूलाई कार्यान्वयन गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को राज्यको अभियानलाई साकार पार्न आज राजनीतिक प्रतिबद्धता, प्रशासनिक कटिबद्धता र नागरिक क्रियाशीलताको खाँचो छ।

<u>सन्दर्भ सामग्रीः</u>

- पन्ध्रौं र सोह्रौं योजना, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं।
- आर्थिक सर्वेक्षण २०८०।८१, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- राष्ट्रसेवक दर्पण २०७१, नेपाल निजामती कर्मचारी सङ्गठन, केन्द्रीय कार्य समिति, काठमाडौं।
- https://npc. gov.np
- https://en.wikipedia.org

लेखापरीक्षणमा सूचना प्रविधि



- रमेश सुबेदी

नेपालमा लेखापरीक्षण

आर्थिक कारोबारको लेखाङ्कन र व्यवस्थापकीय अभ्यास तथा सोसँग सम्बन्धित कागजात र समग्र कार्य प्रक्रियाको प्रचलित ऐन, कानुनबमोजिमको स्वतन्त्र जाँच, परीक्षण, विश्लेषण तथा मूल्याङ्कन नै लेखापरीक्षण हो। यसले जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्नुका साथै आर्थिक अनुशासन एवं सार्वजनिक स्रोतको उपयोगको सम्बन्धमा मूल्य सार्थकताको विश्लेषण गर्दछ।

आधुनिक लेखापरीक्षणको सुरुवात अठारौँ शताब्दीबाट भएको थियो। कौटिल्यको अर्थशास्त्रमा समेत लेखा र लेखापरीक्षण सम्बन्धमा उल्लेख गरिएको छ। औद्योगिक क्रान्तिपश्चात वृहत् परिमाणमा भएका उत्पादन तथा विकास सँगै प्राचिन रोम, इजिप्ट र ग्रिकमा आर्थिक कारोबारको लेखाङ्कन, तुलना, गणना, जाँच र सोको प्रतिवेदन जस्ता परीक्षणका विधिहरूको अभ्यास भएको पाइन्छ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषणलाई लेखापरीक्षण भनिन्छ र सो शब्दले सम्परीक्षण समेतलाई जनाउँछ भनी परिभाषित गरिएको छ।

श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको पालामा वि. स. १८२८ वैशाख ६ मा कुमारी चोक अड्डा (बही वा ढपोट बुझाउने अड्डा) को स्थापना भएको थियो। यसले राज्यको हिसाबकिताब केन्द्रीय रूपमा जाँच गर्ने सरकारी अड्डाको रूपमा कार्य गर्दथ्यो। राणाशासनकालमा जम्मा नजोड्नु कच्चा नछोड्नु भन्ने भनाई रहेको थियो जुन लेखा र लेखापरीक्षणसँग सम्बन्धित छ। नेपाल सरकार वैधानिक कानुन २००४ को संविधानअनुसार वि. स. २००४ मा प्रधान जाँचकी (सरकारी लेखा जाँच) को कार्यालयको स्थापना भएको थियो।

सार्वजनिक निकायहरूको अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्ने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम वि. सं. २०१६ आषाढ १५ मा नेपालका प्रथम महालेखापरीक्षकको नियुक्तिसँगै महालेखापरीक्षकको कार्यालयको स्थापना भएको हो। महालेखापरीक्षकको कार्यालयले वि.सं. २०१८ सालबाट कार्य सुरु गरी वि.सं. २०२० सालमा प्रतिवेदन पेस भएको थियो। वि. सं. २०३७ बाट कार्यमूलक लेखापरीक्षणको समेत सुरूवात भएको थियो। यस कार्यालयले लेखापरीक्षणको माध्यमबाट मुलुकको सार्वजनिक स्रोत, साधनको संरक्षण गर्ने साथै सरकारी आम्दानी र खर्चलगायत सरकारका कार्यहरूको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गर्ने गर्दछ।

---

* निर्देशक, महालेखापरीक्षकको कार्यालय

सार्वजनिक निकायको सेवा प्रवाह, आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन तथा असल अभ्यासको स्थापनामा महालेखापरीक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

वि.स. २०७२ सालमा जारी भएको नेपालको संविधानको भाग २२ मा महालेखापरीक्षक सम्बन्धी व्यवस्था छ। संविधानको धारा २०४० मा महालेखापरीक्षकको नियुक्ति, योग्यतालगायतका विषयमा व्यवस्था गरेको छ भने धारा २४१ अनुसार सबै संवैधानिक निकाय तथा सोको कार्यालय, अदालत, सुरक्षा निकाय लगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गर्ने, ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श र अपनाउनुपर्ने सिद्धान्तका सम्बन्धमा आवश्यक निर्देशन दिने, महालेखापरीक्षकलाई लेखापरीक्षणको सिलसिलामा लेखासँग सम्बन्धित कागजपत्रहरू जुनसुकै बखत हेर्न पाउने अधिकार हुने, तोकिएका कार्यालय बाहेक अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी सङ्घीय कानुनबमोजिम व्यवस्था गर्न सकिने, लेखापरीक्षण गरिने निकायको लेखा सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने लगायतका काम, कर्तव्य र अधिकार महालेखापरीक्षकलाई तोकिएको छ।

वर्तमान संविधानमा तीनै तहको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने प्रावधानअनुसार सङ्घीय कार्यालय र संस्थाको अतिरिक्त आर्थिक वर्ष २०७४।७५ बाट प्रदेश सरकार र स्थानीय तहको समेत लेखापरीक्षण सम्पन्न गरी भिन्ना भिन्नै प्रतिवेदन जारी गरिएको छ।

महालेखापरीक्षकबाट जारी हुने लेखापरीक्षण प्रतिवेदन/नतिजामार्फत सङ्घीय संसदले आफूद्वारा स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन र सरकारका समग्र क्रियाकलापहरू सम्बन्धमा संसदीय निगरानी गर्ने प्रचलन रहेको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध

सन् १९५३ मा स्थापित सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाई) जसमा १९५ देश सदस्य राष्ट्र रहेका छन्। यी देशहरूमा बोर्ड मोडल, कोर्ट मोडल तथा वेष्ट मिनिष्टर मोडेलमा सर्वोच्च लेखापरीक्षण संस्था सञ्चालनमा रहेका छन्। इन्टोसाईको ७ वटा क्षेत्रीय सङ्गठनमध्येको एक सङ्गठनको रूपमा Asian Association of Supreme Audit Institution हो। जुन सन् १९७९ मा स्थापित एसियाली सर्वोच्च लेखापरीक्षण सङ्गठनमा महालेखापरीक्षकको कार्यालय नेपाल संस्थापक सदस्य हो। हाल ४८ देशहरू यसका सदस्य राष्ट्रहरूको रूपमा रहेका छन।

महालेखापरीक्षकको कार्यालयले थाइलैण्ड, पाकिस्तान, काजाकस्तान, भारत लगायतको सर्वोच्च लेखापरीक्षण संस्थासँग क्षमता अभिबृद्धि लगायतमा द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरेको छ। महालेखापरीक्षकको कार्यालयले इन्टोसाईले जारी गरेको INTOSAI Framework of Professional Pronouncements (IFPP) अनुरूप हुने गरी Nepal Government Auditing Standard (NGAS) स्वीकृत गरी २०७७ देखि कार्यान्वयनमा ल्याएको छ। सन् २०१४ मा भारत र सन २०२१ मा थाइल्याडको सर्वोच्च लेखापरीक्षण संस्थाबाट यस कार्यालयको समकक्षी पुनरावलोकन (Peer Review) भएको छ। उक्त प्रतिवेदनको कुल २२ सूचकमध्ये ७ सूचकमा ४ अङ्कमा ४ अङ्क र बाँकी १५ सूचकमा ४ मा ३ अङ्क प्राप्त

भएको छ। समग्रमा अन्तर्राष्ट्रिय स्तरबाट महालेखापरीक्षकको कार्यसम्पादन स्तरमा राम्रो नतिजा प्राप्त भएको छ।

सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग

इन्टोसाईले ४ वटा रणनैतिक लक्ष्यहरू निर्धारण गरी कार्य सञ्चान गर्दै आएको छ। सङ्गठनले पेशागत विकास, क्षमता विकास, ज्ञानको आदान प्रदान एवं संस्थागत सुशासन कायम गर्दै अगाडि बढने रणनीतिक लक्ष्य लिएको छ। जसको लक्ष्य नं. ३ knowledge sharing and services for SAIs अन्तर्गत विभिन्न कार्य समूह तर्जुमा गरी सर्वोच्च लेखापरीक्षण संस्थाहरू (SAIs) बिच ज्ञान र सूचना आदान प्रदान एवं संस्थाहरू बिच सहकार्य गर्दैआएको छ।

उक्त लक्ष्य अन्तर्गत १२ वटा कार्य समूह रहेको छन्। सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोगका लागि तर्जुमा भएका कार्य समूहहरू (Working Group) निम्मानुसार रहेका छन :-

१. **Working Group on IT Audit, WGITA):** सार्वननिक क्षेत्रमा प्रयोगमा आएका सूचना प्रविधि प्रणालीहरूको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षणको विधि अनुभव आदानप्रदान गर्ने, सूचना प्रविधि सम्बन्धी जानकारी र सुविधाहरू एक आपसमा प्रदान गरी आफ्नो आवश्यकता अनुसार सूचना प्रविधिको प्रयोग गर्दै सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा स्थापित असल अभ्यास एवं ज्ञान र सीप विकास गर्ने सहयोग गर्ने लक्ष्यका साथ यस कार्य समूहले कार्य गरिरहेको छ। यसले द्विपक्षीय र क्षेत्रीय सहयोगलाई प्रोत्साहन गर्दछ।

उद्देश्यहरू

- ज्ञानको विकास र हस्तान्तरणलाई समर्थन र प्रवर्धन गर्ने,
- सदस्यहरूको योगदानको आधारमा सूचना प्रविधि लेखापरीक्षण निर्देशिका प्रकाशित गर्ने,
- सदस्यहरूबिच छलफल गरी मानदण्डको विकास गर्दै उक्त मानदण्ड गाइडलाइनहरूलाई सदस्यहरूबिच प्रचार प्रसार गर्दै कार्यान्वयनमा ल्याउने, द्विपक्षीय र क्षेत्रीय सहयोग र अनुभवहरूको आदानप्रदानलाई प्रोत्साहित गर्ने,
- स्थानीय र क्षेत्रीय प्रशिक्षण गतिविधिहरूलाई प्रवर्धन गर्ने,
- कुनै सदस्यको विशेष क्षमतालाई अन्य देशले समेत प्रयोग गर्ने वातावरण तयार गर्ने।

अध्यक्षता

यस कार्य समूहको अध्यक्षता भारतका नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालयले गरेको छ। भारतको नोइडामा रहेको International Centre for Information Systems and Audit (iCISA) तालिक केन्द्र मार्फत प्रत्येक वर्ष सूचना प्रविध लेखापरीक्षण सम्बन्धि अन्तर्राष्ट्रिय तालिमहरू प्रदान गरिँदै आएको छन्।

२. **The Working Group on Big Data -** यस कार्य समूहले आर्थिक कारोबारको Big Data लाई सर्वोच्च लेखापरीक्षण संस्थाले कसरी अध्ययन गर्ने भन्ने सम्बन्धमा मार्गनिर्देश गर्दछ। त्यसैगरी यस कार्य समूहको सार्वजनिक क्षेत्रमा प्रयोगमा ल्याइएका विद्युतीय अभिलेखको लेखापरीक्षण एवं विश्लेषण सम्बन्धमा सदस्यहले सामना गर्ने चुनौती र अवसरहरू पहिचान गर्ने; Big Data को लेखापरीक्षणको

क्षेत्रमा ज्ञान र अनुभवलाई प्रस्तुत गर्ने; र सान्दर्भिक द्विपक्षीय र बहुपक्षीय प्राविधिक सहयोगलाई सुदृढ पार्ने उद्देश्य रहेको छ।

यसको अध्यक्षता चीनको सर्वोच्च लेखापरीक्षण संस्था नेशनल अडिट अफिसले गरेको छ। उक्त समूहमा २९ देशका सर्बोच्च लेखापरीक्षण संस्थाहरू सदस्यको रूपमा रहेका छन। यस समूहको पर्यवेक्षकको रूपमा इस्टोनियाको सर्वोच्च लेखापरीक्षण संस्था रहेको छ।

३. **The Working Group of Science and Technology in Auditing (WGISTA) -** यस कार्य समूहले कृतिम बुद्धिमत्ता (AI), Blockchain Technology, साइबर सुरक्षा, डाटा एनालिटिक्स, 5G सेलुलर नेटवर्क टेक्नोलोजी, मेसिन लर्निङ र क्वान्टम कम्प्युटिङ जस्ता क्षेत्रहरूमा भएका प्रमुख विकासहरूले लेखापरीक्षणमा पार्ने प्रभाव र असरको अध्ययन गर्दछ। साथै सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सदस्य राष्ट्रहरूको क्षमता विकास गर्ने अनुभव आदान प्रदान गर्ने विषयहरूमा केन्द्रित भई कार्यसम्पादन गर्दछ।

उद्देश्यहरू

- सदस्य राष्ट्रहरू एवं प्रमुख बाह्य सरोकारवालाहरूसँग नजिकबाट काम गर्ने,
- विज्ञान र प्रविधिमा सरकारका लेखापरीक्षकहरूलाई असर गर्ने प्रमुख मुद्दाहरू पहिचान गर्न वातावरणीय स्क्यानिङ सञ्चालन गर्ने,
- सदस्य संस्थाहरूभित्र रहेका विशेषज्ञता पहिचान गरी आवश्यक क्षमता विकास गर्ने र ती विज्ञान र प्रविधिसम्बन्धी असल अभ्यासहरूको मूल्याङ्कन गरी सदस्यहरूबिच क्षमता विकास गर्न साझेदारी गर्ने,
- सर्वोच्च लेखापरीक्षण संस्था एवं अन्य सान्दर्भिक संस्थाहरू बिच सहयोग आदान प्रदान गर्ने
- इन्टोसाई र क्षेत्रीय संस्थाहरूले प्रयोग गर्न सकिने विशेषज्ञहरू वा सल्लाहकारहरूको साझा सूची वा डाटाबेस तयार गर्ने।

यस कार्य समूहको अध्यक्षता Accountability State Authority, Egypt ले गरेको छ भने उपाध्यक्षता General Accountability office, USA ले गरेको छ। १८ देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरू सदस्यको रूपमा रहेका छन। American Institute of Certified Public Accountants (AICPA), Brazil, EUROSAI IT Working Group (ITWG), Institute of Internal Auditors (IIA), INTOSAI Development Initiative (IDI) र Sweden पर्यवेक्षकको रूपमा रहेका छन्।

एसोसाईका सदस्यहरूको क्षमता विकास गर्नको लागि विभिन्न कार्य समूहहरू तर्जुमा गरेको छन्। जसमध्ये Working Group on IT Audit and Data Analytics एउटा महत्वपूर्ण कार्य समूह हो। यो समूहको मुख्य उद्देश्य लेखापरीक्षणमा डाटा एनालिटिक्स प्रविधिको प्रयोग गरेर लेखापरीक्षण प्रक्रिया सुधार गर्ने रहेको छ। यसले डाटा एनालिटिक्सको उपायहरूको विकास गरी त्यसलाई सर्वोच्च लेखापरीक्षण संस्थामा लागु गर्ने सम्बन्धमा असल अभ्यासहरूको खोजी, अध्ययन र साझेदारी गर्दछ। साथै उक्त तथ्याङ्कको प्रयोग गरी डिजिटलाइजेसन र कृत्रिम बुद्धिमत्ता (AI) प्रविधिहरूको लेखापरीक्षणमा प्रयोग सम्बन्धमा आवश्यक क्षमता विकास गरी सदस्य राष्ट्रहरूमा उक्त प्रविधि तथा विधि प्रयोगमा ल्याउन आवश्यक सहजीकरण गर्दछ।

INTOSAI University

खुला अनलाइन शैक्षिक क्षमता विकासको एउटा साझा प्लेटफर्मको रूपमा U-INTOSAI ले कार्य गरेको छ। जसको अध्यक्षता The Accounts Chamber of the Russian Federation ले गरेको छ। हाल यसमा विभिन्न २०० वटा online Course हरू सञ्चालनमा रहेका छन्। सदस्य राष्ट्रका कर्मचारीहरूले आफुलाई उपयुक्त विषयमा online Registration गरी अध्ययन गर्न सकिन्छ। सूचना प्रविधिसम्बन्धी विषयका पाठ्यक्रम समेत यसमा रहेका छन्।

INTOSAI Development Initiatives (IDI)

सर्वोच्च लेखापरीक्षण संस्थाका लागि आवश्यक क्षमता विकास गर्न इन्टोसाईको मुख्य अङ्गको रूपमा यो संस्था रहेको छ। यो एक गैर-नाफामुखी, स्वायत्त निकायको रूपमा रहेको छ। यसले आफ्नो रणनीति तर्जुमा गरी विभिन्न Initiatives मार्फत विकासशील देशहरूका सर्वोच्च लेखापरीक्षण संस्थाहरू लाई उनीहरूको कार्यसम्पादन र पेशागत क्षमता विकासलाई दिगो रूपमा बढाउन सहयोग प्रदान गर्दछ।

IDI द्वारा हाल सञ्चालित केही सूचना प्रविधि सम्बन्धि प्रयासहरू

- Leveraging on Technological Advancement – LOTA सदस्यहरूलाई नीतिगत र लेखापरीक्षणको तहमा (LOTA Strategy and LOTA Audit) अत्याधुनिक प्रविधिको आवश्यक ज्ञान र त्यसको कार्यान्यवनका उपकरणहरू एवं सीप क्षमताको विकास गराउने उद्देश्यबाट यसको तर्जुमा गरिएको हो। महालेखापरीक्षकको कार्यालय समेत यसमा सहभागी भई नीति निर्माण र लेखापरीक्षणमा यसको प्रयोग गर्न आवश्यक ज्ञान र सीपको आन्तरिकीकरण भएको छ।

- pICTure Initiatives यसले सदस्यहरूको सूचना प्रविधिको प्रयोग गर्न सदस्य राष्ट्रको ICT Governance को सवलीकरण गर्ने उद्देश्यबाट यो कार्यक्रम सञ्चालित छ। यसको पाइलटिङ अफ्रिका महादेशको ५ वटा सर्वोच्च लेखापरीक्षण संस्थाहरूबाट भएको थियो। सन् २०२४ मा एसोसाई क्षेत्रका ५ सर्वोच्च लेखापरीक्षण संस्थाहरूमा छनौट भई IDI को Learning Management System LMS मार्फत अनलाईन र २ वटा फेस टु फेस कार्यक्रम सञ्चालन गरी COBIT@2019 Framework मा आधारित SAI ITMA (Supreme Audit Institution, Information Technology Maturity Assessment) मार्फत सर्वोच्च लेखापरीक्षण संस्थाको विद्यमान अवस्थाको अध्ययन गरी सूचना प्रविधि व्यवस्थापन र सूचना प्रविधि लेखापरीक्षण सम्बन्धी रणनीति तर्जुमा गर्ने भइरहेको छ। महालेखापरीक्षकको कार्यालय पनि यस कार्यमा आवद्ध भई सूचना प्रविधि रणनीति तर्जुमा गर्ने कार्य रहेको छ।

महालेखापरीक्षकको कार्यालयमा सूचना प्रविधिको व्यवस्थापन र लेखापरीक्षण

- **नेपालको लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग -** महालेखापरीक्षकको कार्यालले विगतदेखि नै सूचना प्रविधि लेखापरीक्षण सञ्चालनमा ल्याइएको छ। प्रत्येक वर्ष कम्तीमा १ विषयको कार्यमूलक लेखापरीक्षण तर्फ सूचना प्रविधि लेखापरीक्षण हुने गरेको छ। लेखापरीक्षणका लागि नयाँ विषय छनौट गर्नुका साथै साविकमा गरिएका विषयको सुझाव कार्यान्वयन अवस्था अध्ययन गर्न र अनुगमन (Follow- Up) लेखापरीक्षण पनि गर्ने गरेको छ।

- **लेखापरीक्षण कार्यान्वयनतर्फ -** लेखापरीक्षणका सबै चरणहरू समेटिने गरी विद्युतीय प्रणालीमा आधारित Nepal Audit Management System आर्थिक वर्ष २०७७।०७८ देखि यस प्रणाली मार्फत लेखापरीक्षण गरिएको छ। यसको एकीकृत डाटा व्यवस्थापन राष्ट्रिय सूचना प्रविधि केन्द्र सिंहदरबार रहेको डाटा सेन्टरमा सुरक्षित गरिएको छ। हाल Disaster Recovery Center को व्यवस्थापन गरी Real time Data backup हुने गरी कार्य भईरहेको छ।
- **क्षमता विकासमा सूचना प्रविधि -** IDI को सहकार्यमा महालेखापरीक्षकको कार्यालयले सूचना प्रविधिको प्रयोग गरी क्षमता विकासको तालिमको कक्षा सञ्चालन गर्न सकिने Moddle Based Learning Management System स्थापना गरी पाठ्यक्रम निर्माण र LMS Administration सम्बन्धी तालिम सञ्चालन भई सकेको छ। कुनै विषयको तालिम सम्बन्धी Course Design गरी कार्यान्वयन ल्याउने गरी कार्यक्रम तर्जुमा गरिएको छ।

निष्कर्ष

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक लेखापरीक्षणसँग सम्बद्ध विभिन्न संस्था तथा कार्य समूहसँग आवद्ध भई व्यक्तिगत, प्रणालीगत र संस्थागत क्षमता विकासका कार्यहरू गरिरहेको छ। भइरहेका छ। त्यसैगरी सर्वोच्च लेखापरीक्षण संस्थाबिच समन्वय र सहकार्य गर्दै लेखापरीक्षणका अन्तर्राष्ट्रिय असल अभ्यास आत्मसाथ गरिएको छ। सोको अतिरिक्त सूचना प्रविधि क्षेत्रमा आइरहेका उच्चतम प्रविधिको उपयोगमार्फत लेखापरीक्षणको गुणस्तर अभिबृद्धि गर्नुपर्दछ र सोका लागि आउने दिनमा लेखापरीक्षणमा आबद्ध कर्मचारीहरूलाई सूचना प्रविधि लेखापरीक्षण एवं वित्तीय तथा कार्यमूलक लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग बढाउन कर्मचारीहरूलाई CISA, COBIT certification गराउने तथा सूचना प्रविधिमार्फत तथ्याङ्कको विश्लेषण गर्ने, R, Python, Power BI जस्ता Application को प्रयोग गर्ने कार्यका लागि सम्बन्धित संस्थाहरूसँग सहकार्य गरी क्षमता विकासका कार्यक्रममा बढोत्तरी गर्नुपर्दछ।

सन्दर्भ सामग्री

- नेपालको संविधान
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
- www.intosai.org
- www.asosai.org
- https://u-intosai.org/
- https://idi.no
- https://cag.gov.in/icisa/en

अर्थतन्त्रका चुनौती र समाधानका उपाय



*- कृष्णमणि पराजुली**

सारांश

कुनै पनि देशको समुन्नत विकासको लागि त्यस देशको अर्थतन्त्रले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ। अर्थतन्त्रको सुदृढीकरणबाट अन्य क्षेत्रहरू स्वतः विकसित हुने गर्दछन्। शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, औद्योगिक विकास, उद्योगधन्दा, कलकारखाना जस्ता क्षेत्रहरूको विकास देशको अर्थतन्त्रमा आधारित हुन्छ। तर, अहिले अर्थतन्त्रका धेरैजसो सूचङ्काकहरू सकारात्मक रहेका छैनन्।

बर्तमान अबस्थामा सबै जसो आर्थिक क्षेत्रहरू कमजोर हुँदै गएका छन्। २०७२ सालको भूकम्प ,कोभिड–१९ तथा रुस–युक्रेन युद्धले गर्दा नेपालको अर्थतन्त्रमा असर पारिरहेको छ। किनभने हाम्रो अर्थतन्त्र आत्मनिर्भर हुन सकेको छैन। अन्तर्राष्ट्रिय जगतमा कुनै परिवर्तन वा घटना आउनासाथ त्यसको सोझो प्रभाव हाम्रो अर्थतन्त्रमा परेकै हुन्छ। यसप्रकारको प्रभाव पर्न नदिनको लागि स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्नुपर्दछ र यसका लागि स्थानीय सरकारहरूको भूमिका अग्रणी हुन्छ।

हाम्रो अर्थतन्त्रमा यस्तो अनौठो अवस्था देखिएको छ कि वित्तीय साधन स्रोत हुँदाहुँदै पनि बजेट खर्च हुन सकिरहेको छैन। आर्थिक वर्षको ३ महिना व्यतीत भइसक्दा पनि पुँजीगत खर्च निराशाजनक देखिन्छ। चालु आर्थिक वर्षको लागि ३ खर्ब ५२ अर्ब पुँजीगत बजेट विनियोजन भएकोमा ३ महिनामा ८ प्रतिशतको हाराहारीमा मात्र खर्च भएको छ। अहिलेको समस्या भनेको बित्तीय साधनको उपलब्धता भन्दा पनि खर्च गर्न सक्ने क्षमताको अभाव देखिएको छ।

नेपालको अर्थ व्यवस्थामा सधैं आइरहने समस्या भनेको चालुगत खर्च बढ्दै जानु र पुँजीगत खर्च कम हुनु हो। यस प्रकारको खर्चले राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउन सक्दैन। चालुगत खर्चले उत्पादकत्व सिर्जना गर्नुभन्दा सरकारको दायित्व वृद्धि गराउने कार्य गरेको हुन्छ। हाम्रो राष्ट्रिय बजेट यसैतर्फ उन्मुख भएको देखिन्छ।अहिलेको आवश्यकता भनेको चालुगत खर्चलाई निश्चित सीमाभित्र सीमित गरेर मूद्रास्फीतिलाई नियन्त्रण गर्ने र पुँजीगत खर्चमा वृद्धि गर्नु नै हो। देशको अर्थतन्त्रलाई मजबुत बनाउन निर्यातलाई प्रोत्साहन गर्दै आयातलाई नियन्त्रण गर्नु पनि उत्तिकै आबश्यक छ। यसो गर्न सकियो भने निश्चयनै शोधनान्तर स्थिति अनुकूल हुनेछ।

शब्दकुञ्जीः आयात, निर्यात, पुँजीगत खर्च, चालुगत खर्च, विप्रेषण, राजस्व, आन्तरिक उत्पादन।

पृष्ठभूमि

कुनै पनि देशको अर्थतन्त्र भन्नाले त्यस देशको राजस्व, अनुदान, आन्तरिक तथा बाह्य ऋण, विदेशी मुद्रा सञ्चिति, बजेट घाटा, चालुगत तथा पुँजीगत खर्च, आयात, निर्यात, विप्रेषणको अवस्था, शोधनान्तर, व्यापार

* पूर्व उप-सचिव, नेपाल सरकार

घाटा, कुल गार्हस्थ उत्पादन जस्ता अवयव हुन् भन्ने बुझ्नुपर्दछ। यी विषयहरूको अध्ययनबाट देशको समग्र आर्थिक पक्ष कस्तो रहेछ भन्ने कुरा जान्न सकिने हुन्छ।

अहिले माथि उल्लेख गरिएका क्षेत्रहरू निकै कमजोर भएको हुनाले देशको अर्थतन्त्र शिथिल अवस्थामा रहेको देखिन्छ। गत विगत आर्थिक वर्षदेखि नै लक्ष्यअनुसार राजस्व उठ्न सकेको छैन। अनुदान, ऋण र विप्रेषणले देशको अर्थतन्त्र धानिएको छ। अनुदान दातृ निकायहरूले त्यसै दिने भए पनि यसको सम्भावना न्यून हुँदै गएको छ। आन्तरिक अर्थतन्त्र शिथिल हुँदै गएको कारणले गर्दा आन्तरिक ऋण प्राप्त गर्न पनि कठिन छ। आन्तरिक ऋणको चर्को ब्याज भए पनि देशभित्रको पैसा देशमा नै चलायमान हुने हुनाले आर्थिक गतिविधि बढ्ने सम्भावना हुन्छन्। बाह्य ऋण लामो अवधि र न्यून ब्याजदर भएको कारणले गर्दा तत्काल राम्रो देखिए पनि भविष्यको लागि भने दायित्व सिर्जना गर्ने हुन्छन्। अर्को कुरा ऋण सम्बन्धि जति नै बाह्य सम्झौता हुन्छन् ती सबै अमेरिकी डलरमा हुने र डलरको मूल्य अकासिएको कारणले गर्दा राज्यले ठुलो मात्रामा सावाँ ब्याज भुक्तानी गर्नुपर्दछ। यस कारणले गर्दा बाह्य ऋणभन्दा आन्तरिक ऋणमा जोड दिनु उपयुक्त हुन्छ। तर, देशको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा बाह्य ऋणमा जोड दिनु परेको अहिलेको अवस्था हो।

आन्तरिक ऋणको कमीको कारणले गर्दा नेपाल जस्तो अल्पविकसित मुलुकको लागि बाह्य ऋण आवश्यक पर्दछ। विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता निकायहरूले नेपाललाई सहुलिय ब्याजदरमा ऋण उपलब्ध गराई आएका छन्। ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्मको दर भएको र ३० वर्षसम्मको अवधि हुनाले ऋणबाट लाभ लिन सकिने हुन्छ। यसरी लिएको ऋण उत्पादनशील क्षेत्रमा लगाउनुपर्दछ ता कि अतिरिक्त लाभ लिन सकियोस्। अहिले ऋणबाट नेपाल सुरक्षित नै देखिन्छ किनभने कुल गार्हस्थ उत्पादनको ४४.१ प्रतिशत मात्र छ। अन्तर्राष्ट्रिय मान्यताअनुसार पनि ५० प्रतिशतसम्म हुनुलाई खराब मानिएको छैन। भारत, चीन जस्ता देशहरूले त कुल गार्हस्थ उत्पादनको ८३.८४ प्रतिशत ऋणसम्म लिएका छन् भने जापानले त २५० प्रतिशतसम्म ऋण लिएको देखिन्छ।

आन्तरिक अर्थतन्त्र कमजोर भएको कारणले गर्दा हाम्रो अर्थतन्त्र परनिर्भर भएको छ। अन्तर्राष्ट्रिय बजारमा कुनै परिवर्तन आउनासाथ त्यसको असर नेपालमा परी नै हाल्छ। त्यसमा पनि छिमेकी देश भारतमा आएको परिवर्तनले झनै असर पारेको हुन्छ। भारतबाट आयातीत सामानले अधिकांश आवश्यकता परिपूर्ति पनि भएको अवस्था छ। यसरी आयात बढ्दो क्रममा भएकोले आन्तरिक अर्थतन्त्रमा सुधार गर्नुपर्दछ।

आन्तरिक उत्पादनबाट सरकारले प्राप्त गर्ने राजस्वमा वृद्धि हुनजान्छ र विकास निर्माण कार्यमा राजस्वले ठुलो योगदान पुऱ्याएको हुन्छ। साथै स्वदेशी उत्पादनले आयातलाई विस्थापित पनि गर्न सक्दछ। स्थायी, दिगो र भरपर्दो राजस्व प्राप्तिले अर्थतन्त्रलाई प्रभावकारी बनाउन सक्दछ। त्यसकारण नेपाल जस्ता सीमित साधन स्रोत भएका देशहरूले आन्तरिक उत्पादनमा जोड दिनुपर्दछ।

विषयवस्तु

सन २००८ को आर्थिक मन्दी, रुस-युक्रेन र मध्यपूर्वमा भएको युद्धका कारणले गर्दा विश्व अर्थतन्त्रलाई नै प्रभाव पार्यो। यसको प्रत्यक्ष तथा अप्रत्यक्ष असर नेपालको अर्थतन्त्रमा पर्नुका साथै सन्

२०१५ मा आएको भूकम्प र सन् २०१९ को कोभिडले अर्थतन्त्रलाई थप धक्का दियो। हाल नेपालको अर्थतन्त्रको बाह्य क्षेत्र क्षेत्रमा सुधार देखिए पनि आन्तरिक क्षेत्र दबाबमा रहेको अवस्था छ।

आन्तरिक उत्पादन शिथिल भएको कारणले गर्दा हाम्रो अर्थतन्त्र आयातमुखी नै रहेको छ। आयातमुखी भएको हुँदा राज्यको अधिकांश राजस्व आयातमा नै भुक्तानी गर्नुपर्ने भएकोले विकास निर्माण कार्यको लागि वित्तीय साधन स्रोतको दबाब पर्ने गरेको छ। तथापि नेपालको अर्थतन्त्रको बाह्य क्षेत्र सकारात्मक हुँदै गएको छ। करिव ५७ खर्बको आर्थिक संरचना भएको अर्थतन्त्रमा २२ खर्बको हाराहारीमा विदेशी मुद्रा सञ्चिति छ। यसले करिब १८ महिनाको आयात धान्न पुग्ने देखिन्छ। यति ठुलो सञ्चिति हामीले निर्यात बढाएर विदेशी मुद्रा सञ्चिति बढाएको होइन। यसको अधिकांश रकम वैदेशिक रोजगारीमा गएकाहरूले विप्रेषणको माध्यमबाट स्वदेशमा पठाएको पैसा हो। यसरी आएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी प्रवाह गर्न सकिएको छैन र करिब ६८ प्रतिशतभन्दा बढी रकम उपभोगमा नै खर्च भएको तथ्याङ्कले देखाउँछ। बाह्य क्षेत्रमा आएको सुधारको कारणले गर्दा अहिलेसम्मको अवस्थामा शोधनान्तर र चालुखाता वचतमा रहेको छ। अर्थतन्त्रको बाह्य सूचक सन्तुलनमा रहेको देखिए पनि यसले सधैं निरन्तरता पाउन सक्छ भन्न सकिदैन। किनभने रोजगारदाता देशहरूले उनीहरूको अर्थनीतिमा कुनै परिवर्तन गरेमा वा अन्तर्राष्ट्रिय क्षेत्रमा कुनै धक्का आएमा निश्चय नै विप्रेषणबाट रकम आउन सक्दैन। त्यसकारण आत्मनिर्भर अर्थतन्त्रको लागि स्वदेशी उत्पादनमा नै जोड दिनुपर्दछ। विप्रेषणबाट प्राप्त हुने रकम तदर्थ किसिमको हुन्छ। दिगो र भरपर्दो हुँदैन। त्यसकारण हामीले के बुझ्नुपर्दछ भने विप्रेषणलाई भन्दा आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउनुपर्दछ।

अहिलेको मुख्य समस्या भनेको आन्तरिक अर्थतन्त्रमा सुधार आउन नसक्नु हो। खास गरेर बजारमा माग सिर्जना हुन सकेको छैन। माग सिर्जना गर्नको लागि रोजगारीमा वृद्धि गर्नुपर्दछ। रोजगारीबाट आम्दानी बढ्ने हुन्छ। आम्दानी वृद्धिबाट बचत हुन जान्छ। बचत भएपछि लगानी हुन सक्दछ। लगानी वृद्धिबाट पुनः रोजगारी हुन सक्दछ। यसरी विभिन्न अवयवहरूको चक्रबाट आन्तरिक अर्थतन्त्र प्रभावकारी हुन सक्दछ।

वर्तमान अवस्थामा बैङ्क तथा वित्तीय संस्थाहरूमा तरलता थुप्रिएको हुनाले कर्जामा ब्याजदर घट्दो क्रममा छ। उद्योगी तथा व्यवसायीहरूलाई लगानीयोग्य तरलता उपलब्ध छ। यति हुँदाहुँदै पनि कर्जा प्रवाहमा वृद्धि हुन सकेको छैन। लगानीयोग्य वातावरणका कमीका कारण कर्जा प्रवाह हुन नसक्नु, बजारमा माग सिर्जना नहुनु, उद्योगहरू पूर्ण क्षमतामा सञ्चालनमा आउन नसक्नु, नयाँ उद्योगी व्यवसायीहरू बजारमा प्रवेश नगर्नु तथा पुँजीगत खर्चमा उल्लेखनीय ह्रास जस्ता कारणले अहिले अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन। खर्च गर्न सक्ने क्षमतामा वृद्धि गरी पुँजीगत खर्चलाई गति दिनुका साथै वर्तमान तरलतालाई उत्पादनशील क्षेत्रमा विस्तार गर्नु जरुरी रहेको छ।

जनताको हातहातमा पैसा नगइकन बजारमा माग बढ्दैन। सहज र सस्तो दरमा कर्जा उपलब्ध भए पनि बजारमा वस्तुको माग सिर्जना नभएको हुँदा नयाँ उद्योगहरू स्थापना हुन सकेका छैनन् भने भएका उद्योगहरू पनि पूर्ण क्षमतामा सञ्चालनमा आएका छैनन्। करिब ४० प्रतिशतको हाराहारीमा सञ्चालन भएकोले सञ्चालन खर्च पनि उठाउन नसकिएको उद्योगी व्यवसायीहरूको भनाई रहेको छ।

सुदृढ अर्थतन्त्रको लागि रोजगारीमा वृद्धि ल्याउनु आवश्यक छ भने बजारमा माग सिर्जना नगरी उत्पादनमा सुधार आउन सक्दैन। त्यस्तै गरी सडक, सिँचाइ, पर्यटन जस्ता आर्थिक क्षेत्रको विकासबाट नै

अर्थतन्त्र बलियो हुने हो। विकासको लागि सीपमूलक तथा प्राविधिक शिक्षाको महत्त्वपूर्ण भूमिका हुने भएकोले यसतर्फ जोड दिनुपर्दछ।

प्रत्येक वर्ष सरकारले ल्याउने वित्तीय नीतिले अर्थतन्त्रको सुधारमा ठुलो भूमिका रहेको हुन्छ। राजस्वको दायरा र दर, चालु तथा पुँजिगत बजेट संरचनाको अनुपात, आन्तरिक तथा बाह्य ऋण, अनुदान, बजेट बचत तथा घाटा, वाणिज्य तथा औद्योगिक जस्ता नीतिमा सुधार ल्याउनु जरुरी देखिन्छ। अर्कोतर्फ वित्तीय नीतिलाई सहयोग गर्ने काम मौद्रिक नीतिले गर्नुपर्दछ। आर्थिक वर्ष २०८१।८२ को बजेटमा राखिएको ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न मौद्रिक नीतिको सहयोगको आवश्यकता पर्ने नै हुन्छ। मौद्रिक नीतिअन्तर्गत बैङ्क ब्याजदर, मुद्रा प्रदाय, मुद्रा सङ्कुचन, विनिमय दर निर्धारण आदिको माध्यमबाट अर्थतन्त्रको विकासमा सहयोग पुऱ्याएको हुन्छ।

केही वर्षदेखि राज्यको कुल ऋण ह्वात्तै बढेको छ र अहिले २५ खर्बभन्दा बढी पुगेको छ। यसरी ऋण बढ्नुमा विकास निर्माणको लागि भए पनि मूलतः २०७२ को भूकम्प र कोभिड-१९ मा नै खर्च हुन गएको हो। चालु आर्थिक वर्षमा राजस्व लक्ष्यअनुरूप प्राप्त हुने देखिँदैन। अहिलेसम्म करिब तीन महिनाको अवधिमा कर र गैरकर लक्ष्यको १७ प्रतिशत मात्र असुली भएको अवस्था छ। अहिलेकै जस्तो अवस्था हुने हो भने लक्ष्य हाँसिल हुन सम्भव छैन। आन्तरिक र बाह्य ऋणमा दबाब पर्नु स्वाभाविक देखिन्छ। त्यसकारण बाह्य ऋणबाट २१७ अर्ब र आन्तरिक ऋणबाट ३३० अर्ब प्राप्त हुने अनुमान भएको देखिन्छ। परिणामस्वरूप ऋणको सावाँ ब्याज भुक्तानीमा ३६७ अर्ब विनियोजन गर्नु सरकारको बाध्यता हो। विडम्बना के छ भने पुँजीगत बजेट ३५२ अर्ब विनियोजन गरिएको छ भने वित्तीय व्यवस्थापनमा ३६७ अर्ब विनियोजन गरिएको छ। राजस्व न्यून भएको हुनाले ऋणको सावाँ ब्याज भुक्तानी गर्न पनि अर्को ऋण लिनुपर्ने अवस्था पनि आउन सक्ने हुन्छ। चालु आर्थिक वर्षको बजेट १८६० अर्बमा २९.४३ प्रतिशत त न्यून बजेट देखिन आउँछ। वित्तीय साधन स्रोत जुटाउन नसकिएको अवस्थामा घाटाको बजेटलाई राम्रो मानिन्छ। मुख्य विषय भनेको यसको प्रयोग उत्पादनशील क्षेत्रमा परिचालन गर्न सक्नुपर्दछ।

शासकीय र प्रशासकीय संरचना बढ्दै गएको कारणले गर्दा चालुगत खर्च पनि वृद्धि हुँदै गएको छ। पुँजीगत खर्चलाई चालुगत खर्चले उछिनेको छ। चालु आर्थिक वर्षमा पुँजीगततर्फ ३५२ अर्ब छुट्याइएको छ भने चालुतर्फ ११४० अर्ब छुट्टयाइएको छ। राजस्वले चालुगत खर्च धान्न नसक्ने अवस्था हुनु, चालुगत खर्चमा कार्यक्रम खर्चभन्दा वितरणमुखी खर्चमा वृद्धि हुनु, उत्पादकत्व वृद्धि नहुने योजनामा ठुलो मात्रामा ऋण रकम परिचालन हुन गइहरेक वर्ष ऋणको सावाँ ब्याज भुक्तानीको भार बढ्न जानु र सरकारी खर्च मितव्ययी हुन नसक्नु राष्ट्रिय अर्थतन्त्रको लागि चिन्ताको विषय हो।

अर्थतन्त्र चलायमान बनाउनको लागि पुँजीगत खर्च बढाउनै पर्दछ। आर्थिक वर्षको ३ महिनाको पुँजीगत खर्च अध्ययन गर्दा ज्यादै निराशाजनक देखिन्छ। यसले के सङ्केत गर्दछ भने बाँकी अवधिमा पनि खर्च हुनसक्ने सम्भावना ज्यादै कम छ। गत विगतमा कतिपय आयोजनाहरू समयमा सम्पन्न हुन नसकेको कारणले गर्दा लागत बढ्न गएको छ। आयोजनाहरूको समय र लागत बढ्न जाँदा अपेक्षित उपलब्धि हासिल हुन नसकिरहेको अवस्था छ। यो आर्थिक वर्षमा पनि त्यही पुनरावृत्ति हुने सम्भावना देखिन्छ नै।

लामो समयदेखि शेयरबजार र घरजग्गामा सर्वसाधारणको ठुलो रकम लगानी भएको छ। ३२ सयसम्म पुगेको नेप्से अहिले २५ सयको हाराहारीमा झरेको छ। शेयरबजारमा सुधार ल्याउन नियामक निकायहरू सक्रिय हुनुपर्दछ। घर जग्गा व्यावसायमा सुधार नआएको हुँदा यस क्षेत्रमा पनि ठुलो रकम

निश्कृय भएको अवस्था छ। यसको लागि कम्पनी दर्ता गरेर मात्र कारोबार गर्न पाउने व्यवस्था गरिने कुरा अर्थमन्त्रीले सार्वजनिक गर्नु भएकोले सुधारको अपेक्षा गर्न सकिन्छ।

बैङ्क तथा वित्तीय संस्थाहरूमा तरलता थुप्रिन पुगेको छ र बजारमा माग सिर्जना नभएकोले उद्योगी व्यवसायीहरू कर्जा लिन उत्साहित छैनन्। अर्को कुरा भारतसँग खुल्ला सीमाना भएकोले चोरी निकासी बढ्दै गएको छ। वैधानिक मार्गबाट वस्तु आयात निर्यात नहुँदा राज्यले राजस्व गुमाएको छ। विप्रेषणको सबै रकम बैंकिङ्ग प्रणालीमार्फत स्वदेश आउन सकेको छैन। यस प्रकारले अनौपचारिक क्षेत्र बढ्दै गएको हुनाले सुधार गर्नुपर्ने देखिन्छ।

अहिले अर्थतन्त्रमा देखिएका चुनौती प्रष्ट छन् र समाधानका उपाय पनि प्रस्ट छन्। केवल खाँचो छ कार्यान्वयनको। लामो समयदेखि जकडिएको अर्थतन्त्रलाई चलायमान गरेर ल्याउन निश्चय नै केही समय लाग्ने नै हुन्छ। यसै सन्दर्भमा केही सुझाव प्रस्तुत गरिएको छः

हाम्रो अर्थतन्त्र लामो समय देखि घाटाको बजेटबाट चल्दै आएको छ। यसको अर्थ आम्दानीभन्दा खर्च बढी हुनु हो। यदि उत्पादनशील क्षेत्रमा लगानी गरेर अतिरिक्त आय गरिन्छ भने घाटाको बजेटलाई राम्रो मानिएको हुन्छ। तर, अनुत्पादक क्षेत्रमा लगानी गरिँदा यसले अर्थतन्त्रमा नकारात्मक असर पारेको देखिन्छ।

अहिले आम्दानीको अवस्था त्यति राम्रो देखिँदैन। जसले गर्दा बजेट घाटाको अवस्था सिर्जना भएको हो। नेपाल जस्तो अल्पविकसित मुलुकको लागि घाटाको बजेट उपयुक्त हुने भएकोले तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरले ल्याउनु भएको घाटाको बजेटदेखि नै यसले निरन्तरता पाई आएको देखिन्छ। घाटाको बजेटबाट फाइदा लिन सकिने हुन्छ। मुख्य कुरो भनेको घाटाको बजेटलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्दछ।

राजस्व कम भएको कारणले गर्दा विकासको लागि राजस्वको योगदान छैन भने खर्च चलाउन पनि ऋण लिनुपर्ने अवस्था देखिएको छ। त्यसकारण आन्तरिक उत्पादनलाई जोड दिएर निर्यात बढाएर निजी क्षेत्रबाट कर असुलीको माध्यमबाट आम्दानी बढाउनुपर्दछ। आन्तरिक उत्पादन नबढाई अर्थतन्त्रमा सुधार ल्याउन सकिँदैन।

बजेट तर्जुमा गर्दा अनावश्यक कार्यक्रममा बजेट राखिने परम्पराको अन्त्य हुन सकेको छैन। सीमित स्रोत साधनको उपयुक्त र अधिकतम परिचालन हुन नसकेको कारणले गर्दा बजेट तर्जुमा यथार्थपरक हुन नसकेको अहिलेको अवस्था हो। यसमा सुधार गर्न सकियो भने अर्थतन्त्रमा सुधार आउने हुन्छ।

अहिले देशको अर्थतन्त्र शिथिल अवस्थामा गुज्रिएको छ। यसलाई चलायमान बनाउन मुख्य भूमिका सरकारको हुन्छ। समग्र आर्थिक संरचनामा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी रहेको अवस्थामा अहिले यही क्षेत्र थला परेको छ। त्यसकारणले गर्दा बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जाको सावाँ ब्याज भुक्तानी गर्न सकिरहेका छैनन्। वस्तु उत्पादन गरेर कर्जा फिर्ता गर्ने अवस्था नभएको हुँदा ब्याजमा सहुलियत र समय तालिकामा परिवर्तन गर्दा अर्थतन्त्रमा केही सुधार आउन सक्ने हुन्छ। यसतर्फ सरकारको ध्यान जानुपर्दछ। निजी क्षेत्रलाई सहजीकरण नगरीकन अर्थतन्त्रमा सुधार गर्न सकिँदैन।

अहिले पुँजीगत बजेटलाई चालुगत बजेटले उछिनेको अवस्था छ। यो स्वाभाविक पनि छ किनभने राज्यको शासकीय र प्रशासकीय संरचना देशभर विस्तार भएको छ। सामाजिक सुरक्षा र शिक्षा, स्वास्थ क्षेत्रमा सरकारले सेवा पुऱ्याउनुपर्ने भएकोले चालुगत खर्च बढ्दै गएको छ। यसलाई अन्यथा भन्न नसकिए

पनि चालगत खर्चलाई नियन्त्रण गर्नुपर्दछ। सुदृढ अर्थतन्त्रको लागि पुँजीगत बजेट बढी नै विनियोजन गर्नु पर्दछ। पुँजीगत बजेट यस्तो रकम हो जसले उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याएको हुन्छ। अहिलेको बजेटमा न्यून पुँजीगत बजेट विनियोजन गरिने र त्यो पनि खर्च गर्न नसक्दा अर्थतन्त्रमा समस्या देखिएको हो। त्यसकारण पुँजीगत बजेट धेरै विनियोजन गर्ने र खर्च पनि गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुन जान्छ। पुँजीगत बजेट खर्च हुँदा बजारमा पैसा प्रवाह हुन्छ र बजार चलायमान हुन्छ।

अहिले देशको अर्थतन्त्र धानिएको नै विप्रेषणले हो। विप्रेषणबाट प्राप्त भएको पैसालाई उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्न सकिएको छैन। प्राप्त भएको रकमको ३२ प्रतिशतमात्र उत्पादनशील क्षेत्रमा लगानी भएको देखिन्छ भने बाँकी ६८ प्रतिशत उपभोगमा खर्च भएको छ। उपभोगको मात्रामा नियन्त्रण गर्दै विप्रेषणको स्रोतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्दछ।

देशको अर्थतन्त्र चलायमान बनाउनको लागि वित्त नीति र मौद्रिक नीतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। वित्त नीति सरकारको आय व्यय, कर, राजस्व, आन्तरिक तथा बाह्य ऋणजस्ता क्षेत्रहरूसँग सम्बन्धित हुन्छ भने मौद्रिक नीति राज्यले सञ्चालनमा ल्याएको मुद्रा व्यवस्थापनसँग सम्बन्धित भएको हुन्छ। यी दुई नीतिको मुख्य उद्देश्य भनेको देशको अर्थतन्त्रलाई प्रभावकारी बनाउनु नै हो। दुवै नीतिको उद्देश्य एउटै दिशातर्फ उन्मुख भएको कारणले गर्दा यी दुईबिच समन्वय हुनु पनि उत्तिकै आवश्यक हुन्छ। वित्त नीतिको नेतृत्व अर्थमन्त्रालयले गरेको हुन्छ भने मौद्रिक नीतिको नेतृत्व नेपाल राष्ट्र बैङ्कले गरेको हुन्छ।

आर्थिक वृद्धिको लक्ष्य सरकारले निर्धारण गरेको हुन्छ र आर्थिक वर्ष २०८१।८२ को लागि ६ प्रतिशतको आर्थिक वृद्धि बजेट बक्तव्यमा उल्लेख भएको छ। यो वृद्धि दर हासिल गर्नको लागि मौद्रिक नीतिको सहयोग आवश्यक पर्दछ। किनभने बैङ्क तथा वित्तीय संस्थाहरूबाट निर्धारण हुने ब्याजदर, मूल्यवृद्धि, मुद्रास्फीति, मुद्रा सङ्कुचन, निजी क्षेत्रमा लगानी प्रवाह र विनिमय दरले आर्थिक वृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका निभाएका हुन्छन्। तर पनि महत्वाकाङ्क्षी आर्थिक वृद्धि दर, बैङ्क ब्याज दर, मूल्य वृद्धिमा सुधार गरिने भनिए पनि सुधार हुन नसकेकोले अर्थतन्त्रमा समस्या देखिएको छ। यी पक्षहरूमा सुधार गरेर अर्थतन्त्रलाई प्रभावकारी बनाउनुपर्दछ।

भारतसँग नेपालको खुला सीमाना भएकोले चोरी निकासी बढ्दै गएको छ। सरकारले आयात नियन्त्रण गर्दा पनि बजारमा छ्यापछ्याप्ती सामान उपलब्ध हुने गर्दा सरकारले प्राप्त गर्ने राजस्वमा प्रत्यक्ष असर परेको छ। अर्कोतर्फ अनावश्यक रूपमा देशमा उपभोगमुखी प्रवृत्तिले अर्थतन्त्रलाई सही दिशा दिन सकेको हुँदैन।

चोरी निकासी ब्यापारलाई नियन्त्रण गर्न विभिन्न संयन्त्रको विकास गरे पनि प्रभावकारी हुन सकेको छैन। यसलाई अझ सुधार गर्नुपर्ने देखिन्छ। देशमा अनियमित कार्य एबं भ्रष्टाचार बढ्दै गएको र त्यसबाट कमाएको आर्जित सम्पत्ति गैरआर्थिक गतिविधिमा लगानी भएको कारणले गर्दा अर्थतन्त्रलाई असर पारेको देखिन्छ। सुधार गर्नु जरुरी छ।

जथाभावी अनुत्पादक क्षेत्रमा पैसा गयो भने त्यसले अर्थतन्त्रमा विकृति ल्याउँछ। तर, उपभोगमा खर्च बढ्दा पनि अर्थतन्त्र चलायमान हुन सक्दछ। किनभने गोजीमा रहेको पैसा बजारमा पुग्दछ। यद्यपि उपभोग खर्चमा न्यूनीकरण गरेर उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्दछ।

प्रत्येक वर्ष सामाजिक सुरक्षालगायत विभिन्न भत्ता बढाउँदै जाने हो भने देशले धान्न नसक्ने हुन्छ। यस्ता सुरक्षा भत्ताको पहिचान गरेर अति आवश्यक देखिएकालाई मात्र उपलब्ध गराउनुपर्दछ। प्रत्येक

सामानको मूल्य एक रुपियाँ भन्ने जस्तो गर्नु हुन्न। सबैलाई खुसी पार्ने वितरणमुखी बजेटभन्दा पनि अर्थतन्त्र उकास्न सक्ने बजेट ल्याउनुपर्दछ।

अर्थतन्त्र सुदृढीकरणको लागि खास गरेर आन्तरिक उत्पादनमा वृद्धि गर्नुपर्दछ। आन्तरिक उत्पादनमा वृद्धि ल्याउन दिगो वित्तीय साधन स्रोतको आवश्यकता पर्दछ। कर तथा सेवा, शुल्कमा समसामयिक सुधार गरेर राजस्व चुहावटमा नियन्त्रण गर्नुपर्दछ। प्रगतिशील कर प्रणालीबाट आन्तरिक वित्तीय साधन स्रोतलाई उपलब्धिमूलक बनाउन सकिन्छ। आन्तरिक उत्पादनको सुधारले आपूर्ति सहज बनाएको हुन्छ भने अर्कोतिर आयातलाई विस्थापित गरेर विदेशी मुद्राको सञ्चितिमा योगदान गरेको हुन्छ। स्वदेशमा औद्योगिक वातावरणमा वृद्धि हुँदै जाने भएकोले निजी क्षेत्रबाट सरकारलाई राजस्व पनि प्राप्त हुने गर्दछ। त्यसैले अर्थतन्त्रमा सुदृढीकरण गर्ने भनेको नै आन्तरिक उत्पादनमा वृद्धि गर्नु हो।

देश विकासको लागि अधिकतम वैदेशिक लगानी भित्र्याउनुपर्दछ। यसको लागि विभिन्न झन्झटिला प्रक्रियागत कार्यहरूलाई निरुत्साहित गरिनुपर्दछ। साथै लगानीकर्ताले आर्जन गरेको मुनाफालाई सजिलै फिर्ता लानसक्ने ब्यबस्था गर्नुपर्दछ। सरकार छिटो-छिटो फेरबदल भइरहँदा सरकारले लागु गर्ने नीतिहरू पनि तदनुरूप परिवर्तन हुने कारणले लगानी आउन नसकेको अहिलेको अवस्था हो। त्यसकारण लगानीलाई आकर्षण गर्नको लागि एकद्वार प्रणालीलाई प्रभावकारी बनाउँदै कार्यान्वयनमा देखिएका समस्याहरूको निराकरण गर्दै लैजानुपर्दछ। साथै सरकारले जारी गर्ने नीतिहरू पटक-पटक परिवर्तन नगरी स्थिर हुनु पर्दछ।

अहिलेको अवस्थामा अर्थतन्त्रको बाह्य क्षेत्रमा केही सुधार देखिएको भए पनि यसरी नै गइरहन्छ भन्न सकिँदैन। कृषि, पर्यटन, ऊर्जा, जलस्रोत जस्ता आर्थिक क्षेत्रको विकास गर्न सकियो भने निश्चय नै अर्थतन्त्रमा सुधार आउन सक्दछ। कृषि प्रधान देश भनिए पनि कृषिलाई व्यवसायमूलक बनाउन सकिएको छैन। अझै पनि कृषि क्षेत्र निर्वाहमुखी भइरहेको छ। पर्यटन क्षेत्रको विकासबाट विदेशी मुद्रा आर्जन तथा रोजगारी उपलब्ध गराउने सम्भावना हुँदाहुँदै पनि पछि परेको अवस्था विद्यमान छ। ऊर्जा तथा जलस्रोत क्षेत्रको विकासबाट देशको आर्थिक स्थिति बलियो बनाउन सकिन्छ।

निष्कर्ष

छिटो-छिटो सरकार परिवर्तन हुनाले आर्थिक नीतिहरू तदर्थ किसिमका छन्। अर्थतन्त्रमा सुधार ल्याउनको लागि दीर्घकालीन प्रभाव ल्याउने गरी आर्थिक नीति लागु गरिनुपर्दछ। सरकारी ढुकुटीमा दबाब पर्न गयो भने आयातलाई खुकुलो पार्ने र अन्य अवस्थामा कसिलो आर्थिक नीति लागु गर्दा अर्थतन्त्रले गतिलिन नसक्ने हुन्छ।

आयात निर्यातमा सन्तुलन कायम हुन सकेको छैन। दश रुपियाँको सामान आयात गरेका हुन्छौं भने एक रुपियाँको मात्र निर्यात गरेका हुन्छौं। यसकारणले गर्दा वैदेशिक ब्यापारमा सन्तुलन हुन सकिरहेको छैन। यसको असर आन्तरिक उत्पादनमा पर्न गएको छ। सुदृढ अर्थतन्त्रको लागि आन्तरिक उत्पादनले आयातलाई विस्थापित गर्नुपर्दछ।

अर्थतन्त्रको बाह्य क्षेत्रका सूचकहरूमा केही सुधार देखिए पनि यसले सधै निरन्तरता पाइरहन्छन् भन्न सकिँदैन। वैदेशिक रोजगारीमा गएको जनशक्तिले विप्रेषणको माध्यमबाट पठाएको पैसाले विदेशी मुद्राको सञ्चिति बढ्न गएको हो। विदेशी मुद्रा सञ्चिति हुँदैमा अर्थतन्त्र राम्रो हुने होइन। यसको लागि उत्पादनशील क्षेत्रमा लगानी गरेर अतिरिक्त आय आर्जन गर्नुपर्दछ।

अहिले पुँजीगत खर्च ज्यादे न्यून छ। पुँजीगत खर्च नबढाई अर्थतन्त्रमा सुधार आउन सक्दैन। यसको लागि राष्ट्रिय गौरवका आयोजनाहरूलाई प्राथमिकतामा राख्नुपर्दछ। साथै स्थानीय तहमा सञ्चालन गरिने आयोजनाहरूको सञ्चालनमा तीव्रता ल्याउन सकियो भने धेरैभन्दा धेरै जनतालाई सेवा पुऱ्याउन सकिने हुन्छ।

अहिले सार्वजनिक ऋण २५ खर्ब १८ अर्ब पुगिसकेको छ। ऋण बढेकै कारणबाट वित्त व्यवस्थापनमा ठुलो रकम भुक्तानी गर्नु परेको छ। ऋण उत्पादनशील क्षेत्रमा लगानी भएको छ छैन त्यसतर्फ विचार गर्नुपर्दछ। पुँजीगतमा ३५२ अर्ब विनियोजन भएको छ भने वित्त व्यवस्थापनमा ३६७ अर्ब विनियोजन भएको छ। अर्थतन्त्रलाई सुदृढ बनाउन पुँजीगत खर्च बढाउनै पर्दछ।

सुदृढ अर्थतन्त्र निर्माणको लागि उत्पादन, वितरण र उपभोगमा जोड दिनुपर्दछ। साथै अर्थतन्त्र चलायमान बनाउने सम्बन्धमा राष्ट्रिय अर्थतन्त्रको केन्द्रीय सङ्गठनको रूपमा रहेका अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। वित्त नीति र मौद्रिक नीतिमा समन्वयन र तादाम्यता ल्याउनु पर्दछ।

बैङ्क तथा वित्तीय संस्थाहरूमा लगानी योग्य पुँजी ७ खर्बभन्दा बढी थुप्रिएको छ। औद्योगिक वातावरण नबनेको कारणले गर्दा उद्योगी व्यवसायीहरूले ऋण लिन सकिरहेका छैनन्। निक्षेपमा प्रत्येक महिना ब्याजदर घटेको कारणले गर्दा कर्जाको ब्याज दर पनि घट्दो क्रममा छ। यद्यपि लगानी प्रवाह हुन सकेको छैन। बजारमा माग सिर्जना नहुने हो भने अर्थतन्त्र चलायमान हुन सक्दैन। त्यसकारण अर्थतन्त्रमा सुधार ल्याउन आवश्यक देखिन्छ।

<u>सन्दर्भ सामग्री</u>

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक वर्ष २०८१।८२ को बजेट बक्तव्य
- राजस्व पत्रिकाका विभिन्न अङ्क
- महालेखापरीक्षकका प्रतिवेदनहरू
- लेखापरीक्षण पत्रिकाका विभिन्न अङ्क

नेपालमा सरकारी ऋणको महत्त्व तथा ऋण व्यवस्थापनको आवश्यकता - समस्या तथा सुझाव



*– गम्भीर बहादुर हाडा**

सारांश

नेपाल जस्तो विकासोन्मुख मुलुकको बढ्दो आवश्यकता पूरा गर्न कर, सरकारी महसुलहरू र सार्वजनिक संस्थानहरूबाट प्राप्त मुनाफा आदि आयस्रोतहरू अपर्याप्त हुन्छन्। यस्तो अवस्थामा सरकारले आन्तरिक र बाह्य ऋण लिएर आवश्यक रकम पूरा गर्नुपर्ने हुन्छ। आन्तरिक ऋण भन्नाले, सर्वसाधारण जनता, बैङ्क, वित्तीय संस्थानहरू आदिबाट सरकारद्वारा लिइने ऋण रकम भन्ने बुझिन्छ। अर्थात् सरकारले आफ्नो मुलुक भित्रैबाट लिने ऋणलाई आन्तरिक ऋण भनिन्छ। आफ्नो जनता, गैरवित्तीय संस्था, वित्तीय सङ्घ संस्था वा अन्य जो सुकैबाट आफ्नो घाटा बजेट पूर्ति गर्ने उद्देश्यले आन्तरिक ऋण उठाउने चलनले व्यापकता पाएको अनुभूत हुन्छ। जब सरकारको राजस्वको ढुकुटीमा कमी र बाह्य सहायतामा पनि मन्दी देखा पर्दछ, तब सरकार आन्तरिक ऋण उठाउन बाध्य हुन्छ। जनता र संस्थाबाट स्वस्फूर्त रूपमा यस्तो ऋण सङ्कलन गर्ने ध्येयले सरकारद्वारा विभिन्न आकर्षण दिने गरिन्छ। अर्थात् साँवा र ब्याजमा कर नलाग्ने तथ्य प्रचलनमा रहेको भन्दा बढी ब्याज पाइने आदि व्यवस्था गरिएको हुन्छ।

केही प्रमुख अर्थशास्त्रीहरूले सरकारी ऋण अथवा आन्तरिक ऋणलाई आम्दानीको एक स्रोतको रूपमा स्वीकार गरेका छैनन्। यी अर्थशास्त्रीहरूको मतानुसार आन्तरिक ऋणको भुक्तानी अन्ततः सरकारले नै गर्नुपर्ने भएकोले यसलाई अल्पकालीन दृष्टिकोणले मात्र आयको स्रोतको रूपमा स्वीकार गर्नुपर्छ, दीर्घकालीन दृष्टिकोणले होइन साथै आन्तरिक ऋण राज्यको आयको साधन यस कारणले पनि मान्न सकिँदैन कि यस स्रोतबाट प्राप्त आय अनिवार्य हुँदैन। आज ऋणको बारेमा आधुनिक विचारधारा पूरा परिवर्तित भएको छ। आन्तरिक ऋणको वर्तमान स्वरूपहरूको उत्पत्ति वास्तवमा वैधानिक सरकारको उत्पत्तिको साथै प्रारम्भ भयो।

सरकारी ऋण अल्पकालीन वा दीर्घकालीन दुवै हुन सक्छ। सरकारले विदेशी सङ्घ संस्था वा मित्रराष्ट्रहरूसँग पनि ऋण लिन सक्दछ। यस्ता सार्वजनिक ऋणहरू सामान्यतया बण्डपत्र (Bonds) वा ट्रेजरी बिल (Treasury Bills) का रूपमा हुने गर्दछ। यसरी सरकारले ऋण लिने कार्य देशभित्र वा बाहिर दुवैसँग गर्न सक्दछ। सरकारलाई ऋणको आवश्यकता पर्दा सरकारले बण्डपत्र वा करारपत्र (Bond) का माध्यमबाट उक्त बण्डपत्र लिने धनीहरूलाई तोकिएको समय–समयमा वा निश्चित भुक्तानीपछि तोकिएको ब्याजदरसमेत भुक्तानी दिन कबुल गरेको हुन्छ।

आर्थिक सर्वेक्षण २०८०।८१ अनुसार सार्वजनिक ऋणअन्तर्गत २०८० फागुनसम्म आन्तरिक ऋण रू.११ खर्ब ८५ अर्ब ५३ करोड र बाह्य ऋण रू.१२ खर्ब २ अर्ब ७४ करोड गरी सङ्घीय

* अधिवक्ता तथा सह–प्राध्यापक, अर्थशास्त्र, भक्तपुर बहुमुखी क्याम्पस (अवकाश प्राप्त)

सरकारको सार्वजनिक ऋण रू.२३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ। २०७९ फागुनसम्म आन्तरिक ऋण रू.१० खर्ब १० अर्ब २८ करोड र बाह्य ऋण रू. १० खर्ब ६९ अर्ब ७८ करोड गरी सार्वजनिक ऋण रू.२० खर्ब ८० अर्ब ६ करोड रहेको थियो। पछिल्ला वर्षमा आन्तरिक ऋणको हिस्सा क्रमशः बढ्दै गएको छ भने बाह्य ऋणको अंश क्रमशः घट्दै गएको छ। २०८० फागुनसम्मको सार्वजनिक ऋणमा आन्तरिक र बाह्य ऋणको अनुपात क्रमशः ४९.६ प्रतिशत र ५०.४ प्रतिशत रहेको छ। २०७९ फागुनसम्म यस्तो अनुपात क्रमशः ४८.६ प्रतिशत र ५१.४ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्ष २०८१।८२ का लागि कुल बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड विनियोजन भएको छ। यसमा ६७ प्रतिशत राजस्वबाट, २.८१ प्रतिशत अनुदानबाट र २९.४३ प्रतिशत ऋणबाट स्रोत पूर्ति गरिने उल्लेख छ। तथापि विगतको अनुभव र राजस्व प्रशासनमा कुनै सुधार नगरी यही संरचनाबाट यो राजस्व उठ्न सक्ने देखिँदैन। विभिन्न मित्रराष्ट्र र अन्तर्राष्ट्रिय सङ्गठनहरूबाट प्राप्त हुने अनुमान गरिएको २.८१ प्रतिशत अनुदान प्राप्त हुनको लागि ती मुलुकको आर्थिक अवस्था अनुकूल हुनुपर्दछ। त्यसकारण अहिलेको अवस्थामा नेपालले पाउने भनेको ऋण नै हो। अनुदान प्राप्ति र राजस्व असुलीको लक्ष्य कठिन देखिन्छ। चालु आवको बजेटमा पुँजीगततर्फ विनियोजन गरिएको रकम ३ खर्ब ५२ अर्ब ३५ करोड छ। यो खर्च बेहोर्ने स्रोत भनेको मुख्यतः ऋण नै ह किनभने ऋणको रकम मूलतः पुँजीगततर्फ नै खर्च गरिन्छ।

आन्तरिक ऋणको सीमा निर्धारणका स्पष्ट आधारहरू निर्माण हुन नसक्नु, कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको अंश अत्यधिक रहनु, ऋण परिचालन लागत उच्च देखिनु, सार्वजनिक ऋण व्यवस्थापनमा प्रत्यक्षरूपमा सरोकार राख्ने निकायहरूबिच समन्वयको अभाव, अभिलेख व्यवस्थापनलाई पूर्णरूपमा कम्प्युटरकृत तथा Networking base मा लैजान नसक्नु, ऐन, नियम र नीतिहरू समय सापेक्षरूपमा परिवर्तन र परिमार्जन हुन नसक्नु, वैदेशिक ऋण परिचालन र उपयोगमा कार्यकारी निर्णायक क्षमता कमजोर रहनु, सम्पूर्ण वैदेशिक सहायता बजेटमार्फत परिचालन हुन नसक्नु, सहायता व्यवस्थापनमा दातृपक्ष सरकार तथा सम्बद्ध पक्षहरूबिच उचित सामन्जस्य र समन्वयको अभाव, कुल ऋण दायित्वमा वैदेशिक ऋणको अंश उच्च रही विदेशी विनिमयसम्बन्धी जोखिम रहनु, सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी स्पष्ट रणनीति नहुनु, सङ्घीयताको संरचनाबमोजिम प्रदेश र स्थानीय तहले ऋण परिचालन गर्न नसक्नु, राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा अपेक्षित ऋण परिचालन नहुनु, आन्तरिक ऋण परिचालनका लागि उपकरणसम्बन्धी जनचेतना कमी हुनु, उत्पादनशील क्षेत्रमा ऋण परिचालन हुन नसक्नु जस्ता अवस्था देखिएका छन्।

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा, स्थानीय तहको अधिकार क्षेत्रको विषयसँग सम्बन्धित समानान्तर कार्यालय खारेज गरी गाउँपालिका तथा नगरपालिकाको विषयगत एकाइ वा शाखाको क्षमता विकास गर्ने, स्थानीय तहको समन्वयमा योजना सञ्चालन गर्ने र स्थानीय तहबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने योजनाहरू सङ्घ प्रदेशले स्थानीय तहबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाई स्रोतसाधन हस्तान्तरण गर्ने, सङ्घले स्थानीय तहका लागि नमूना कानुनको ढाँचा उपलब्ध गराउने, स्थानीय तहको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने र स्थानीय तहको सशक्तीकरण गर्न अन्य आवश्यक काम गर्नु आवश्यक छ।

पृष्ठभूमि

वित्त व्यवस्थापनलाई विभिन्न विद्वान्हरूले परिभाषित गर्ने गरेको पाइन्छ। जोसेफ मेसीकाअनुसार वित्त व्यवस्थापन भनेको साधन प्राप्ति र खर्च गर्ने क्रियाकलाप हो जहाँ वित्तको प्रभावकारी एवं दक्षतापूर्वक प्राप्ति, उपयोग र सञ्चालन गर्ने जिम्मेवारीको व्यवस्थापन गरिन्छ। "Financial Management is the

operational activity of a Business that is responsible for obtaining and effectively utilizing the funds necessary for efficient operation"-Joseph Massie

वेस्टन र ब्रिगहमका अनुसार वित्त व्यवस्थापन भनेको वित्तीय व्यवस्थापनसँग सम्बन्धित निर्णय निर्माणका माध्यमबाट व्यक्तिगत वा संस्थागत रूपमा वित्तीय आवश्यकता, चाहना, लक्ष्य, उद्देश्य प्राप्तीमा ध्यान दिइएको हुन्छ। "Financial Management is an area of financial decision making, harmonizing individual motives and enterprises goals" – Weston and Brigham लगायतका केही प्रमुख अर्थशास्त्रीहरूले सरकारी ऋण अथवा आन्तरिक ऋणलाई आम्दानीको एक स्रोतको रूपमा स्वीकार गरेका छैनन्। यी अर्थशास्त्रीहरूको मतानुसार आन्तरिक ऋणको भुक्तानी अन्ततः सरकारले नै गर्नुपर्ने भएकोले यसलाई अल्पकालीन दृष्टिकोणले मात्र आयको स्रोतको रूपमा स्वीकार गर्नुपर्छ, दीर्घकालीन दृष्टिकोणले होइन साथै आन्तरिक ऋण राज्यको आयको साधन यस कारणले पनि मान्न सकिँदैन कि यस स्रोतबाट प्राप्त आय अनिवार्य हुँदैन। आज ऋणको बारेमा आधुनिक विचारधारामा परिवर्तन आएको छ। आन्तरिक ऋणको वर्तमान स्वरूपहरूको उत्पत्ति वास्तवमा वैधानिक सरकारको उत्पत्तिसँगै प्रारम्भ भयो।

सरकारी ऋणको दुई गुण हुन्छ। प्रथमतः यो पनि आयको एक स्रोत हो, त्यस्तै व्ययमध्येको यो पुनः एक भाग पनि हो। आयको रूपमा सरकारी ऋणबाट रकम प्राप्त हुन्छ, तर कर (Tax) जस्तो यो तिर्न नपर्ने होइन। ऋण तिर्दा साँवा र ब्याज (Principle and interest) समेत तिर्नुपर्छ, अतः यो व्ययको अर्को भाग पनि हो। अन्य शीर्षकहरूमा खर्चको लागि रकम छुट्टयाइएजस्तै ऋणको ब्याज वा साँवा भुक्तानीको लागि पनि रकम छुट्याउनुपर्दछ। सार्वजनिक ऋण ठुलो परिमाणमा पाउन सकिने हुनाले धेरै उत्पादन तथा धेरै रोजगारीका अवसरको सिर्जना गर्नमा सहयोग पुग्दछ।

सरकारले ऋण किन लिन्छ भन्ने कुरा निम्न बुँदाले प्रष्ट पार्दछ (१) बजेट न्यून पूरा गर्न, (२) आकस्मिक खर्चको लागि साधनको व्यवस्था गर्न, (३) युद्धको तयारी तथा युद्ध सञ्चालन गर्न, (४) आर्थिक मन्दीको समस्या समाधान गर्न, (५) मुद्रास्फितिको समस्या समाधान गर्न, (६) राष्ट्रको योजनाबद्ध आर्थिक विकास गर्न र (७) प्रतिकूल व्यापार सन्तुलनको समस्या समाधान गर्न आदि।

सरकारी ऋणको स्रोतहरू

सरकारी ऋणका स्रोतहरू दुई प्रकारका छन्: (क) आन्तरिक स्रोतहरू (Internal Sources) र (ख) बाह्य स्रोतहरू (External Sources)। आन्तरिक स्रोतहरू: (१) व्यक्तिबाट लिने सार्वजनिक ऋण, (२) वित्तीय संस्थाहरूद्वारा प्राप्त हुने सार्वजनिक अथवा सरकारी ऋण, (३) व्यापारिक बैङ्कद्वारा प्राप्त हुने सार्वजनिक ऋण र (४) केन्द्रीय बैङ्कद्वारा प्राप्त हुने सार्वजनिक ऋण। बाह्य ऋणको प्रयोग प्रायः निम्नलिखित कामहरूको लागि गरिन्छ: (अ) देशको सुरक्षाको लागि युद्ध सामग्रीहरूको क्रय, (आ) प्रतिकूल भुक्तान सन्तुलनको समस्याको समाधान, (इ) आर्थिक विकासको लागि यातायात, सिँचाइको व्यवस्था आदि। बाह्य ऋणका स्रोतहरू निम्न प्रकारका छन्: (१) विदेशी सरकारद्वारा प्राप्त हुने वैदेशिक ऋण र (२) अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट प्राप्त हुने सार्वजनिक ऋण।

सरकारी ऋणको वर्गीकरण

सरकारी ऋणको वर्गीकरण यस प्रकारका छन्: (१) अनिश्चितकालीन ऋण तथा निश्चितकालीन ऋण (२) उत्पादक र अनुत्पादक ऋण। श्रीमती हिक्सले उत्पादक ऋणलाई सक्रिय ऋण र अनुत्पादक ऋणलाई निष्क्रिय वा मृतभार ऋण (Dead-weight Debt) भनेकी छन्। (३) ऐच्छिक एवं अनिवार्य ऋण (४)

क्रययोग्य एवं अक्रययोग्य ऋण (५) शोध्य र अशोध्य ऋण (६) ब्याजी ऋण र निर्ब्याजी ऋण (७) आन्तरिक एवं बाह्य ऋण।

सरकारी ऋणको परिभाषा र विकास

नेपालमा नेपाल सरकारले आर्थिक वर्षको बजेटमा देखाइएको खर्च धान्नको लागि राजस्वबाट प्राप्त रकम तथा विदेशी सहायताबाट प्राप्त रकम अपर्याप्त भएपछि सरकारले आन्तरिक स्रोतहरूबाट ऋण लिने गरेको पाइन्छ। यसअनुसार सरकारले हरेक वर्ष आन्तरिक ऋण लिने व्यवस्था मिलाउन राष्ट्र बैङ्कलाई जिम्मा दिएको छ। आन्तरिक ऋणअन्तर्गत नेपाल सरकारले ट्रेजरी बिल, विकास ऋणपत्र, नेपाल सरकारले ट्रेजरी बिल, विकास ऋणपत्र तथा राष्ट्रिय बचत पत्र निष्काशन गरेर आन्तरिक ऋण लिने गरेको छ। वाणिज्य बैङ्कहरू र नेपाल राष्ट्र बैङ्कबाट सरकारले ऋण लिने गरेको छ। नेपालमा आर्थिक वर्ष २०१७।१८ देखि नेपाल सरकारले आन्तरिक ऋण उठाउने गरेको हो। राष्ट्र ऋण ऐन, २०१७ ले आन्तरिक ऋण उठाउने सम्बन्धमा व्यवस्था गरेको देखिन्छ। नेपाल सरकारको तर्फबाट ऋण उठाउने सम्बन्धी काम कारबाही गर्ने अधिकार नेपाल राष्ट्र बैङ्क ऐन, २०१३ को दफा २० अनुसार नेपाल राष्ट्र बैङ्कलाई प्रदान गरिएको थियो।

सरकारले देशभित्र र बाहिरबाट लिने कर्जालाई सार्वजनिक ऋण भनिन्छ। सार्वजनिक ऋण एउटा महत्त्वपूर्ण आयस्रोत हो। यो सरकारको स्थायी आय नभएर तोकिएको समयमा फिर्ता गर्नुपर्ने हुन्छ। अहिले विश्वका अधिकांश राष्ट्रहरूले सार्वजनिक ऋण लिने गर्छन्। यो सरकारद्वारा गरिने प्रतिज्ञाहरूको स्वरूप हो। यसलाई तोकिएको समयभित्र साँवा ब्याजसमेत फिर्ता गर्नुपर्दछ। सरकारले निश्चित समयपछि ब्याजसहित फिर्ता गर्ने गरी देशभित्र तथा देशबाहिरबाट लिइएको रकमलाई सरकारी ऋण भनिन्छ। अर्थात् सरकारले साँवा–ब्याजसहित निश्चित अवधिमा भुक्तानी गर्नुपर्ने गरी सार्वजनिक उपयोगका लागि लिने ऋणलाई सरकारी ऋण (Government Debt) भनिन्छ।

सरकारले आगामी वर्षमा खर्च गर्न चाहेको रकमभन्दा वर्तमान स्रोतबाट प्राप्त भइरहेको कुल राजस्व कम हुन सक्छ। यस अवस्थामा राजस्व र प्रस्तावित खर्चका बिच अन्तर रहन्छ। सरकारले थप कर लगाएर त्यो अन्तर पूरा गर्नुको सट्टा ऋण लिएर त्यो अन्तर पूरा गर्न सक्छ। सरकारले स्वदेशका व्यक्ति, वित्तीय संस्था र केन्द्रीय बैङ्क तथा विदेशी व्यक्ति, संस्था र सरकारबाट ऋण लिन सक्छ। यसप्रकार सरकारले स्वदेश र विदेशबाट लिएको ऋणलाई सार्वजनिक ऋण (Public debt) भनिन्छ।

Adley and Sundharam का अनुसार सार्वजनिक ऋण सामान्यतया बोन्ड वा ट्रेजरी बिलका रूपमा रहन्छ। सरकारी बोन्ड वा ट्रेजरी बिलका धारकहरूलाई सरकारले ऋणको साँवा र तोकिएको ब्याज तोकिएको म्यादभित्र फिर्ता भुक्तानी दिने प्रतिज्ञा गरेको हुन्छ।

Taylor का अनुसार सरकारले बैङ्कहरू, व्यावसायिक संस्थाहरू तथा व्यक्तिहरूबाट सापटी लिँदा सार्वजनिक ऋण उत्पन्न हुन्छ।

एन्डली तथा सुन्धराम भन्छन्, "सार्वजनिक ऋण सामान्यतया बोन्डको रूपमा हुन्छ जुन सरकारी प्रतिज्ञा राख्नेहरूलाई मन्जुर गरिएको ब्याजदरसहित साँवा फिर्ता गर्ने सरकारी प्रतिज्ञा हो।"

फिलिप ई. टेलरका मतअनुसार "सार्वजनिक ढुकुटीले बैङ्कहरू, व्यावसायिक संस्थानहरू तथा व्यक्तिहरूबाट सापटी लिनाले सरकारी ऋण उत्पन्न हुन्छ। ऋण सार्वजनिक ढुकुटीले प्रतिज्ञा राख्नेहरूलाई साँवा र त्यसमा ब्याज तिर्ने प्रतिज्ञाको रूपमा रहेको हुन्छ।"

त्यस्तै सरकारी ऋणबारे परिभाषा दिँदै मुसग्रेभले भनेका छन्, "भविष्यमा साँवा फिर्ता भुक्तानी गर्ने र अन्तरिम अवधिमा ब्याज भुक्तान गर्ने कबुल गरी सरकारले लिएको रकमलाई सरकारी ऋण भनिन्छ।"

यसरी निर्धारित म्यादभित्र निर्धारित ब्याज सहित मूलधन फिर्ता दिइनेछ भनी सरकारले लिखित प्रतिज्ञा गरी स्वदेशी र विदेशीबाट लिएको ऋणलाई सार्वजनिक ऋण (Public debt) भन्न सकिन्छ।

सरकारले ऋण लिन अर्थात् सार्वजनिक रूपमा ऋण उठाउन हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा अर्थशास्त्रीहरू बिचमा लामो बहस तथा वादविवाद चलेको पाइन्छ। ऋणको सम्बन्धमा शास्त्रीय तथा आधुनिक अर्थशास्त्रीहरूको विचारधारा बाझिने गरेको छ। शास्त्रीय अर्थशास्त्रीहरूले सरकारले थोरै काम गरी सन्तुलित बजेट बनाउनुपर्ने र ऋण लिन नहुने कुरामा अलि बढी जोड दिएका छन्।

ऋण लिने प्रयोजनले बजेट बनाउँदा र ऋण लिँदा अर्थतन्त्र तथा समाजलाई नोक्सान हुने उनीहरूको राय छ। ऋण लिएपछि उक्त ऋण चुक्ता गर्न जनताबाट कर लिनुपर्ने र जबरजस्ती कर लिँदा जनताबाट विद्रोह हुने सम्भावना हुने उनीहरू बताउँछन्। यद्यपि, साँच्चै नै उत्पादनशील कार्यका लागि लिइने ऋणमा भने शास्त्रीय अर्थशास्त्रीहरूको पनि समर्थन रहेको पाउन सकिन्छ। यता, आधुनिक अर्थशास्त्रीहरू भने ऋण लिएर लगानीमैत्री वातावरण बनाउनुपर्ने बताउँछन्। अहिले धेरै राष्ट्रहरू ऋणको सहाराबाट चलेका छन्, जसमा नेपाल पनि एक हो। विकास निर्माण लगायत सामान्य र आपत्कालीन अवस्थामा ऋण लिँदा राष्ट्रलाई फाइदा हुने देखिन्छ।

नेपालको सन्दर्भमा आफ्नो कार्यसम्पादनको लागि अपुग स्रोत साधन व्यवस्थापनको लागि लिइने आन्तरिक ऋणको व्यवस्थापन नेपालको केन्द्रीय बैङ्क नेपाल राष्ट्र बैङ्कले गर्दै आएको छ भने वैदेशिक ऋण व्यवस्थापनमा अर्थ मन्त्रालयको समेत संलग्नता रहेको छ।

वर्तमान समयमा सबै विकासोन्मुख देशहरू आन्तरिक तथा बाह्य स्रोतबाट ऋण लिने गर्दछन्। यस्ता मुलुकहरूमा ऋण नलिने हो भने आर्थिक क्रियाकलाप नै धरासयी हुन सक्छ। त्यसैले उचित रूपमा सार्वजनिक ऋण व्यवस्थापन गर्न सकेमा राष्ट्रले राम्रो प्रगति गर्न सक्ने प्रचुर सम्भावना रहन्छ।

सरकारी ऋणका उद्देश्य र प्रकार

सरकारले दैनिक प्रशासनिक एवं विकासात्मक क्रियाकलापहरू सञ्चालन गर्नका लागि ऋण लिनुपर्ने हुन्छ। सरकारी ऋणका उद्देश्यहरूलाई बुँदागत रूपमा तल देखाइएको छ।

१) आम्दानी र खर्चको अन्तर पूरा गर्न, २) आर्थिक मन्दी नियन्त्रण गर्न, ३) मुद्रास्फीति नियन्त्रण गर्न, ४) सार्वजनिक सेवा क्षेत्रको विस्तार गर्न, ५) आर्थिक विकास गर्न, ६) करारोपण अलोकप्रियता कम गर्न, ७) युद्ध र सङ्कटको बेला सुरक्षा गर्न, ८) विकासात्मक कार्यक्रम सञ्चार गर्न, ९) विकास निमार्णका कार्य सञ्चालन गर्न, १०) बजेट घाटा बेहोर्न, ११) मूल्य वृद्धि नियन्त्रण गर्न, १२) आर्थिक विकासका लागि वित्तीय स्रोत जुटाउन, १३) करको वैकल्पिक स्रोतको रूपमा लिन, १४) कल्याणकारी कार्य सञ्चालन गर्न, १५) राष्ट्रिय उत्पादन वृद्धि गर्न, १६) समकालीन अवस्थामा प्रयोग गर्न आदि।

अर्थशास्त्री जोनाथन लेविन (Jonathan Levin) ले सार्वजनिक ऋणको उद्देश्य तथा प्रकृति यसरी वर्णन गरेका छन्– कर जस्तै सरकारी खर्चका लागि वित्त जुटाउन ऋण लिइन्छ। खर्च उपभोगका लागि होस् वा लगानीका लागि, सैन्य आवश्यकताका लागि होस् वा आर्थिक विकासका लागि, प्रत्येक ऋणले समान प्रश्नहरू सामना गर्नुपर्दछ। सार्वजनिक ऋणलाई विभिन्न प्रकारले वर्गीकरण गरिएको छः

(१) आन्तरिक तथा बाह्य ऋण, (२) उत्पादक तथा अनुत्पादक ऋण, (३) अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋण, (४) स्वेच्छिक तथा अनिवार्य ऋण, (५) कोषिक तथा अकोषित ऋण, (६) शोध्य र अशोध्य ऋण।

नेपालजस्तो विकासोन्मुख मुलुकको बढ्दो आवश्यकता पूरा गर्न कर, सरकारी महसुल तथा सार्वजनिक संस्थानहरूबाट प्राप्त मुनाफा आदि आय स्रोतहरू अपर्याप्त हुन्छन्। यस्तो अवस्थामा सरकारले आन्तरिक र बाह्य स्रोतबाट ऋण लिएर पनि गर्नुपर्ने हुन्छ।

सार्वजनिक ऋण र यसको व्यवस्थापनको आवश्यकता तथा महत्त्व

- सरकारले गर्नुपर्ने सार्वजनिक व्यय र सार्वजनिक आयको बिचको खाडल पूरा गर्न अर्थात घाटा बजेट पूरा गर्न, मुलुकमा उपलब्ध प्राकृतिक, मानवीयलगायतका साधन स्रोतहरूको महत्तम रूपमा परिचालन गरी उच्चतम प्रतिफल प्राप्त गर्न,
- अर्थव्यवस्थामा समय समयमा देखापर्ने आरोह र अवरोहबाट अर्थतन्त्रमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न,
- प्राकृतिक विपतको समयमा तत्काल गर्नुपर्ने कामको लागि स्रोतको प्रबन्ध गर्न, आन्तरिक द्वन्द्व, बाह्य आक्रमणबाट समेत अर्थतन्त्रमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न, सामाजिक संरक्षण, सामाजिक सुरक्षा, सामाजिक न्याय जस्ता लोककल्याणकारी कार्य सञ्चालनको लागि स्रोतको प्रबन्ध गर्न, सार्वजनिक खर्च व्यवस्थापनका उद्देश्य पूरा गर्न,
- लगानीको वातावरण बनाई लगानी प्रवर्धन गर्न, उत्पादन र उत्पादकत्व बढाई रोजगारी सिर्जना गर्दै उच्च, दिगो, फराकिलो र समावेशी वृद्धिमार्फत प्राप्त उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई गरिबी न्यूनीकरण गर्दै, नागरिकको जीवनस्तरमा सुधार ल्याउन र दीर्घकालमा स्वाधीन समुन्नत आत्मनिर्भर न्यायपूर्ण, समतामूलक, आधुनिक, समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न।
- राजस्व, ऋण तथा वैदेशिक सहायता लगायतका स्रोतहरूको प्राप्तिमा प्रभावकारिता ल्याउन, प्राप्त स्रोतको मितव्ययी, दक्षतापूर्वक, प्रभावकारी एवं पारदर्शी रूपमा खर्च गर्न, साधन स्रोतको प्राप्ति, उपयोग र उपभोगको प्रभावबिच सामञ्जस्यता कायम गर्न, आन्तरिक र बाह्य निगरानीलाई सशक्त बनाउँदै पारदर्शिता र उत्तरदायित्वमा अभिवृद्धि गर्न,
- करारोपण तथा राजस्व व्यवस्थापन, आम्दानीका अन्य स्रोतहरूको व्यवस्थापन, प्रभावकारी न्यून वित्त परिचालन र वितरणमा पारदर्शिता र प्रभावकारिता हासिल गर्न, बजेटिङ, व्यवस्थित खर्च प्रणाली, बाह्य निगरानी, लेखापरीक्षण, समग्र जिम्मेवारी र जवाफदेहिता, वित्तीय सुशासनमा सहयोग पुऱ्याउन।

सार्वजनिक ऋणबारे विभिन्न सिद्धान्तहरू

(क) **शास्त्रीय दृष्टिकोण (Classical view):** शास्त्रीय अर्थशास्त्रीहरूले सार्वजनिक ऋणलाई प्रोत्साहन नगर्ने गरी सिद्धान्त प्रतिपादन गरेका छन्। शास्त्रीय अर्थशास्त्रीहरूले पूर्ण रोजगारीको मान्यताको आधारमा ऋणसम्बन्धी अवधारणा प्रतिपादन गरेका हुन्। शास्त्रीय सिद्धान्तका प्रमुख विशेषताहरू निम्नलिखित हुन्:

(१) **सकेसम्म ऋण नलिनेः** शास्त्रीय अर्थशास्त्रीहरूको विचारअनुसार सरकारले सकेसम्म ऋण लिनु हुँदैन। सरकारी प्रभाव वा दबाबमा जनताबाट सहजै ऋण लिन सकिने हुनाले ऋण रकमको दुरूपयोग हुन सक्छ। यसबाट अर्थव्यवस्थामा विकृतिहरू उत्पन्न हुनेछन्।

(२) **नियमित व्ययका लागि ऋण लिन नहुनेः** सरकारले नियमित व्ययका लागि ऋण लिन हुँदैन। नियमित व्यय भन्नाले सरकारी प्रशासन सञ्चालनका लागि आवश्यक व्यय रकमलाई जनाउँछ। राजस्वबाट सङ्कलित रकमले नै नियमित व्यय धान्न सक्नुपर्छ। राजस्वबाट सङ्कलित रकम विकास व्ययका लागि पर्याप्त नभएमा मात्र ऋण स्रोत अपनाउनुपर्दछ।

(३) **चाँडो फिर्ता भुक्तानीः** सार्वजनिक ऋण सकेसम्म चाँडो फिर्ता भुक्तानी गर्नुपर्दछ। सरकारले ऋण उठाउँदा जनक्षेत्रबाट सरकारी क्षेत्रमा साधन खिचिने हुनाले जनताले सो रकम उपयोग गर्ने अवसर गुमाउँछन्। जनउपयोग कटौती हुँदा अर्थव्यवस्थामा विकृतिहरू सिर्जना हुन्छन्। तसर्थ, ऋण रकम चाँडो फिर्ता भुक्तानी गर्दा जनताले गुमेको अवसर फेरि प्राप्त गर्छन्।

(ख) **किनिसियन दृष्टिकोण (Keynesian view):** सार्वजनिक ऋणबारे लर्ड किन्सले सकारात्मक एवं सन्तुलित सिद्धान्त प्रतिपादन गरेका छन्। लर्ड किन्सले प्रतिपादन गरेको सिद्धान्तअनुसार, साधन परिचालनका लागि सरकारले ऋण उठाउने वित्तीय उपाय अपनाउनुपर्दछ।

(ग) **आधुनिक दृष्टिकोण (Modern view):** किन्सपछिका विभिन्न अर्थशास्त्रीहरूले सार्वजनिक ऋणबारे परिमार्जित सिद्धान्त प्रतिपादन गरेका छन्। यसलाई आधुनिक दृष्टिकोण भन्ने गरिन्छ। यसका प्रमुख विशेषताहरू निम्नलिखित छन्:

(१) **जनकल्याणका लागि ऋणः** आधुनिक राज्य व्यवस्थालाई जनकल्याणकारी राज्य व्यवस्था भनिन्छ। जनकल्याण अभिवृद्धि गर्ने कामका लागि ऋण लिनु उचित छ। सरकारको सक्रियताबिना जनकल्याण अभिवृद्धि हुन सक्तैन।

(२) **तेजी तथा मन्दी नियन्त्रणः** तेजी तथा मन्दी नियन्त्रण गर्नका लागि सरकारले ऋण लिनुपर्छ। अत्यधिक मूल्य ह्रास भई मन्दीको स्थिति उत्पन्न भएको बेला सरकारले वित्तीय संस्थानहरूबाट र वैदेशिक स्रोतहरूबाट ऋण लिनुपर्दछ।

(३) **विकास वित्त परिचालनः** विकास वित्त परिचालन गर्नका लागि सरकारले ऋण लिनुपर्छ। विकासोन्मुख देशहरूमा विकास कार्यक्रमहरू सञ्चालन गरिन्छन्।

(क) **The General Theroy:** सार्वजनिक ऋणले अर्थतन्त्रमा रहेको निष्क्रिय बचत परिचालन हुने र यसले समग्र माग बढाउन मद्दत गर्दछ।

(ख) **Neo Classical Theory:** सार्वजनिक ऋण र आर्थिक वृद्धिबिचमा व्युत्क्रमानुपातिक सम्बन्ध रहेको हुँदा ऋण परिचालन गर्दा पुँजी निर्माण, उत्पादनका साधनहरूः जस्तै; Land, Labor, Capital, Organization & Technology मा गर्नुपर्दछ।

(ग) **Keynesian Theory:** आर्थिक सङ्कटको समयमा सार्वजनिक ऋणको उपयोग गरी सरकारले लगानी वृद्धि गर्नुपर्दछ। यसले अर्थतन्त्रमा आर्थिक क्रियाकलापमा वृद्धि ल्याउने, रोजगारी सिर्जना र आय आर्जन वृद्धिका लागि सार्वजनिक ऋण आवश्यक पर्दछ।

(घ) **Recardian Balanced Theory:** सार्वजनिक ऋणले निजी पुँजी परिचालन निरुत्साहित गर्दै अर्थतन्त्रको वृद्धि र विकास रोक्ने हुँदा सरकारले आकस्मिक अवस्थामा बाहेक अन्य अवस्थामा प्रयोग गर्नुहुँदैन।

(ङ) **Macroeconomic Imbalanced Theory:** सार्वजनिक ऋणले मुद्रास्फीति बढाउने, निजी क्षेत्रको लगानी साँघुरिने, मुद्रा विनिमयदर र भुक्तानी सन्तुलनमा असर गर्ने, मुलुक ऋणको पासोमा पर्न सक्ने र यसले समष्टिगत अर्थतन्त्रमा असन्तुलन कायम गर्न सक्छ।

(च) **Economic Growth Theory:** सार्वजनिक ऋणले पूर्वाधार निर्माण, मानव पुँजी निर्माण र अध्ययन तथा अनुसन्धानमा लगानी बढ्न गई आर्थिक वृद्धिमा सहयोग गर्दछ।

(छ) सार्वजनिक ऋण परिचालनबाट ऋण लिने पुस्ताको उपभोग क्षमतामा वृद्धि भई आर्थिक वृद्धिदरमा सकारात्मक प्रभाव पर्ने भए तापनि ऋण भुक्तानी गर्नुपर्ने पुस्ताको लागि नकारात्मक प्रभाव पार्न सक्ने यस सिद्धान्तले मान्यता राख्दछ।

सार्वजनिक ऋणका निर्धारक तत्त्वहरू

सार्वजनिक ऋण मुलुकले कति परिचालन गर्ने, अन्तरपुस्ता दायित्व कति हस्तान्तरण गर्ने, आर्थिक वृद्धि र विकासको गतिबिचमा सन्तुलन कायम गर्न स्रोतको व्यवस्थापन कसरी मिलाउने तथा निजी क्षेत्रको स्रोत परिचालनमा विस्तार वा सङ्कुचन कति लिने र बजेटको आकार कति बढाउने जस्ता तत्त्वहरूले निर्धारण गर्दछ। नेपालको अर्थतन्त्रमा सार्वजनिक ऋण निर्धारणका तत्त्वहरू देहायअनुसार रहेको पाइन्छ।

(क) सरकारको आर्थिक नीतिको सोच, (ख) निजी क्षेत्रको सक्षमताको अवस्था, (ग) सार्वजनिक खर्चको अवस्था, (घ) मुद्रा बजारको आवश्यकता, (ङ) राजस्वले खर्च धान्न सक्ने क्षमता, (च) राज्यको दीर्घकालीन लक्ष्य र समकालीन परिस्थिति, (छ) सङ्कट, युद्ध वा संक्रमणकाल, (ज) विकास, आन्तरिक सुरक्षा र प्रतिरक्षा, (झ) आर्थिक वृद्धि, आर्थिक विकास, राष्ट्रिय पुँजी निर्माण, उत्पादन, आयआर्जन वृद्धि र रोजगारी अवस्था।

खर्च सञ्चालनको लागि पर्याप्त बजेट नभएपछि सरकारले ऋण उठाएर खर्च गरिरहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार २०८१ साउन र भदौमा सरकारले १ खर्ब ४ अर्ब ५ करोड रूपैयाँ ऋण लिएको छ। जसमा आन्तरिकतर्फ ९० अर्ब रूपैयाँ वैदेशिकतर्फ १४ अर्ब ५ करोड रुपैयाँ छ। बजेट स्रोतको रूपमा सार्वजनिक ऋणको हिस्सा राखिने र सरकारले त्यसलाई प्राप्त गर्दै आफ्नो खर्चभार अगाडि

बढाउने गर्छ। हाम्रो जस्तो विकासशील र अल्पविकसित देशहरूमा विकास बजेटको माग बढी हुने तर त्यसका लागि स्रोत कम हुने हुँदा घाटाको बजेट ल्याइन्छ। घाटा बजेट व्यवस्थापन गर्न वैदेशिक सहयोग एवं ऋण र आन्तरिक ऋणजस्ता उपकरणको भर पर्नुपर्ने विज्ञहरू बताउँछन्। अर्कोतर्फ चालु खर्चका लागि आन्तरिक स्रोत परिचालन गरे तापनि विकास खर्चका लागि भने सार्वजनिक ऋण आवश्यक रहेको उनीहरूको भनाइ छ।

आर्थिक वर्ष २०७२।७३ र आर्थिक वर्ष २०८१।८२ बिचको तुलनामा औद्योगिक क्षेत्रमा थप दुई क्षेत्रको उदय पनि भयो। यसबिच सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगहरू दर्ता भएर सञ्चालनमा आए। साथै, नेपालमै सम्भावनामा रहेका खनिज उद्योगहरू दर्ता भए। ६ वटा (कृषि तथा वन पैदावारमा आधारित, पूर्वाधार, ऊर्जामूलक, उत्पादनमूलक, सेवामूलक र पर्यटनमूलक) क्षेत्रमा रहेको औद्योगिक क्षेत्रमा हाल दुइटा थपिएर ८ वटा पुगेका छन्। आर्थिक वर्ष २०७२।७३ मा कुल ४ सय ८ उद्योग दर्ता हुँदा १८ हजार ७३७ लाई रोजगारी सिर्जना गर्न सकेको थियो। तर, १० वर्षको अन्तरमा उद्योगहरू थपिएर १ हजार १४७ दर्ता भएका छन्। यसले ६ लाख ८३ हजार ११ लाई रोजगारी दिन सक्ने क्षमता विकास गरेको छ। दशक अघि नभएका तर हाल सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगहरू मात्रै ११२ वटा दर्ता भएका छन्। उक्त उद्योगहरूबाट प्रस्ताव भएअनुसार ६ हजार ९०७ लाई रोजगारी दिने क्षमता बनाएको छ। यसको कुल पुँजी मात्र ८ अर्ब ९२ करोड ९८ लाख रुपैयाँ बराबरको छ। खनिज उद्योगहरू पनि हाल ७६ वटा दर्ता भएका छन्। जसले ७ हजार ५६० लाई रोजगारी दिने सो उद्योगहरूले दाबी गरेका छन्। यसैगरी, कृषि तथा वन पैदावारमा आधारित उद्योगहरू हाल ५३३ वटा छन्, जसले ४० हजार १०९ जनालाई रोजगारी दिएको छ। जबकी २०७२ तिर यस्ता उद्योग २८ वटा मात्रै थियो र १ हजार ३८ लाई रोजगारी दिएको थियो। यसैगरी, हालसम्म पूर्वाधार क्षेत्रसँग सम्बन्धित ७९ वटा उद्योग दर्ता छन् जसले ४ हजार ४३२ रोजगार प्रस्ताव गरेका छन्। दश वर्षअघि सो क्षेत्रमा एउटा मात्रै पूर्वाधारको उद्योग थियो, जसले ८१ जनालाई रोजगारी दिने क्षमता राखेको थियो। यसैगरी, हालसम्म ऊर्जामूलक उद्योग ५५१ दर्ता गरेकोले ४१ हजार ४९४ रोजगारी सिर्जना गर्नसक्ने बताएका छन्।

तर, यसअघि २०७२ तीर यस्तो खालको १५ वटा मात्रै उद्योग दर्ता भएको थियो, जसमा ६७८ जनालाई रोजगारी दिने क्षमता थियो। यस्तै, हालसम्म उत्पादनमूलक उद्योग ३ हजार ४०१ वटा दर्ता भएकोमा ३ लाख ५८ हजार ६६९ जनालाई रोजगारी सिर्जना गर्ने क्षमता बनाएको छ। हिजो दशकअघि यस्ता उद्योग १३५ मात्रै दर्ता भएका थिए र ८ हजार ७७९ लाई मात्र रोजगारी दिन सकेका थिए। यससँगै, हालसम्म २ हजार १३ वटा सेवामूलक उद्योग दर्ता भएका छन्। यसले १ लाख ३९ हजार ६४९ लाई रोजगारी सिर्जना गरेको छ। तर, उद्योग विभागका अनुसार यस्ता उद्योग ११७ मात्रै दर्ता हुँदा ४ हजार ३७६ लाई रोजगारी दिएको थियो। यसैगरी नेपालमा धेरै सम्भावना रहेको र सावित पनि भएको पर्यटनमूलक उद्योगहरू हालसम्म २ हजार १३ वटा दर्ता भएका छन्। जसले, ८४ हजार १ सय ९१ लाई रोजगारी सिर्जना गर्न सफल भएको छ। तर, आर्थिक वर्ष २०७२।७३ मा ११२ वटा पर्यटनमूलक उद्योग मात्रै दर्ता भएका थिए, जसले ३ हजार ७८५ सङ्ख्यामा रोजगारी प्रदान गरेको थियो।

आर्थिक सर्वेक्षणका अनुसार आर्थिक वर्ष २०८०।८१ को लागि सरकारले कुल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएकोमा असार मसान्तसम्ममा कुल १४ खर्ब ८ अर्ब ७६ करोड ४५ लाख बराबर मात्रै खर्च भएको छ, जसमध्ये चालु शीर्षकमा ९ खर्ब ५२ अर्ब ४१ करोड ५१ लाख र

पुँजीगत शीर्षकमा १ खर्ब ९१ अर्ब ७१ करोड ७५ लाख वास्तविक खर्च भएको छ। जबकि वित्तीय व्यवस्थाअन्तर्गत २ खर्ब ४ अर्ब ६३ करोड १६ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कले देखाउँदछ। यसरी हेर्दा वास्तविक रूपमा खर्च भएको कुल बजेटमा पुँजीगत खर्च १३.६० प्रतिशत रहेको छ भने वित्तीय व्यवस्थापन खर्च १८.७० प्रतिशत हुन आउँछ। यस प्रकार वित्तीय व्यवस्थापन खर्चले मुलुकको पुँजीगत खर्चलाई समेत उछिनेको छ, जुन नेपालको अर्थतन्त्रका लागि शुभ सङ्केत होइन।

गत आर्थिक वर्ष २०८०।८१ मा मात्रै सरकारले ३ खर्ब ५८ अर्ब २ करोड ९५ लाख ऋण लिएको थियो। यसबाट आर्थिक वर्षको अन्त्यसँगै नेपालको कुल सार्वजनिक ऋण २४ खर्ब ३३ अर्ब २३ करोड ९४ लाख पुगेको छ। यसमा ४८.५३ प्रतिशत आन्तरिक र बाँकी ५१.४७ प्रतिशत बाह्य ऋणको अंश रहेको छ। कुल गार्हस्थ उत्पादनका आधारमा हेर्ने हो भने कुल सार्वजनिक ऋण ४२.६५ प्रतिशत हुन आउँछ। यद्यपि सन् २००१ मा यस्तो प्रतिशत ९९.५ पुगेको थियो। कुल गार्हस्थ उत्पादनमा सार्वजनिक ऋणको अंश कति हुने भन्ने सन्दर्भमा यति नै भनी यकिनका साथ भन्न त सकिदैन, तर अर्थशास्त्रीहरूको मतमा यस्तो रकम ८० प्रतिशतभन्दा बढी हुनुहुँदैन। सन् २०२२ मा श्रीलंकाको सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको १२२ प्रतिशत पुगेको थियो जसले गर्दा श्रीलंका ऋणको पासोमा पर्न गयो। यसबाट पनि सार्वजनिक ऋणलाई उचित आकारमा राख्नु जरुरी हुन्छ भन्ने कुरा प्रस्ट पार्छ।

तालिका नं.१

भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा साँवा फिर्ता र ब्याज खर्च

(रु.करोडमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म	
	२०७८।७९	२०७९।८०	२०८०।८१	२०७९।८०	२०८०।८१
भुक्तानी गर्न बाँकी ऋणको विवरण					
खुद वैदेशिक ऋण	९३४६९.५	१०२५८४.७	११७०२४.८७	१०६९७८.३	१२०२७३.७७
खुद आन्तरिक ऋण	८०२९४.२	९८७४४.९	११२५१८.८२	१०१०२७.८	११८५५२.६६
कुल सार्वजनिक ऋण	१७३७६३.७	२०१३२९.६	२२९५४३.६९	२०८००६	२३८८२६.४३
साँवा फिर्ताको खर्चको विवरण					
वैदेशिक ऋण	२३२६.९	२९४१.६	३४६१.७९	१८८१.६	२३०६.७५
आन्तरिक ऋण	३६९०.१	४७३३.८	११५०९.४८	६२१७.२	१०२९७.१६
जम्मा साँवा फिर्ता खर्च	६०१७	७६७५.४	१४९७१.२७	८०९८.८	१२६०३.९१
ब्याज खर्चको विवरण					
वैदेशिक ऋण	६२७.५	७५४.१	८२६.२९	५३२.९	५७९.९९
आन्तरिक ऋण	२८५६.८	३७६८.५	६४५१.७	३५३४.९	४३६७.५८
जम्मा ब्याज खर्च	३४८४.३	४५२२.६	७२७८.०२	४०६७.८	४९४७.५७
ऋण सेवा खर्च (साँवा र ब्याज)	९५०१.२	१२१९८	२२२४९.२९	१२१६६.६	१७५५१.४८
सङ्घीय खर्चमा ऋण भुक्तानी खर्च (प्रतिशतमा)	७.९	९.३	१५.७	१५.६	२१.९

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०, आर्थिक सर्वेक्षण २०८०।८१, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौँ, नेपाल, पेज नं. ५९–६०

पछिल्लो तथ्याङ्कले प्रत्येक नेपालीको भागमा रु.८३ हजार ४३१ रूपैयाँ सार्वजनिक ऋण पुगेको देखाएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार अहिलेको ऋणलाई देशको कुल जनसङ्ख्याले भाग गर्दा यस्तो रकम आएको हो। हाल नेपालको कुल सार्वजनिक ऋण रु.२४ खर्ब ३३

अर्ब २३ करोड ९४ लाख पुगेको छ। यो तथ्याङ्क २०८१ असार मसान्तको हो। यसरी ऋण बढ्दै गर्दा त्यसको साँवा–ब्याज भुक्तानी व्यवस्थापन गर्न राज्यलाई सकस हुँदै जाने कुरा चिन्ताको विषय बनेको छ।

तीव्र विकासको लक्ष्यलाई भेट्न स्वदेशी पुँजी र स्रोतले नपुग भएको अवस्थामा सार्वजनिक ऋण लिने अन्तर्राष्ट्रिय अभ्यास छ। तर, पछिल्लो समय सार्वजनिक ऋण तीव्ररूपमा बढ्दै गएको तर बजेटमा पुँजीगत खर्चको अंश घट्दै गएकाले बढ्दो सार्वजनिक ऋणको उपयोगितामाथि प्रश्न गरिँदै आइएको छ। खासमा पुँजीगत खर्चको अंश घट्दै जानु, चालु खर्च बढ्दै जानु र राजस्व सङ्कलन लक्षित मात्रामा हुन नसक्नुले सार्वजनिक ऋण बाध्यता बन्दै गएको देखिन्छ, जुन कुरा मुलुकको अर्थतन्त्रको स्थायित्वका सन्दर्भमा चुनौतीको विषय हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०७९।८० मा कुल सार्वजनिक ऋण रु.२२ खर्ब ९९ अर्ब रहेकामा आर्थिक वर्ष २०८०।८१ मा रु.१ खर्ब ३४ अर्ब ६८ करोड ४१ लाख थप भएको छ। यससँगै मुलुकको कुल ऋण रु.२४ खर्ब ३३ अर्ब २३ करोड ९४ लाख पुगेको हो। यसलाई वर्षमा हिसाब गर्दा साढे तीन खर्ब पुगेको देखिन्छ। ऋण व्यवस्थापन कार्यालयका अनुसार नै गत जेठ महिनाको तुलनामा कुल सार्वजनिक ऋण रु.३२ अर्ब ८९ करोड ५८ लाख थप हुन गएको छ। गत वर्षको साउनदेखि असार मसान्तसम्ममा रु.१ खर्ब ३४ अर्ब ऋण थपिएर यस्तो ऋण रु.२४ खर्ब ३३ अर्ब पुगेको हो। ऋण व्यवस्थापन कार्यालयका अनुसार देशको ऋणको अङ्क कुल गार्हस्थ उत्पादनका आधारमा ४२.६५ प्रतिशतमा छ। विज्ञहरूका अनुसार कुल गार्हस्थ उत्पादनको ४३ प्रतिशतसम्मलाई खराब मान्नुहुँदैन। उल्लिखित ऋणको अङ्क सीमाभित्र नै रहेको अवस्था हो तर जसरी साधारण खर्च धान्न समेत ऋण लिने प्रचलन बढिरहेको छ छिटै नै गार्हस्थ उत्पादनको ४३ प्रतिशत भनिएको सीमा नाघ्न सक्छ। उक्त कार्यालयका अनुसार यतिबेलासम्म कुल आन्तरिक ऋण रु.११ खर्ब ८० अर्ब ९० करोड रुपैयाँ रहेको छ भने बाह्य ऋण रु.१२ खर्ब ५२ अर्ब ३३ करोड रुपैयाँ बराबर रहेको छ। अघिल्लो असार मसान्तसम्म आन्तरिक ऋण रु.११ खर्ब २९ अर्ब १० करोड र बाह्य ऋण ११ खर्ब ७० अर्ब २४ करोड रुपैयाँ रहेको थियो। गएको वर्ष देशको कुल बजेट साढे १७ खर्बको थियो। तर यता ऋण भने साढे तीन खर्ब थियो। यसले ऋण लिन उत्साह बढेको देखाउँछ। यति ठुलो अङ्कको ऋण कहाँ खर्च भयो र त्यसले के आम्दानी गऱ्यो भन्ने चाहिँ कतै उल्लेख छैन।

आन्तरिकतर्फ सरकारले रु.११ खर्ब ८० अर्ब ९० करोड ऋण लिएकोमा रु.४ खर्ब तीन अर्ब ६९ करोड ट्रेजरी बिल्समार्फत उठाएको छ। विकास ऋणपत्रमार्फत रु.७ खर्ब ६१ अर्ब ९४ करोड, नागरिक बचतपत्रमार्फत रु.११ अर्ब १२ करोड, वैदेशिक रोजगार बचतपत्रमार्फत रु.२२ करोड र आइएमएफ बन्डमार्फत रु.३ अर्ब ९१ करोड ऋण सरकारले लिएको देखिन्छ। ऋणको आकार बढ्दै गएकाले नियमित भुक्तानीका लागि राज्यकोषमा चाप बढ्न थालेको छ। गत आर्थिक वर्षमा मात्रै सरकारले रु.२५ अर्ब ७३ करोड रुपैयाँ ऋण चुक्ता गर्न खर्चेको थियो। यसमध्ये रु.४ अर्ब ७३ करोड रुपैयाँ विदेशी र रु.२१ अर्ब आन्तरिक ऋणको साँवा ब्याजबापत भुक्तानी गरिएको छ। राजस्वले खर्च धान्न सक्ने अवस्थामा ऋण लिनु स्वाभाविक भए पनि ऋणको उपयोगिता भने हुनुपर्ने अर्थशास्त्रीको भनाइ छ।

ऋण लिएर पनि त्यसको सदुपयोग भएको विषयमा अध्ययन नभएको अर्थशास्त्रीले बताएका छन्। कुनै पनि देशको राजस्वले धान्न नसक्ने अवस्थामा ऋण लिने गर्छन्। नेपाल जस्तो अति कम विकसित देशमा त ऋण नलिई स्रोतको आवश्यकता परिपूर्ति गर्न नसक्ने स्थिति छ। विकास गर्न ऋण उठाउनुपर्ने

हुन्छ। तर, यसरी लिएको ऋणको सदुपयोग भयो कि फजुलमा खर्च हुन जाने गरेको छ भन्नेबारे अध्ययन भने हुन सकेको छैन।

आर्थिक वर्ष २०८०।८१ को दश महिनामा कुल आन्तरिक कर्जा २.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ५.७ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ बैशाख मसान्तमा यस्तो कर्जा ५.९ प्रतिशतले बढेको छ। समीक्षा अवधि आर्थिक वर्ष २०८०।८१ मा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी १२.० प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १३.१ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ वैशाख मसान्तमा यस्तो दाबी ५.४ प्रतिशतले बढेको छ। यस अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ५.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा पनि यस्तो दाबी ४.७ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ बैशाख मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ५.६ प्रतिशतले बढेको छ।

चालु वर्ष २०८१।८२ का लागि सरकारले रु.१८ खर्ब ६० अर्ब ३० करोड विनियोजन गरेको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु.११ खर्ब ४० अर्ब ६६ करोड अर्थात् ६१.३१ प्रतिशत, पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड अर्थात् १८.९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ६७ अर्ब २८ करोड अर्थात् १९.७४ प्रतिशत छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु.१२ खर्ब ६० अर्ब ३० करोड र वैदेशिक अनुदानबाट रु.५२ अर्ब ३३ करोड बेहोर्दा रु.५ खर्ब ४७ अर्ब ६७ करोड न्यून हुने ब्यहोरा बजेट वक्तव्यमा उल्लेख छ। सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रु.२ खर्ब १७ अर्ब ६७ करोड जुटाइनेछ। राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद रु.३ खर्ब ३० अर्ब आन्तरिक ऋणबाट बेहोरिनेछ।

आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा विकास सहायता परिचालनको उद्देश्य तथा नीति राखिएको छ। विकसित अन्तर्राष्ट्रिय परिदृश्य र प्राप्त अनुभवका आधारमा नयाँ विकास सहायता नीति तर्जुमा गरिने कार्यक्रम राखिएको छ। व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान र सहुलियतपूर्ण ऋण सहायतालाई मिश्रित गरी सम्मिश्रित वित्त विधिमा विकास सहायता परिचालन गर्ने प्रबन्ध गरिने नीति लिइएको छ। विकास सहायताको उपयोग क्षमता बढाउन प्रोजेक्ट रेडिनेस फिल्टरको उपयोग गरिने कार्यक्रम राखिएको छ। विकास सहायताका आयोजना सम्झौता गर्दा नै आयोजना कार्यान्वयन कार्ययोजना समावेश गर्नुपर्ने व्यवस्था मिलाइने नीति लिइएको छ। गुणस्तरीय र प्रतिस्पर्धी आयोजना विकास गरी अनुकूलन एवं जलवायु कोष तथा सुविधामा पहुँच अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ। वातावरणीय न्यायको सिद्धान्तअनुरूप अधिकारमुखी अवधारणामा उपलब्ध हानि तथा क्षति कोषलगायतका सबै जलवायु कोष तथा सुविधामा पहुँच स्थापित गरी सहायता परिचालन गरिने कार्यक्रम राखिएको छ।

सोह्रौं योजना आर्थिक वर्ष (२०८१।८२–२०८५।८६) मा सार्वजनिक ऋणको विकास कार्यक्रम र नीति

- **वित्तीय स्रोत व्यवस्थापन कार्यक्रमः** पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारीका आयामहरू ख्याल गर्दै वित्तीय स्रोत जुटाउनका लागि आवश्यकतानुसार नवप्रवर्तनकारी बिल मोडल, हाइब्रिड एन्युटी मोडल निर्माण सञ्चालन र हस्तान्तरण मोडल, इन्जिनियरिङ खरिद तथा निर्माण (ईपीसी) मोडललगायतका विधिहरूको प्रयोग गर्नका लागि विद्यमान कानुनी व्यवस्थामा संशोधन तथा अन्य क्षेत्रगत कानुनहरूसँग

सामञ्जस्यता कायम गर्ने, जीर्ण पुलहरूको पुनर्निर्माण गर्न आवश्यक पर्ने दीर्घकालीन स्रोतको व्यवस्था गर्नका लागि सडक शुल्कको प्रभावकारी कार्यान्वयन गर्ने।

- **राजस्वको दायरा विस्तार गर्नेः** कर प्रस्ताव विधेयक मार्फत कर निर्धारण प्रणालीलाई संसदको छलफलको विषय बनाउने, करको दररेट कायम गर्ने र कर छुट दिने अधिकार ब्यवस्थित गर्न राजस्वका स्रोत र दरहरूको पुनर्संरचना गर्ने, कर अन्तर भएका क्षेत्र र क्रियाकलाप केन्द्रित कर परीक्षण र अनुसन्धान गर्ने, कराधार संरक्षण एवं अर्थतन्त्रको लागत कम गर्ने तथा दक्षता वृद्धि गराउने गरी कर कानुनहरूको पुनरावलोकन र अवलम्बन गर्ने, राजस्व चुहावट नियन्त्रण, कर परिपालना अभिवृद्धि र राजस्वका नयाँ आधारहरूको पहिचान तथा विस्तार गर्ने, विद्युतीय कारोबारमार्फत औपचारिक अर्थतन्त्रको विकास तथा कर सचेतना अभिवृद्धि गर्दै राजस्वको दायरा विस्तार गर्ने।
- **विनियोजन कुशलता र खर्च प्रभावकारिता अभिवृद्धि गर्नेः** स्रोत अनुमानको अनुसन्धान, प्रमाण र जवाफदेहीता पुष्टि गर्ने संयन्त्रको विकास गर्ने, अनिवार्य र आकस्मिक दायित्वको सार्वजनिक खर्चलाई दिगो र धान्न सकिने बनाउन योगदानमूलक साझेदारी तथा सहभागितामा आधारित खर्च प्रणाली अवलम्बन गर्ने।
- **अन्तर्राष्ट्रिय वित्त उपयोग क्षमता अभिवृद्धि र नयाँ उपकरणको परिचालन गर्नेः** पूर्व तयारी सम्पन्न भएका उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रममा विकास सहायता परिचालन गर्ने, हरित बण्डलगायतका अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरणहरू परिचालन गर्ने, स्थानीय मुद्रा अङ्कित बन्ड जारी गर्ने, जलवायुसम्बन्धी वित्तको परिचालन गर्न जिम्मेवार निकाय तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, आयोजना विशेष विकास सहायतालाई प्राथमिकता दिई विकास सहायताको उपयोग र प्रशोचन क्षमता अभिवृद्धि गर्ने।
- **सार्वजनिक ऋणको उत्पादनमूलक उपयोग गर्नेः** लागत–लाभ विश्लेषणका आधारमा सार्वजनिक ऋण परिचालनलाई सम्भाव्य र प्रतिफलमूलक आयोजनामा मात्र केन्द्रित गरी दीर्घकालीन पुँजी निर्माण गर्ने, बजेट सहायताको स्वरूपमा नभई आयोजना विशेष विकास ऋण पत्र जारी गरी आन्तरिक ऋण परिचालन गर्ने, आन्तरिक ऋणतर्फ अल्पकालीन र दीर्घकालीन ऋणको सन्तुलन मिलाउने।
- **सबल र उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापनको प्रवर्धन गर्नेः** सार्वजनिक वित्त व्यवस्थापनलाई सबल र प्रभावकारी बनाउन निरन्तर सुधार योजना कार्यान्वयन गरी वित्तीय लगानी, कार्यकुशलता अभिवृद्धि, आकस्मिक दायित्व व्यवस्थापन गर्ने, गैरबजेटरी निकायहरूको वित्तीय अनुशासनको अनुगमन र वित्तीय प्रतिवेदन गर्ने; जोखिम–बहन गर्न सक्ने सामर्थ्य आकलन गरी सार्वभौम प्रत्याभूति प्रदान गर्ने।
- **अन्तरसरकारी वित्तको प्रभावकारिता अभिवृद्धि गर्नेः** अन्तरसरकारी वित्त हस्तान्तरणलाई वैज्ञानिक, पारदर्शी र उत्तरदायी बनाइ प्रदेश र स्थानीय तहको वित्तीय अन्तरलाई सम्बोधन गर्ने, प्राकृतिक स्रोतमा लगानी र उपयोगको उचित ढाँचा तयार गरी कार्यान्वयन गर्ने, तहगत सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि गरी अन्तर–सरकारी वित्तको प्रभावकारिता वृद्धि गर्ने।

सार्वजनिक ऋण व्यवस्थापनका मूलभूत चुनौतीहरू

- न्यून बीजकीकरणको समस्यालाई निराकरण गरी भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउनु र सीमा नाकामा हुने चोरी पैठारी तथा चोरी निकासी नियन्त्रण गर्नु, दक्ष, व्यवसायिक र स्वच्छ राजस्व प्रशासनको विकास, सूचना प्रविधिको प्रयोग, कर कानुनको परिपालनामार्फत कर सहभागिता वृद्धि गर्नु र राजस्व चुहावट नियन्त्रण गर्नु, दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट तथा कार्यक्रम बिचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउनु।

- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, रुख कटानको सुनिश्चित भएपछि मात्रै ठेक्का बन्दोबस्त गर्नु र आयोजना छनौटमा गुणस्तरीयता कायम गर्नु, आयोजना कार्यान्वयनको प्राविधिक तथा प्रशासनिक क्षमता अभिवृद्धि गर्नु, आर्थिक वर्षको सुरुदेखि नै बजेट कार्यान्वयन गरी लक्ष्यअनुसार खर्च गर्नु, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदात्वि ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रभावकारी रूपमा कार्यान्वयन गरी आर्थिक तथा वित्तीय अनुशासन कायम गर्नु।
- नतिजामुखी अनुगमन मूल्याङ्कन पद्धतिको प्रयोग नियमित गरी अनुगमन र मूल्याङ्कनबाट औंल्याइएका सुझावको कार्यान्वयन गर्नु, विकास सहायतालाई राष्ट्रिय प्राथमिकता र आवश्यकताअनुसार परिचालन गर्नु, सार्वजनिक ऋणको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु।
- अभिलेख व्यवस्थापनलाई पूर्णरूपमा कम्प्युटरकृत तथा Networking base मा लैजान नसक्नु, ऐन, नियम र नीतिहरू समय सापेक्षरूपमा परिवर्तन र परिमार्जन हुन नसक्नु, वैदेशिक ऋण परिचालन र उपयोगमा सरकारको निर्णायक क्षमता कमजोर रहनु।
- सम्पूर्ण वैदेशिक ऋण बजेटमार्फत परिचालन हुन नसक्नु, सहायता व्यवस्थापनमा दातृपक्ष सरकार तथा सम्बद्ध पक्षहरूबिच उचित सामन्जस्य र समन्वयको अभाव, कुल ऋण दायित्वमा वैदेशिक ऋणको अंश उच्च रही विदेशी विनिमयसम्बन्धी जोखिम रहनु।
- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी स्पष्ट रणनीति नहुनु, सार्वजनिक ऋण व्यवस्थापन नियमावली तर्जुमा हुन नसक्नु, वैदेशिक ऋणसँगै सर्त पनि जोडिएर आउँदा ऋणलाई प्राथमिकताका क्षेत्रमा लगानी गर्न नसकिनु, सङ्घीय संरचनाअनुसार प्रदेश र स्थानीय तहले आन्तरिक ऋण परिचालन गर्न नसक्नु, आन्तरिक ऋण परिचालनका लागि उपकरणसम्बन्धी जनचेतनाको कमी हुनु।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको क्षमता विकासका लागि स्रोत साधनको कमी हुनु, आन्तरिक तथा बाह्य ऋणको एकीकृत उपलब्धि विश्लेषण नहुनु, सार्वजनिक ऋणसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने।
- सार्वजनिक ऋण व्यवस्थापन ऐनको कार्यान्वयनका लागि सार्वजनिक ऋण व्यवस्थापन नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने, सार्वजनिक ऋणको लगानीका लागि उच्च प्रतिफल हुने प्राथमिकताका क्षेत्रको पहिचान गरी ती क्षेत्रमा मात्र ऋण परिचालन गर्नुपर्ने।
- आन्तरिक ऋण परिचालनका उपकरणको जनचेतना बढाउनुपर्ने जस्तैः वैदेशिक रोजगार बचतपत्र, सार्वजनिक ऋण लगानीको सीमा तोक्ने र यसको दिगोपनाको अध्ययन र प्रक्षेपण गर्नुपर्ने।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको क्षमता विकास गर्नुपर्ने, ऋण परिचालन र उपयोग क्षमता बढाउनुपर्ने, वैदेशिक ऋणसम्बन्धी वार्ता र सम्झौता गर्दा खर्च गर्न सक्ने क्षमतालाई मध्यनजर राखी सम्झौता र तत्सम्बन्धी सर्त निर्धारण गर्नुपर्ने, प्रतिबद्धताप्राप्त द्विपक्षीय/बहुपक्षीय ऋण प्राप्ति र सोधभर्ना समयमै लिनुपर्ने।

ऋण व्यवस्थापनलाई प्रभावकारी बनाउने सुझावहरू

- आन्तरिक ऋणको सीमा समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल प्रभाव नपार्ने तथा अर्थतन्त्रमा विद्यमान तरलता र बचतलाई प्रोत्साहन गर्ने गरी निर्धारण गरिनुपर्दछ। यसका लागि सरकारको खर्च, आम्दानी र कुल गार्हस्थ उत्पादनको स्तर, घाटा वित्तको स्थिति आदिको अध्ययन विश्लेषणका आधारमा Indicator बनाइ सोहीअनुरूप पूर्वानुमान गर्नुपर्दछ। यसलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ।
- आन्तरिक ऋणको कुल गाहृस्थ्य उत्पादनसँगको अनुपात सामान्यरूपमा कमी आएको भए तापनि यसको वृद्धिदर उच्च छ। यसले अर्थतन्त्रमा तत्काल असर नगरे तापनि दीर्घकालको लागि भावी पुस्तामा ऋणको भार बढ्दै जाने देखिन्छ। तसर्थ, उत्पादनमूलक क्षेत्र जहाँ सरकारी लगानीको प्रतिफल (Internal Rate of Return) वित्तीय लागत (Borrowing Cost) भन्दा बढी छ, त्यहाँ लगानी गर्नको लागि आवश्यक मात्रामा मात्र ऋण लिनुपर्दछ। केवल वित्तीय घाटा पूरा गर्नका लागि मात्र आन्तरिक ऋण लिनु हुँदैन।
- आन्तरिक ऋणको अनुमान गर्दा वित्तीय स्थिरता, निजी क्षेत्रको लगानीको सम्भाव्यता, आवश्यकता र त्यसबाट प्राप्त हुने प्रतिफल, नगद प्रवाहको प्रवृत्ति र ऋणपत्रको किसिम जस्ता पक्षहरूको विस्तृत विश्लेषण गरिनुपर्दछ।
- वैदेशिक सहायता परिचालन कार्यकुशलता अनुगमनलाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गर्ने, मौद्रिक नीति र सार्वजनिक ऋण व्यवस्थापनबिच अर्थपूर्ण समन्वय हुनुपर्दछ, उच्च प्रतिफल प्राप्त हुने उत्पादनशील क्षेत्र, मानवविकास र अत्यावश्यक पूर्वाधार निर्माणमा मात्र सहुलियतपूर्ण वैदेशिक ऋण परिचालन गरिनुपर्दछ।
- आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धिका क्षेत्रमा लगानी केन्द्रित गरी राजस्व परिचालन बढाउने। राजस्व वृद्धिका लागि राजस्व चुहावट, सम्पत्ति शुद्धीकरण र भ्रष्टाचार नियन्त्रणमा जोड दिने, आर्थिक सम्बन्ध र समन्वय प्रभावकारितामार्फत द्विपक्षीय र बहुपक्षीय सहुलियत पूर्ण ऋण प्राप्तिमा जोड दिने।
- सार्वजनिक ऋणलाई उच्च आर्थिक वृद्धिमा योगदान पुऱ्याउने उत्पादनशील एवं व्यावसायिक क्षेत्रमा लगानी गर्ने, सार्वजनिक ऋणलगायत सार्वजनिक खर्चको व्यवस्थापनमा उच्च आर्थिक अनुशासन र सुशासनको प्रत्याभूति गर्ने, फजुल खर्च नियन्त्रण, गैरजिम्मेवारीपन नियन्त्रण, दोहोरोपना नियन्त्रणका माध्यमबाट सार्वजनिक खर्चको कटौती गरी कम सार्वजनिक ऋण लिने गरि कार्य गर्ने।
- परियोजना व्यवस्थापनलाई चुस्त बनाई परियोजनाको लागत र समय वृद्धि हुन नदिने गरी कार्य गर्ने, चालु खर्च कटौती गर्ने र व्यवस्थापकीय दक्षता बढाउने, चालु खर्चको तुलनामा पुँजीगत र उत्पादनशील खर्च बढाउने।
- स्वाधीन, समुन्नत, समृद्ध आधुनिक अर्थतन्त्रको निर्माण गर्दै समाजवादतर्फको लक्ष्यको आधार प्राप्तिको दिशाउन्मुख हुने गरी सार्वजनिक ऋणलाई परिचालन गर्ने।
- प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनौट गरी आयोजनाको कार्यसम्पादन वृद्धि गर्ने, कार्यसम्पादनसँग आबद्ध प्रोत्साहन प्रणालीको अवलम्बन गरी निश्चित सूचक र मापदण्डको आधारमा आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता गर्ने, ठेक्का सम्झौताको कागज वा अन्तरिम भुक्तानी प्रमाणपत्र वित्त बजारमा धितो राखी निर्माण व्यवसायीले ऋण लिन पाउने व्यवस्था लागु गर्ने, आयोजना कार्यान्वयनलाई पूर्ण रूपमा जवाफदेही र प्रतिबद्ध बनाउने तथा क्षतिपूर्तिको व्यवस्था गर्ने।

- सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने सम्भाव्य आयोजनाको पहिचान गरी कानुनी व्यवस्थामा समयानुकूल पुनरावलोकन गर्ने, निर्माण व्यवसायीको क्षमता मापन गरी क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक–निजी साझेदारीमा प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानीको परिचालन गर्ने।
- स्वेदशी प्राकृतिक स्रोतमा आधारित निर्माण सामग्रीको सहज आपूर्तिको सुनिश्चितता र श्रमिकको दक्षता अभिवृद्धिसहितको सार्वजनिक निजी साझेदारीको प्रवर्धन गर्ने, सार्वजनिक निजी साझेदारीमार्फत निर्माण भएका आयोजना सरकारलाई हस्तान्तरण भएपछि त्यस्तो सम्पत्तिको व्यवस्थापन र सञ्चालन गर्ने गरी क्षमता विकास गर्ने।
- स्रोत प्राप्ति र उपयोगमा आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक कोष, दायित्व, सम्पत्ति, आय र खर्चको प्रोदभावी लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षणको सुदृढीकरण गर्ने, तहगत तथा निकायगत समन्वय र सहकार्यमा एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने।
- तीन तहका सरकार लगायत सम्पूर्ण सरकारको लेखापरीक्षण गरिएको एकीकृत वित्तीय प्रतिवेदन तयार हुनेगरी वित्तीय सूचना प्रणाली विकास गर्ने, प्राप्त हुने नतिजा र सन्तुलित विकासलाई आधार मानी सोअनुरूप निर्देशित हुने।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन र दिगोपनाका लागि सूचना प्रविधिमा आधारित स्थलगत तथा गैर–स्थलगत विधि निरन्तर अवलम्बन गर्ने, सूचना प्रणालीहरू एकीकृत गर्ने र प्रणालीहरूबिच स्वचालित सूचना आदान–प्रदान हुने प्रबन्ध गर्ने।
- चालु खर्चलाई नियन्त्रण गरी पुँजीगत खर्च बढाउने दिशातर्फ सार्वजनिक ऋण परिचालन गर्ने, पुँजीगत खर्चको लागि विनियोजन गरिएको रकम आर्थिक वर्षको सुरुदेखि नै कार्यातालिकासहित समयबद्ध रूपमा खर्च गरी सार्वजनिक ऋणलाई समयबद्ध रूपमा परिचालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रको लगानी निरुत्साहित नहुने गरी परिचालन गर्ने, ठुलो मात्रामा सार्वजनिक ऋण परिचालन गर्दा बजेटको आकार बढ्न गई मूल्य वृद्धि अस्वभाविक रूपमा हुने हुँदा मूल्य वृद्धिलाई सिमाभित्र राख्ने गरी ऋण परिचालन गर्ने।
- उच्च प्रतिफल दिने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा ऋणलाई केन्द्रित गर्ने, सम्भव भएसम्म व्यवसायिक ऋणभन्दा Soft loan परिचालन गर्ने, ऋण परिचालनबाट अर्थतन्त्रका विभिन्न पक्षहरू उत्पादन, उपभोग, रोजगारी आदिमा नकारात्मक असर पर्नेतर्फ सचेत हुने।
- ऋण तिर्न सक्ने क्षमताको विश्लेषण गरी ऋण परिचालन गर्ने, वैदेशिक ऋण परिचालन गर्दा विकास साझेदारका अनावश्यक जटिल शर्तहरू अस्वीकार गर्ने, वैदेशिक ऋण परिचालन गर्दा अर्थतन्त्रको प्रवृत्ति र सम्भावनालाई विश्लेषण गरी विदेशी विनिमय जोखिमलाई समेत ध्यान दिई ऋण परिचालन गर्ने।
- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, सङ्घीय संरचनाबमोजिम ऋण परिचालन गर्न ऐन नियममा पुनरावलोकन गरी कानुनी आधार स्पष्ट गर्ने।
- सरकारी ऋणपत्रमा लगानीकर्ताको आकर्षण बढाउन वित्तीय साक्षरता प्रवर्धन गर्ने प्रोत्साहनको व्यवस्था गर्ने, बाह्य ऋण प्राप्ति गर्दा वार्ता एवं सम्झौताका चरणमा सरोकारवाला निकायको प्रतिनिधित्व अनिवार्य गर्ने, जसमा स्थायी विज्ञको संरचना व्यवस्था मिलाउने।

- कार्यविधिमा सरलीकरण, कर्मचारीको क्षमता विकास, प्रोत्साहन प्रणालीको विकास गरी ऋण उपयोग क्षमता बढाउने, ऋण तिर्न सक्ने क्षमता विकास हुने क्षेत्रमा मात्र ऋण लिई परिचालन गर्ने व्यवस्था मिलाउने, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सुदृढीकरण गरी ऋणको अभिलेख र प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउने।

निष्कर्ष/उपसंहार

गत आर्थिक वर्ष २०८०।८१ देखि वित्तीय व्यवस्थापन शीर्षकको विनियोजनले पुँजीगत खर्चको आकारलाई उछिनेको छ। यो आन्तरिक र बाह्य ऋणमा निरन्तर वृद्धिको उपज भएको अर्थविद्को भनाइ छ। पुँजीगत खर्चको स्तर घटेको र वित्तीय व्यवस्थाका लागि बजेट विनियोजन बढेका बेला बढ्दो ऋण दायित्वले वित्तीय असन्तुलनको खतरा हुने उनीहरूको भनाइ छ। गएको तीन महिनामा पनि उल्लेख्य रूपमा सरकारी ऋणको भुक्तानी भएको छ। यसमध्ये असोजसम्म रु.२९ अर्ब ४३ करोड आन्तरिक रु.५ अर्ब ९३ करोड बाह्य ऋण भुक्तानी भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। तीन महिनामा सात प्रतिशतभन्दा कम खर्च भएको छ। खर्चअनुसार आम्दानी नभएपछि सरकारले ऋण लिएर खर्चको जोहो गर्दै आएको छ। यही कारण सरकारी ऋण बढ्दै गएको छ। असोज मसान्तसम्म सरकारी ऋण रु.२५ खर्ब २३ अर्ब ३ करोड रूपैयाँ पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको तीन महिना (साउनदेखि असोज) सम्म सरकारले रु.१ खर्ब ३६ अर्ब ३१ करोड रुपैयाँ ऋण लिएको छ। यसमा रु.१ खर्ब १५ अर्ब रूपैयाँ आन्तरिक ऋण र रु.२१ अर्ब ३१ करोड रूपैयाँ बाह्य ऋण उठाएको देखिन्छ। बजेटमा नै स्रोतको रूपमा सार्वजनिक ऋणको हिस्सा राखिने हुँदा सरकारले त्यसलाई प्राप्त गर्दै आफ्नो खर्चभार अगाडि बढाउँदै लैजान्छ। हाम्रोजस्तो विकासशील देशमा विकास बजेटको माग बढी हुने तर त्यसका लागि स्रोत कम हुने हुँदा घाटा बजेट ल्याउने गरिन्छ। घाटा बजेट व्यवस्थापन गर्न वैदेशिक सहयोग एवं ऋण र आन्तरिक ऋण उठाउने गरिन्छ। चालु खर्चका लागि आन्तरिक स्रोत परिचालन गरे पनि विकास खर्चका लागि बाह्य स्रोत आवश्यक रहेको विज्ञहरूको भनाइ छ। चालु आर्थिक वर्षको लागि रु.५ खर्ब ४७ अर्ब रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य सरकारले राखेको छ।

बजेटले व्यवस्था गरेअनुरूप स्रोत परिचालन गर्नका लागि सार्वजनिक ऋण लिएको हो भने अर्कोतर्फ कुल गार्हस्थ उत्पादन (जी.डी.पी.) को आधारमा सार्वजनिक ऋण ४४ दशमलव २३ प्रतिशत हुनआएको छ जुन जोखिमपूर्ण नहुने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले जी.डी.पी.मा ५५ प्रतिशतभन्दा बढीको अनुपातलाई मात्र खराब मान्ने हुँदा नेपालको उक्त सार्वजनिक ऋणलाई लिएर समस्या नरहेको देखिन्छ। अर्थतन्त्रलाई स्वःस्फूर्त चलायमान बनाइराख्न, विकास निर्माणका कार्यलाई सुचारू राख्न र आर्थिक सामाजिक दायित्व पूरा गर्न आवश्यक न्यून वित्त परिपूर्ति गर्ने दिशामा सार्वजनिक ऋण परिचालन एक महत्त्वपूर्ण माध्यम मानिने हुँदा नेपालजस्तो मुलुकलाई सार्वजनिक ऋण आवश्यक पर्छ।

कार्यालयका अनुसार सार्वजनिक ऋण प्राप्तिसँगै यसको आकारमा समेत वृद्धि भएको छ। असोजसम्म तिर्न बाँकी जम्मा ऋण रु.२५ खर्ब २३ अर्ब ३ करोड रूपैयाँ पुगेको छ। जसमा आन्तरिक ऋण रु.१२ खर्ब ३६ अर्ब ३० करोड रूपैयाँ र बाह्य ऋण १२ खर्ब ८६ अर्ब ७३ करोड रूपैयाँ छ। कुल गार्हस्थ उत्पादनको आधारमा कुल सार्वजनिक ऋण ४४ दशमलव २३ प्रतिशत छ, जसमा आन्तरिक ऋण २१ दशमलव ६७ प्रतिशत र बाह्य ऋण २२ दशमलव ५६ प्रतिशत रहेको छ।

सार्वजनिक ऋणको आकार बढ्दै जाँदा यसको भुक्तानी दायित्वसमेत बढ्ने निश्चित छ। कार्यालयका अनुसार असोजसम्म सार्वजनिक ऋण भुक्तानी रु.८३ अर्ब ७ करोड ८१ लाख रूपैयाँ छ। जसमा आन्तरिक ऋण भुक्तानी रु.७१अर्ब ४५ करोड रूपैयाँ र बाह्य ऋण भुक्तानी रु.११ अर्ब ६२ करोड रूपैयाँ भएको छ। सरकारले चालु आर्थिक वर्षको लागि सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीको लागि रु.४ खर्ब २ अर्ब बजेट विनियोजन गरेको छ। सरकारले बजेटमार्फत स्रोतको व्यवस्थापन गर्दै वित्तीय व्यवस्था गरेको हुन्छ जसको प्रयोग भनेको राज्यले लिएको विभिन्न ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नका लागि हो। पछिल्ला वर्षहरूमा सरकारले वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरेको रकम पुँजीगत बजेटभन्दा बढी रहेको, देशको आर्थिक अवस्था कमजोर हुँदै गएको देखिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले गत आर्थिक वर्षको चौथो त्रैमासमा अर्थिक वृद्धिदर दुई दशमलव एक प्रतिशतमा सीमित हुने प्रारम्भिक अनुमान गरेको छ। कार्यालयका अनुसार आर्थिक वर्ष २०७९।८० को चौथो त्रैमासिक अवधिको तुलनामा आर्थिक वर्ष २०८०।८१ को चौथो त्रैमासिक अवधिमा आर्थिक वृद्धिदर दुई दशमलव एक प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको हो।

सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको अनुपातमा हेर्दा १९० वटा देशहरूमध्ये नेपालको स्थान १४९ स्थानमा रहेको छ। दक्षिण एसियाली देशहरूको सार्वजनिक ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात हेर्दा नेपाल दोस्रो स्थानमा रहेको छ। बंगलादेशको यस्तो अनुपात नेपालभन्दा केही कम रहेको छ। सबैभन्दा बढी साना देश माल्दिभ्स र भुटानमा सार्वजनिक ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात क्रमशः १४२.६ प्रतिशत र १२०.७ प्रतिशत रहेको छ। वास्तवमा अर्थतन्त्रको आकार, यसको वृद्धि दर, निर्यात तथा विदेशी मुद्रा आम्दानीको स्रोत, ऋणको उत्पादनशील प्रयोग र यसको व्यवस्थापनको क्षमता आदिले सार्वजनिक ऋणको सीमा निर्धारण गर्दछ। केही अनुसन्धानमूलक अध्ययनहरू जस्तै Checherita-Westphal and Rother (2012) ले गरेको १२ वटा युरो क्षेत्रका देशहरूको अध्ययनबाट के देखिएको छ भने सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको अनुपात ९० देखि १०० प्रतिशतभन्दा बढी नाघेपछि देशको आर्थिक वृद्धिदरमा नकारात्मक असर पार्न थाल्छ। त्यस्तै, धेरै अध्ययनहरूले आधार मानेको Reinhart and Rogoff (2010) को ४४ वटा देशहरूको २०० वर्षको तथ्यांकमा आधारित अध्ययनले विकसित देशहरूमा सार्वजनिक ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात ९० प्रतिशतभन्दा बढी भएमा आर्थिक वृद्धिमा नकारात्मक असर पर्ने देखाएको छ। तर बाह्य ऋण भने कुल गार्हस्थ उत्पादनको ६० प्रतिशत काट्यो भने कुल गार्हस्थ उत्पादन घट्न जाने देखाएको छ।

<u>सन्दर्भ सामग्री</u>

- योगेन्द्र तिमिल्सिना, सार्वजनिक वित्त (आर्थिक योजना सहित), प्रकाशित मिति २०४३।
- बालगोविन्द विष्ट, नीलमकुमार शर्मा, राजस्व नीति तथा राजस्व प्रशासन, पैरवी प्रकाशन, दोस्रो पटक २०५९।
- डम्बरजंग डाँगी, नेपालको अर्थशास्त्र, धौलागिरी बुक्स एण्ड स्टेशनरी, प्रकाशनः दोस्रो २०६६।
- खगेन्द्रप्रसाद सुवेदी, सार्वजनिक वित्त, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार, महल बुक्स, डिल्लीबजार, काठमाडौँ, पहिलो प्रकाशन २०५७।
- डा.श्याम जोशी, सार्वजनिक अर्थशास्त्र, तलेजु प्रकाशन, भोटाहिटी, काठमाडौँ, संस्करणः दोस्रो २०५८।
- डा.नीलमकुमार शर्मा, नेपालको अर्थशास्त्र, पैरवी प्रकाशन, संस्करण पाँचौँ पटक २०७१।

- युवराज पाण्डे, सार्वजनिक नीति विश्लेषण, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, नेपाल, संस्करण तेस्रो २०६०।
- डा.चक्रपाणि लुइटेल, समकालीन विकास अर्थशास्त्र तथा नेपालको अर्थशास्त्र, प्रधान बुक हाउस, प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल, प्रथम संस्करण २०६२।
- नारायण बेल्वासे, प्रकाशमणि शर्मा, केदार खडका, असल शासन (स्रोत सँगालो), प्रो पब्लिक (जनहित संरक्षण मञ्च), प्रकाशित मिति २०५८।
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०८०।८१, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।
- आर्थिक वर्ष २०८१।८२, को बजेट वक्तव्य, २०८१, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।
- सोह्रौं योजना (आर्थिक वर्ष २०८१।८२–२०८५।८६), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपाल।

स्थानीय तहमा उपभोक्ता समितिबाट हुने खरिद अवस्थाको विश्लेषण



*- भिमप्रसाद रिजाल**

सारांश

सार्वजनिक स्रोतको अधिकतम प्रतिफल प्राप्त हुने गरी कानुन, विधि, प्रक्रिया पूरा गरेर मात्र खर्च गर्नुपर्दछ। त्यसरी सार्वजनिक स्रोतको उपयोग गर्दा दुरूपयोग नहोस र प्रक्रियागत सरलीकरणको लागि कानुनी, संरचनागत तथा कार्यविधिगत व्यवस्था गरिएको हुन्छ। सार्वजनिक निकायमा हुने खरिद कार्यलाई व्यवस्थित गर्नका लागि छाता कानुनको रूपमा सार्वजनिक खरिद ऐनको व्यवस्था गरिएको छ। यो ऐन सङ्घ, प्रदेश, स्थानीय तह र सबै सार्वजनिक निकायले पालना गर्नुपर्दछ। ऐनको प्रभावकारी कार्यान्वयन गर्न सार्वजनिक निकायले खरिद कार्य गर्दा पालना गर्नुपर्ने विधि, प्रक्रिया तथा निर्णय, कार्यसरलीकरण, प्रतिस्पर्धा, स्वच्छता, जवाफदेहिता सहित मितव्ययिता कायम गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को समेत व्यवस्था गरेको छ। सङ्घीयता कार्यान्वयन पश्चात हाल नेपालमा ७५३ वटा स्थानीय तह रहेको र स्थानीय तहको पूँजिगत बजेटको ठूलो अंश उपभोक्ता समितिबाट खरिद हुने हुँदा यो लेखमा विशेषगरी स्थानीय तहमा उपभोक्ता समितिबाट हुने कार्यको लागि खरिदसम्बन्धी कानुनी व्यवस्था, खरिद कार्यमा देखिएका सवाल, कार्यान्वयनमा देखिएका समस्या तथा उपभोक्ता समितिबाट खरिद कार्यमा आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धमा केन्द्रित रहेको छ।

परिचय

खरिद शब्दले सार्वजनिक निकायले मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्यलाई जनाउँदछ। सार्वजनिक निकायबाट हुने खरिद कार्यलाई मितव्ययि, प्रतिस्पर्धी, पारदर्शी तथा सार्वजनिक स्रोतको अधिकतम प्रतिफल प्राप्त गर्ने गरी उपभोग गर्ने उद्देश्यले खरिद कार्यको छाता कानुनको रूपमा सार्वजनिक खरिद ऐनको व्यवस्था गरिएको छ। सार्वजनिक खरिद ऐनले नै सार्वजनिक निकायले खरिद गर्दा विभिन्न विधिहरूको प्रयोग गर्न सकिने व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ ले उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट गठन गरिएको समिति सम्झनु पर्ने परिभाषा गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थाअनुसार सार्वजनिक निर्माण कार्यको मात्र उपभोक्ता समितिले निर्माण गर्न पाउने र सोको मर्मत सम्भारसमेत उपभोक्ता समितिले गर्नुपर्ने प्रष्ट व्यवस्था गरेको देखिन्छ। निर्माण कार्य, परामर्श सेवा तथा मालसामानका लागि अलग अलग खरिद विधिको व्यवस्था गरिएको छ। खरिदका विभिन्न विधिमध्ये उपभोक्ता समितिबाट निर्माण कार्य वा सो

* लेखापरीक्षण अधिकारी, महालेखापरीक्षकको कार्यालय

सम्बन्धी सेवा गराउने वा प्राप्त गर्ने कार्य पनि एक विधी हो। सार्वजनिक खरिदको अंशमध्ये स्थानीय तहमा उपभोक्ता समितिबाट काम गराउने अंश उच्च रहेको छ।

सहभागितामूलक विकासको प्रमुख औजारको रूपमा रहेको खरिद विधि उपभोक्ता समितिबाट खरिद गर्ने कार्य अर्न्तगत सार्वजनिक निर्माण गर्दा स्थानीय नागरिकमा आयोजना प्रतिको स्वामित्व र अपनत्व बढ्ने, स्थानीय स्रोत साधनको प्रयोग बढ्ने, रोजगारी सिर्जना हुने तथा नागरिकको सशक्तिकरणसमेत हुने हुँदा उपभोक्ता समितिबाट निर्माण कार्य गर्न सकिने गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था गरेको देखिन्छ।

सार्वजनिक खरिद व्यवस्थापनमा गरिएका व्यवस्थाहरू

सार्वजनिक स्रोतको सहि सदुपयोग गर्नका लागि र खरिद कार्यमा अनियमितता, भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी खरिद कार्यमा पारदर्शिता, मितव्ययिता, प्रतिस्पर्धा कायम गर्नका लागि कानुनी, संरचनागत व्यवस्थाहरू गरिएका छन्। ती व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

क) **संवैधानिक व्यवस्था -** नेपालको संविधानले व्यवस्था गरेको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा धारा ५१(ख) राजनीति र शासन व्यवस्थासम्बन्धी नीतिमा सङ्घीय एकाइबिच स्रोत साधन र प्रशासनको साझेदारी गर्ने तथा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सुशासनको प्रत्याभूति गर्ने व्यवस्था गरेको छ। साथै धारा ५१(च) विकाससम्बन्धी नीतिमा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने नीति लिएको देखिन्छ।

ख) **कानुनी व्यवस्थाहरू -** सार्वजनिक खरिद व्यवस्थापनका सम्बन्धमा कानुनी व्यवस्था गरेको देखिन्छ। साथै सङ्घीयता अवलम्बन गरिसकेको अवस्थामा सार्वजनिक खरिद ऐन खरिद कार्यको लागि छाता कानुन हुने र यो कानुन सङ्घ, प्रदेश र स्थानीय तह सबै सार्वजनिक निकायले अवलम्बन गर्नुपर्ने तथा प्रदेश र स्थानीय तहले खरिद ऐनसंग नबाझिने गरी सार्वजनिक खरिद नियमालवी बनाउन सकिने व्यवस्था छ। सार्वजनिक खरिद सम्बन्धमा गरिएका प्रमुख कानुनी व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- प्रदेश सरकारले जारी गरेका सार्वजनिक खरिद नियमावलीहरू
- स्थानीय तहले जारी गरेका सार्वजनिक खरिद नियमावलीहरू (अधिकांशले जारी गरेका)
- स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ नमुना कानुनको रूपमा रहेको
- विधुतीय खरिद प्रणाली निर्देशिका, २०८०
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सबै प्रदेशले जारी गरेका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनहरू

ग) **संरचनागत व्यवस्थाहरू -** सार्वजनिक खरिदलाई पारदर्शी, मितव्ययी, प्रतिस्पर्धी र Value for Money कायम गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा मन्त्रालय, विभाग तथा कार्यालय र स्थानीय तहहरूलगायतका सरकारी संरचना, नियमनकारी निकायहरू, संसद, संसदीय समितिहरू तथा नागरिक

समाज, खोज पत्रकारिता र सचेत नागरिकहरू संरचनागत व्यवस्थाका रूपमा रहेका छन्। यी सबै संरचनाको भूमिका भनेको सार्वजनिक खरिदको पारदर्शिता, मितव्ययिता तथा प्रतिस्पर्धा कायम गरी सार्वजनिक स्रोतको सहि सदुपयोग गर्नु रहेको छ।

उपभोक्ता समितिबाट खरिद गर्नेसम्बन्धी कानुनी व्यवस्था

उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने सम्बन्धमा गरिएका कानुनी व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

- **सार्वजनिक खरिद ऐन २०६३ ले गरेको व्यवस्था** - ऐनको दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ।
- **सार्वजनिक खरिद नियमावली, २०६४ ले गरेको व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गरिने निर्माण कार्यका सम्बन्धमा निम्नानुसार व्यवस्था गरिएको छः
  - ✓ एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिने,
  - ✓ एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंशसमेत समावेश हुने,
  - ✓ उपभोक्ता समितिबाट हुने निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्ने र ६० लाखभन्दा बढीको लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य एकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान खुलाउनु पर्ने,
  - ✓ सम्पन्न भएको सार्वजनिक निर्माण कार्यको सञ्चालन तथा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने,
  - ✓ उपभोक्ता समितिले आफूले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस्नुपर्ने तथा सार्वजनिक परीक्षण गर्नुपर्ने,
  - ✓ उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रिव्युटर, बिटुमिन ब्वाइलर जस्ता हेभी मेसिनहरू प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मेसिन प्रयोग गर्न पाइने,

- ✓ उपभोक्ता समितिले जिम्मा लिएको कार्य आफै सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्याक्टरबाट गराउन नसकिने,
- ✓ निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितलाई हस्तान्तरण गर्नुपर्ने,
- ✓ उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था गरेको छ।

- **स्थानीय तहको खरिद नियमावली** - अधिकांश स्थानीय तहले सार्वजनिक खरिद नियमावली निर्माण गरेको देखिन्छ। साथै सङ्घीय सरकारले निर्माण गरेको खरिद नियमावलीको व्यवस्थालाई आत्मसाथ गरेर खरिद नियमावली निर्माण गरेको र उपभोक्ता समितिको व्यवस्थासमेतमा कुनै परिवर्तन गरेको देखिँदैन।
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय समुदाय, अल्पसङ्ख्यक, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, बुद्धिजीवी, विज्ञको सहभागिता गराई सहभागितामूलक विकास निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय तहमा उपभोक्ता समितिबाट गरेका निर्माण कार्यमा देखिएका प्रमुख सवालहरू

उपभोक्ता समितिबाट गरिएका निर्माण कार्यको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट स्थानीय तहको विगत तीन आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका प्रमुख समस्याहरूको चर्चा निम्नानुसार गरिएको छः

- **जटिल संरचना निर्माण** - उपभोक्ता समितिले जटिल संरचना निर्माण गर्न नहुने व्यवस्था नियमावलीमा गरेको छ। जटिल संरचना निर्माण गर्दा गुणस्तर कायम नहुने तथा उपभोक्ता समितिसँग प्राविधिक क्षमतासमेत नहुने हुँदा यस्ता कार्य गर्न नपाइने व्यवस्था गरेकोमा स्थानीय तहहरूले जटिल प्रकृतिका कार्यहरू (उदाहरणको लागि विद्युतको लाइन विस्तार, सडक कालोपत्रेलगायतका कार्य) गर्ने गरेको देखिएको छ।

आर्थिक वर्ष	स्थानीय तह सङ्ख्या	जटिल संरचना निर्माणमा खर्च (रू. लाखमा)
२०७७।७८	३२३	२९५५८
२०७८।७९	२६९	३४५६४
२०७९।८०	३०२	२९९४८

उपभोक्ता समितिसँग प्राविधिक जनशक्ति नहुने तथा उपभोक्ता समितिले गर्ने निर्माण कार्यमा गुणस्तर समेत कमजोर हुने हुँदा जटिल प्रकृतिका कार्य गर्न नहुने व्यवस्था गरेको छ। तर स्थानीय तहले निर्माण गरेका कार्यको विश्लेषण गर्दा अधिकांश उपभोक्ता समितिले जटिल प्रकृतिका निर्माण कार्य गर्नका लागि खरिद सम्झौता गर्ने गरेको दखिएको छ।

- **उपभोक्ताको योगदान** - सार्वजनिक खरिद नियमावलीले उपभोक्ता समितिको जनश्रमदान लागत अनुमानमा समावेश गर्नुपर्ने सोहीअनुसार उपभोक्ता समितिले गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय तहले सभाबाट जनश्रमदानको प्रतिशत निर्धारण गर्ने गरेको भए तापनि सोअनुसार जनश्रमदान नै नगरी भुक्तानी गरेको देखिएको छ।

आर्थिक वर्ष	स्थानीय तह सङ्ख्या	उपभोक्ता समिति	घटि जनश्रमदान रकम (रू लाखमा)
२०७७।७८	१५२	११७६	१४१८
२०७८।७९	१३१	१६७८	८८०
२०७९।८०	१२९	१२४५	२२६८

स्थानीय तहहरूले उपभोक्ता समितिको जनश्रमदानको प्रतिशत सभाबाट तोकेको देखिन्छ। तर उपभोक्ता समितिलाई भुक्तानी गर्दा तोकिएको श्रमदान कट्टा नगरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई बढी भुक्तानी हुने समस्यासमेत देखिएको छ।

- **निर्माण व्यवसायीको संलग्नता** - सार्वजनिक खरिद निमयवलीको नियम १० मा उपभोक्ता समितिले निर्माण कार्यमा निर्माण व्यवासायी प्रयोग गर्न नपाइने व्यवस्था गरेको गरेको छ। विगत तीन आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट तपसिलबमोजिम उपभोक्ता समितिले निर्माण व्यवसायी प्रयोग गरी निर्माण कार्य गराएको देखिएको छ।

आर्थिक वर्ष	स्थानीय तह सङ्ख्या	उपभोक्ता समिति	निर्माण व्यवसायीबाट गराएको रकम (रू लाखमा)
२०७७।७८	१७०	१४३४	१२०८३
२०७८।७९	१५८	१२६१	११४०४
२०७९।८०	१२२	११७३	७००९

उपभोक्ता समितिले निर्माण कार्य गर्दा स्थानीय स्रोत साधनको उपयोग गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले उपभोक्ता समितबाट निर्माण कार्य गराउनुपर्ने व्यवस्था कानुनले गरेको देखिन्छ। तर अधिकांश उपभोक्ता समितिले स्थानीय तहसँग निर्माण कार्यको सम्झौता गर्ने तर निर्माण कार्य उपभोक्ता समितिले नगरी निर्माण व्यवसायीबाट गर्ने गरेको देखियो। यसरी निर्माण कार्य गर्दा प्रतिस्पर्धा नहुने तथा गुणस्तरसमेत कायम नहुने अवस्था देखिएको छ।

- **बढी भुक्तानी** - उपभोक्ता समितिलाई वास्तविक कार्यको नापी गरी जनश्रमदान, कर कट्टी गरेर बाँकी रकम भुक्तानी गर्नुपर्नेमा सो नगरी स्थानीय तहले वास्तविक कामभन्दा बढीको भुक्तानी गरेको देखिन्छ।

आर्थिक वर्ष	स्थानीय तह सङ्ख्या	उपभोक्ता समिति	बढी भुक्तानी रकम (रू लाखमा)
२०७७।७८	३४५	४६६०	५४९६
२०७८।७९	३०३	२०४१	३०४५
२०७९।८०	३१६	२१६४	३४१९

उपभोक्ता समितिलाई भुक्तानी गर्दा स्थानीय तहहरूले वास्तविक कार्यको भन्दा बढी भुक्तानी गर्ने गरेको समेत देखिन्छ। स्थानीय तहमा प्राविधिक जनशक्तिको कमी हुनु तथा सीप क्षमताको अभावलगायतका कारणसमेत स्थानीय तहमा प्राविधिक विल तथा प्रतिवेदन निर्माण गर्ने कार्यमा समेत समस्या देखिएको छ।

- **सीमाभन्दा बढीको काम** - सार्वजनिक खरिद ऐनले रू.१ करोड सम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था गरेको भए तापनि स्थानीय तहले रू.१ करोड सम्मको लागत अनुमान तयार गर्ने तर त्यस्तो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनश्रमदान नजोडेर नै खरिद सम्झौता गर्ने गरेका कारण त्यस्तो निर्माण कार्य रू.१ करोड भन्दा बढीको लागत अनुमान हुन गएको देखिन्छ।

- **हेभी मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावलीले हेभी मेसिन प्रयोग गर्न नपाइने र गर्नुपर्ने लागत अनुमानमा समावेश गरी सार्वजनिक निकायको सहमति लिनुपर्ने व्यवस्था गरेको भएतापनि अधिकांश उपभोक्ता समितिले हेभी मेसिनको प्रयोग गरेको, सार्वजनिक निकायको सहमति नलिएको अवस्था देखिन्छ।

- **आयोजना हस्तान्तरण तथा मर्मत सम्भार** - उपभोक्ता समितिबाट निर्माण कार्य गर्नुको प्रमुख उद्देश्य भनेको अपनत्वसहित आयोजनाको सञ्चालन सोही उपभोक्ता समितिले गर्ने तथा मर्मत सम्भार गर्न मर्मत सम्भार समिति गठन गरी आयोजनाको दिगोपना कायम गर्ने भए तापनि अधिकांश उपभोक्ता समितिबाट निर्माण भएका आयोजनाको सञ्चालनको लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरिएको छैन। साथै मर्मत सम्भार समितिसमेत गठन गर्ने गरिएको देखिएको छैन।

- **उपभोक्ता समितिबाट मालसामान खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ ले उपभोक्ता समितिबाट सार्वजनिक निर्माण वाहेक अन्य खरिद कार्य गर्न नसकिने व्यवस्था गरेको छ। स्थानीय तहहरूमा मालसामान खरिद कार्यको लागि समेत उपभोक्ता समिति गठन गरी मालसामान खरिद कार्य हुने गरेको देखिएको छ।

- **सरकारी संरचना निर्माण** - निर्माण कार्य सम्पन्न पश्चात् आयोजनाको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी सोको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था नियमावलीमा रहेको छ। स्थानीय तहले उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने सरकारी वडा कार्यालय भवन, स्वास्थ्य चौकी, विद्यालयजस्ता संरचनाको निर्माण कार्य उपभोक्ता समितिसँग सम्झौता गरी सम्पन्न गरेको छ।

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उठाएका सवालहरू** - आयोगले जारी गरेको वार्षिक प्रतिवेदन तथा विभिन्न समयमा जारी गरेको निर्देशनहरूमा समेत स्थानीय तहमा विशेष गरी सार्वजनिक खरिदको कार्य र उपभोक्ता समितिबाट हुने कामलाई नियमसम्मत बनाउन उपभोक्ता समिति गठनसम्बन्धी कार्यविधि तर्जुमा नगरेको, जटिल प्रकृतिका निर्माण कार्य गराउने गरेको, हेभी मेसिनको प्रयोग गर्ने गरेको, निर्माण कार्यमा सहभागी श्रमिकले पारिश्रमिक नपाउने समस्या, निर्माण कार्यको गुणस्तर नभएको जस्ता समस्याहरू उल्लेख गरी त्यस्तो कार्य नगर्न नगराउन वार्षिक प्रतिवेदन र निर्देशन मार्फत सुझाव दिने गरेको देखिन्छ।

उपभोक्ता समितिबाट खरिदको औचित्य

समावेशी र सहभागितामूलक विकासको प्रमुख औजारको रूपमा रहेको उपभोक्ता समितिबाट विकास निर्माण कार्यले नागरिकलाई विकास निर्माणमा सार्थक सहभागिता गराउने र नागरिकको राज्यप्रतिको अपनत्व बढ्ने तथा नागरिकको सशक्तीकरण गर्ने काम गर्दछ। उपभोक्ता समितिबाट सुरुमा रू.६० लाखसम्मको सीमाभित्र रही निर्माण कार्यको खरिद गर्न पाइने व्यवस्था गरेको थियो। सार्वजनिक खरिद नियमावलीको छैठौं संशोधनबाट उपभोक्ता समितिबाट निर्माण कार्यको सीमा रू.६० लाखबाट बढाई रू.१ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गर्न पाइने व्यवस्था गरेको देखिन्छ। उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा स्थानीयस्तरमा रोजगारी सिर्जना हुने, स्थानीय स्रोत साधनको उपयोग हुने, विकास निर्माण प्रति स्थानीय समुदायको अपनत्व सिर्जना हुने, आयोजनाको दिगोपना कायम हुने, नागरिकको शसक्तिकरण हुने, सरकारप्रति नागरिकको अपनत्व भाव विकास हुने, मर्मत सम्भारसमेत स्थानीय तहबाट नै हुने हुँदा आयोजनाको प्रतिफल राम्रो हुने भएकोले उपभोक्ता समितिबाट निर्माण कार्य गराउने व्यवस्था कानुनमा गरिएको देखिन्छ।

साथै उपभोक्ता समितिमार्फत निर्माण हुनु आफैमा नराम्रो होइन यसमा नियमन र व्यवस्थापन गर्ने पात्रहरूको सोचका कारण दुरूपयोग भएको देखिन्छ।उपभोक्ता समितिबाट निर्माण गराउँदा सह शासन, सहभागितामूलक शासन, नागरिक नियन्त्रण, विकासमा अपनत्व सिर्जना गर्न र कर्मचारीतन्त्रीय झन्झटरहित तरिकाले काम गर्ने व्यवस्था समेत भएकोले यो आवश्यक नै देखिन्छ। कतिपय अवस्थामा स्थानीय स्तरमा विकास निर्माण कार्य गर्दा विवाद सिर्जना हुने र त्यस्ता विवादको समाधान स्थानीय समुदायले नै गरी विकास निर्माण कार्यमा सहजीकरण गर्ने हुदाँ उपभोक्ता समितबाट हुने निर्माण कार्य अनावश्यक भन्न सकिँदैन।

पुरातात्विक सम्पदा वा प्राचिन स्मारक जस्ता निर्माण कार्यमा निर्माण व्यवसायीबाट गराउँदा त्यस्तो कार्य गर्नसक्ने क्षमता भएको जनशक्ति नपाउने तथा निश्चित व्यक्तिहरू मात्रले निर्माण गर्न सक्ने अवस्था समेत देखियो। काठमाडौं उपत्यकामा रहेका विश्व सम्पदा सूचीमा रहेका सम्पदाको निर्माणमा निर्माण व्यवसायीले दक्ष जनशक्ति नपाइ समयमै निर्माण गर्न नसकेको, प्राचिन कला, कृति संरक्षण गर्न मिल्ने गरी निर्माण नगरेको जस्ता समस्या उपत्यकाका स्थानीय तहले भोगेको अवस्थामा खरिद ऐनमा नै स्थानीय कला, संस्कृति, प्राचिन स्मारक, ऐतिहासिक सम्पदाको पुनः निर्माणका सम्बन्धमा स्थानीय उपभोक्ता समितिबाट निर्माण गर्नसक्ने गरी खरिद नियमावलीमा थप व्यवस्था गर्नुपर्ने देखिन्छ।

उपभोक्ता समितबाट हुने खरिदमा देखिएका समस्याको विश्लेषण

सार्वजनिक खरिद ऐनले निर्माण कार्यको खरिद विधिको रूपमा उपभोक्ता समितिबाट गर्न सकिने गरी व्यवस्था गरेको र नियमावलीले रू.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्यको खरिद उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय तहहरूले बोलपत्रको माध्यमबाटभन्दा अधिकांश निर्माण कार्य उपभोक्ता समितिबाट नै गर्ने गरेको देखिन्छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समेत स्थानीय तहको खरिद कार्यमा उपभोक्ता समितिबाट खरिद कार्य गर्दा कानुन परिपालना नभएको विषयहरू धेरै नै उठान भएका छन्। अतः स्थानीय तहले उपभोक्ता समितिबाट गर्ने निर्माण कार्यमा देखिएका समस्या तथा सोका कारणहरू निम्नबमोजिम रहेका छन्:

- उपभोक्ता समितिबाट गरिने निर्माण कार्य सम्बन्धमा सङ्घीय सरकारले मापदण्ड तथा निर्देशिका तयार नगर्नु,
- उपभोक्ता समितिबाट गर्ने निर्माण कार्यमा उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधिको अभाव हुनु उपभोक्ता समिति समावेशी नुहुन, पारिवारिक सदस्यहरू पदाधिकारीमा रहनु,
- उपभोक्ता समितिको पदाधिकारीहरू राजनीतिक र सम्भ्रान्तरहरूकै बर्चस्व रहेको, समाजमा Elite capture को अवस्था रहनु,
- उपभोक्ता समितिको काम कार्तव्य अधिकार तथा जिम्मेवारीलगायतका विषयमा जनचेतना, शिक्षाको अभाव हुनु,
- उपभोक्ता समितिबाट गरिएको निर्माण कार्यमा कमजोर गुणस्तर हुनु,
- उपभोक्ता समितिले स्थानीय स्तरमा रोजगारी सिर्जना हुने गरी निर्माण कार्य गर्नुपर्नेमा अधिकांश उपभोक्ता समितिले निर्माण कार्य सब कन्ट्याक्टर वा निर्माण व्यवसायीबाट गराउनु,
- उपभोक्ता समितिले सार्वजनिक खरिद नियमावलीले तोकेको काम भन्दा फरक काम अर्थात जटिल प्रकृतिका कामहरू सडक कालोपत्रे गर्ने, विद्युतको लाइन विस्तार, हाइड्रोपावर निर्माण लगायतका काम गर्नु,
- उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा हेभी मेसिन प्रयोग गर्न नपाइने व्यवस्था ऐनले गरेको र यस्तो गर्नुका पछाडि स्थानीय स्तरका रोजगारी सिर्जना हुने मनासाय रहेको भए तापनि अधिकांश स्थानीय तहमा उपभोक्ता समितिले हेभी मेसिनको प्रयोग गर्नु,
- उपभोक्ता समितिले हेभी मेसिन सार्वजनिक निकायको अनुमति विना प्रयोग गरेमा र सब कन्ट्याक्टर वा निर्माण व्यवसायीबाट निर्माण कार्य गराएमा उपभोक्ता समितिसँगको खरिद सम्झौता रद्द हुने कानुनी व्यवस्था भएको भए तापनि हालसम्म यो व्यवस्था कार्यान्वयन नहुनु,
- उपभोक्ता समितिले निर्माण व्यवसायीबाट निर्माण कार्य गराएको हकमा निर्माण व्यवसायीलाई कालोसूचिमा राख्नको लागि सार्वजनिक निकायले लेखी पठाउने कार्य कार्यान्वयन नहुनु,
- उपभोक्ता समितिलाई रू.१ करोडसम्मको लागत अनुमानको मात्र निर्माण कार्य गर्न पाइने नियमावलीले व्यवस्था गरेकोमा स्थानीय तहहरूले उपभोक्ता समितिसँग खरिद सम्झौता गर्दा रू.१ करोडभन्दा बढी लागत अनुमानको समेत खरिद सम्झौता गरी निर्माण कार्य गर्नु,
- उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा उपभोक्ता समितिको निश्चित प्रतिशत रकम योगदान हुनुपर्ने व्यवस्था नियमावलीले गरेको छ। पालिकाले उपभोक्ता समितिको श्रमदानको प्रतिशत निर्धारण गर्ने गरेको भए तापनि अधिकांश उपभोक्ता समितिले श्रमदानको रकम सार्वजनिक निकायमा नगद जम्मा गर्ने गरेको देखिँदैन। नापी किताबमा श्रमदान बराबरको काम नापी गर्ने गरेकोले वास्तविक श्रमदान भए नभएको सम्बन्धमा यकिन हुन सकिने अवस्था नरहनु,
- उपभोक्ता समितिमा काम गर्ने श्रमिकलाई बैङ्क खातामार्फत भुक्तानी गर्ने व्यवस्था हुन नसक्नु,
- उपभोक्ता समितिले आफूले गरेको खर्चको सार्वजनिक परीक्षण गराउनुपर्नेमा सो कार्य नहुनु,

- उपभोक्ता समितिमार्फत निर्माण कार्य मात्र गर्न पाइने कानुनी व्यवस्था भएकोमा कतिपय स्थानीय तहले मालसामान खरिद कार्य उपभोक्ता समिति गठनमार्फत गर्नु,
- उपभोक्ता समितिबाट निर्माण कार्य गराउनुको प्रमुख उद्देश्यमा आयोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता समितिबाट नै होस र मर्मत सम्भार समिति गठन गरेर नियमित मर्मत सम्भारसमेत सोही समितिबाट हुने कानुनी व्यवस्थाबमोजिम आयोजनाको अपनत्व, संरक्षण र दिगोपना कायम हुनेमा स्थानीय तहले आयोजना हस्तान्तरण नगर्नु, मर्मत सम्भार समिति गठन नगर्नु,
- उपभोक्ता समितिबाट हुने निर्माण कार्यको बीमा गर्ने कानुनी व्यवस्था नहुने हुँदा बीमा अनिवार्य लागु नभएको र निर्माण कार्य सम्पन्न पश्चात विपद, बाढि, पहिरोका कारण स्थायी संरचनामा हुने क्षतिलाई बीमाबाट पुनः निर्माण गर्न नसकिनु।

माथि उल्लिखित समस्याहरू उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा स्थानीय तहमा देखिएका समस्याहरू हुन। कतिपय स्थानीय तहमा उपभोक्ताबाट सार्वजनिक निर्माण कार्यमा उल्लेख्य रूपमा जनश्रमदानसमेत भएको, नगद श्रमदान गर्ने गरेको, तथा आयोजना सञ्चालन र मर्मत सम्भार कार्यसमेत समिति गठन गरी गर्ने गरेको समेत देखिन्छ।

उपभोक्ता समितिबाट हुने खरिदमा गर्नुपर्ने सुधार

उपभोक्ता समितिबाट गरिने निर्माण कार्यको प्रमुख उद्देश्य भनेको स्थानीय स्रोत साधनको उपयोग गर्ने, रोजगारी सिर्जना गर्ने, आयोजनामा स्थानीय नागरिकको स्वामित्व बढाउने तथा आयोजनाको दिगोपना कायम गर्ने रहेको छ। नेपालमा उपभोक्ता समितिबाट सडक, सिचाई खानेपानी लगायतका संरचना निर्माण भइरहेकोमा खानेपानी आयोजनाको निर्माणमा सञ्चालन मर्मत सम्भार समितिसमेत गठन गरी सञ्चालन गरेको देखिन्छ। अन्य आयोजनामा निर्माण सम्पन्न पश्चात सार्वजनिक निकायले हस्तान्तरण नै नगर्ने, उपभोक्ता समितिले समेत सञ्चालन र मर्मत सम्भारमा ध्यान नदिने गरेको देखिन्छ। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा सुधार गर्न स्थानीय तहले निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छ।

खरिद नियमावली संशोधन गरेर उपभोक्ता समितिले रू.१ करोड भित्र के कस्ता काम गर्न पाउने हो स्पष्ट गर्नुपर्दछ। उपभोक्ता समितिले जटिल प्रकृतिका काम गर्न नहुने, निर्माण व्यवसायीबाट समेत गर्न नमिल्ने ऐनमा व्यवस्था गरेको भएतापनि त्यस्ता कार्यमा नियन्त्रण नभएकोले नियमावलीमा नै उपभोक्ता समितिमाफर्त गर्न मिल्ने कार्यको सम्बन्धमा ऐनमा स्पष्ट गर्नुपर्दछ। साथै पुरातात्विक तथा ऐतिहासिक सम्पदाको निर्माण कार्य स्थानीय उपभोक्ता समितिबाट निर्माण सम्पन्न हुन सक्ने अवस्थामा सो सम्बन्धमा समेत नियमावलीमा व्यवस्था गर्नुपर्ने देखिन्छ।

सम्झौताका शर्तअनुसार निर्माण कार्य नगर्ने उपभोक्ता समितिका पदाधिकारीलाई जिम्मेवार बनाउने, पदाधिकारीको सम्पत्ती रोक्का गर्ने र पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था कानुनमा थप गर्नुपर्ने देखिन्छ। साथै उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यको क्षमता विकास गर्नका लागि लेखाङ्कन तथा प्रतिवेदन तयार, कागजपत्र तयारी गर्ने सम्बन्धमा आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ।

सार्वजनिक खरिद नियमावलीमा भएका व्यवस्थाहरू जटिल प्रकृतिका काम गर्न नपाइने, निर्माण व्यवसायीबाट काम गर्न नपाइने, हेभी मेसिनको प्रयोग गर्न नपाइने, सार्वजनिक परीक्षण गर्नुपर्ने, मर्मत सम्भार समिति गठन गर्नुपर्ने, सार्वजनिक निकायबाट नियमिति अनुगमन गर्न लगाई गुणस्तरीय काम गर्नुपर्ने

लगायतका व्यवस्थाहरूको परिपालनामा कमजोरी देखिएकोले कानुनले गरेको व्यवस्थाको कडाइका साथ पालना गराउन सम्बन्धित स्थानीय तहले नतिजामूलक अनुगमन गर्नुपर्ने देखिन्छ।

उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा प्रतिस्पर्धा नहुने लागत मूल्यमा नै खरिद सम्झौता हुने र लागत दरमा नै उपभोक्ता समितिलाई भुक्तानी हुने हुँदा आयोजना मितव्ययी तरिकाले सम्पन्न हुने देखिदैन। तर दीर्घकालिन रूपमा हेर्दा आयोजनाको सञ्चालन, मर्मत सम्भारको कामसमेत समितिले गर्ने र अपनत्वसमेत उपभोक्ता समितिले लिने हुदा आयोजना लामो समयसम्म समेत सञ्चालन हुने मान्यता रहि आएको छ। तर आयोजना निर्माण गर्दा उपभोक्ताको योगदान हुन सकेन भने त्यस्तो आयोजनामा स्थानीय नागरिकले अपनत्व समेत नलिने साथै दिगोपना समेत कायम नहुने हुन्छ। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा उपभोक्ता समितिको योगदान सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण गर्ने र सोही आधारमा स्थानीय तहले समेत मापदण्ड बनाई नगद श्रमदान गर्ने जसको लागि अग्रिम नगद जम्मा गर्ने वा सो योगदान बराबरको बैङ्क ग्यारेन्टी पेस गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

उपभोक्ता समितिबाट हुने निर्माण कार्यको प्रभावकारीता वृद्धि गर्नका नागरिक समाज र खोज मिडियाको सक्रियता बढाउने, उपभोक्ता समितिबाट अनियमितता भ्रष्टाचारजन्य कार्य भएमा त्यस्ता कार्य निरुत्साहित गर्न कानुनी कार्वाही गर्ने र सहभागितामूलक विकासक अवधारणालाई सार्थक रूपमा उपयोग गर्नका लागि समेत उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा हुने अनियमितताका कार्य नियन्त्रण हुनुपर्दछ।

निष्कर्ष

सार्वजनिक खरिद कार्य गर्नका लागि नेपाल सरकारको छाता कानुनको रूपमा रहेको सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक खरिदका विभिन्न विधिहरूको व्यवस्था गरेको छ। ती विधिहरूमध्ये उपभोक्ता समितिबाट खरिद गर्ने पनि रहेको छ। स्थानीय तहमा पूँजिगत बजेटको अधिकांश हिस्सा उपभोक्ता समितिबाट खरिद हुने हुँदा पालिकाले सार्वजनिक स्रोतको उच्च प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्दछ। त्यसका लागि उपभोक्ता समितिबाट जटिल प्रकृतिका खरिद कार्य नगर्ने, सार्वजनिक खरिद नियमावलीले गरेका व्यवस्था अनिवार्य पालना गर्ने, गुणस्तर कायम गर्न नियमिति अनुगमन मूल्याङ्कन गर्ने, उपभोक्ता समितिको क्षमता विकास गर्न तालिम दिने जस्ता कार्य गर्नुपर्दछ। उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई सहजीकरण गर्न, उपभोक्ता समितिले गर्ने कार्यको वर्गीकरण गर्नका लागि मापदण्ड निर्धारण गरेर कार्यान्वयन गर्न सकेमा उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा उपभोक्ताको अपनत्व, स्वामित्व बढ्न जाने, निर्माण कार्यको गुणस्तर वृद्धि हुने र आयोजनाको दिगोपनासमेत हुने देखिएकोले मापदण्ड निर्माण गरेर उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई व्यवस्थित बनाउनु पर्दछ।

<u>सन्दर्भ सामग्री</u>

- नेपालको संविधान
- सार्वजनिक खरिद ऐन, २०६३,
- सार्वजनिक खरिद नियमावली, २०६४
- महालेखापरीक्षकको ५९औं, ६० औं र ६१ औं वार्षिक प्रतिवेदन
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४ औं वार्षिक प्रतिवेदन २०८०।८१
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अनलाइन पत्रपत्रिकामा प्रकाशित लेखहरू

प्रशासनिक सफलतामा संवेगात्मक बौद्धिकताको भूमिका



*- मिना लामा**

सारांश

प्रशासनको क्षेत्र सम्भावनासँगसँगै चुनौतीहरू, सङ्कटहरू र अनिश्चितताहरूले घेरिएको हुन्छ। संवेगात्मक बौद्धिकता भएका व्यक्तिहरू प्रतिकूल परिस्थितिको सामना गर्न बढी सहनशील र सक्षम हुन्छन्। संवेगात्मक रूपमा बौद्धिक व्यक्तिहरू तनाव व्यवस्थापन गर्न, ध्यान केन्द्रित राख्न र कठिन समयमा आफ्ना सहकर्मीहरूको आत्मविश्वास जोगाई राख्न सक्षम हुन्छन्। आजको गतिशील सार्वजनिक प्रशासनमा काम गर्ने अधिकारीहरूमा सृजनात्मकता, नेतृत्व र सहानुभूति जस्ता सीपहरू हुनु आवश्यक हुन्छ। शासनलाई सुशासनमा रूपान्तरणका लागि सार्वजनिक प्रशासनलाई सफल बनाउन हरेक दृष्टिकोणबाट शासन जनता केन्द्रित हुनुपर्दछ। त्यसैले, सार्वजनिक क्षेत्रका कर्मचारीहरू संवेगात्मक रूपमा बौद्धिक एवं आफ्ना दायित्व, जिम्मेवारी र प्रतिबद्धताप्रति सचेत रहनुपर्दछ।

विषय प्रवेश

संवेग हाम्रो आन्तरिक चेतनाको अवस्था हो, जहाँ हामी आफैंसँग र अरुसँग प्रस्तुत हुन्छौं। हामीभित्र सातवटा आधारभूत संवेग हुन्छन्, रिस, डर, खुसी, लाज, आश्चर्य, प्रेम र दुखी। संवेगात्मक अवस्थालाई प्रभाव पार्ने वा Trigger गर्ने तत्त्वहरू व्यक्ति स्थान समय र बोली हुन्। कोही पनि व्यक्ति संवेगहीन हुन सक्दैन। संवेग व्यवस्थापन गर्न सकिएको खण्डमा सफलता प्राप्त हुन्छ भने त्यही संवेगलाई नियन्त्रण गर्न नसकिएमा दुर्घटना हुन सक्छ। बौद्धिकता सूचना ग्रहण गरी ज्ञानको निर्माण र प्रयोग गर्न सक्ने क्षमता हो।

आफ्नै संवेग र अनुभवलाई बुझ्ने तथा अरुको समेत संवेग सहि रूपमा महसुस गरेर सोहीबमोजिमको व्यवहार प्रदर्शन गर्नु संवेगात्मक बौद्धिकता (Emotional Intelligence-EI) हो। संवेगात्मक बौद्धिकता आफ्नो र अरुको भावना पहिचान गर्ने, बुझ्ने र त्यसको सही तरिकाले व्यवस्थापन गर्ने क्षमता हो। यसले व्यक्तिलाई भावनात्मक दृष्टिकोणबाट बढी सन्तुलित र प्रभावकारी बनाउन मद्दत गर्दछ। पारस्परिक व्यक्तिगत सम्बन्ध (Inter-personal relationship) र आन्तरिक व्यक्तिगत सम्बन्ध (Intra-personal relationship) मा संवेगहरू (Emotions) लाई प्रभावकारी ढङ्गले व्यवस्थापन गरी उत्कृष्ट सम्बन्ध निर्माण गर्ने सक्ने क्षमता संवेगात्मक बौद्धिकता (Emotional Intelligence) हो।

संवेगात्मक बौद्धिकता प्रमुख तत्त्वहरू निम्न प्रकार छन्:

१. **आत्म-जागरूकता (Self-awareness) -** आत्मजागरूकता भनेको आफ्ना भावनाहरू र तिनीहरूको असरलाई पहिचान गर्ने क्षमता हो जसको सहयोगले व्यक्ति आफ्नो वर्तमान भावना र विचारको बारेमा सचेत रहन्छ र तिनलाई सही रूपमा बुझ्न सक्छ।

* लेखापरीक्षण अधिकारी, महालेखापरीक्षकको कार्यालय

२. **आत्म-नियन्त्रण (Self-regulation) -** आत्म-नियन्त्रण भनेको आफूलाई शान्त र संयमित राख्नु हो। विशेषगरी जब तपाईं कुनै दबाब वा तनावको स्थितिमा हुनुहुन्छ, यसमा अचानक निर्णय गर्ने (Impulsive) क्रियाकलापहरूलाई नियन्त्रण गर्न सक्ने क्षमता पनि समावेश हुन्छ।

३. **आत्म-प्रेरणा (Motivation) -** आत्म-प्रेरणा भनेको आफ्नो लक्ष्य प्राप्तिका लागि आफ्नो प्रयासलाई निरन्तर राख्नु हो। यसले व्यक्ति लक्ष्य प्राप्तिका लागि ऊर्जाशील र उत्साही बनाइरहन्छ र असफलता वा चुनौतीका बाबजुद सकारात्मक सोच कायम राख्न मद्दत गर्दछ।

४. **अनुभूति (Empathy) -** अनुभूति भनेको अरुको अवस्थामा रहेर अरुको वास्तविक भावनालाई महसुस गर्ने क्षमता हो। यसले व्यक्तिलाई अरुसँगको भावनात्मक सम्बन्धलाई बलियो बनाउन र उनीहरूको अवस्थासँग सम्बन्धित निर्णयहरू लिन मद्दत गर्दछ।

५. **सामाजिक क्षमता (Social Skills) -** सामाजिक क्षमता भनेको अरुसँग प्रभावकारी रूपमा संवाद गर्न र सम्बन्ध बनाउने क्षमता हो। यसमा समूहकार्य, नेतृत्वसीप, सम्झौतामा आउनु र संघर्ष समाधान गर्ने क्षमता समावेश हुन्छ।

व्यक्तिमा रहेका रिस, डर, खुसी, लाज, आश्चर्य, प्रेम र दुखी यी संवेगलाई नैतिकता र निष्ठाको कसी अनुसार व्यवस्थापन गरी वाञ्छित उद्देश्य हासिल गर्नु संवेगात्मक बौद्धिकता हो।

प्रशासनिक सफलतामा संवेगात्मक बौद्धिकता

- तपाईंभन्दा तल्लो पदका र माथिल्ला पदका कमचारीहरूसँग मन नपरेका कुरा कसरी व्यक्त गर्नुहुन्छ?
- कोही सेवाग्राही कार्यालयमा आएर चर्को स्वरमा कराउन थाल्नुभयो भने कसरी त्यो परिस्थितिको सामना गर्नुहुन्छ?
- तपाईं अन्य कुनै नयाँ कार्यालयमा सेवाग्राही भएर जानुपर्दा सबैभन्दा पहिले के गर्नुहुन्छ?
- तपाई आफ्नो टिमका सदस्यहरू, सहकर्मीहरू र सरोकारवालासँग अन्तरक्रियालाई सधैं कसरी व्यवस्थापन गर्नुहुन्छ?
- कार्यस्थलमा कुनै विवाद सिर्जना भयो भने तपाईं के गर्नुहुन्छ?

कार्यालयस्थलमा कार्यालय समयमा माथिका यी परिस्थिति हामी सबैले सामना गरेकै हुन्छौं। तर यी परिस्थितिको सामना गर्ने तरिका हामी सबैको फरक-फरक हुन्छ किनकि यी परिस्थितिको सामनामा संवेगात्मक बौद्धिकताको भूमिका महत्त्वपूर्ण हुन्छ। वर्तमान परिस्थितिमा नेपालमा सार्वजनिक सेवा प्रदायक संस्थाहरू प्रायः पुरानो शैलीमा नै सञ्चालित छन्। यस अवस्थामा कर्मचारीहरूको संवेगात्मक बौद्धिकता विकासमा ध्यान नदिइएमा यसले उनीहरूको कार्यसम्पादनमा असर पुऱ्याउँछ। उदाहरणका लागि, कर्मचारीहरूले सेवा लिन आएका व्यक्तिहरूसँग अनुभूतिको माध्यमबाट व्यवहार नदेखाउनु, तनाव र असहज परिस्थितिहरूसँग जुझ्दा आवेगित प्रतिक्रिया दिनु यस्ता विभिन्न समस्या उत्पन्न हुन सक्छ, जसको प्रत्यक्षसम्बन्ध सङ्गठनको सफलता र सेवाग्राहीको सेवा प्राप्त गर्ने अधिकारसँग हुन्छ।

प्रशासनिक सफलतामा संवेगात्मक बौद्धिकताको भूमिका

क) **प्रशासनिक सन्दर्भमा संवेगात्मक बौद्धिकताको बुझाई -** प्रशासनिक सन्दर्भमा जहाँ सहकर्मीहरू, वरिष्ठ अधिकारीहरू र सेवाग्राहीहरूसँग निरन्तर सम्पर्क, सञ्चार, अन्तरक्रिया हुन्छ, त्यहाँ उच्चस्तरको संवेगात्मक बौद्धिकताको बुझाई हुनु महत्त्वपूर्ण हुन्छ। संवेगात्मक बौद्धिकता भएका प्रशासकहरूले आफ्ना शक्तिहरू र कमजोरीहरूलाई बुझ्नको लागि आत्म-जागरूकता सम्बन्धी सीपको प्रयोग गर्छन्। उनीहरूले विभिन्न परिस्थितिहरूमा आफ्ना भावनाहरूलाई पहिचान र सही रूपमा नियमन गर्न सक्छन्। यसले व्यक्तिलाई दबाबको परिस्थितिमा शान्त रहन र रणनीतिक रूपमा प्रतिक्रिया दिन सक्षम बनाउँछ।

अधिकांश संवेगात्मक बौद्धिकता भएका कर्मचारीहरू/प्रशासकहरू अन्य व्यक्तिको जुनसुकै परिस्थितीलाई अनुभूत गर्ने क्षमता राख्छन्। अरुको दृष्टिकोण र भावनाहरूलाई गहिरो रूपमा बुझ्न सक्दछन्, जसले टिमका सदस्यहरूसँग बलियो सम्बन्ध निर्माण गर्न, विवादहरूलाई बढ्नुअघि समाधान गर्न र सकारात्मक कार्य वातावरण सिर्जना गर्न मद्दत पुऱ्याउँदछ।

प्रशासनिक सन्दर्भमा संवेगात्मक बौद्धिकताको अर्को महत्त्वपूर्ण पक्ष प्रभावकारी सञ्चार हो। संवेगात्मक बौद्धिकता भएका प्रशासकहरू सक्रिय सुनुवाइमा सहभागी हुन्छन् र अरुले के भनेका छन्, त्यसलाई बिना रोकटोक र निर्णयका लागि प्रतिक्रिया जनाउन क्षमता राख्दछन्। यसले टिमहरूमा राम्रो सहकार्यको वातावरण सिर्जना गर्छ र सबैलाई मूल्यवान महसुस गराउँछ।

यसका अतिरिक्त, संवेगात्मक बौद्धिकताले प्रशासनिक निर्णय निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ। उच्च संवेगात्मक बौद्धिकता (Emotional Intelligence- EI) भएका प्रशासकहरूले केवल तार्किकता मात्र होइन, मानिसहरूको भावनात्मक पक्षलाई पनि ध्यानमा राखेर निर्णयहरू लिन्छन्। यसरी उनीहरूले सबै पक्षको फाइदाका लागि राम्रो परिणामहरू प्राप्त गर्छन्।

प्रशासनिक सन्दर्भमा संवेगात्मक बौद्धिकताको बुझाइ सफलता प्राप्त गर्नका लागि महत्त्वपूर्ण छ। यसले प्रशासकलाई चुनौतीपूर्ण अन्तरव्यक्तिगत परिस्थितिहरूलाई सौम्य रूपमा सामना गर्न सक्षम बनाउँछ र प्रभावकारी सञ्चार र अनुभूतिपूर्ण नेतृत्व क्षमतामार्फत सकारात्मक कार्य संस्कृति बनाउन सधैं उत्प्रेरित र जागरूक बनाउँछ।

ख) **प्रभावकारी नेतृत्वको लागि संवेगात्मक बौद्धिकता -** संवेगात्मक बौद्धिकता प्रभावकारी नेतृत्वको लागि एक महत्त्वपूर्ण साधन हो। यस्तो क्षमता भएका नेताहरूले आफ्ना शक्तिहरू, कमजोरीहरू, मूल्य र उत्तेजनाहरूलाई गहिरो रूपमा बुझ्दछन्। आफ्ना भावनाहरूलाई र तिनीहरूले कसरी व्यवहारमा प्रभाव पार्छन् भन्ने कुरा बुझेर, चुनौतीपूर्ण परिस्थितिहरूमा आफ्ना प्रतिक्रिया व्यवस्थित गर्न सक्षम हुन्छन्।

संवेगात्मक बौद्धिकताको अर्को महत्त्वपूर्ण क्षमता भनेको आत्म-नियन्त्रण हो। यसमा आवेगपूर्ण व्यवहारलाई नियन्त्रण गर्नु र परिस्थितिहरूमा अनुकूल रहन सक्नुपर्दछ। प्रभावकारी नेताहरू दबाबमा शान्त रहन्छन् र उनीहरूको भावनाले उनीहरूको क्रियाहरूलाई प्रभावित नगरी तार्किक निर्णय लिन्छन्।

संवेगात्मक बौद्धिकताको अर्को महत्त्वपूर्ण क्षमता अनुभूतिले बलियो सम्बन्ध बनाउने प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्छ। अनुभूतिले गर्न सक्ने क्षमता भएका नेताहरूले अरुको

दृष्टिकोणलाई बुझ्न, सक्रिय रूपमा सुन्न र आवश्यक परेको बेला समर्थन दिने क्षमता राख्छन्। यसले टिममा विश्वास र खुल्ला सञ्चारलाई प्रोत्साहित गर्छ।

सामाजिक सीपहरू पनि प्रभावकारी नेतृत्वका लागि महत्त्वपूर्ण हुन्छन्। बलियो अन्तरव्यक्तिगत सीपहरूले अरुसँग स्पष्ट रूपमा सञ्चार गर्न, समस्याहरूलाई रचनात्मक रूपमा समाधान गर्न, अरुसँग साझेदारी गरिएको उद्देश्यतर्फ प्रेरित हुने सामूहिक वातावरण सिर्जना गर्न मद्दत पुऱ्याउँछ।

संवेगात्मक बौद्धिकता लाई नेतृत्व अभ्यासमा समावेश गर्दा व्यक्तिगत सफलतासँगै समग्र सङ्गठनको सफलता पनि बढ्छ।

ग) **अन्तरव्यक्तिगत गतिशिलता र संवेगात्मक बौद्धिकता -** एक प्रशासनिक व्यक्तित्वको रूपमा तपाईं लगातार टिमका सदस्यहरू, सहकर्मीहरू र सरोकारवालासँग अन्तरक्रिया गर्नुहुन्छ। यी अन्तरक्रियाहरूलाई कसरी व्यवस्थापन गर्नुहुन्छ भन्ने कुराले तपाईंको नेतृत्वको समग्र प्रभावकारिता माथि ठुलो असर पार्न सक्छ। संवेगात्मक बौद्धिकता (Emotional Intelligence- EI) एक मूल्यवान सीप हो, जसले प्रशासनिक व्यक्तित्वलाई अन्तरव्यैक्तिक गतिशीलता (Interpersonal Dynamics) लाई सौम्यता र सहानुभूतिको साथ Navigate गर्न मद्दत गर्दछ। यसमा आत्म-सचेतना, आत्म-नियन्त्रण, सामाजिक सचेतना र सम्बन्ध व्यवस्थापन समावेश हुन्छ। बलियो संवेगात्मक बौद्धिकता (Emotional Intelligence- EI) सीप भएका प्रशासनिक व्यक्तित्वले आफ्ना विचार र भावनाहरूलाई प्रभावकारी रूपमा सञ्चार गर्न सक्छन् र अरुको भावनालाई बुझ्न सक्छन्। यसका अतिरिक्त, उनीहरूले आफ्नो टिममा दोहोरो प्रभावकारी सञ्चार माध्यमलाई प्रोत्साहन गर्दै बलियो सम्बन्धहरू बनाउन सक्दछन्।

संवेगात्मक बौद्धिकताले अन्तरव्यैक्तिक गतिशीलता (Interpersonal Dynamics) लाई व्यवस्थापन गर्न प्रशासनिक व्यक्तित्वलाई विश्वासको वातावरण सिर्जना गर्न र सहयोगी कार्य वातावरण सिर्जना गर्न प्रोत्साहित गर्दछ। यसले उत्पादकता वृद्धि र टिम सदस्यहरूबिचमा बलियो सम्बन्धहरूको निर्माण गर्दछ।

घ) **विवाद समाधान र प्रशासकीय भूमिकामा संवेगात्मक बौद्धिकता -** विवाद कुनै पनि कार्यस्थलको अपरिहार्य हिस्सा हो। विवादहरूलाई कसरी समाधान गर्ने भन्ने कुराले सङ्गठनको सफलतामा ठुलो प्रभाव पार्न सक्छ। विवाद समाधानमा संवेगात्मक बौद्धिकताको महत्त्वपूर्ण भूमिका हुन्छ। विवादका स्थितिहरूमा शान्त रहनु ठुलो कुरा हो। आत्म-नियन्त्रण, संवेगात्मक बौद्धिकताको एक महत्त्वपूर्ण पक्ष हो जसले जस्तोसुकै चर्को विवादको अवस्थामा पनि व्यक्तिलाई शान्त एवं आफ्नो व्यावसायिक चरित्रमा रही समस्याहरूलाई वस्तुनिष्ठ रूपमा समाधान गर्न सक्षम बनाउँछ। फलस्वरूप कार्यस्थलमा सकारात्मक कार्य संस्कृति सिर्जना हुन्छ। जब विवादहरूको प्रभावकारी रूपमा समाधान गरिन्छ, समस्या त चाँडो समाधान हुन्छ नै, साथै सम्बन्धहरू पनि मजबुत बन्दछ।

ङ) **समस्याको समाधान र निर्णय-निर्माणमा संवेगात्मक बौद्धिकता -** समस्याको समाधान र निर्णय निर्माणमा संवेगात्मक बौद्धिकताले महत्त्वपूर्ण भूमिका खेल्दछ किनकि भावनाले हाम्रो सोचलाई स्पष्ट बनाउन, विकल्पहरूको मूल्याङ्कन गर्न र विवेकपूर्ण निर्णयहरू गर्नमा ठुलो असर पुऱ्याउन सक्छ। यी

प्रक्रियामा संवेगात्मक बौद्धिकतालाई उपयोग गरेर व्यक्तिले आफ्ना समस्याको समाधान गर्ने सीपलाई सुधार गर्न र आफ्ना निर्णयहरूको परिणामलाई सुधार्न सक्छन्।

संवेगात्मक बौद्धिकताको महत्त्वपूर्ण पक्ष आत्म-जागरुकताले निर्णय-निर्माणमा एक स्पष्ट दृष्टिकोण राख्न सहयोग गर्दछ, निर्णय प्रक्रियामा भ्रामक असर गर्ने पूर्वाग्रह वा आवेगपूर्ण प्रतिक्रियाहरूबाट मुक्त हुन्छ। कसैको भावनाले निर्णयलाई कसरी प्रभाव पार्न सक्छ भन्ने बुझेर, आवेगपूर्ण वा असंगत निर्णयहरू गर्ने सम्भावना कम हुन्छ।

अर्को महत्त्वपूर्ण पक्ष हो संवेगात्मक बौद्धिकताको - अनुभूति। जटिल समस्याहरू वा धेरै सरोकारवालाहरूको अपेक्षालाई सम्बोधन गर्ने निर्णय प्रकियामा अरुको दृष्टिकोणलाई लिएर अनुभूति गर्न सक्नुपर्दछ। यसले सहकर्मी र सरोकारवालाहरूबिच विश्वास र सम्बन्ध निर्माण भई समस्याको समाधानलाई अन्तिम रूप दिनु अघि विभिन्न दृष्टिकोणहरूलाई विचार गर्न व्यक्तिलाई सक्षम बनाउँछ।

च) **संवेगात्मक बौद्धिकता मार्फत कार्यस्थलमा सकारात्मक कार्यसंस्कृति निर्माण -** कुनै पनि सङ्गठनको सफलता र कल्याणको लागि सकारात्मक कार्यस्थल संस्कृति सिर्जना गर्नु महत्त्वपूर्ण हुन्छ। यसले कर्मचारीहरूको सन्तुष्टि, उत्पादकत्व र समग्र कामको प्रदर्शनको लागि आधार तयार गर्दछ। एउटा शक्तिशाली उपकरण जसले सकारात्मक कार्य संस्कृतिलाई निर्माण गर्न मद्दत गर्न सक्छ, त्यो हो संवेगात्मक बौद्धिकता। व्यक्तिमा संवेगात्मक बौद्धिकता छ भने उसले सधैं आफ्नो र अरुको भावनालाई बुझी त्यसको प्रभावकारी व्यवस्थापनतर्फ अग्रसर हुन्छ। टोली वा सङ्गठनमा संवेगात्मक बौद्धिकताका सीपहरू विकास गरेर कार्यस्थलमा सकारात्मक कार्यसंस्कृति निर्माण गर्दछन्, जहाँ कर्मचारीहरूले मूल्याङ्कन, समर्थन र उत्कृष्ट काम गर्ने प्रेरणा प्राप्त गर्दछन्।

संवेगात्मक बौद्धिकता मार्फत कार्यस्थलमा सकारात्मक कार्यसंस्कृति निर्माण गर्ने एक प्रमुख पक्ष "अनुभूति" हो। अनुभूतिले आफू र अरुबिच समानभाव सिर्जना गराउँछ भने आत्म-जागरूकताले आफ्ना बलियो र कमजोर पक्ष, उत्तेजक तत्त्व र पूर्वाग्रहहरूलाई पहिचान गर्न सहयोग गर्दछ जसले गर्दा व्यक्ति जुनसुकै चुनौतीपूर्ण परिस्थितिमा पनि शान्त रही आफ्ना भावनाहरूलाई राम्रोसँग व्यवस्थापन गर्न सक्षम हुन्छ र तिनीहरूले अरुलाई कस्तो प्रभाव पार्न सक्छ भन्ने कुराप्रति सचेत रहन्छ।

त्यसैगरी प्रभावकारी संचारले एक अर्काको भावनालाई, बुझाईलाई जस्ताको त्यस्तै त्यही अर्थमा बुझ्ने गरी सञ्चार गर्न सक्षम बनाउँदछ। यसले यो सुनिश्चित गर्दछ कि सन्देशहरू ठीक प्रकारले प्रवाह भए र अनावश्यक भ्रम र द्वन्द्व सिर्जना हुँदैन।

जब एक सङ्गठनमा संवेगात्मक बौद्धिकतालाई प्राथमिकता दिइन्छ, कर्मचारीहरूलाई आफ्नोपन र सही कामको मूल्याङ्कन गरिएको महसुस हुन्छ। यसले कर्मचारीलाई सधैं सङ्गठनप्रति निष्ठावान् रहन उत्प्रेरित गर्दछ।

छ) **नीति कार्यान्वयनमा सहजता -** नीति कार्यान्वयनमा सहजता र सफल कार्यान्वयनका लागि नीतिहरू जनभावना केन्द्रित र जनअपेक्षालाई सम्बोधन गर्न सक्ने हुनुपर्छ। संवेगात्मक बौद्धिकताले नीति निर्माताहरूलाई जनताको मर्म, भावना र आवश्यकतासँग अनुभूति राख्न सक्षम बनाउँछ। जसले गर्दा जनताको आवश्यकता सम्बोधन भई नीति कार्यान्वयन सहज हुन्छ।

संवेगात्मक बौद्धिकता विकास एक निरन्तर प्रक्रिया

संवेगात्मक बौद्धिकताको विकास एक निरन्तर प्रक्रिया हो, जहाँ निरन्तर प्रयास र अभ्यासको आवश्यकता पर्दछ। संवेगात्मक बौद्धिकताको निरन्तर विकासको लागि संवेगात्मक बौद्धिकता केन्द्रित जीवन उपयोगी सीपका विभिन्न कार्यक्रमहरूमा सहभागी हुनुपर्दछ। संवेगात्मक बौद्धिकता आजको भोलि विकास हुने सीप होइन, यसका लागि व्यक्ति आफैं पनि आत्मजागरूक भएर संवेगात्मक बौद्धिकताको विभिन्न तत्त्वहरूलाई अभ्यासमा उतार्नुपर्दछ। नियमित अभ्यासले भावनाहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने क्षमता सुदृढ हुन्छ। जटिल, चुनौतीपूर्ण अवस्थामा आवश्यक पर्ने नेतृत्व भूमिकामा स्वयंलाई स्वेच्छाले प्रस्तुत गर्ने वा द्वन्द्व समाधानका सीपहरूमा निखारता आउने चुनौतीपूर्ण परिस्थितिहरूको सामना गर्नुपर्दछ।

- कार्यस्थलमा संवेगात्मक बौद्धिकताको अभ्यासः

  - **उदाहरणीय नेतृत्व बन्नेः** प्रशासनिक व्यक्तित्व जसले बलियो संवेगात्मक बौद्धिकताको सीपहरू देखाउँछ, सङ्गठनभित्र उसले अरुप्रति देखाउने व्यवहारको एक सकारात्मक उदाहरण बन्छ। त्यसैले कार्यस्थलमा आत्मजागरूक भई अनुभूति राख्दै प्रभावकारी दोहोरो सञ्चारलाई सधैं अभ्यासमा उतार्नुपर्दछ।

  - **आफ्नो काम र जीवनलाई सन्तुलनमा राख्नेः** दैनिक रूपमा मानसिक स्वास्थ्यसँग सम्बन्धित हामी विभिन्न समाचार सुन्छौं, हेर्छौं। मानसिक स्वास्थ्यको महत्त्वलाई हामी नकार्न सक्दैनौं। अहिलेको युग प्रतिस्पर्धाको युग हो, जहींतहीं भागदौड छ। यसैबिच हामीले हामीलाई नै बिर्सन्छौं, ध्येय एउटै रहन्छ, प्रतिस्पर्धामा अरुलाई कसरी उछिन्ने। फलस्वरूप हाम्रो आफ्नो काम र जीवनको सन्तुलन बिग्रन्छ, जसको प्रत्यक्ष असर हाम्रो मानसिक स्वास्थ्यमा पर्न जान्छ, हाम्रो संवेगात्मक बौद्धिकतामा पर्न जान्छ। त्यसैले आफ्ना कर्मचारीहरूलाई कामको भागदौडका बिच विश्राम लिन र मानसिक स्वास्थ्यलाई प्राथमिकता दिन उत्साहित गर्नुहोस्। यसले काम-जीवनबिचको सन्तुलनलाई प्रवर्धन गर्दछ, जुन संवेगात्मक बौद्धिकताको लागि महत्त्वपूर्ण हुन्छ।

  - **भावनाहरूलाई सराहना गर्नेः** भावनाहरू मानव अनुभवको नकार्न नसकिने पाटो हो। भावनालाई खुलेर महसुस गर्नुपर्दछ। सधैं सकारात्मक उर्जा नै महसुस हुन्छ भन्ने छैन, कहिलेकाहीं खराब महसुस गर्नुहुन्छ भने त्यो पनि स्वीकार्नुस, नभाग्नुस्। It is ok not to be ok, यो मन्त्रलाई सधैं मनन् गर्नुपर्दछ। कर्मचारीहरूलाई स्वस्थ र रचनात्मक तरिकामा आफ्ना भावनाहरू व्यवस्थापन गर्नको लागि मार्ग प्रशस्त र स्रोतहरू प्रदान गर्नुपर्दछ।

  - सेवाग्राही वा अन्य व्यक्तिको क्रियाकलापहरूको प्रतिक्रिया होइन सम्बोधन गर्नुपर्दछ।

- व्यक्तिगत संवेगात्मक दक्षता विकास गर्ने केही उपायहरूः

  - नैतिकता र निष्ठालाई सदैव शिरोधार्य गर्नुपर्दछ।
  - आवश्यकता परेको बखतमा मात्र बोल्नुपर्दछ, धेरै भन्दा धेरै अरुको कुरा सुन्ने बानीको विकास गर्नुपर्दछ।
  - सधैं मीठो मुस्कान र प्रशंसा एवं मीठा शब्दहरूबाट कुराको सुरूवात गर्नुपर्दछ।
  - आफ्ना भनाइहरूमा उत्कृष्ट र प्रोफेसनल शब्दहरूको प्रयोग गर्नुपर्दछ, आफ्नो शब्दको भण्डार बढाउनमा सधैं तत्पर रहनुपर्दछ।
  - आफ्नोभन्दा फरक मत र विचार एवं तर्कहरूमा सधैं सक्रिय सुनाइ राख्नुपर्दछ।

- आफ्नो गल्ती भएको खण्डमा खुलेरै गल्तीको स्वीकार गर्नुपर्दछ र तत्काल गल्तीलाई सच्याउनुपर्दछ।
- आफ्नो मात्र होइन अरुको प्राथमिकतालाई पनि पहिचान गर्नुपर्दछ र सोहीबमोजिम आफ्नो व्यवहारको प्रदर्शन गर्नुपर्दछ।
- अरुको गल्तीमा कहिल्यै पनि तपाई गलत हो भनेर भन्नुहुँदैन, यसको साटो Sandwich Technique को प्रयोग गरी कसैको राम्रो सबल पक्षहरू देखाउँदै मीठा शब्दमा अरुको गल्ती र कमजोरीलाई प्रस्तुत गर्नुपर्दछ।
- सम्बन्धित व्यक्तिको अनुपस्थितिमा सो व्यक्तिको आलोचना र गुनासो गर्ने गर्नुहुँदैन।
- अरुलाई आफ्नो आवश्यकता महसुस हुने गरी सहयोग र सम्बन्धको विकास गर्नुपर्दछ।

निष्कर्ष

संवेगात्मक बौद्धिकताले प्रशासनिक व्यक्तित्वहरूको प्रशासनिक सफलतामा महत्त्वपूर्ण भूमिका खेल्दछ। यो केवल कार्यहरू व्यवस्थापन, परियोजनाहरू र लक्ष्यहरू पूरा गर्नु मात्र होइन, गहिरो रूपमा आफू वरिपरिका मानिसहरूको आफ्नो जस्तै भावना बुझ्ने र ती भावनासँग जोडिने कार्य पनि हो। संवेगात्मक बौद्धिकताका सीपहरू विकास गरेर, प्रशासनिक व्यक्तित्वहरूले आफ्नो नेतृत्व कौशल सुधार्न, अन्तरवैयक्तिक आयामहरू प्रभावकारी रूपमा नेभिगेट गर्न, द्वन्द्वलाई मित्रवत तरिकामा समाधान गर्न, राम्रो निर्णय लिन र समस्याहरूलाई अधिक प्रभावकारी रूपमा समाधान गर्न सक्छन्। संवेगात्मक बौद्धिकताका सीपहरूले व्यक्तिगत रूपमा त व्यक्तिलाई फाइदा गर्छ नै यसका अतिरिक्त संवेगात्मक बौद्धिकताका सीपहरूले कार्यस्थलमा सकारात्मक कार्यसंस्कृति निर्माणमा पनि योगदान पुऱ्याउँछ। जब प्रशासनिक व्यक्तित्वहरूले अनुभूति र बुझाइका साथ नेतृत्व गर्छन्, उनीहरूले यस्तो वातावरण सिर्जना गर्छन् जहाँ कर्मचारीहरूको कामको सही मूल्याङ्कन हुनुका साथै कर्मचारीको समर्थन प्राप्ति हुन्छ र आफ्नो कर्मचारीहरूले पनि उत्कृष्ट कार्य गर्न सकारात्मक ऊर्जा र उत्प्रेरणा प्राप्त गर्दछन्। यसले उत्पादनशक्ति वृद्धि र समग्र सङ्गठनात्मक सफलतामा महत्त्वपूर्ण भूमिका खेल्दछ।

संवेगात्मक बौद्धिकताको निरन्तर विकास व्यक्ति र सङ्गठन दुवैका लागि महत्त्वपूर्ण छ। आत्म-जागरूकता, अनुभूति विकासका अभ्यासहरू र दोहोरो प्रभावकारी सञ्चार प्रविधिहरूमा ध्यान केन्द्रित गर्ने प्रशिक्षण कार्यक्रमहरूले व्यक्तिहरूलाई आफ्नो संवेगात्मक बौद्धिकतालाई विकास गर्न र निखार ल्याउन सघाउ पुऱ्याउँछ। त्यसैले यस्ता कार्यक्रमहरूमा कर्मचारीहरूको सहभागितालाई सङ्गठन, नेतृत्व र स्वयं व्यक्ति आफूले प्राथमिकतामा राख्नुपर्दछ। यसका साथै ध्यान वा योग जस्ता मानसिक अभ्यासहरूले आत्म-जागरूकता र भावनात्मक व्यवस्थापनलाई थप सुदृढ बनाउँदछ। संवेगात्मक बौद्धिकताको महत्त्वलाई बुझेर र यसको विकासतर्फ सक्रिय रूपले काम गरेर व्यक्तिगत र सामूहिक रूपमा सङ्गठनहरू सफलताको बाटोमा अग्रसर हुन सकिन्छ।

सन्दर्भ सामग्री

- https://zoetalentsolutions.com/emotional-intelligence-in-administrative-success/
- https://www.helpguide.org/mental-health/wellbeing/emotional-intelligence-eq
- https://www.clearias.com/emotional-intelligence-administration-governance/
- तोमनाथ उप्रेती, संवेगात्मक बौद्धिकताको कुशल र प्रभावकारी प्रयोग गर्न आवश्यक
- रामबन्धु सुवेदी, सार्वजनिक सेवा प्रवाहमा संवेगात्मक बौद्धिकता

English Section

Comparative study of Audit Reports

- Ram Chandra Poudel*

A. **Introduction:** Audit is the examination of financial records and expressing an opinion on financial statements. The outcome of audit is audit report. The audit report can be compared across various dimensions. These dimensions may include the methodologies employed during the audit, the types of audits conducted, the regulatory frameworks guiding the audit process, and the transparency of reporting practices. The differences between the audit reports of Supreme Audit Institutions (SAIs) and private audit can be compared as follows.

B. **Comparison of SAI Audit Reports and Private Audit Reports:** The audit report of Supreme Audit Institutions (SAI), such as those issued by the Comptroller and Auditor General (CAG) in India, Office of the Auditor General in Nepal or the Government Accountability Office (GAO) in the United States, differ from regular audit reports issued by private audit firms in several key ways. Here are the main distinctions between SAI's Audit Report and Private Audit Reports:

a. Objective and Scope

- SAI Audit Reports: Primarily focus on assessing the management and use of public resources, ensuring transparency, accountability, and efficiency in government operations. They examine compliance, performance, and financial aspects across government departments, projects, and public sector undertakings.
- Private Audit Reports: Typically focus on the financial statements of a private company or organization, verifying if they present a true and fair view of the financial position, in accordance with accounting standards.

b. Independence and Authority

- SAI: Operates independently from the government it audits, reporting directly to the parliament or legislature. This ensures an unbiased assessment of government operations.
- Private Auditors: Operate under a contract with the entity they audit, which may create potential conflicts, though ethical standards require independence in the audit process.

c. Focus on Public Accountability

- SAI Reports: Aim to uphold public accountability and focus on the public interest, emphasizing how public funds are managed/utilized. They may include recommendations for systematic improvements and policy adjustments.
- Private Audit Reports: Primarily focus on shareholder accountability and financial accuracy, with less emphasis on the broader societal impact of financial decisions.

* Director, Office of the Auditor General

d. Types of Audits

- SAI: Often conducts compliance audits, performance audits, and financial audits to evaluate different aspects of government activities, such as policy implementation efficiency and outcomes.
- Private Auditors: Mainly conduct financial audits, though they may also perform operational or compliance audits if requested by the client.
- Reporting Structure and Public Access
- SAI Reports: Usually submitted to the parliament or legislative body, where they are often discussed publicly, leading to parliamentary or legislative actions. They are generally accessible to the public.
- Private Audit Reports: Typically submitted to the management and stakeholders of the entity and are not publicly disclosed, unless required by regulatory bodies.

e. Audit Criteria

- SAI: Uses criteria that reflect laws, regulations, and policies specific to public sector governance. Their standards often follow the International Standards of Supreme Audit Institutions (ISSAI).
- Private Auditors: Use criteria based on Generally Accepted Accounting Principles (GAAP) or International Financial Reporting Standards (IFRS), focusing primarily on financial reporting standards.These differences highlight that SAI audit reports are designed for a broader accountability framework, focusing on the stewardship of public funds and institutional integrity, while private audit reports are generally narrower in scope, with a primary focus on financial accuracy for the benefit of shareholders.

In the context of the Supreme Audit Institutions (SAIs) of Nepal, South Korea and South Africa, this comparative analysis examines how different approaches to auditing influence the quality and effectiveness of audit reports. Such comparisons are critical for understanding how different audit frameworks can lead to improved financial oversight and better use of public resources in different contexts.

C. **Comparison of Nepal and South Korea Audit Reports):** The audit reports of Supreme Audit Institutions (SAIs) in Nepal and South Korea differ primarily in their goals, scope, methodologies, and frameworks due to variations in governance structures, audit mandates, and standards each country follows. Here's a comparative look at of the key distinctions between them:

a. Institutional Structure and Governance

- Nepal (Office of the Auditor General, OAG): Nepal's SAI is known as the Office of the Auditor General (OAG), which is an independent office established by Nepal's constitution. It reports to the Parliament of Nepal focusing on public resource management, compliance, performance, and financial reporting across government entities.
- South Korea (Board of Audit and Inspection, BAI): South Korea's SAI is the Board of Audit and Inspection (BAI), which is a combined audit and inspection body. It has broader functions, combining both auditing and inspection to oversee government operations comprehensively. The BAI operates under the

president and reports directly to the National Assembly, with a particular emphasis on legal compliance and public accountability.

b. Legal Framework and Mandate

- Nepal: The OAG operates under the Constitution of Nepal, with its duties outlined in the Audit Act, 2075 (2018), focusing primarily on financial and compliance audits. The mandate is largely limited to reviewing public accounts and the expenditures of government entities.
- South Korea: The BAI has a more extensive mandate under the Board of Audit and Inspection Act, allowing it to conduct audits, inspections, and investigations across government, public institutions, and even certain private organizations that receive government funding. The BAI's scope includes enforcing integrity and discipline, assessing performance, and auditing financial transactions.

c. Types of Audits and Scope

- Nepal: The OAG mainly performs financial audits and compliance audits to ensure the lawful use of funds by government institutions. Performance auditing is in development but is not as advanced or prioritized due to resource limitations.
- South Korea: The BAI conducts a wide range of audits including financial, compliance, and performance audits, along with special inspections and investigative audits. Its broad mandate enables it to audit not only the financial statements but also the effectiveness and efficiency of various government projects, often uncovering systemic issues.

d. Audit Standards and Guidelines

- Nepal: The OAG follows the International Standards of Supreme Audit Institutions (ISSAI), but due to resource constraints, its adoption of these standards may be limited or adapted. The focus remains on ensuring financial compliance and government accountability within its resource limitations.
- South Korea: The BAI also follows ISSAI standards but has developed a robust system tailored to local laws and policies. Additionally, the BAI has its own auditing standards, which are more comprehensive, covering ethical guidelines, professional requirements, and specific procedures for performance, compliance, and special audits.

e. Technological Integration

- Nepal: The OAG has been gradually adopting Information and Communication Technology (ICT) tools like NAMS (Nepal Audit Management System) in its audit process but is still developing digital audit practices and data analysis capabilities.
- South Korea: The BAI is highly advanced in technological integration, employing Big Data analytics, AI-driven tools, and digital forensics for in-depth auditing and inspections. This technological capability enhances the BAI's efficiency and ability to uncover complex issues in government operations.

f. Audit Reporting and Follow-Up

- Nepal: The OAG submits its reports annually to the Parliament, and these are discussed in the Public Accounts Committee (PAC). However, follow-up mechanisms may not be as rigorous or well-resourced, leading to challenges in

implementing audit recommendations consistently. These days, the follow up audit of Federal Level is postponed and about to resolve it in the near future.

- South Korea: The BAI's reports are presented to the National Assembly, and the BAI has a more structured and active follow-up process. The BAI often works directly with government bodies to implement recommendations and monitors corrective actions through periodic reviews.

g. Public Accessibility and Transparency

- Nepal: While the OAG's reports are made public, accessibility to detailed findings may be limited, with summaries being more commonly available. Transparency efforts are ongoing, but limitations exist in resources for widespread publication and public awareness.
- South Korea: The BAI's reports are readily accessible to the public through various online platforms, enhancing transparency. The BAI also communicates audit results through press releases, public announcements, and online dashboards, aiming for high public engagement and awareness.

h. Focus on Corruption and Governance

- Nepal: The OAG focuses on financial compliance and accountability, but its anti-corruption efforts are not as expansive due to limitations in mandate and resources. However, it does flag suspicious transactions for further investigation by anti-corruption bodies.
- South Korea: The BAI plays a proactive role in corruption prevention and governance enhancement, often collaborating with anti-corruption agencies. The BAI's audits and inspections frequently address issues of misconduct, inefficiency, and corruption, and it has a more direct impact on governance reforms.

In conclusion, the OAG in Nepal has a more traditional audit role focusing on compliance and financial audits, while the BAI in South Korea has a broader mandate, advanced technology integration, and a focus on performance, compliance, and governance reform. South Korea's SAI, through its combined audit and inspection role, has a deeper impact on systemic governance improvements, whereas Nepal's SAI operates under a more constrained scope due to resource and mandate limitations.

D. **Comparison of Nepal and South Africa Audit Reports:** The audit reports of the Supreme Audit Institution (SAI) of Nepal and the Auditor-General of South Africa (AGSA) have some unique distinctions due to differences in their legislative frameworks, audit approaches, and national priorities. Let us find some differences between SAI Nepal and South Africa:

a. Legal Framework and Mandate

- SAI Nepal: Operates under the Constitution of Nepal, with its auditing authority specified in the Audit Act, 2075 (2018). The Auditor General of Nepal reports to the Parliament and is responsible for auditing all government bodies, public enterprises, and institutions receiving government funding.
- AGSA (South Africa): Operates under the Public Audit Act, 2004, amended in 2018, which grants more extensive authority, including the ability to flag material irregularities and take further steps to enforce accountability. AGSA

reports to Parliament and provincial legislatures, auditing all state departments, entities, and any institution funded by the state.

b. Powers of Enforcement

- SAI Nepal: Focuses primarily on audit recommendations, which are advisory. While it can highlight irregularities and recommend corrective measures, it doesn't have the power to enforce compliance directly.
- AGSA (South Africa): Has enforcement powers under the 2018 amendment to the Public Audit Act, allowing it to issue material irregularity notifications and, if issues persist, refer cases to relevant public bodies for further action. This gives AGSA a stronger role in ensuring accountability.

c. Types of Audits and Focus Areas

- SAI Nepal: Conducts financial, compliance, and performance audits, with a strong focus on compliance audits to ensure government bodies follow national regulations and financial procedures. It also focuses on efficiency and effectiveness in using public resources but tends to prioritize compliance due to Nepal's governance structure.
- AGSA (South Africa): Conducts financial, compliance, and performance audits, with a notable emphasis on performance audits to assess the efficiency and effectiveness of public programs. AGSA places particular emphasis on service delivery audits and has focused on socio-economic impact, often flagging issues of wasteful expenditure and accountability in service provision.

d. Audit Standards

- SAI Nepal: Primarily follows International Standards of Supreme Audit Institutions (ISSAI) issued by the International Organization of Supreme Audit Institutions (INTOSAI), but customizes its approach based on Nepal's specific governance and legal requirements.
- AGSA (South Africa): Also adheres to ISSAI standards and incorporates International Standards on Auditing (ISA). AGSA's standards emphasize transparency and audit rigor, particularly for identifying irregularities and ensuring that audited entities adhere to AGSA's recommendations.

e. Public Reporting and Transparency

- SAI Nepal: Submits its reports to the Parliament of Nepal annually, which are reviewed by the Public Accounts Committee. While reports are made public, the focus is more on internal government reforms, and public access to reports can sometimes be limited.
- AGSA (South Africa): Issues public reports on a regular basis, with findings that are widely publicized and accessible to the public. The reports also undergo thorough discussion in parliamentary committees, such as the Standing Committee on Public Accounts (SCOPA), and the transparency of AGSA reports is actively promoted to foster public trust.

f. Material Irregularities and Consequence Management

- SAI Nepal: Reports irregularities and may suggest disciplinary action, but it lacks direct powers to impose consequences. It relies on the government to take action based on its recommendations.

- AGSA (South Africa): AGSA can declare material irregularities and require the responsible entities to take corrective action. If unresolved, AGSA has the authority to refer these cases to relevant public bodies, increasing the potential for holding individuals accountable for misuse or wastage of public resources.

g. Resource Allocation and Technology Use

- SAI Nepal: Works with limited resources and capacity constraints, which may impact the depth and frequency of audits. It is gradually adopting technology but may have limitations in conducting more advanced data-driven audits.
- AGSA (South Africa): Has comparatively better resources and has integrated technology to improve audit processes, such as using data analytics for identifying patterns of irregularities. This enhances the accuracy and effectiveness of AGSA audits, especially for high-volume, complex departments.

h. Special Audits on National Issues

- SAI Nepal: Often audits areas with significant public interest, such as health, education, and infrastructure projects, which are crucial for Nepal's development needs.
- AGSA (South Africa): Has conducted several special audits in areas like COVID-19 relief funds, housing, education, and healthcare services, especially focusing on instances where public funds are prone to misuse or misallocation.

In this way, SAI Nepal focuses more on compliance and traditional audit roles, AGSA in South Africa takes a proactive stance with more robust enforcement powers, transparency, and consequence management. The AGSA's ability to flag material irregularities and refer unresolved issues sets it apart, making it a powerful entity in South Africa's public finance management framework.

E. **Conclusion:** Each Supreme Audit Institution (SAI) operates under a specific audit mandate that defines its powers and responsibilities. The audit reports issued by these institutions are ultimately made available to the public, ensuring transparency and accountability in government operations. These audit reports not only highlight areas of compliance and performance, but also identify opportunities for improvement, thus serving as valuable tools for improving the efficiency of the public sector. In addition, different SAI uses specific and diverse reporting formats and methodologies that reflect their unique institutional frameworks and contexts. Ultimately, these institutions serve as the backbone of financial discipline in their respective countries and play a critical role in safeguarding public resources and promoting good governance.

References

- Website of SAI Nepal
- https://oag.gov.np/
- https://www.agsa.co.za/
- https://bai.go.kr/
- Audit Act, 2018

International Public Sector Accounting Standards (IPSAS) and its Implementation in Nepal



- CA Namuna Joshi

Abstract

The International Public Sector Accounting Standards (IPSAS) is a comprehensive accounting framework for public sector accounting, which mainly aims to enhance transparency, accountability, and efficiency in the management of public finances. This article examines the features, benefit, evolution of IPSAS and status of IPSAS implementation in Nepal. It explores the key features of IPSAS, including accrual accounting, financial transparency, and standardized reporting practices, and discusses the challenges and benefits associated with its implementation. The article further analyzes how IPSAS can contribute to better fiscal management, increased public trust, and the alignment of government financial practices with international standards.

Key Words: IPSAS, NPSAS, public sector entities, transparency, accountability, comparability, implementation, public financial management

Introduction

IPSAS stands for International Public Sector Accounting Standards. IPSAS are set of accounting standards for public sector entities developed by International Public Sector Accounting Standards Board (IPSASB), an independent body of International Federation of Accountants (IFAC). IPSASB aims to serve public interest by developing high quality accounting standards and other publications for use by public sector entities around the world in the preparation of general purpose financial statements. Public Sector entities are government entities such as ministries, municipalities, etc. IPSAS are based on International Financial Reporting Standards (IFRS). While IFRS has been issued for profit making entities, IPSAS has been issued for government entities. Globally, IPSASB is responsible for the development of International Public Sector Accounting Standards. The main objective of IPSAS is to improve the quality of financial information provided by public sector entities and to enable comparability and consistency among the public sector entities around the world. IPSAS (Cash- basis) offers comprehensive and transparent financial reporting of cash receipts, cash payments, and cash balance of public sector entities.

Evolution of IPSAS

The evolution of IPSAS (International Public Sector Accounting Standards) is rooted in the need for improved financial reporting and accountability in the public sector. In the year 1990, the International Federation of Accountants (IFAC) recognized the need for standardized accounting principles in the public sector entities and established a Public Sector Committee under IFAC to develop and issue accounting standards for the public sector with an aim of addressing issues such as recognition of government revenue, public sector assets and liabilities and preparation of budget reports. During the late 1990s, the Public Sector Committee started to develop accounting standards based on accrual principle and International Accounting

Standards (IAS). During early 2000s, several IPSAS were issued which covered a variety of areas such as financial instruments, revenue recognition, and impairment of assets. In the year 2004, the Public Sector Committee was renamed the International Public Sector Accounting Standards Board (IPSASB) to reflect its expanded role as an independent standard-setting body. IPSASB works in collaboration with other international bodies such as the International Monetary Fund (IMF) and the World Bank, to promote the adoption of IPSAS globally. During the 2010s, the IPSASB started to converge IPSAS with International Financial Reporting Standards (IFRS). This aimed to reduce differences between the two sets of standards and improve comparability. The convergence process is being continued, with the IPSASB regularly reviewing and updating IPSAS to align them with IFRS.

Several intergovernmental organizations such as Commonwealth Secretariat, Council of Europe, International Thermonuclear Experimental Reactor (ITER), North Atlantic Treaty Organization (NATO), Organization for Economic Co-operation and Development (OECD), International Bureau of Weights and Measures (BIPM), programs under United Nations have adopted IPSAS or are in the process of adopting IPSAS. Almost 100 countries of the world have adopted or are in the process of implementing IPSAS. Countries such as Srilanka, Malayisa, Pakistan, Jordan, Vietnam have successfully implemented IPSAS.

Features of IPSAS

The International Public Sector Accounting Standards (IPSAS) Board has issued 42 standards, plus a cash basis standard and three recommended practice guidelines (RPGs). IPSASB has issued accounting standards for public sectors around the world. Some of these standards include presentation of financial statements, cash flow statements, accounting policies, change in accounting estimates and errors, consolidated financial statements, inventories, leases, financial instruments, property, plant and equipment, related party disclosures, presentation of budget information in financial statements, among many other standards. Cash basis IPSAS has been developed for countries who are transitioning towards full accrual accounting. Similarly, recommended practice guidelines (RPGs) have been issued to provide additional guidance on financial statements.



Following are the key features of IPSAS:

1. **Accrual basis of accounting -** IPSAS comprises 42 standards on accrual basis of accounting. Unlike the traditional cash basis of accounting that used to be followed in public sector entities, IPSAS is based on accrual accounting i.e. transactions are recorded in the books when they are incurred, and not on the basis of cash inflow or outflow of the transaction.

2. **Comprehensive of financial statements -** IPSAS requires public sector entities to present a comprehensive set of general purpose financial statements. Under IPSAS, the complete set of financial statements include the following:

    i. Statement of Financial Position
    ii. Statement of Financial Performance
    iii. Statement of changes in net assets/ equity
    iv. Cash flow statement
    v. When the entity makes available its approved budget, a comparison of budget and actual amounts either as a separate additional financial statement or as a budget column in the financial statements.
    vi. Notes to the financial statement, comprising a summary of significant accounting policies and other explanatory notes
    vii. Comparative information in respect of the preceding period.

    These financial statements provide users with information about the resources and obligation of an entity at the reporting date and flow of these resources between reporting dates. Financial statements provide insights about the financial position and performance of the entity.

3. **Transparency and Accountability -** Another key feature of IPSAS is enhanced transparency and accountability in government financial reporting. IPSAS aims to enhance transparency and accountability in the public sector entities by providing more comprehensive disclosures on financial and non- financial information. This in turn helps stakeholders such as international organizations, regulatory bodies, auditors and public, to understand the financial position of public sector entities. It helps citizens understand how the public funds are being used and managed. This leads to better public accountability and better financial management.

4. **Comparability -** IPSAS helps to compare financial statements of public sector entities in the national and international level. It enhances consistency and comparability among the public sector entities. One of the objectives of IPSAS is to ensure comparability both with the entity's financial statements of previous periods and with the financial statements of other government entities. With the adoption of IPSAS, financial information of one country is easily comparable with that of other countries.

5. **Fair Presentation -** Fair presentation is another key feature of IPSAS. IPSAS requires public sector entities to present a true and fair view of the financial statements. In other words, the financial information presented by public sector entities should be fair and should not be misleading.

6. **Presentation of Budget Information -** IPSAS requires public sector entities to present a comparison of budget amounts and the actual amounts arising from the execution of the budget in the financial statements. It also requires disclosure for the reasons of material difference in budget and actual amounts. Presentation of budget information helps to increase public accountability and enhance transparency.

Accrual and Cash basis IPSAS

IPSAS provide accounting framework based on accrual and cash basis for public sector entities. Under accrual basis, transactions and events are measured and recognized as and when they are incurred regardless of when the cash transactions are made. Cash basis accounting, in contrast, is based on the concept the events and transactions shall be recorded only when cash is received or paid. Although, financial reporting can be better presented and understood while adopting the accrual IPSAS, IPSAS identified that immediate application of accrual IPSAS may take significant time in some jurisdiction, so cash basis IPSAS has been developed as an intermediate step as a transitionary process towards accrual IPSAS. IPSASB has developed cash basis IPSASB to guide public sector entities that follows cash basis of accounting. According to the Handbook of International Public Sector Accounting Pronouncements 2022 Edition published by IPSASB, the cash basis IPSAS encourages an entity to voluntarily disclose accrual based information, although its core financial statements will nonetheless be prepared under the cash basis of accounting. An entity in the process of moving from cash basis of accounting to accrual basis of accounting may wish to include particular accrual based disclosures during this process. Nepal has also followed cash basis IPSAS for its government entities.

Key Components of IPSAS

The major components of IPSAS are presented as follows:

a. **Revenue Recognition -** One of the major components of accrual IPSAS is government revenue recognition. IPSAS has set standards on measurement and recognition of revenue, including taxes, and government grants, donations to ensure that revenue is recognized when it is earned, rather than when it is received. This includes addressing complex issues such as the treatment of government grants and contracts with third parties.

b. **Asset and Liability Management -** IPSAS establishes standards for the recognition, measurement, and presentation of assets and liabilities. It provides guidelines for accounting for fixed assets, such as buildings, machinery and equipment as well as intangible assets like intellectual property. Additionally, IPSAS outlines how to handle liabilities, including pensions, debt, and other financial obligations.

c. **Expenditure Reporting -** IPSAS includes guidelines for reporting expenditures in a manner that reflects the use of public resources. This is particularly important for public sector entities, as it helps to ensure that expenditures are appropriately categorized and that the financial statements accurately reflect the financial activities of the entity.

d. **Public Sector Specific Issues -** IPSAS takes into account the unique characteristics of the public sector, such as the delivery of services without a profit motive, the reliance on government funding, and the often-complex nature of government activities. This focus on public sector-specific issues ensures that IPSAS is tailored to the needs of governments and public entities.

e. **Consolidated Financial Statements -** IPSAS also provides guidance on the preparation of consolidated financial statements for government entities and public sector entities that operate as part of a larger group. This ensures that the financial position and performance of the entire public sector group are presented in a clear and comprehensive manner.

Benefits of implementing IPSAS

The full implementation of IPSAS offers numerous benefits to public sector entities and country as whole. Some of the benefits of implementing IPSAS are as follows:

a. **Enhanced Transparency and Accountability -** Implementation of IPSAS helps government and public sector entities improve the transparency of their financial reporting, ensuring that taxpayers, donors, and other stakeholders have access to accurate and reliable information about government finances. This transparency fosters accountability, which is likely to reduce corruption and public finance mismanagement.

b. **Improved Decision-Making -** Accurate and timely financial reporting under IPSAS allows government officials to make better-informed decisions about budgeting, resource allocation, and fiscal management. This leads to more effective public spending and better outcomes for citizens.

c. **Enhanced Public Trust -** When governments adopt IPSAS and increase transparency in financial reporting, it helps to build public trust. Citizens are more likely to support government initiatives when they have confidence in the way public funds are being managed.

d. **Access to International Capital Markets -** Governments that adopt IPSAS are better positioned to access international capital markets. Investors are more likely to invest in governments that provide high-quality, transparent financial reporting, which can lead to lower borrowing costs and increased access to funding.

e. **Alignment with International Good Practices -** Adopting IPSAS helps governments align their financial reporting with international good practices, promoting consistency and comparability across jurisdictions. This fosters greater cooperation between countries and strengthens global governance.

Implementation Status of IPSAS in Nepal

Accounting Standard Board (ASB) is the accounting standard setting body in Nepal. ASB Nepal had developed Nepal Public Sector Accounting Standards (NPSAS) 2007 for financial reporting of public sector in line with IPSAS (Cash-basis), which was implemented from September 15, 2009. This was approved by the Council of Ministers to be applied in financial reporting under cash basis of accounting under the offices of Government of Nepal such as federal government, province governments, local levels and related government entities. The NPSAS, 2007 was again revised in line with IPSAS 2017 (Cash basis IPSAS). The revised NPSAS was then approved by the Government of Nepal on December 6, 2022.



Nepal successfully completed piloting of NPSAS in two ministries for Fiscal Year 2011/12 & 2012/13 of Ministry of Physical Infrastructure and Transport & Ministry of Women, Children and Social Welfare. The live implementation of these two ministries was done in the Fiscal Year 2013/14. The International Consortium of Government Financial Management (ICGFM) had also provided Certificate of Conformance in Financial Reporting By Developing

Countries to Ministry of Physical Infrastructure and Transport for fiscal year 2011/12 for substantial compliance of its Comprehensive Annual Report with the cash basis of accounting. Implementation of NPSAS was further extended for 31 economic entities (ministries & constitutional bodies) for fiscal year 2014/15 & 2015/16 which has also been completed by the end of 2016. Nepal has completely implemented NPSAS to all 43 economic entities (whole government) in 2018. OAG format (federal, province and local level) has been approved by Office of Auditor General in January 2019. Implementation to provincial government started in the year 2019. Currently, the implementation of NPSAS is being focused at the federal and province ministries. The following picture gives a view of milestone of implementation of NPSAS in Nepal:



Source: Implementation Journey of Nepal Public Sector Accounting Standards in Nepal published by ICAN, Nepal, 2024

Challenges in Implementation of IPSAS in Nepal

Alike many countries in the world, Nepal is also facing a number of hallenges in implementation of NPSAS across the public sector entities as follows:

a. **Lack of expertise -** One of the major barriers in implementation of NPSAS is lack of professional experts required for implementation of NPSAS. Government employees in the financial accounting and reporting sector are not well equipped with professional trainings and education necessary for implementation of NPSAS. The public sector has faced difficulty in recruiting and retaining trained accountants who are familiar with accrual basis of accounting and NPSAS. Many government employees have limited understanding of financial concepts such as depreciation, provisions, impairment, etc.

b. **Data collection and management -** Effective implementation of NPSAS requires accurate, and comprehensive data on government assets, liabilities, and financial transactions. Nepal faces challenges in data collection and management, especially in rural areas and local government entities. For example, governments may not have accurate records of fixed assets such as public infrastructure.

c. **Resistance to change -** Another major challenge in the implementation of NPSAS is resistance to change. Some government officials and agencies are reluctant to change long-standing accounting practices and adopt more complex financial reporting frameworks. In Nepal, government entities have been following cash basis accounting as per the formats prescribed by Financial Comptroller General Office (FCGO) since several years, and it may be difficult to transition to accrual IPSAS for employees and public sector entities.

d. **Lack of infrastructure -** Nepal government lacks a unified and integrated financial management information system capable of supporting the implementation of NPSAS. This is a critical issue that will require significant investment in both technology and infrastructure. Limited resources and infrastructure have been a major constraint for implementation of NPSAS.

e. **Challenges in Consolidation -** One of the major problems in implementation of NPSAS is the requirement to produce consolidated financial statements for all controlled entities. Consolidating government business entities with ministries and other entities would be very time-consuming, and requires a lot of resources and money.

f. **Lack of coordination -** Full implementation of NPSAS requires coordination and collaboration among various ministries, government agencies, different lines of government and stakeholders. Lack of coordination between these agencies has slowed down the progress of implementation of NPSAS. For instance, if one part of the government adopts accrual accounting but another continues to use cash basis of accounting, it can result in inconsistent financial reporting practices and difficulties in consolidating financial data.

Conclusion

The implementation of IPSAS in Nepal is an important step toward improving the transparency, accountability, and efficiency of public sector financial management. Nepal is gradually implementing NPSAS to improve its public financial management system. With effective collaboration among all government entities together with FCGO's leading role, proper impartation of training and education to employees regarding NPSAS, Nepal can fully implement accrual IPSAS. By implementing a globally recognized set of accounting standards, governments and public sector entities can ensure that they manage public resources responsibly and effectively. These also aids in better financial reporting in the international market and trust among international donors and investors. While the challenges of implementation are significant, the benefits of NPSAS such as enhanced financial transparency, improved governance, and better decision-making is definitely worthy for government of Nepal.

IPSAS plays an increasingly important role in shaping the future of public sector financial reporting. For countries and organizations that embrace these standards, IPSAS offers the opportunity to build trust with stakeholders, attract investment, and promote better public financial management.

References

- Implementation Journey of Nepal Public Sector Accounting Standards in Nepal Challenges, Lessons Learned, and Future Perspectives, 2024 published by Public Finance and NPSAS Committee, The Institute of Chartered Accountants of Nepal
- Handbook of International Public Sector Accounting Pronouncements 2022 Edition published by International Public Sector Accounting Standards Board
- https://www.iasplus.com/en/publications/public-sector/ipsas-in-your-pocket-2017/at_download/file/IPSAS%20in%20your%20pocket%20April%202017.pdf
- https://asbnepal.gov.np/introduction#:~:text=Since%202007%2C%20the%20Government%20of,(NPSAS)%202007%2C%20which%20was
- https://www.accaglobal.com/content/dam/ACCA_Global/Technical/pubsect/pi-IPSAS-implementation-current-status-and-challenges.pdf

Audit and Corporate Governance: Role of Audit to Enhance Corporate Governance Practices"



- CA Bikash Adhikari

Abstract

This article highlights the relationship between audit and corporate governance. It underlines the collective importance of audit and corporate governance to ensure transparency, accountability, and ethical conduct in an organization. Audit is an independent evaluation of financial statements and internal controls, whereas corporate governance is the processes and principles that guides the operations and functions of the organization in the best interest of stakeholders. Key principles related to corporate governance have been underlined as accountability, transparency, fairness, responsibility, integrity and independence. To understand the relationship better, key differences between audit and corporate governance is also presented in the article. It summarizes that audit involves financial accuracy and compliance whereas corporate governance is more focused towards organizational management and work efficiency. Article also highlights some key benefits of audit for better corporate governance which will increase assurance. This will facilitate the work of the board oversight, helps to prevent fraud, and enhance overall operational efficiency. Article also explores how audit process contributes to risk management, legal compliance, and detection of financial mismanagement. The article in the end also discusses about key challenges that include auditor independence, complex financial transactions, and limited resources. The article finally emphasizes that audit plays an indispensable role in the enhancement of corporate governance for long-term sustainability and ethical conduct within the organizations.

Introduction

Audit is an independent review and examination of financial statements including internal controls system of the organization. The main objective of performing audit is to provide independent assurance to the stakeholders that financial statements of organization reflects true and clear picture of organization's performance and it's financial statement is free from material misstatements. This ensures that financial statement gives true and fair presentation. Auditor who performs the audit is independent and such independence nature of auditor helps to avoid unnecessary influence over scope of audit work to provide independent opinion on organization's performance. Audit normally covers the review of financial records, internal controls and also helps to review compliance applicable to organization with prevailing laws and regulations. Thus, audit is more focused towards control.

On the other hand, the term corporate governance is more related towards the system, process, and principles which ensure that officials of the organization like directors, senior management perform their actions or activities in best interest of shareholders, employees, as well as other stakeholders of the organization. An organization is said to have good corporate governance if there is good cooperation among the board of directors, senior level management,

shareholders, auditors, regulatory bodies among others. Corporate Governance mainly covers the processes or systems based on which companies are operated, directed and controlled. It is more focused towards promoting sound and healthy work culture and also helps to promote a healthy work culture so that interests of all its stakeholders including employees, customers, government, shareholders and society at large is met. Corporate Governance helps to provide confidence to stakeholders to comply regulatory provisions by promoting corporate integrity and ethics. It is affected by multiple factors like external regulations, internal policies as well as organizational culture.

For effective operation and management of a organization both audit process and good corporate governance practices are equally important. They are the major pillars of organizational well-being. Both audit process and corporate governance practices in-together promote for transparency, accountability, fairness and ethics for the long-term feasibility and sustainability of an organization.

In this article, we shall take a closer look at the connection between audit and corporate governance including how audit differs from corporate governance, how it supports the corporate governance frameworks and the role these two terms play with respect to accountability, transparency and risk management of an organization.

A. Some Key Principles of Corporate Governance:

Corporate governance practices are guided by some major principles. For better understanding relationship with audit and corporate governance, it is necessary to understand these key principles of corporate governance. Some key principles of corporate governance are presented as follows:-



a) **Accountability**: Accountability means the responsibility of the Board and senior management for running the organization and overall performance of the business. It also includes decisions and actions taken by them with regard to day to day operations of the organization.

b) **Integrity**: Integrity means the quality of being honest and having strong moral values while making decisions and performing duties. It follows the principles of taking decisions on moral and honest grounds which are not subject to change with influences from others.

c) **Transparency**: Transparency means true and fair presentation of details and information. It means organization has to be transparent and there should be clarity and accuracy in required information.

d) **Fairness:** Fairness means organization is not biased and provides equal treatment to all the stakeholders of the organization. It includes providing of necessary access to relevant information.

e) **Responsibility:** Responsibility means organization operates its business in responsible way and complies with all the applicable laws and regulations.

f) **Independence:** Independence means the decision of the organization is free from influence or any conflict of interest. Normally oversight committees, auditors should exercise independence in course of discharge of their duties.

Difference between Audit and Corporate Governance

Now that we have understood key principles of corporate governance, it is equally essential to look into some key differences between audit and corporate governance. This difference will help better relate the audit and corporate governance standards. Here are some of the key differences between auditing and corporate governance presented as follows:-

Audit	Corporate Governance
Audit is an independent process to examine financial statements, records and operations.	Corporate Governance is the set of rules, practices and processes through which organization is controlled and directed to ensure accountability, fairness and transparency.
The major objective for an audit is to provide independent judgment and opinion about fairness and accuracy of the financial statements in compliance with related accounting standards.	Corporate Governance aims to provide a set of rules which ensures business is operated in an ethical and accountable manner with protection of stakeholder's interest.
Audit is carried out in certain intervals such as annually or quarterly basis.	Corporate Governance is a regular process as decisions related to strategy, oversight, and management must be taken regularly by the board and management.
Audit findings and conclusions are represented in an audit report.	Corporate Governance results is reflected in a form of organizational practices, behavior, control mechanism and accountability.
Audit is an activity performed by either external or internal auditors.	Corporate Governance is the primary responsibility of the board and management to ensure that the organization operates in a fair, ethical and transparent manner.
Audit is regulated by accounting standards like NFRS, GAAP, auditing standards.	Corporate Governance is regulated by corporate laws, regulatory codes and guidelines. Example: Sarbanes-Oxley Act, UK Corporate Governance Code etc.

Audit	Corporate Governance
Audit covers the areas like review of financial statements, internal controls, and compliance to laws and accounting standards.	Corporate governance includes wide range of organizational areas like decision-making, board composition, risk management and accountability for all stakeholders.

From above differences, we can say that audit deals with accuracy and fairness of the records whereas corporate governance covers broader perspective including leadership, accountability, and ethical management of the organization. Both Auditing and Corporate Governance are equally important to ensure transparent, fair and adequate business function within an organization. Even if they have some differences, we shall look through following paragraphs some key benefits which audit can bring to enhance the corporate governance.

Benefits of Audit to enhance Corporate Governance

Audit helps to promote good corporate governance by ensuring that organization adopts best governance practices and adheres to the ethical practices and principles. Following are some of the key component which establishes and justifies the relationship between auditing and corporate governance:-



a. **Trust and Confidence-** Auditors opinions are independent. Auditors opinion are expressed through their audit reports. The opinion of auditors are based on their independent audits which provides confidence to stakeholders like investors, regulators etc. about the reliability and accuracy of organization financial position. This helps them to assure themselves that the financial statements are free from material misstatements or errors and provide trust and confidence to stakeholders.

b. **Promoting Ethics**: Ethics is one of the integral components of Corporate Governance practices. Audit process helps to examine strength of organization along with its adherence to ethical practices and promoting fairness. This not only helps to promote better culture but also promotes integrity and justice.

c. **Supporting Board Oversight**: Report of auditors serve as a important tool to support board oversight. Auditors provide information to the board of directors based on their findings and observations, which empowers board of directors to take rational decisions. Also, several companies have their own independent committees for audit like audit committees which reviews the audit observations and suggests board of directors to facilitate effective decision making. In addition, being independent officials, auditors normally review and oversee management's performance and forward their observations upward to the board members.

d. **Reducing Fraud and Financial Mismanagement**: Audit process is independent and helps to independently review the performance of organization. Such independent review will help the auditors to get into details and identify any fraud instances or loopholes. They can identify fraud instances and can provide management with corrective and preventive measures. Also, when auditors communicate and escalate such identified fraud instances then it will help to reduce fraudulent activities in an organization as other officials in organization become careful that if fraud is committed then it will be identified through independent review by auditors. This will help to promote better corporate governance practices in the organization.

e. **Improvement in Operational Efficiency:** Audit process involves review and examination of different operational areas and process where various inefficiencies are checked, reviewed and analyzed. Such review helps to support and improve overall organizational performance and promote good governance. Auditors are considered to be vigilant and they are in best position to discover operational lapses as well as operational inefficiencies prevailing at various internal controls processes. Based on audit findings if auditors recommend areas for improvement for operational excellence then it can enhance performance and strengthen corporate governance practices.

Areas on which Audit can help to promote Corporate Governance

It has already been stated above that, corporate governance mainly covers the processes and relationships by which companies are controlled and directed whereas Audit on the other hand, helps to ensure that the principles of corporate governance are maintained and implemented.

So, we cannot deny the fact that, for promoting corporate governance audit plays a vital role. Audit is considered as the core component of good corporate governance practices. Auditors in the course of performing independent assessments about the financial statements and measuring the effectiveness of internal controls and compliance can identify errors, fraud or financial mismanagement which can helps to establish the culture of transparency and accountability.

As such, the role of auditing for promoting corporate governance seems very significant. Following are some of the key areas through which audit helps to promote good corporate governance:-

1) Increasing Transparency and Accountability

One of the major principles of corporate governance is to promote transparency. Transparency also includes financial transparency. Transparency helps to ensure that stakeholders are provided with accurate and timely information about the financial performance and activities of the organization. Auditors through their independent reviews help to suggest that financial statements reflect the true state of the organization's operations and are free from material misstatements. Audit process helps to ensure that financial

statements represent true and fair view including going concern of the organization. For increasing transparency and accountability, auditors perform actions like external verification, surprise checks etc. Auditors being independent and not being involved in normal business operations can best suggest for transparency and accountability. Being independent, their independent external verification helps them to provide assurance that the financial statements are presented without material misstatements due to fraud or error. Also, the audit report provided by auditors can be a perfect and reliable document which will help to provide investors, regulators, and other stakeholders clear understanding about the strength, going concern and performance of the organization's business and operations. Audit report and its disclosures allows stakeholders to review the financial performance. This also helps to retain trust of stakeholders in the management's strengths and capabilities for making relevant and ethical decisions making.

Example to justify how audit can substantiate Transparency and Accountability

We can take the example of the Enron case that took place in USA during 2001. The case of Enron shows how corporate governance can fail when audit process and transparency are not properly carried out. Auditors of Enron, namely Arthur Andersen became unable to identify a financial misappropriation that was taking place inside the company. Later on, the same financial misappropriations went so big that it forced company to shut down. Even the Arthur Andresen went liquidated after the case.After the case of Enron several financial reforms was demanded including the reforms such as the Sarbanes-Oxley Act in the United States. This Act was introduced with stronger standard requirements for financial reporting and auditing with the aim to increase financial transparency in corporate governance. We can learn from this case how audit could have saved the company from being liquidated through comments on good corporate governance.

2) Independent Oversight

For good corporate governance independent oversight plays a vital role. Routine operation of business is carried out by management of the organization whereas the Board of Directors oversights the function of management. Board of directors cannot always detect fraud, errors, or inefficiencies due to multiple reasons and non-participation in day to day business or operation activities. In such scenario, auditor provides an independent external check on the management operations and can provide an unbiased review of the financial statements and organization operations. Due to their independence nature, auditors make sure that an audit is purpose driven and conducted effectively. Auditors make the assessment of whether financial reporting accurately reflects true condition and position of the organization, which can be free from the influences of management. Besides, Organization can have an independent body consisting of board members for oversight of audits like Audit Committee within corporate governance structures to oversee the audit process, ensuring auditors independence and effectiveness.

Example to justify how audit can substantiate independent oversight

We can take the example of Satyam Computers case of India where accounting frauds was found in Satyam Computers of India in the year 2009. The organization's management and some internal staff were involved in manipulation of organization's financial statements by over $1 billion. Though statutory audit was done in company, if there had been an independent objective driven audit focusing on misappropriation of financial mismanagements in addition to statutory audit the case could have been already discovered. The fraud was later on confessed by the founder Ramalinga Raju himself. If fraud was identified earlier the manipulation of financial statements which resulted in considerable financial losses and negative impact on

investor confidence would not have occurred. After the Satyam case Indian regulators introduced stricter auditing and corporate governance practices that gave further importance to independent audits showing the need of effective audit for promoting good corporate governance practices.

3) Risk Management and Internal Controls

Good corporate governance also includes sound risk management practices in an organization. It includes effective identification, assessment and mitigation of risks areas that may have impact on the reputation, operation and financial position of an organization. Auditors test internal controls to determine whether the organization's controls are effective and working properly or not.Auditors review the internal controls of the organization over financial reporting to determine whether any fraud is going on or mismanagement of finances has occurred or not. Also, auditors can assess and identify those areas of the organization which are exposed to financial risks due to weaknesses in internal controls or non-compliances with legal and regulatory requirements. To effectively manage risk and internal controls of an organization, risk based internal audit practices can be used by the auditor.

Example to justify how audit can promote risk management and internal controls

We can take the example of Lehman Brothers where lack of effective risk management practices forced the organization to collapse on 2008. If they had done risk assessment through auditors then auditors might have identified risk and control loopholes earlier and would have provided better assessment of the risk of Lehman Brothers which would have minimized the impact level. Lehman Brothers might not have collapsed. This also highlights how audit can help for promoting corporate governance by reviewing risk management and internal controls.

4) Improvement in Legal and Ethical Compliance

For effective corporate governance every organization must comply with legal and ethical practices. Audit plays a significant role to promote ethical corporate culture by ensuring that companies follow legal and regulatory provisions. Auditors also assess whether the practices of the organization align with the ethical standards or not. Normally, auditors review and ensure compliance with the applicable laws and regulations on matters like tax regulations, companies act, labor laws, corporate social responsibility standards and other applicable regulations. Non-compliances of these regulations and provisions may result in reputational loss, fines and other legal penalties. Auditors also verify whether the organization complies with applicable laws on tax regulations, labor laws, environmental laws, and corporate governance code.

Regular audits also help to implement ethical code of conduct by identifying and reporting unethical practices. This will promote a culture of honesty and integrity within the organization.Besides, auditors also check the ethical standards of the activities being carried out by a organization such as fraud prevention, worker's rights, corporate social responsibility etc. This will help to promote fair governance structure across the organization.

Example to justify how audit can help to improve legal and ethical compliance

Talking about ethical compliance, we can look into the Volkswagen emission case which provides an example of the failure to observe ethical standards and its implications on corporate governance. The Volkswagen emissions case of 2015 involved changes of pollution emission tests to pass the standards rather than keeping actual emissions below threshold levels. This case highlights the need of legal and ethical compliance audit. Such auditors would have identified the issue on time. This requires the corporate governance structures to incorporate such audits. As a result of this incident the need for ethical audit evolved. This also shows the

need of effective coordination between audit and corporate governance structure for better organizational governance.

5) Fraud and Mismanagement Detection

Fraud and Mismanagement are major barriers for good corporate governance. Identification of fraud and financial mismanagement is one of the major areas which audit process can help to identify. Independent Audit helps to discover fraud and identify misappropriation by putting light on any inconsistency or irregularity which may give raise to fraud or misappropriation of assets or property. Any non-compliance with laws and regulations can be a triggering point for fraud and misappropriation. For fraud detection and identification, auditors have professional mind which will help in fraud detection by identifying misstatements in financial statements. Auditors perform multiple tests for various transactions for review of unusual items and checking for conflicts of interest that might trigger unethical conduct. Auditors use their professional skills to track down fraud activities. Besides, organization might have whistleblower mechanism which gives the option to whistle blow against unlawful practices or any wrong practices.Auditors apart from their regular audits can set up or strengthen the system of whistleblow under which employees and other officials in the organization can report any instance of possible misconduct taking place. When audit and corporate governance practices are aligned then effective whistle blow and timely detection of fraud can be done.

Current Challenges in Audit and Corporate Governance

Even though the relationship between audit and corporate governance is very essential and fundamental there lies various challenges for effective alignment between audit and corporate governance. Here are some of the key challenges that exists between audit and corporate governance functions:

1. **Auditor Independence:** The most important factor in the effectiveness of an audit is auditor independence. However, sometimes objective of the audit may get affected by conflicts such as long-term relationships of auditor with clients or other services provided by clients to auditors. This as a result will impact their objectivity of opinion. This can impact the auditor's performance and might impact corporate governance practices too.
2. **Complex Financial Transactions:** With increasing complexity in financial transactions and methods used for the preparation of financial statements, auditors sometime may not fully understand them and accurately evaluate the actual underlying risk in them. This makes the scope of audit narrow and limited. Many companies are involved in complex financial transactions which auditors on their own may find hard to estimate correctly. When auditors struggle to deal with these complex transactions corporate governance objective might get affected.
3. **Resource Constraints**: Organizations with limited capital and limited resources may be short of the resources needed to perform audits timely, adequately and properly. In smaller organizations, there may not be sufficient audits due to resource constraints. As a result, the audit may not be preformed timely and findings might be limited. Hence, such audit does not provide desired result and can reflect weaknesses in financial control and provide room for fraud or mismanagement. As a result, such organizations suffer of frauds and other financial malpractices resulting to poor governance.

Conclusion

In conclusion, with above detailed analysis we can say that effective audit helps the organizations to implement better corporate governance standards, fair business practices. Audit is equally important for sustainable and effective organizational governance practice. Audit process helps for good corporate governance by promoting transparency, accountability and effective compliance. Auditors perform their duties to protect the interests of stakeholders and also helps to uphold the integrity of stakeholders which will help meet the corporate governance objectives. Meanwhile, Audit process faces several identified challenges like auditor independence, complex financial transactions etc which makes it difficult to meet corporate governance objectives. If these challenges are overcome then it will enhance the role of audit for promoting good corporate governance. With evolution of better and more advanced corporate governance frameworks, audit process have to modify its traditional form to maintain its significance and effectiveness in the course of identification of risk events, detection of fraud and in engaging ethical business practices.

Some Key References

- Byrne, D. (2024, October 1). Principles of corporate governance. The Corporate Governance Institute. https://www.thecorporategovernanceinstitute.com/insights/lexicon/what-are-the-five-principles-of-corporate-governance/
- https://www.accaglobal.com, A.-. (n.d.). Corporate governance and its impact on audit practice. ACCA Global. https://www.accaglobal.com/gb/en/student/exam-support-resources/professional-exams-study-resources/p7/technical-articles/corpgov-audit.html
- Mazars, F. (n.d.). The underpinning roles of external auditors in corporate governance. Forvis Mazars - Nigeria. https://www.forvismazars.com/ng/en/insights/forvis-mazars-insights/corporate-governance2
- Admin. (2021, June 14). Satyam scam: Corporate governance. BYJUS. https://byjus.com/free-ias-prep/satyam-scam-corporate-governance/
- Hotten, R. (2015, December 10). Volkswagen: The Scandal explained. BBC News. https://www.bbc.com/news/business-34324772
- Lioudis, N. (n.d.). The collapse of Lehman Brothers: A case study. Investopedia. https://www.investopedia.com/articles/economics/09/lehman-brothers-collapse.asp
- Segal, T. (n.d.). Enron scandal and accounting fraud: What happened? Investopedia. https://www.investopedia.com/updates/enron-scandal-summary/

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

The objective of this journal is to highlight contemporary issues relating to public financial Management, public sector auditing and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send it though-provoking and research oriented articles for the journal.

The journal is published twice a year.

Patron

Mr. Toyam Raya
Auditor General

Editorial Board

Co-ordinator	:	**Ms. Bindu Bista, Deputy Auditor General**
Member	:	**Mr. Chandra Kanta B handari, Assistant Auditor General**
Executive Editor	:	**Mr. Jitendra Shrestha, Director**
Co-Editor	:	**Mr. Bhim Prasad Rijal, Audit Officer**
		Ms. Anita Kumari Thapa, Audit Officer
		Ms. Meena Lama, Audit Officer

Computer Layout

Mr. Bishnu Gopal Dongol

Helping Staff

Mr. Narayan Dumre, Audit Superintendent
Mr. Ganesh Limbu, Audit Superintendent
Mr. Prabin Bhusal, Audit Inspector

Published by:

Office of the Auditor General
Anamnagar, Kathmandu, Nepal

Address:

Editorial Board
Nepalese Journal of Government Auditing, Office of the Auditor General
Anamnagar, Kathmandu, Nepal

ISSN Number: 2505-0893

The opinions expressed in this journal are those of the authors and do not represent the opinions or views of the office. **- Editorial Board**

लेखकवर्गलाई अनुरोध

१. लेखापरीक्षण पत्रिका वर्षमा दुईपटक प्रकाशित गरिन्छ । पत्रिकामा महालेखापरीक्षकको कार्यालयको काम, कर्तव्य, अधिकार, लेखा, लेखापरीक्षण, सार्वजनिक वित्त, वित्तीय संघियता, सुशासन, अर्थतन्त्र लगायत विषयमा प्राप्त लेख तथा रचना समावेश गरिन्छ ।

२. उपरोक्त विषयहरूसँग सम्बन्धित मौलिक तथा तथ्यमा आधारित अनुसन्धानमूलक लेखरचनालाई प्राथमिकता दिइनेछ ।

३. पत्रिकाको लागि लेख रचना पठाउँदा युनिकोड (**Font size 11**) र टाइम्स न्यू रोमन (**Font size 12**) फन्ट रहेको डिजिटल कपी **hrd_ir@oagnep.gov.np** मा ईमेल मार्फत उपलब्ध गराउनुपर्नेछ । लेख वा रचना न्यूनतम २५०० शब्द र अधिकतम ४००० शब्दसम्मलाई ग्राह्य मानिनेछ ।

४. लेखकका अन्यत्र प्रकाशित भैसकेका रचनाहरू नपठाउनु हुन अनुरोध छ । त्यस्ता रचना स्वीकृत हुने छैनन्। अन्य कुनै किताब, लेख, रचना, वेवसाईट, प्रतिवेदन वा अन्य सन्दर्भ सामाग्रीबाट साभार गरिएको विषयवस्तुलाई उपयुक्त उद्धरण (Citation) गर्नुपर्नेछ ।

५. यस पत्रिकामा प्रकाशित हुने लेखहरू लेखककै निजी विचार हुने छन् र यसले कार्यालयको नीति एवं कार्यको प्रतिनिधित्व गर्ने छैन ।

६. लेख पठाउँदा लेखकले आफ्नो सम्पर्क नं., ईमेल तथा पासपोर्ट साइजको फोटोको सफ्टकपी पनि उपलब्ध गराउनकालागि अनुरोध छ ।

७. प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ ।

८. लेखापरीक्षण पत्रिकामा प्रकाशित हुने लेख रचनाका लेखकलाई नियमानुसार पारिश्रमिक उपलव्ध गराइनेछ ।

फोन नं. : ४२१२५४४

: ४२६७५३७

फ्याक्स : ४२६८३०९

इमेल : hrd_ir@oagnep.gov.np

वेभसाईट : www.oagnep.gov.np

नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल

लेखापरीक्षण पत्रिका

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ